# आवधिक नगर विकास योजना

(आ.व.२०८०/८१-२०८४/८५)



**कलैया उपमहानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**कलैया, बारा**

**मधेश प्रदेश**

# कलैया उपमहानगरपालिकाको आवधिक नगर विकास योजना

## Municipal Development Plan of Kalaiya Sub-Metropolitan City

<u>आर्थिक तथा प्राविधिक सहयोग</u>

प्रदेश प्रशिक्षण तथा अनुसन्धान केन्द्र
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम,
जनकपुरधाम, जनकपुर
मधेश प्रदेश

<u>योजना तर्जुमा सहजीकरण</u>

सिभिल लिंक-सिनर्जी जेभी
काठमाडौं

कलैया उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय कलैया, बारा मधेश प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

SECO & Consultants Pvt. Ltd.

## शुभकामना



नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ ले स्थानीय तहलाई आ–आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालीन योजनाहरू तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । उपमहानगरपालिकाको रणनीतिक/आवधिक, एकीकृत एवं वार्षिक योजना तर्जुमा र नतिजा अनुगमनको लागि क्षेत्रगत स्थिति सहित उपमहानगरपालिकाको वस्तुगत विवरण आवश्यक हुन्छ । यस उपमहानगरपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकास तथा सुशासनका क्षेत्रको विकासको लागि उपमहानगरपालिका भित्र सञ्चालन गरिनु पर्ने कार्यक्रम तथा आयोजनाहरूलाई व्यवस्थित एवं तर्कबद्ध ढंगबाट प्रस्तुती आवश्यक हुन्छ । यसैको परिणाम स्वरुप यस कलैया उपमहानगरपालिकाको प्रस्तुत आवधिक नगर विकास योजना तयार गरिएको छ । उपमहानगरको दीर्घकालीन सोच "बसोबास योग्य हरित सहर - समन्नुत कलैया उपमहानगर" लाई साकार पार्न तयार पारिएको यो आवधिक योजना कलैया उपमहानगरपालिकाको पहिलो आवधिक योजना हो ।

उपमहानगरपालिकाको समग्र नेतृत्व, राजनीतिक दलहरू, नीजि क्षेत्र उपमहानगरपालिकाका समग्र सरोकारवालाको सहभागितामा उपमहानगरपालिकाको समग्र विकासको लागि यो आवधिक नगर विकास योजना तयार गरिएको हो। यस आवधिक नगर विकास योजनाले यस उपमहानगर क्षेत्रको समग्र विकासमा मार्गदर्शन गर्ने विश्वास लिएको छ । उपमहानगरपालिका एउटा सरकारको रुपमा स्थापित भईसकेको वर्तमान अवस्थामा यस उपमहानगरपालिकाले आफ्नो उपमहानगर क्षेत्रभित्र गर्नुपर्ने कार्यहरूको लागि आवश्यक नीति, रणनीति तथा कार्यक्रम र योजनाहरू तय गरिएको यस दस्तावेजले उपमहानगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरूलाई मार्गदर्शन गरी आफ्नो उपमहानगरको विकासको लक्ष्यमा पुग्न सहयोग पुऱ्याउने विश्वास लिएको छु।

अन्त्यमा, कलैया उपमहानगरपालिकाको यस आवधिक नगर विकास योजना तर्जुमा सहजिकरण गर्ने परामर्शदाता सिभिल लिंक-सिनर्जी जेभी काठमाडौंको र सोको तर्फबाट सहजीकरण गर्नुहुने परामर्शदाताहरूको परिश्रम र योगदानको कदर गर्दछु । यसका अतिरिक्त सम्पूर्ण जनप्रतिनिधिहरू, सरोकारवाला निकायहरू, उपमहानगरपालिकाका कर्मचारीहरू तथा सामाजिक कार्यकर्ताहरूले पुऱ्याउनु भएको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै यो आवधिक नगर विकास योजनाको पूर्ण कार्यान्वयन हुने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

धन्यवाद ।

विनोद प्रसाद साह

नगर प्रमुख

विनोद प्रसाद साह
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

## शुभकामना



नेपालको संविधानले ३ वटा तहको सरकारहरूको व्यवस्था गरेअनुसार हाल स्थानीय तहमा पालिकाहरूले स्थानीय सरकारको रुपमा कार्य गर्दैछन् । संविधानमा नै उनीहरूको विभिन्न जिम्मेवारीहरू सुम्पिएकोछ । त्यसको अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ ले स्थानीय तहलाई आ—आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालीन योजनाहरू तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । सोही प्रावधान अनुसार स्थानीय सरकारको रुपमा रहेको गाउँपालिका तथा नगरपालिकाहरूले आफ्नो क्षेत्रभित्रको समग्र विकासको लागि रणनीतिक/आवधिक, एकीकृत एवं वार्षिक योजना तर्जुमा गर्ने त्यसको प्रभावकारी कार्यान्वयन गर्न जरुरी छ । यसै आवश्यकतालाई बोध गरी दीर्घकालीन सोच **"बसोबास योग्य हरित सहर - समन्नुत कलैया उपमहानगर"** सहितको नतिजामा आधारित यो आवधिक नगर विकास योजना तयार गरिएको छ । यसको प्रभावकारी कार्यान्वयन मार्फत यस उपमहानगरपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकासको क्षेत्रमा प्रगति भई जनताको जीवनस्तर सुधार हुने अपेक्षा गरेको छु ।

उपमहानगरपालिकाको समग्र जननिर्वाचित नेतृत्व, राजनीतिक दलहरू, नीजि क्षेत्र लगायत उपमहानगरपालिकाका समग्र सरोकारवालाहरूको सहभागितामा यो आवधिक नगर विकास योजना तयार गरिएको हो । यस योजनाले यस उपमहानगरपालिकाको विकासमा मार्गदर्शन गर्ने विश्वास लिएको छु ।

अन्त्यमा, कलैया उपमहानगरपालिकाको विकासको मार्गदर्शकको रुपमा तयार भएको यो आवधिक नगर विकास योजना तर्जुमा सहजिकरण गर्ने परामर्शदाता सिभिल लिंक(सिनर्जी जेभी काठमाडौंलाई विशेष धन्यवाद दिन चाहन्छु । यसका अतिरिक्त सम्पूर्ण जनप्रतिनिधिहरू, सल्लाहाकारज्यूहरू, सम्पूर्ण सरोकारवाला निकायहरू, उपमहानगरपालिकाका कर्मचारीहरूको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**धन्यवाद ।**

**रौशन परबिन**
**नगर उपप्रमुख**

कलैया उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय कलैया, बारा मधेश प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

SECO Consultants Pvt. Ltd.

## मन्तव्य



नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ ले मार्ग निर्देशन गरे अनुसार स्थानीय तहले आआफ्नो क्षेत्रको वार्षिक–, आवधिक तथा रणनीतिक र दीर्घकालीन योजनाहरू तयार गर्ने, कार्यान्वयन गर्ने र सोको कार्यान्वयनको अनुगमन समेत गर्नुपर्ने हुन्छ । सोको लागि स्थानीय सरकारको रुपमा रहेको उपमहानगरपालिकाले आफ्नो कार्य क्षेत्रभित्रको समग्र विकासको लागि रणनीतिक/आवधिक, एकीकृत एवं वार्षिक योजना तर्जुमा गर्ने र सोको प्रभावकारी कार्यान्वयन समेत गर्नुपर्ने हुन्छ । सोही मर्म अनुसार नै कलैया उपमहानगरपालिकाले **"बसोबास योग्य हरित सहर - समन्नुत कलैया उपमहानगर"** को दीर्घकालीन सोच सहित यस आवधिक नगर विकास योजना निर्माण गरेको हो । यसको कार्यान्वयनबाट यस उपमहानगरपालिकाको समग्र विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरेको छु र यसको सफल कार्यान्वयनको लागि प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छु ।

उपमहानगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिज्यूहरूले यसलाई आत्मसात गरी यसको प्रभावकारी कार्यान्वयनमा ध्यान दिनुहुनेछ भन्ने पनि विश्वास लिएको छु। उपमहानगरपालिकाको समग्र नेतृत्व, राजनीतिक दलहरू, नीजि क्षेत्र लगायत उपमहानगरपालिकाका समग्र सरोकारवालाहरूको सहभागितामा यो आवधिक नगर विकास योजना तयार गरिएको छ । यस आवधिक नगर विकास योजनाले यस उपमहानगर क्षेत्रको विकासमा मार्गदर्शन गर्ने विश्वास लिएको छु ।

अन्त्यमा, कलैया उपमहानगरपालिकाको प्रथम आवधिक नगर विकास योजना निर्माणका लागि योजना तर्जुमा सहजिकरण गर्ने परामर्शदाता संस्था सिभिल लिंक-सिनर्जी जेभी काठमाडौंको परिश्रम र योगदानको प्रशंसा गर्दछु । यसका अतिरिक्त सम्पूर्ण जनप्रतिनिधिहरू, सरोकारवाला निकायहरू, उपमहानगरपालिकाका कर्मचारी मित्रहरूले गर्नु भएको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद ।**

नाथु साह

प्रमुख प्रशाासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# विषय सूची


परिच्छेद १: परिचय.....१
१.१ पृष्ठभूमि.....१
१.२ योजना तयारीको कानुनी आधार.....२
१.३ आवधिक योजना तर्जुमाको उद्देश्य.....३
१.४ आवधिक योजना तर्जुमा प्रक्रिया.....३

परिच्छेद २: कलैया उपमहानगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा.....६
२.१ उपमहानगरपालिकाको परिचय.....६
२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना.....६
२.१.२ जनसांख्यिक अवस्था.....६
२.२ आर्थिक विकास अवस्था.....८
२.२.१ कृषि तथा खाद्य सुरक्षा.....८
२.२.२ पर्यटन तथा संस्कृति.....१०
२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति.....११
२.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा.....१२
२.२.५ वित्तीय संस्था.....१४
२.३ सामाजिक विकासको अवस्था.....१४
२.३.१ स्वास्थ्य तथा पोषण.....१४
२.३.२ शैक्षिक विकास.....१५
२.३.३ खानेपानी तथा सरसफाइ.....१७
२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण.....१९
२.३.५ युवा, खेलकुद तथा कला.....२१
२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था.....२२
२.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण.....२२
२.४.२ सडक, पुल तथा यातायात.....२५
२.४.३ विद्युत तथा वैकल्पिक ऊर्जा.....२५
२.४.४ सूचना, सञ्चार तथा प्रविधि.....२८
२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था.....२९
२.५.१ वन तथा जैविक विविधता.....२९
२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन.....३०
२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन.....३०
२.५.४ महामारी तथा विपद् व्यवस्थापन.....३१
२.६ सुशासन तथा संस्थागत व्यवस्था.....३२
२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन.....३२
२.६.२ सङ्गठनात्मक विकास.....३३
२.६.३ स्रोत परिचालन.....३४
२.६.४ योजना व्यवस्थापन.....३५


प्रमुख प्रशासकीय अधिकृत

SECO Consultants Pvt. Ltd.

नगर कार्यपालिकाको कार्यालय
कलैया उपमहानगरपालिका
कलैया, बारा
मधेश प्रदेश, नेपाल
२०७३

CamScanner

परिच्छेद ३: सोच तथा विकासको अवधारणा ........ ३६
३.१ पृष्ठभूमि ........ ३६
३.२ प्रमुख समस्या तथा चुनौती ........ ३७
३.३ प्रमुख सम्भावना तथा अवसर ........ ३९
३.४ सोच, लक्ष्य तथा उद्देश्य ........ ४०
३.५ निर्देशक सिद्धान्त ........ ४०
३.६ परिमाणात्मक लक्ष्य ........ ४२
३.७ रणनीति तथा प्राथमिकता ........ ४४
३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट ........ ४६
३.९ कलैया गौरवका आयोजनाहरू ........ ४७

परिच्छेद ४: आर्थिक क्षेत्र ........ ५०
४.१ कृषि तथा पशुपन्छी ........ ५०
४.१.१ पृष्ठभूमि ........ ५०
४.१.२ समस्या तथा चुनौती ........ ५१
४.१.३ सम्भावना तथा अवसर ........ ५२
४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ५३
४.१.५ कार्यक्रम तथा आयोजना ........ ५५
४.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ५९
४.२ सिँचाइ ........ ६१
४.२.१ पृष्ठभूमि ........ ६१
४.२.२ समस्या तथा चुनौती ........ ६१
४.२.३ सम्भावना तथा अवसर ........ ६१
४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ६२
४.२.५ कार्यक्रम तथा आयोजना ........ ६५
४.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ६६
४.३ पर्यटन, संस्कृति तथा सम्पदा ........ ६७
४.३.१ पृष्ठभूमि ........ ६७
४.३.२ समस्या तथा चुनौती ........ ६७
४.३.३ सम्भावना तथा अवसर ........ ६८
४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ६८
४.३.५ कार्यक्रम तथा आयोजना ........ ७२
४.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ७३
४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति ........ ७५
४.४.१ पृष्ठभूमि ........ ७५
४.४.२ समस्या तथा चुनौती ........ ७५
४.४.३ सम्भावना तथा अवसर ........ ७६
४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ७६

Consultants Pvt.

कलैया उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय कलैया, बारा मधेश प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

४.४.५ कार्यक्रम तथा आयोजना ........ ७८
४.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ८०
४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा ........ ८२
४.५.१ पृष्ठभूमि ........ ८२
४.५.२ समस्या तथा चुनौती ........ ८२
४.५.३ सम्भावना तथा अवसर ........ ८३
४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ८३
४.५.५ कार्यक्रम तथा आयोजना ........ ८५
४.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ८६

परिच्छेद ५: सामाजिक क्षेत्र ........ ८८
५.१ स्वास्थ्य तथा पोषण ........ ८८
५.१.१ पृष्ठभूमि ........ ८८
५.१.२ समस्या तथा चुनौती ........ ८९
५.१.३ संभावना तथा अवसर ........ ८९
५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ८९
५.१.५ कार्यक्रम तथा आयोजना ........ ९२
५.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ९५
५.२ शिक्षा, विज्ञान तथा नवप्रर्वतन ........ ९९
५.२.१ पृष्ठभूमि ........ ९९
५.२.२ समस्या तथा चुनौती ........ ९९
५.२.३ संभावना तथा अवसर ........ ९९
५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १००
५.२.५ कार्यक्रम तथा आयोजना ........ १०४
५.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १०७
५.३ खानेपानी तथा सरसफाइ ........ १०९
५.३.१ पृष्ठभूमि ........ १०९
५.३.२ समस्या तथा चुनौती ........ १०९
५.३.३ संभावना तथा अवसर ........ ११०
५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ११०
५.३.५ कार्यक्रम तथा आयोजना ........ ११२
५.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ११३
५.४ महिला, बालबालिका तथा लक्षित वर्ग ........ ११५
५.४.१ पृष्ठभूमि ........ ११५
५.४.२ समस्या तथा चुनौती ........ ११५
५.४.३ संभावना तथा अवसर ........ ११६
५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ११७
५.४.५ कार्यक्रम तथा आयोजना ........ १२०

प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
कलैया, बारा
मधेश प्रदेश, नेपाल
२०७२

SECO Consultants Pvt. Ltd.

CamScanner

५.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका.......१२३
५.५ युवा तथा खेलकुद.......१२५
५.५.१ पृष्ठभूमि.......१२५
५.५.२ समस्या तथा चुनौती.......१२५
५.५.३ संभावना तथा अवसर.......१२६
५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.......१२६
५.५.५ कार्यक्रम तथा आयोजना.......१२९
५.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका.......१३०

परिच्छेद ६: पूर्वाधार क्षेत्र.......१३२
६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण.......१३२
६.१.१ पृष्ठभूमि.......१३२
६.१.२ समस्या तथा चुनौती.......१३३
६.१.३ सम्भावना तथा अवसर.......१३३
६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.......१३४
६.१.५ कार्यक्रम तथा आयोजना.......१३६
६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.......१३७
६.२ सडक, पुल तथा यातायात.......१३९
६.२.१ पृष्ठभूमि.......१३९
६.२.२ समस्या तथा चुनौती.......१३९
६.२.३ सम्भावना तथा अवसर.......१४०
६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.......१४०
६.२.५ कार्यक्रम तथा आयोजना.......१४२
६.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका.......१४५
६.३ जलस्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा.......१४७
६.३.१ पृष्ठभूमि.......१४७
६.३.२ समस्या तथा चुनौती.......१४७
६.३.३ सम्भावना तथा अवसर.......१४७
६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.......१४८
६.३.५ कार्यक्रम तथा आयोजना.......१४९
६.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका.......१५०
६.४ सूचना, सञ्चार तथा प्रविधि.......१५१
६.४.१ पृष्ठभूमि.......१५१
६.४.२ समस्या तथा चुनौती.......१५१
६.४.३ सम्भावना तथा अवसर.......१५१
६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.......१५२
६.४.५ कार्यक्रम तथा आयोजना.......१५४
६.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका.......१५५

CamScanner

परिच्छेद ७: वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र ........ १५७
७.१ वन तथा जैविक विविधता ........ १५७
७.१.१ पृष्ठभूमि ........ १५७
७.१.२ समस्या तथा चुनौती ........ १५७
७.१.३ सम्भावना तथा अवसर ........ १५८
७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १५८
७.१.५ कार्यक्रम तथा आयोजना ........ १६०
७.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १६१
७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ........ १६३
७.२.१ पृष्ठभूमि ........ १६३
७.२.२ समस्या तथा चुनौती ........ १६३
७.२.३ सम्भावना तथा अवसर ........ १६३
७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १६४
७.२.५ कार्यक्रम तथा आयोजना ........ १६५
७.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १६६
७.३ वातावरण तथा फोहोर मैला व्यवस्थापन ........ १६८
७.३.१ पृष्ठभूमि ........ १६८
७.३.२ समस्या तथा चुनौती ........ १६८
७.३.३ सम्भावना तथा अवसर ........ १६९
७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १६९
७.३.५ कार्यक्रम तथा आयोजना ........ १७१
७.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १७२
७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता ........ १७४
७.४.१ पृष्ठभूमि ........ १७४
७.४.२ समस्या तथा चुनौती ........ १७४
७.४.३ सम्भावना तथा अवसर ........ १७५
७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति. कार्यक्रम तथा आयोजना ........ १७५
७.४.५ कार्यक्रम तथा आयोजना ........ १७७
७.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १७८

परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र ........ १८०
८.१ संस्थागत विकास तथा सुशासन ........ १८०
८.१.१ पृष्ठभूमि ........ १८०
८.१.२ समस्या तथा चुनौती ........ १८१
८.१.२ संभावना तथा अवसर ........ १८१
८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १८२
८.१.५ कार्यक्रम तथा आयोजना ........ १८५
८.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १९३

प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
कलैया, बारा
मधेश प्रदेश, नेपाल
२०७३

SECO
Synergy Engineering & Consultants Pvt. Ltd.

CamScanner

परिच्छेद ९: कार्यान्वयन व्यवस्था ........ १९७
९.१ पृष्ठभूमि ........ १९७
९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना ........ १९७
९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट ........ १९८
९.४ स्रोत अनुमान तथा प्रक्षेपण ........ २०१
९.४.१ राजस्व परिचालनको अवस्था ........ २०१
९.४.२ खर्च अवस्थाको विश्लेषण ........ २०२
९.४.३ अपुग स्रोत व्यवस्थापन ........ २०३
९.५ स्रोत परिचालन रणनीति ........ २०३
९.६ आवधिक योजना कार्यान्वयन ........ २०५
९.६.१ योजना कार्यान्वयन ........ २०५
९.६.२ कार्यान्वयन प्रकृया ........ २०६
९.७ अनुगमन तथा मूल्याङ्कन योजना ........ २०८
९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता ........ २०८
९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी ........ २०९
९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रकिया ........ २१०

अनुसूचिहरू ........ २१२

## तालिका सूची

तालिका १: जनसङ्ख्याको वडागत वितरणको अवस्था ........ ६
तालिका २: कलैया उपमहानगरपालिकाको उमेर समूह अनुसारको जनसङ्ख्या विवरण ........ ८
तालिका ३: १० वर्ष भन्दा माथिको जनसङ्ख्यामा आर्थिक कियाकलापमा संलग्नता विवरण ........ ९
तालिका ४: ५ वर्ष माथिको जनसङ्ख्याको साक्षरताको अवस्था ........ १५
तालिका ५: ५ वर्ष देखि २५ वर्ष सम्मको जनसङ्ख्याको हालको शैक्षिक अवस्था ........ १६
तालिका ६: ५ वर्ष माथिको साक्षर जनसङ्ख्याको शैक्षिक स्थिति ........ १६
तालिका ७: कलैया उपमहानगरपालिकाका शैक्षिक संस्थाहरूको विवरण ........ १७
तालिका ८: उपमहानगरको खानेपानीको स्रोत सम्वन्धी विवरण ........ १७
तालिका ९: शौचालय प्रयोगको प्रकार ........ १९
तालिका १०: घरको अपनत्व सम्वन्धी विवरण ........ २३
तालिका ११: घरको छानाको प्रकार ........ २४
तालिका १२: प्रकाशका लागि ऊर्जाको प्रयोगको स्थिति ........ २६
तालिका १३: खाना पकाउने इन्धनको प्रकार ........ २७
तालिका १४: सञ्चारका उपकरणको उपलब्धता ........ २८
तालिका १५: कलैया उपमहानगरपालिकाको निर्देशक सिद्धान्तहरू ........ ४१
तालिका १६: अपेक्षित परिमाणात्मक उपलब्धि ........ ४२
तालिका १७: उपमहानगरपालिकाको प्रमुख रणनीतिहरू तथा प्राथमिकताहरू ........ ४४
तालिका १८: लगानी प्रक्षेपण ........ ४६
तालिका १९: आवधिक योजनामा खर्च व्यहोर्ने स्रोतहरू ........ ४६
तालिका २०: उपमहानगरपालिकाको आय अनुमान (रू. हजारमा) ........ ४७
तालिका २१: कलैया गौरवका आयोजनाहरू ........ ४७
तालिका २२: गौरवका आयोजनाहरूको साङ्केतिकरण ........ ४९
तालिका २३: कृषि तथा पशुपालनका रणनीति तथा कार्यनीतिहरू ........ ५३
तालिका २४: कृषि तथा पशुपालनका कार्यक्रम तथा आयोजना ........ ५५
तालिका २५: कृषि तथा पशुपालनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ ५७
तालिका २६: कृषि तथा पशुपालनका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ५९
तालिका २७: सिँचाइका रणनीति तथा कार्यनीतिहरू ........ ६२
तालिका २८: सिँचाइका कार्यक्रम तथा आयोजना ........ ६५
तालिका २९: सिँचाइका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ ६५
तालिका ३०: सिँचाइका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ६६
तालिका ३१: पर्यटनका रणनीति तथा कार्यनीतिहरू ........ ६८
तालिका ३२: पर्यटन, संस्कृति तथा सम्पदाका कार्यक्रम तथा आयोजना ........ ७२
तालिका ३३: पर्यटन, संस्कृति तथा सम्पदाका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ ७३
तालिका ३४: पर्यटन, संस्कृति तथा सम्पदाका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ७३
तालिका ३५: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका रणनीति र कार्यनीति ........ ७७
तालिका ३६: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका कार्यक्रम तथा आयोजना ........ ७८
तालिका ३७: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ ७९
तालिका ३८: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ८०
तालिका ३९: श्रम, रोजगारी र सामाजिक सुरक्षाका रणनीति र कार्यनीति ........ ८३
तालिका ४०: श्रम, रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रम तथा आयोजना ........ ८५
तालिका ४१: श्रम, रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ ८६
तालिका ४२: श्रम, रोजगारी र सामाजिक सुरक्षाका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ८६
तालिका ४३: स्वास्थ्य तथा पोषणका रणनीति तथा कार्यनीतिहरू ........ ८९
तालिका ४४: स्वास्थ्य तथा पोषणका कार्यक्रम तथा आयोजना ........ ९२
तालिका ४५: स्वास्थ्य तथा पोषणका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ ९४
तालिका ४६: स्वास्थ्य तथा पोषणका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ९५
तालिका ४७: शिक्षाका रणनीति तथा कार्यनीतिहरू ........ १००
तालिका ४८: शिक्षा, विज्ञान तथा नवप्रर्वतनका कार्यक्रम तथा आयोजना ........ १०४
तालिका ४९: शिक्षा, विज्ञान तथा नव प्रवर्तनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ १०५
तालिका ५०: शिक्षा, विज्ञान तथा नव प्रवर्तनका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १०७
तालिका ५१: खानेपानी तथा सरसफाइका रणनीति तथा कार्यनीतिहरू ........ ११०
तालिका ५२: खानेपानी तथा सरसफाइका कार्यक्रम तथा आयोजना ........ ११२
तालिका ५३: खानेपानी तथा सरसफाइका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ ११२
तालिका ५४: खानेपानी तथा सरसफाइका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ११३

प्रमुख प्रशासकीय अधिकृत

तालिका ५५: महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका रणनीति तथा कार्यनीतिहरू..... ११७
तालिका ५६: महिला, बालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजना ........................................ १२०
तालिका ५७: महिला, बालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण..................... १२१
तालिका ५८: महिला, बालबालिका तथा लक्षित वर्गका अपेक्षित उपलब्धि तथा नतिजा खाका........................ १२३
तालिका ५९: युवा तथा खेलकुदका रणनीति तथा कार्यनीतिहरू .............................................................. १२७
तालिका ६०: युवा तथा खेलकुदका कार्यक्रम तथा आयोजना ................................................................ १२९
तालिका ६१: युवा तथा खेलकुदका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........................................... १२९
तालिका ६२: युवा तथा खेलकुदका अपेक्षित उपलब्धि तथा नतिजा खाका .............................................. १३०
तालिका ६३: आवास तथा बस्ती विकासका रणनीति तथा कार्यनीतिहरू .................................................. १३४
तालिका ६४: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजना ............................ १३६
तालिका ६५: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण............ १३७
तालिका ६६: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका अपेक्षित उपलब्धि तथा नतिजा खाका............... १३७
तालिका ६७: यातायात तथा पूर्वाधारका रणनीति तथा कार्यनीतिहरू ........................................................ १४०
तालिका ६८: सडक, पुल तथा यातायातका कार्यक्रम तथा आयोजना ......................................................... १४२
तालिका ६९: सडक, पुल तथा यातायातका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ................................... १४४
तालिका ७०: सडक, पुल तथा यातायातका अपेक्षित उपलब्धि तथा नतिजा खाका ....................................... १४५
तालिका ७१: ऊर्जाका रणनीति तथा कार्यनीतिहरू................................................................................. १४८
तालिका ७२: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका कार्यक्रम तथा आयोजना......................................... १४९
तालिका ७३: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण..................... १४९
तालिका ७४: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका अपेक्षित उपलब्धि तथा नतिजा खाका........................ १५०
तालिका ७५: सूचना तथा सञ्चार प्रविधिका रणनीति तथा कार्यनीतिहरू..................................................... १५२
तालिका ७६: सूचना, सञ्चार तथा प्रविधिका कार्यक्रम तथा आयोजना......................................................... १५४
तालिका ७७: सूचना, सञ्चार तथा प्रविधिका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ................................. १५४
तालिका ७८: सूचना, सञ्चार तथा प्रविधिका अपेक्षित उपलब्धि तथा नतिजा खाका........................................ १५५
तालिका ७९: वन तथा जैविक विविधताका रणनीति तथा कार्यनीतिहरू ..................................................... १५८
तालिका ८०: वन तथा जैविक विविधताका कार्यक्रम तथा आयोजना........................................................... १६०
तालिका ८१: वन तथा जैविक विविधताका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण...................................... १६१
तालिका ८२: वन तथा जैविक विविधताका अपेक्षित उपलब्धि तथा नतिजा खाका......................................... १६१
तालिका ८३: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू........................................ १६४
तालिका ८४: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम तथा आयोजना............................................ १६५
तालिका ८५: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........................ १६५
तालिका ८६: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका........................... १६६
तालिका ८७: फोहोर मैला व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू......................................................... १६९
तालिका ८८: वातावरण तथा फोहोर मैला व्यवस्थापनका कार्यक्रम तथा आयोजना ...................................... १७१
तालिका ८९: वातावरण तथा फोहोर मैला व्यवस्थापनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण................... १७१
तालिका ९०: वातावरण तथा फोहोर मैला व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका ...................... १७२
तालिका ९१: विपद् व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू ................................................................. १७५
तालिका ९२: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका कार्यक्रम तथा आयोजना.... १७७
तालिका ९३: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........................................................................................................................ १७८
तालिका ९४: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका अपेक्षित उपलब्धि तथा नतिजा खाका.................................................................................................................................... १७८
तालिका ९५: संस्थागत विकासका रणनीति तथा कार्यनीतिहरू................................................................... १८२
तालिका ९६: संस्थागत विकासका कार्यक्रम तथा आयोजना...................................................................... १८५
तालिका ९७: संस्थागत विकासका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ............................................... १९०
तालिका ९८: संस्थागत विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका..................................................... १९३
तालिका ९९: विषयक्षेत्र अनुसार अनुमानित बजेट.................................................................................... १९८
तालिका १००: राजस्व परिचालनको अवस्था ............................................................................................ २०२
तालिका १०१: खर्च बाँडफाँडको प्रक्षेपण.................................................................................................. २०२
तालिका १०२: अपुग स्रोत व्यवस्थापन..................................................................................................... २०३
तालिका १०३: वार्षिक कार्यान्वयन कार्ययोजना ढाँचा.................................................................................. २०७
तालिका १०४: अनुगमन तथा मूल्याङ्कन खाका ......................................................................................... २१०


प्रमुख प्रशासकीय अधिकृत

SECO

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

नेपाल सरकारले आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्मकोलागि राष्ट्रिय आकांक्षा **"समृद्ध नेपाल, सुखी नेपाली"** विक्रम सम्वत् २१०० का सूचक सहितको पन्ध्रौं पञ्चवर्षीय योजना तयार गरेको छ । त्यसैगरी मधेश प्रदेश सरकारले प्रदेशको **"उच्च मानव विकास र पहिचान–समृद्ध मधेश समाज"** को दिर्घकालिन सोचका सहित प्रथम पञ्चवर्षीय योजनामा मधेश प्रदेशको समग्र विकासकोलागि अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन लक्ष्य सहित बि.सं. २१०० सम्मकालागि समृद्धि र सुखका मुख्य सूचकहरू समेत निर्धारण गरिएका छन् ।

योजनाहरू प्राथमिकिकरण गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीयवासीहरूको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने, महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सघाउ पुऱ्याउने, भाषिक तथा सौस्कृतिक पक्षको जर्गेना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने सूचकहरूको आधारमा योजनाहरू प्राथमिकीकरण गर्नुपर्ने उल्लेख गरिएको छ । यस ऐनको दफा २४ को उपदफा ४ मा योजना बनाउँदा मध्यम र दीर्घकालिन प्रकृतिका आयोजनाहरूको सूची तयार गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । उपमहानगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहको अन्य पालिकासँग साझेदारी, सम्झौता र संयुक्त व्यवस्थापन गर्न सक्ने विषयहरू समेत तोकेको छ ।

यस अवस्थामा कलैया उपमहानगरपालिकाले पनि संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकारको सूची र स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेका काम, कर्तव्य, अधिकार र जिम्मेवारीलाई ध्यानमा राखी सहभागितामूलक र समावेशी प्रक्रियाद्वारा प्रस्तुत प्रथम पञ्चवर्षीय आवधिक विकास योजना (२०८०/८१–२०८४/८५) तर्जुमा गरिएको छ । उपमहानगरपालिकाले तयार गरेको वस्तुस्थिति विवरणको आधारमा नगर विकासको विद्यमान सम्भावना, अवसर, समस्या र चुनौति विश्लेषण गरी दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, विषय क्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति एवं प्रमुख कार्यक्रमहरू र आवश्यक स्रोत प्रक्षेपण सहित राजनीतिक प्रक्रियाबाट स्थानीय तहको चासो संस्थागत विकास र आर्थिक समृद्धिको रणनितिक खाका सहितको यस आवधिक योजना तर्जुमा गरिएको छ ।

विकासका परिसूचकहरूमा पृथक तथ्याङ्कहरूको विश्लेषण, तदनुरूप आवधिक योजनाहरूमा उपमहानगरपालिकाको प्रक्षेपण, योजनाहरूको तर्जुमा, आवधिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरूको अभावले विगतमा भएका उपलब्धि तथा कमी कमजोरीहरूलाई केलाउन निकै कठिन भएको छ । राष्ट्रिय रूपमा आवधिक योजनाको एउटै नीतिगत आधार हुने भएकोले पनि उपमहानगरपालिकाको आर्थिक, सामाजिक, गरिबी, पूर्वाधारको विशिष्टता अनुरूपको नीति र सो अनुसारका कार्य योजना विगतमा बन्न सकेनन् । यसको प्रथम प्राथमिकताको रूपमा छरिएर रहेका तथ्याङ्कको तुलनात्मक विश्लेषण, सोही अनुसार राष्ट्रिय नीति र आवधिक योजनासँग तालमेल हुनेगरी कलैया



उपमहानगरपालिकाको समग्र विकास नीतिका आधारहरू तय गर्नु रहेको छ । मौसममा आधारित कृषि तथा पशुजन्य उत्पादन र विप्रेषण नै यस उपमहानगरपालिकाको समग्र अर्थतन्त्रको मुख्य आधार हुन् ।

यस योजना कलैया उपमहानगरपालिकाको समग्र विकासको रणनीतिक योजना सहितको मार्गचित्र (Strategic and Indicative Planning Framework) मात्र हो जसले उपमहानगरपालिकालाई मध्यमकालीन, वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न र प्राथमिकता क्षेत्र निर्धारण गरी स्रोत विनियोजन एवं स्रोत परिचालन गर्ने आधार दस्तावेजको रूपमा काम गर्ने विश्वास गरिएको छ । योजना तर्जुमा गर्ने सिलसिलामा सहभागिता मूलक योजना तर्जुमा प्रक्रिया पद्धति बमोजिम नगर सभा तथा कार्यपालिकाका निर्वाचित पदाधिकारी, कार्यालयका कर्मचारी, उपमहानगरपालिका क्षेत्रमा क्रियाशिल राजनीतिक दलहरू तथा अन्य सरोकारवाला पक्षको सहभागिता सुनिश्चित गरिएको थियो ।

## १.२ योजना तयारीको कानुनी आधार

नेपालको संविधान २०७२ ले नागरिकका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानीय तहको अधिकार, संघीय तथा प्रदेशको  कानुन र नीति, स्थानीय तहको कानुन नीति तथा कार्यक्रमले स्थानीय तहको विकासको गतिको मार्ग चित्र निर्देशित गर्दछ । स्थानीय सरकार सञ्चालन ऐन परिच्छेद २०७४ को ६ दफा २४ को उपदफा १ अनुसार स्थानीय निकायले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा आधारित रहेर स्थानीय स्तरको विकासका लागि दीर्घकालीन, मध्यकालीन र वार्षिक योजना, विषय क्षेत्र गत योजना तर्जुमा गरी तयार गर्नु पर्ने प्रावधान रहेको छ । स्थानीय तहले आफ्नो योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको सोच,उद्देश्य, लक्ष्य, नीति तथा कार्यक्रम र समय सीमासँग समायोजन हुने गरी सुशासन, वातावरण, बालमैत्री, लैङ्गिक तथा सामाजिक समावेशीकरण, जलवायु परिवर्तन तथा अनुकूलन विपद् व्यवस्थापन जस्ता अन्तर सम्वन्धित विषयलाई ध्यान दिने व्यवस्था गरिएको छ । कलैया उपमहानगरपालिकाको यस आवधिक विकास योजना तर्जुमा गर्दा निम्नअनुसारका दस्तावेजहरूको आधार लिइएको थियो ।

१. नेपालको संविधान २०७२
२. स्थानीय सरकार सञ्चालन ऐन २०७४
३. नेपाल सरकारको पन्ध्रौं योजना
४. मधेश प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७ देखि २०८०/०८१)
५. दिगो विकासका लक्ष्य
६. स्थानीय सरकारको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू
७. स्थानीय तहमा रहेका राजनैतिक दलका नीति,कार्यक्रम तथा प्रतिवद्धताहरू
८. स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्था
९. नागरिकको चाहना र स्थानीय आवश्यकता
१०.संघीय तथा प्रदेश सरकारबाट स्थानीय तहमा हुने स्रोत प्रवाहको र अवस्था आन्तरिक आय
११.नेपाल सरकारले गरेका अन्तरराष्ट्रिय सन्धि सम्झौता र प्रतिवद्धताहरू
१२.स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८

### १.३ आवधिक योजना तर्जुमाको उद्देश्य

उपमहानगरपालिका क्षेत्रको समष्टिगत आर्थिक, सामाजिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित मार्गचित्र नै आवधिक योजना हो । स्थानीय तहको आवधिक योजनाले निश्चित अवधिका लागि उपमहानगरपालिकालाई आफुले चाहेको गन्तव्य तर्फ विकासको गतिलाई डोर्याउने काम गर्दछ । उपमहानगरपालिकाको नेतृत्वमा योजनाबद्ध विकासका लागि सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एक स्थानमा ल्याई एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै यस पञ्चवर्षीय योजना (आवधिक विकास योजना २०८०/८१–२०८४/८५) तर्जुमाको मुख्य उद्देश्य हो । योजना तर्जुमाका सहायक तथा निर्दिष्ट उद्देश्यहरू निम्नानुसार छन् ।

- उपमहानगरपालिकाको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासकालागि साझेदार तथा सरोकारवालालाई एकैथलोमा राखी विकासमा साझा उत्तरदायित्व सिर्जना गर्ने
- सहभागितामूलक पद्धतिबाट उपमहानगरको समग्र विकासको दीर्घकालीन सोच, आवधिक लक्ष्य निर्धारण गरी आधार सूचक र लक्ष्य परिमाणको आधारमा उद्देश्य, रणनीति एवं कार्यनीति सहितको प्रमुख कार्यक्रमहरूको खाका बनाई उपमहानगरपालिकाको वार्षिक कार्यक्रम तयार पार्न सहज बनाउने
- आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक कार्यान्वयन कार्य योजना, अनुगमन र समीक्षा सूचकहरूको खाका तयार पार्ने
- भविष्यमा क्षेत्रगत रणनीतिक योजना (Sectoral Plan) तथा महत्त्वपूर्ण विकास प्राथमिकता प्राप्त कार्यक्रमहरू तर्जुमा गर्न मार्गनिर्देशित गर्ने
- प्राथमिकता प्राप्त योजना र क्रियाकलापमा लगानी सुरक्षित गर्न मध्यकालिन खर्च संरचना (Medium Term Expenditure Framework MTEF) तयार गर्न र विकास साझेदार तथा निजी क्षेत्रको लगानी प्रवर्द्धनका लागि मार्ग प्रशस्त गर्ने ।

### १.४ आवधिक योजना तर्जुमा प्रक्रिया

कलैया उपमहानगरपालिकाको आवधिक योजना तर्जुमा सम्बन्धी कार्यक्षेत्र गत शर्तमा उल्लेख भए बमोजिमका कार्यक्षेत्रका अधीनमा रही आवधिक योजना तर्जुमा सुरुआत भएको छ । योजनालाई बढी सहभागिता मूलक यथार्थ परक कार्यान्वयन योग्य र सर्वस्विकार्य गराउन योजना तर्जुमा गर्ने सम्बन्धमा देहाय बमोजिमका प्रक्रिया तथा विधिहरू अवलम्बन गरिएको छ ।

क) **प्रारम्भिक छलफलः** प्रस्ताव स्विकृत भई कार्य सम्झौता भएपछि सर्वप्रथम उपमहानगरपालिकाका प्रमुख, उपप्रमुख, कार्यपालिकाका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत तथा योजना प्रमुखसँग आवधिक योजना तर्जुमाको विधि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ का आधारमा बन्ने समिति तथा उपसमितिहरू निर्माण योजनाको कार्य तालिका लगायतका विषयमा प्रारम्भिक छलफल गरी ति विषयको टुङ्गो लगाइएको छ ।





ख) **पुर्वतयारी गोष्ठी सञ्चालनः** आवधिक योजनाको महत्त्व, औचित्य, विधि, प्रकृया, उपमहानगरपालिकाले यसमा निर्वाह गर्नुपर्ने भुमिका आदिका बारेमा उपमहानगरपालिका प्रमुख, उपप्रमुख, कार्यपालिकाका सदस्य, प्रमुख प्रसासकीय अधिकृत तथा योजना प्रमुखसँग आवधिक योजना तर्जुमाको विधि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ का आधारमा बनेका समिति तथा उपसमितिहरूसँगको छलफल, योजनाका विविध पक्षहरू, चरणहरू तथा कार्य जिम्मेवारीका लागि उपमहानगरपालिकामा मिति २०८०/०२/१९ मा पुर्वतयारी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो ।

ग) **दीर्घकालीन सोच तथा कार्यशालाः** उपमहानगरपालिकाको आवधिक योजना तर्जुमाका लागि मिति २०८०/०३/०८ मा उपमहानगरस्तरीय १ दिने कार्यशालाको आयोजना गरी दीर्घकालीन सोच निर्धारण तथा विषयगत उदेश्य रणनीति एवं प्राथमिकता र कार्यक्रम तथा बजेट लगायतका विषयमा सरोकारवालाहरूसँग बृहत् छलफल गरिएको थियो ।

घ) **वडागत योजना तर्जुमा गोष्ठी सञ्चालनः** वडाध्यक्ष, वडासदस्य, वडाका कर्मचारी, सबै स्थानीय राजनितिक दलका प्रतिनिधिहरू, विद्यालयका प्रमुख तथा प्रधानाध्यापकहरू, क्षेत्रगत विज्ञ तथा बौद्धिक व्यक्तित्वहरू, उद्योगी तथा व्यवसायीहरू लगायत स्थानीय गैर सरकारी संस्थाका प्रतिनिधिहरूको सहभागितामा सबै वडा कार्यालयमा सञ्चालन मिति २०८०/०२/१९ देखि २०८०/०२/३० गते सम्म एक/एकदिने योजना तर्जुमा गोष्ठी सम्पन्न गरिएको थियो ।

ङ) **तथ्याङ्क प्रमाणिकरणः** उपमहानगरपालिकाको वस्तुगत विवरणमा उल्लेख भएका तथ्याङ्कहरूलाई विषयगत समितिहरूमा छलफल गरिएको थियो र योजनामा संलग्न गरिएका मुख्य सुचकाङ्कहरू समेत निर्धारण गरिएको थियो ।

च) **समस्या तथा चुनौतीहरू र अवसरहरूको पहिचानः** उपमहानगरपालिकाको आवधिक योजना तर्जुमा पुर्व कलैया उपमहानगरपालिकामा विकासकालागि विद्यमान समस्या तथा चुनौतीहरू र अवसरहरूको पहिचान गर्न हरेक विषयगत क्षेत्रहरू (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास) को छुट्टाछुट्टै अध्ययन गरी विश्लेषण गरिएको छ ।

छ) **क्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति तथा प्राथमिकता निर्धारणः** स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ का आधारमा हरेक विषयगत क्षेत्रहरू (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास) का उपक्षेत्रहरूको छुट्टाछुट्टै क्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति तथा प्राथमिकता निर्धारण गरिएको छ । यसका साथै सबै विषयगत उपक्षेत्रहरूको नतिजा सूचक पनि निर्धारण गरिएको छ ।

ज) **मस्यौदा प्रतिवेदन लेखन तथा प्रेषणः** उपरोक्त चरणहरू पुरा गरिसकेपछि विज्ञ समुहले उपमहानगरपालिकाबाट प्राप्त सूचना तथा तथ्याङ्कका आधारमा मस्यौदा प्रतिवेदन तयार पारी आवश्यक सुधार तथा सुझावका लागि नगर कार्यपालिकाको कार्यालयमा प्रेषण गरिएको छ । उपमहानगरपालिकाबाट प्राप्त सुझावलाई संलग्न गरी तोकिएको समयावधि भित्र अन्तिम प्रतिवेदन उपमहानगरपालिकाको कार्यालयमा प्रेषण गरिनेछ ।

झ) **मस्यौदा प्रतिवेदन नगर सभामा पेश गर्ने:** विज्ञ समुहले तयार गरी पठाएको मस्यौदा प्रतिवेदन निर्देशक समितिमा छलफल गरी प्राप्त भएको प्रतिवेदनका आधारमा आफ्नो समेत साय सुझाव तयार गरी निर्देशक समितिले दिएको सुझावका आधारमा प्रतिक्रिया नोट गरी सम्बन्धित विषय क्षेत्र समितिहरू तथा शाखाहरूमा पठाइनेछ भने सम्बन्धित विषय क्षेत्र समितिहरू तथा शाखाहरूले यसरी प्रविष्टि गरी प्राप्त हुन आएको सुझाव सहित आफ्नो सुझाव समेत तयार गरी अन्तिम छलफलका लागि नगर सभामा पेश गरिनेछ । नगर सभाबाट पारित सुधार गर्नुपर्ने कुराहरू तथा प्राप्त सुझावलाई संलग्न गरी तोकिएको समयावधि भित्र अन्तिम प्रतिवेदन उपमहानगरपालिकाको कार्यालयमा प्रेषण गरिनेछ ।

ञ) **नगर सभाबाट आवधिक योजना पारित गर्ने:** आवधिक योजनाको अन्तिम प्रतिवेदन नगर सभामा पेश गरी नगर सभाबाट स्वीकृतीका लागि प्रक्रिया अघि बढाइनेछ ।





# परिच्छेद २: कलैया उपमहानगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

## २.१ उपमहानगरपालिकाको परिचय

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

नेपालको मधेश प्रदेशमा अवस्थित कलैया उपमहानगरपालिका बारा जिल्लाका १६ वटा स्थानीय तहहरू मध्येको एक हो । वि.सं. २०३९ सालमा विधिवत् रूपमा स्थापित भएको कलैया गाउँ पञ्चायत कलैया नगरपालिकामा परिणत हुँदा साबिकका कलैया गा.वि.स., भरतगंज सिंगौल गा.वि.स. तथा रतनपुरी गा.वि.स. को सम्पूर्ण क्षेत्रहरू गाभिएका थिए ।

स्थापनाकालमा कलैया नगरपालिकामा तत्कालिन कलैया, बरेवा, भवानीपुर, बैरिया, बघवन, रामपुर गा.वि.स.लाई समेटिएको थियो । ११ वडामा विभाजित कलैया नगरपालिकामा २०४७ सालमा भतौडा, ब्रम्हपुरी, विशम्भरपुर, बसतपुर, मनहर्वा, भोडाहा, मटिहर्वा, महेशपुर गा.वि.स. थप गरी १४ वडामा विस्तार गरी यसको क्षेत्रफल बढाइएको थियो । साविकमा १४ वटा वडामा विभक्त भई कार्य गर्दै आएकोमा नेपाल सरकारको निर्णय अनुसार २०७३ सालमा ८ वटा गा.वि.स.हरू धर्मनगर, बलिरामपुर, बघवन, दोहरी, उत्तरझिटकैया, भतौडा, मोतीसर र सिसहनीया गरी १३ वडा थप भई कुल वडा संख्या २७ सहित कलैया नगरपालिकालाई कलैया उपमहानगरपालिकामा कायम गरिएको हो ।

एशियाकै ठूलो बली चढ्ने श्री गढीमाई मन्दिर नजिक भएको कारणले यस उपमहानगरपालिका पर्यटकीय क्षेत्रको रूपमा पनि विकसित हुने क्रममा छ । बारा जिल्लाको दुई मध्येको एक उपमहानगरपालिका कलैया सांस्कृतिक विविधताको धनी उपमहानगरपालिका हो । वि.सं. २०३९ साल देखि अस्तित्वमा रहेको कलैया हाल बारा जिल्लाको ४ निर्वाचन क्षेत्र मध्ये निर्वाचन क्षेत्र नं. ३ मा पर्दछ ।

### २.१.२ जनसांख्यिक अवस्था

२०७८ सालको राष्ट्रिय जनगणना बमोजिम कलैया उपमहानगरपालिकाको कूल जनसंख्या १३६२२२ मा महिला ६५८६४ (४८.४%) र पुरुष ७०३५८ (५१.६%) रहेको छ । त्यसैगरी कलैयामा कूल घरसंख्या २२१२५ रहेको छ । कलैया उपमहानगरपालिकाको जनघनत्व १२५० मानिस प्रति वर्ग किलोमिटर छ भने लैङ्गिक अनुपात १०६.२८ रहेको छ । उपमहानगरपालिकाको औसत घर धुरी आकार ६.१६ छ । उपमहानगरका सबै वडामध्ये सबभन्दा बढी जनसङ्ख्या वडा नं. १ (९४९२) मा रहेको छ भने, वडा नं. ८ (२७४२) मा सबैभन्दा कम जनसङ्ख्या छ । यस उपमहानगरको कूल जनसङ्ख्याको १.४ प्रतिशतमा अपाङ्गता रहेकोमा पुरुष १.६ प्रतिशत र महिला १.२ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०७८)।

तालिका १: जनसङ्ख्याको वडागत वितरणको अवस्था

| वडा नम्बर | घर धूरी | पुरुष | महिला | जम्मा | औसत परिवार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| १ | १७८४ | ४९२५ | ४५६७ | ९४९२ | ५.३२ | १०७.८४ |
| २ | ६९१ | २६२० | २४१२ | ५०३२ | ७.२८ | १०८.६२ |

| वडा नम्बर | घर धुरी | पुरुष | महिला | जम्मा | औसत परिवार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| ३ | ७४७ | २५५५ | २४०९ | ४९६४ | ६.६५ | १०६.०६ |
| ४ | १११८ | ३०६१ | २७४२ | ५८०३ | ५.१९ | १११.६३ |
| ५ | १०६१ | २९३२ | २७८१ | ५७१३ | ५.३८ | १०५.४३ |
| ६ | १११४ | ३३१९ | २९६० | ६२७९ | ५.६४ | ११२.१३ |
| ७ | ५९३ | १७३६ | १७०७ | ३४४३ | ५.८१ | १०१.७० |
| ८ | ४४९ | १४०२ | १३४० | २७४२ | ६.११ | १०४.६३ |
| ९ | ६९८ | २३१६ | २२१३ | ४५२९ | ६.४९ | १०४.६५ |
| १० | १०८२ | ३५६३ | ३४२५ | ६९८८ | ६.४६ | १०४.०३ |
| ११ | ७८४ | २४१४ | २२८९ | ४७०३ | ६.०० | १०५.४६ |
| १२ | ९२९ | ३१३० | २९०८ | ६०३८ | ६.५० | १०७.६३ |
| १३ | ७३७ | २६९८ | २४७१ | ५१६९ | ७.०१ | १०९.१९ |
| १४ | ८८९ | २८०३ | २६२३ | ५४२६ | ६.१० | १०६.८६ |
| १५ | ५९० | २०९४ | २००२ | ४०९६ | ६.९४ | १०४.६० |
| १६ | १००१ | ३२२६ | ३०३३ | ६२५९ | ६.२५ | १०६.३६ |
| १७ | ४८४ | १६१६ | १५७० | ३१८६ | ६.५८ | १०२.९३ |
| १८ | १०२६ | ३१५६ | २९९२ | ६१४८ | ५.९९ | १०५.४८ |
| १९ | ६६३ | २२०० | २०८१ | ४२८१ | ६.४६ | १०५.७२ |
| २० | १२५० | ३९९३ | ३७५२ | ७७४५ | ६.२० | १०६.४२ |
| २१ | ५७३ | १९३२ | १८१७ | ३७४९ | ६.५४ | १०६.३३ |
| २२ | ५६९ | १८६३ | १७६३ | ३६२६ | ६.३७ | १०५.६७ |
| २३ | ५९७ | २१६३ | १९७० | ४१३३ | ६.९२ | १०९.८० |
| २४ | ५७८ | १७८५ | १७२३ | ३५०८ | ६.०७ | १०३.६० |
| २५ | ६०५ | २०३५ | १८२७ | ३८६२ | ६.३८ | १११.३८ |
| २६ | ७०० | २२९३ | २१०६ | ४३९९ | ६.२८ | १०८.८८ |
| २७ | ८१३ | २५२८ | २३८१ | ४९०९ | ६.०४ | १०६.१७ |
| जम्मा | २२१२५ | ७०३५८ | ६५८६४ | १३६२२२ | ६.१६ | १०६.८२ |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

उपमहानगरमा आर्थिक रूपले सक्रिय जनसङ्ख्या (१५ देखि ५९ वर्ष उमेर समूहको जनसङ्ख्या) कूल जनसङ्ख्याको ५८.२८ प्रतिशत छ । यो उमेर समूहलाई उपमहानगरपालिकाले विशेष योजनाकासाथ कृषि तथा पर्यटन जस्ता आर्थिक उत्पादनको क्षेत्रमा लगाउन सक्दछ । यसबाट वैदेशिक रोजगारीका लागि आर्थिक रूपले सक्रीय जनशक्ति पलायन हुनबाट रोकी उपमहानगरपालिका विकासमा ठूलो फड्को मार्ने अवसर रहेको छ ।

उच्च उत्पादन र उत्पादकत्वलाई प्राप्त गर्न चाहिने प्राविधिक सीप र ज्ञान भएको मानव संसाधन विकास मार्फत नयाँ प्रविधिको अन्वेषण गरी उत्पादन प्रक्रियालाई वैज्ञानिक, र प्रभावकारी बनाउन सकिन्छ । यसरी उपमहानगरपालिकाको समृद्धिका प्रमुखक्षेत्रका रूपमा रहेका पर्यटन, आधुनिक कृषि तथा पशुपालन र सूचना प्रविधिसँग सम्वन्धित विषयमा विश्व विद्यालयस्तरको शैक्षिक संस्थाको विकास गरी जनसांख्यिक लाभ लिन सकिन्छ ।



“यशोदाम योग्य हरित शहर - समबृद्ध कलैया उपमहानगर”

तालिका २: कलैया उपमहानगरपालिकाको उमेर समूह अनुसारको जनसङ्ख्या विवरण

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ९५+ | ३८ | २९ | ६७ | ०.०५ |
| ९०-९४ | २५ | ३२ | ५७ | ०.०४ |
| ८५-८९ | ७६ | ५८ | १३४ | ०.१० |
| ८०-८४ | १८३ | १५१ | ३३४ | ०.२५ |
| ७५-७९ | ६०७ | ४९० | १०९७ | ०.८१ |
| ७०-७४ | १४०३ | १२५३ | २६५६ | १.९५ |
| ६५-६९ | १५९८ | १४५५ | ३०५३ | २.२४ |
| ६०-६४ | १७७२ | १७०४ | ३४७६ | २.५५ |
| ५५-५९ | १९४८ | १७६९ | ३७१७ | २.७३ |
| ५०-५४ | २८८७ | २२७७ | ५१६४ | ३.७९ |
| ४५-४९ | ३१८७ | ३००९ | ६१९६ | ४.५५ |
| ४०-४४ | ४०२० | ३४२४ | ७४४४ | ५.४६ |
| ३५-३९ | ४४५२ | ४९०० | ९३५२ | ६.८७ |
| ३०-३४ | ४४४७ | ४८३६ | ९२८३ | ६.८१ |
| २५-२९ | ५२११ | ५५८९ | १०८०० | ७.९३ |
| २०-२४ | ६४०५ | ५९९६ | १२४०१ | ९.१० |
| १५-१९ | ७९४६ | ७०८५ | १५०३१ | ११.०३ |
| १०-१४ | ८४२४ | ७७९७ | १६२२१ | ११.९१ |
| ०५-०९ | ८३०७ | ७६६३ | १५९७० | ११.७२ |
| ००-०४ | ७४२२ | ६३४७ | १३७६९ | १०.११ |
| जम्मा | ७०३५८ | ६५८६४ | १३६२२२ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

## २.२ आर्थिक विकास अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

कलैया उपमहानगरपालिकामा सामान्यतः कृषि प्रणालीमा मुख्य अन्न बालीहरू धान, मकै, गहुँ आदि हुन्। यस्तै दलहन बालीमा रहर, मास, मसुरो, केराउ, चना उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, अर्सी, तिल उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, भिन्डी, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यिनको उत्पादकत्व पनि बढी छ । उपमहानगरपालिकामा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न, तरकारी र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रूपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ । कलैया उपमहानगरपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार यस पालिकामा कृषि पेशामा संलग्न जनसंख्या करिब ७० प्रतिशत रहेकोमा तीन दर्जन बढी कृषि समुह र ५० बढी कृषि फर्म सञ्चालित छन् । उपमहानगरमा आ.व. २०७९/८० मा कृषि तालिम लिएका कृषक करिब ५०० जना रहेको छ (कृषि विकास शाखा) ।

धान, गहुँ तथा मकै मुख्य खाद्यान्न बालीका रूपमा रहेको कलैया उपमहानगरपालिकामा खाद्यान्न उत्पादन तर्फ ६१६८० हेक्टर जमिनमा धानको खेती हुने गरेकोमा २५९८१० मेट्रिक टन वार्षिक उत्पादन गरेको, ८३५३८

प्रमुख प्रशासकीय अधिकृत

हेक्टर जमिनमा मकैको खेती हुने गरेकोमा १३४७८ मेट्रिक टन वार्षिक उत्पादन गरेको, ९८९४० हेक्टर जमिनमा गहुँको खेती हुने गरेकोमा २९१०० मेट्रिक टन वार्षिक उत्पादन गरेको, ११७५० हेक्टर जमिनमा दलहनको खेती हुने गरेकोमा ११७५० मेट्रिक टन वार्षिक उत्पादन गरेको र २४२६ हेक्टर जमिनमा तेलहनको खेती हुने गरेकोमा १९२५ मेट्रिक टन वार्षिक उत्पादन गरेको छ (कलैया उपमहानगरपालिकाको नगर पार्श्वचित्र २०७५) । उपमहानगरमा प्राविधिक जनशक्तिका रूपमा ६ जना कार्यरत रहेका छन् भने आ.व.२०७८/७९ मा ८०० जनाले कृषि बिमा गरेको देखिन्छ (कृषि विकास शाखा) ।

**तालिका ३: १० वर्ष भन्दा माथिको जनसङ्ख्यामा आर्थिक कियाकलापमा संलग्नता विवरण**

| विवरण | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| ३ महिना भन्दा कम काम गर्ने | ८.७ | ५.७ | १२ |
| ३-६ महिना काम गर्ने | ८ | ५.९ | १०.३ |
| ६ महिना भन्दा बढी काम गर्ने | ३२.२ | ५२.५ | १०.९ |
| काम नगर्ने | ५१ | ३६ | ६६.९ |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

समुद्र सतहदेखि करिब १००-२५० मी. को उचाइसम्म रहेको यस पालिकामा कृषि जन्य उत्पादनको विविधताको सम्भावना दर्साउँछ जसमा अन्न बाली, नगदे बाली, तरकारी बाली एवं आँप, लिची, केरा लगायतका फलफूलको राम्रो उत्पादन लिन सकिन्छ । त्यसैगरी पशु पन्छी तर्फ गाई, भैंसी, बाखा, कुखुरा र माछा पालनको व्यवसाय गर्न सकिने सम्भावना छ । प्राविधिक ज्ञान र सीप, प्रविधि, सिँचाई, पूँजी र बजारको यथोचित व्यवस्थापन गर्ने हो भने यस क्षेत्रमा ३ गुणा उत्पादन बढाउन सकिने देखिन्छ । कृषि क्षेत्रबाट आर्थिक विकास गर्नलाई यहाँको कृषि प्रणालीलाई वैज्ञानिक कृषि प्रणालीमा रूपान्तरण गर्नु आवश्यक छ । त्यसको लागि पालिकाले कृषिको समग्र अवस्थाको अध्ययन गरी योजना तर्जुमा गर्न जरुरी हुनेछ ।

पशुपालनको प्रचुर सम्भावना रहेको कलैया उपमहानगरपालिकामा जम्मा ८० वटा पशुपालन फर्म (गाई,भैंसी,बंगुर तथा बाखा) रहेकोमा वार्षिक मासु उत्पादन ८५० टन रहेको छ । करिब ५० प्रतिशत जनसंख्या पशुपालनमा आवद्ध रहेको यस पालिकामा कृतिम गर्भाधारण सेवा उपलब्ध रहेको छ । उपमहानगरले पशुपछीमा रोग विरुद्ध खोप र परजिवी व्यवस्थापन कार्यक्रम सञ्चालनमा ल्याएको छ भने पशु बिमा कार्यक्रममा २५० कृषक आवद्ध रहेको तथ्याङ्कले देखाउँछ । पालिका भित्र नस्ल सुधार तथा पशु औषधि पसल उपलब्ध रहेका छन् । कलैया उपमहानगरपालिकामा कमनकार्प, विगहेड, रहु, ग्रास, नैनी, सिलभर जातका माछाहरू करिब २० हेक्टरमा पोखरी बनाई माछा पालन गरिएको छ ।

कलैया उपमहानगरपालिकाको सहरीकरण बढ्दै गएकोले उत्पादित कृषि उपज खपत बढ्ने गरेको र यातायातको सुविधा भएकोले उत्पादित वस्तु सजिलै बजार सम्म पुऱ्याउन सकिने अवस्था छ । कृषि पेशालाई प्रोत्साहन गर्दा वेरोजगारीको समस्यामा कमी आउनेछ । जैविक विपादी प्रयोग उत्पादन तथा करेसाबारी निर्माण सम्बन्धी





तालिम र स्पेयर, जैविक विषादी र तरकारी मिनिकिट वितरण गरिएको छ । यस उपमहानगर क्षेत्रमा बहु क्षेत्रीय पोषण योजना कार्यान्वयन भएको छ र उपमहानगरमा पोषण कर्नर स्थापना गरिएको छ । कृषि नै मूल आधार भएकाले यसको विविधिकरणको खाँचो देखिन्छ ।

धान र मकै बालीको पकेट/ब्लकको रूपमा विकास, तरकारी तथा फलफूल सम्बन्धी नर्सरी स्थापना, तरकारी बीउ बिजन उत्पादक फर्मको स्थापना, उत्पादित कृषिजन्य बस्तुका लागि सङ्कलन केन्द्र स्थापना, बाली संरक्षण एवम् माटो सम्बन्धी प्रयोगशालाको स्थापना गर्न आवश्यक छ ।

यस उपमहानगरका अधिकांश किसानहरू अझै पनि परम्परागत कृषि प्रणालीमा खेती गर्ने अभ्यासमा रहेकाले व्यावसायिक तथा अर्गानिक खेती तर्फ आकर्षण गर्नुपर्ने देखिन्छ । जनशक्तिको अभाव, समयमा किसानले मलखाद नपाउनु, फलफूल तथा तरकारी नर्सरीको अभाव, कृषि शाखामा कृषि प्राविधिक कमी जस्ता समस्याहरूको समाधान गर्न आवश्यक छ ।

यस उपमहानगरमा सिँचाइका लागि मूख्यतया पसाहा खोला र गण्डक नहर प्रयोगमा आउने गर्दछ । यस बाहेक टेडरहर, खैराही, र बगरी खोलाबाट पम्पबाट पनि सिँचाइको सुविधा उपलब्ध हुँदै आएको छ । डिप बोरिडबाट पनि सिँचाई सुविधा गराउन सकिन्छ । नहरको पानी माथिल्लो मुहानका कृषकले बढी प्रयोग गर्ने र तलतिरका कृषकलाई पानीको अभाव हुने गरेकोले मौजुदा नहरहरूबाट थोरै कृषकहरू मात्र लाभान्वित भएका छन् । खोलाबाट पम्प प्रयोग गरी पानी तान्ने र डीप बोरिडको माध्यमबाट वर्षे भरि सिँचाइको व्यवस्था गर्न आवश्यक छ । कलैया उपमहानगरपालिकामा कूल खेती योग्य जमिन मध्ये ९० प्रतिशत जमिनमा सिँचाइको पानी उपलब्ध हुने गरेकोमा करिब ३० प्रतिशत जमिनमा वर्षभरी सिँचाइको पानी उपलब्ध हुने गरेको तथ्याङ्कले देखाउँछ । उपमहानगरमा दर्जन बढी विभिन्न स्थानीय नहरहरूबाट सिँचाइको प्रवन्ध भइरहेको तथा यस बाहेक पनि परम्परागत निजी कुलोहरू माफर्त पनि सिँचाइ सुविधा विस्तार गरिएको छ ।

उपमहानगरका कृषकहरूले गर्दै आएको कृषि कर्ममा विभिन्न रोग कीराको प्रकोप समेत खेप्दै आएको देखिन्छ । बाली विशेष अनुसार विभिन्न रोगको समस्या देखा परेको छ । यस पालिकामा स्थानीय स्रोत पर्याप्त भएपनि समुचित परिचालन नगर्ने गरेको देखिन्छ । यसलाई बढावा दिनु जरुरी देखिन्छ । डढुवा रोग, ओइल्याउने रोग, ढुसी आदिलाई स्थानीय प्रविधि अनुरूप सहजै व्यवस्थापन गर्न सकिने तर फौजी किरा, बाँदर आदिलाई मात्र स्थानीय प्रविधिले राम्रो काम गर्न नसकिने हुन्छ ।

## २.२.२ पर्यटन तथा संस्कृति

कलैया उपमहानगरपालिकामा पर्यटन विकासको ठूलो सम्भावना रहेको छ । कलैया उपमहानगरपालिकाको प्राकृतिक सौन्दर्यता, नदीहरू र हरियाली, धार्मिक तथा ऐतिहासिक स्थलका कारण आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण हुने गर्दछ । कलैया उपमहानगरपालिकामा रहेको सांस्कृतिक विविधता र प्राकृतिक

सौन्दर्यता पर्यटक आकर्षण हो । यस उपमहानगरपालिकामा रहेका चार दर्जन बढी धार्मिक तथा पर्यटकीय स्थलहरू रहेका छन् । यस उपमहानगरको प्रमुख ऐतिहासिक तीर्थस्थल र पर्यटकीय स्थलका रूपमा कलैया उपमहानगरको केन्द्रमा अवस्थित भरत चोक, महादेव मन्दिर, राजदेवी मन्दिर प्रमुख हुन् । पालिकाको तथ्याङ्कअनुसार उपमहानगरपालिकामा रहेका तीन दर्जन बढी पर्यटकीय स्थलहरूमा वार्षिक रूपमा करिब ३०००० जना पर्यटकहरूको भ्रमण हुने गरेको अनुमान छ । कलैया उपमहानगरपालिकामा हाल सम्म आधा दर्जन पर्यटकीय स्तरको होटेल सञ्चालन अवस्थामा पालिका भ्रमणमा आउने पर्यटकका सेवाका लागि दुई दर्जन बढी होटेल रहेका छन् ।

कलैया स्थानीय साँस्कृतिक सम्पदाको धनी छ । यस कलैया उपमहानगरपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू धर्म मान्ने पहाडी मूलका मानिसहरू रहेका छन् भने बौद्ध, इस्लाम र क्रिस्चियन धर्म मान्ने मानिसहरू पनि छन् । सबै जातजाती र सम्प्रदायका आ–आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन् । जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैते दशैं, साउने र माघे संक्रान्ति, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी–हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा, श्री स्वस्थानी पूर्णिमा, अंग्रेजी नयाँ वर्ष, कर्कट संक्रान्ति, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरू, ईद, वकरईद, इदुलफितर, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, असारे १५ आदि चाडपर्वहरू रहेका छन्। यस उपमहानगरपालिकामा मनाइने जात्रा मेलासम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

कलैया उपमहानगरपालिकामा २५ बढी ठूला उद्योग व्यवसायमा सञ्चालनमा रहेकोमा १००० बढी साना उद्योग तथा व्यवसाय सञ्चालनमा रहेका छन् । कलैया उपमहानगरपालिकामा जम्मा १००० बढी उद्योग व्यवसायमा करिब ५००० जनाले रोजगारीको अवसर प्राप्त गरेको अनुमान गरिएको छ । यस उपमहानगरपालिकामा रहेका प्रमुख व्यापारिक केन्द्रहरूमा कलैया बजार, बरेवा बजार र बघन बजार लगायतका प्रमुख बजारहरू रहेका छन् । यस्ता बजारहरूबाट विशेषगरी खुद्रा व्यापार हुने गरेको छ । यसैगरी, कलैया उपमहानगरपालिकाबाट थोक व्यापार समेत हुने गरेको छ । थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पीठो, तेल अन्य पहाडी तथा तराई जिल्लासँग हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरेको छ । यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रिक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई आयत गरिएका घरेलु उपयोगका सामानहरूको समेत थोक र खुद्राबिक्री यस उपमहानगरपालिका बाट हुने गरेको पाइन्छ ।

कलैया उपमहानगरपालिकामा चिनी मिल, चाउचाउ, कपास, चामल, पीठो तथा ईंटा उद्योगका साथै घरेलु तथा साना उद्योगका रूपमा फ्लोरोटी उद्योग, चामल मिल, ह्याचरी फार्म, क्रसर उद्योग, काठ उद्योग आदि सञ्चालनमा





रहेका छन् भने व्यवसाय तर्फ थोक तथा खुद्रा खाद्यान्न पराल, कुखुरा पालन, कृषि तथा फलफूल व्यवसाय, माछा पालन, मौरी पालन, पशुपालन, बाख्रा तथा बंगुर पालन, कालिज, बट्टाई पालन आदि मुख्य हुन् । त्यसैगरी यहाँका सम्भावनाका क्षेत्रमा कृषि तथा जडीबुटीको व्यावसायिक खेती तथा काष्ठ कला उद्योग रहेका छन् । उद्योगको कमीको कारण उपमहानगरमा उपलब्ध कच्चा पदार्थको पर्याप्त मात्रमा उपयोग हुन सकेको छैन । तसर्थ यहाँ दैनिक उपभोग्य सामग्री र अन्य आधारभूत मालसामान छिमेकी पालिकाबाट आयात गर्नु पर्ने अवस्था छ । उपमहानगरमा रहेका केही उद्योगहरू जस्तै कुखुरा पालन, पशुपालन केन्द्रहरूबाट छिमेकी पालिकासम्म उत्पादनहरू निर्यात हुने गरेको छ । कृषिमा आधारित साना तथा मझौला उद्योगहरूको स्थापना र औपचारिक क्षेत्रको विस्तार मार्फत उपभोग्य वस्तु, निर्माण सामग्री, कृषि तथा पशु जन्य उद्योग, अचार बनाउने, मुढा बनाउने, गुडिया बनाउने, मैनबत्ती बनाउने जस्ता साना उद्योगहरूको विकास गरी थोरै पूँजी र सामान्य प्रविधिबाटै रोजगारीको विस्तार गरी आयात प्रतिस्थापन गर्न सकिने देखिन्छ ।

### २.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा

प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्न संविधानमा रोजगारीको हकलाई मौलिक हकको रूपमा उल्लेख गरिएको छ । यसको साथै सबै नागरिकले स्वदेश वा वैदेशिक रोजगारीको छनौट गर्न पाउने अधिकारको पनि संविधानमा सुनिश्चित गरिएको छ । देशको ३.१ प्रतिशत जनसङ्ख्या विदेशमा रहेको सन्दर्भमा यस क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि विगतका योजनाहरूले समेट्न नसकेको यथार्थ हो । वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित एवं उपलब्धिमूलक बनाउन र वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप, पूँजी तथा अनुभवलाई उत्पादनमूलक क्षेत्रमा परिचालनका लागि प्रोत्साहन गर्न सुरक्षित वैदेशिक रोजगारीको सवाललाई उपमहानगरले आफ्नो योजनामा समेट्न आवश्यक रहेको छ ।






CamScanner

कलैया उपमहानगरपालिकाको कूल जनसङ्ख्याको १० वर्ष माथिको जनसङ्ख्या मध्ये ६७.५ प्रतिशत आर्थिक क्रियाकलापमा सकिय जनसङ्ख्या रहेकोमा ३२.५ प्रतिशत जनसङ्ख्या आर्थिक क्रियाकलापमा निष्क्रिय रहेको देखिन्छ । उपलब्ध तथ्याङ्क अनुसार उपमहानगरको १.५ प्रतिशत जनसङ्ख्या वैदेशिक रोजगारीमा संलग्न रहेको छ । १० वर्ष माथिको जनसङ्ख्यामा आर्थिक रूपमा सक्रिय जनशक्ति मध्ये ८३.२ प्रतिशत पुरुष र ६१.४ प्रतिशत महिला गरी कूल ६७.५ प्रतिशत प्रायजसो काममा सक्रिय रहने गरेको देखिन्छ (राष्ट्रिय जनगणना, २०७८) । स्थानीय स्तरमा पर्याप्त रोजगारीको अवसर प्राप्त नहुँदा यस पालिकाबाट वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ ।

आर्थिक क्रियाकलापमा सक्रियताको अवस्था




कलैया उपमहानगरपालिकामा १० वर्ष माथिको प्रायजसो काममा सक्रिय रहने जनसङ्ख्या मध्ये पनि ९१.४ प्रतिशत रोजगारीमा सम्लग्न रहेको र ८.६ प्रतिशत बेरोजगार रहेको देखिन्छ । बैङ्क र वित्तीय संस्था सम्बन्धी प्राप्त

प्रायजसो काममा सक्रिय रहने जनसङ्ख्याको रोजगारीको स्थिति








तथ्याङ्क अनुसार जम्मा ९४ वटा वित्तीय संस्थाहरूले सेवा प्रदान गरिरहेको देखिन्छ र करिब २०००० जना स्थानीयको बैङ्क खाता रहेको देखिन्छ । कलैया उपमहानगरपालिका क्षेत्रभित्र रहेका वित्तीय संस्थाहरूको बारे विश्लेषण गर्दा अधिकतम वित्तीय संस्थाहरूले कृषि, व्यवसाय र लघु उद्यम विकासको क्षेत्रमा लगानी गरेको पाइन्छ भने अति जोखिममा परेका घरधुरीमा कम लगानी गरिरहेको देखिन्छ ।

### २.२.५ वित्तीय संस्था

कलैया उपमहानगरपालिकामा जम्मा ९४ वटा वित्तीय संस्थाहरू सञ्चालित छन् । जस मध्ये २० वटा कृषि सहकारी, १६ वटा ऋण तथा बचत सहकारी, दुग्ध सहकारी २ वटा, साना किसान सहकारी २ वटा, बहुउद्धेशीय सहकारी ४ वटा, तरकारी तथा फलफुल सहकारी १ वटा, संचार सहकारी १ वटा, लघु वित्त २० वटा, वाणिज्य बैङ्क १५ वटा, विकास बैङ्क ३ वटा र फाइनान्स १० वटा रहेका छन् । बैंक खाताको तुलनामा सहकारीमा सदस्यता लिएका परिवार निकै कम परिवारको मात्र कम्तीमा एक सदस्यको सहकारीमा खाता रहेको देखिन्छ । ऋण प्रवाह, धितो मूल्यांकन जस्ता विषयहरूमा बैङ्कहरूको आफ्नै विविध प्रावधानबाट ग्रामिण वडावासीहरू ऋण सुविधाबाट लाभान्वित हुन सकिरहेका छैनन् र पालिकास्तरको धितोबाट आवश्यकता अनुसार बैङ्कबाट ऋण प्राप्त हुन सकिरहेको छैन । त्यसैगरी परियोजनामा आधारित ऋण र सामूहिक जमानीमा ऋण प्रदान गर्ने नीति पनि सहकारीहरूमा छैन । यसर्थ पर्याप्त पूँजीको अभाव एवं ऋण व्यवस्था हुन नसकेका कारणबाट पनि सीपयुक्त जनशक्तिहरूले उद्योग व्यवसाय स्थापना गर्न र पूँजी भएकाहरूले पनि व्यवसाय विस्तार गर्न सकिरहेका छैनन् । सहकारी संस्थाहरूमा सदस्यको हैसियतबाट तुलनात्मक रूपमा धितो बिना पनि ऋण सुविधा सहज भएपनि आवश्यकता अनुसार ऋण प्रदान गर्न सक्ने हैसियतको विकास हुन सकिरहेको छैन ।

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ स्वास्थ्य तथा पोषण

हाल उपमहानगरको स्वास्थ्य सेवालाई चुस्त दुरूस्त राख्न कलैया उपमहानगरपालिका क्षेत्रभित्र जम्मा ३० वटा सामुदायिक तथा तीन दर्जन बढी निजी स्वास्थ्य संस्था रहेका छन् । जसमध्ये १ प्रादेशिक अस्पताल, १३ वटा स्वास्थ्य चौकी, १ वटा आयुर्वेद औषधालय, १४ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र र १ वटा सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र रहेका छन् । कलैया उपमहानगरपालिकामा जम्मा ३ वटा वर्थिङ सेन्टरबाट सेवा प्रदान भइरहेको छ । यस पालिकामा महिला स्वास्थ्य स्वयंसेविका १७५ जना सेवारत रहेका छन् । उपमहानगरको २७ वडामा जम्मा ७० वटा खोप केन्द्रको व्यवस्था गरिएको छ । त्यसैगरी निजी अस्पताल २ वटा, पोली क्लिनिक २ वटा, फार्मेसी १८ स्थानमा सञ्चालनमा रहेकोमा ७२ प्रकारको निःशुल्क औषधिको उपलब्ध भइरहेको अवस्थामा कलैयामा सहुलियत मुल्यमा औषधि पसल सञ्चालनका लागि आवश्यक पहल शुरु गरिएको छ भने पालिकामा एकिकृत रुपमा स्वास्थ्य सेवा प्रवाह भइरहेको छ ।

कलैया उपमहानगरपालिकामा मुख्य गरी झाडापखाला, निमोनिया, ग्यास्ट्रिक तथा उच्चा रक्तचाप जस्ता प्रमुख रोगको रूपमा देखिएको छ । आधारभूत स्वास्थ्य सेवालाई चुस्त र दुरूस्त बनाउनको लागि शाखाबाट औषधी खरिद, रिक्त दरबन्दीमा कर्मचारी भर्ना, कर्मचारीहरूलाई तालिममा सहभागी, बिभिन्न कार्यक्रमहरूको समीक्षा, स्वास्थ्य शिविर लगायत कार्यहरू गर्दै आइरहेको छ । उपमहानगरवासीका लागि सुलभ स्वास्थ्य सेवाको उद्देश्य पुरा गर्न र आकस्मिक महामारीलाई समेत व्यवस्थापन गर्न स्वास्थ्य संस्थाहरू सुदृढीकरण, हाल सञ्चालित अस्पताललाई व्यवस्थापन गरी स्वास्थ्यकर्मीहरूको प्रभावकारी परिचालनको लागि स्वास्थ्य नीति तयार गरी लागु गर्नुपर्ने देखिएको छ ।

स्वास्थ्य चौकी र बर्थिङ सेन्टरमा आवश्यक कोठा सहितको भवन लगायतका पूर्वाधार तथा समाग्री र बिरामीलाई स्वास्थ्य संस्थामा समयमै लैजान अवश्यक संख्यामा एम्बुलेन्सको व्यवस्था गर्न आवश्यक छ । स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीको नियमित उपस्थिति गराउने, प्रयास औषधीको व्यवस्था गर्ने, घरमा सुत्केरी हुने प्रथालाई कम गर्ने, रोग लुकाउने प्रवृतिलाई निरुत्साहित गर्ने र परिवार नियोजनको साधनको उपयोगमा संकुचित हटाउने जस्ता कार्यहरू गर्नुपर्ने देखिन्छ । यसै गरी बालबालिकाको नियमित रुपमा वृद्धि अनुगमन गरी कुपोषित बालबालिकाको थप हेरचाह गर्नुपर्ने अवस्था रहेको छ । खानपानमा पौष्टिकताको ख्याल गर्ने, सरसफाईमा आनीबानी परिवर्तन गर्न तथा धुम्रपान र मद्यपानको कुलतलाई कम गर्न पनि कार्यक्रमहरू आवश्यक देखिन्छ । स्वास्थ्य संस्थामा दरबन्दी अनुसारको जनशक्ति रिक्त भएकोले दक्ष जनशक्तिको पदपूर्ति गर्नुपर्ने देखिन्छ । कोभिड १९ तथा कोभिड जस्तै भविश्यमा देखा पर्न सक्ने जटिलतालाई समाधान गर्न उपमहानगरले त्यसै अनुरुप योजना बनाउन आवश्यक देखिन्छ । स्थानीयस्तरमा चिकित्सक/विशेषज्ञ सेवाको उपलब्धता नभएका कारण बीरगंज तथा अन्यत्रका स्वास्थ्य संस्थाहरूमा जानुपर्ने अवस्थालाई समेत भविश्यमा सम्बोधन गर्नु पर्ने देखिन्छ । स्वास्थ्य बिमाको अभ्यासलाई बढाउन पर्ने देखिन्छ ।

खाद्यान्नको अभाव त्यति नदेखिए पनि केहि संख्यामा कुपोषित बालबालिका रहेका छन् । पाँच वर्ष मुनिका बालबालिका मध्ये ४.९ प्रतिशत कुपोषित देखिएको छ । आहार सम्बन्धी चेतना तथा खाद्य सुरक्षाको गतिविधी पनि त्यतिकै आवश्यक छ ।

### २.३.२ शैक्षिक विकास

कलैया उपमहानगरपालिकामा ५ वर्ष माथिको जनसङ्ख्याको साक्षरता दर ६८.१ प्रतिशत रहेकोमा पुरुषको साक्षरता ७७.२ प्रतिशत र महिलाको ५८.५ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०७८)।

तालिका ४: ५ वर्ष माथिको जनसङ्ख्याको साक्षरताको अवस्था

| ५ वर्ष माथिको जनसङ्ख्याको साक्षरताको अवस्था | जम्मा% | पुरुष% | महिला% |
|---|---|---|---|
| पढ्न र लेख्न सक्ने | ६८.१ | ७७.२ | ५८.५ |
| पढ्न मात्र सक्ने | ०.२ | ०.२ | ०.३ |
| पढ्न र लेख्न दुवै नसक्ने | ३१.७ | २२.६ | ४१.२ |





*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

कलैया उपमहानगरपालिकामा ५ वर्ष देखि २५ वर्ष सम्मको जनसङ्ख्याको हालको शैक्षिक अवस्था विश्लेषण गर्दा हाल अध्ययनरत ६२.४ प्रतिशत रहेकोमा पहिल्यै विद्यालय गएको अर्थात् हाल अध्ययन कार्यमा संलग्न नरहेको २०.४ प्रतिशत र कहिल्यै विद्यालय नगएको १५.१ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०७८) ।

तालिका ५: ५ वर्ष देखि २५ वर्ष सम्मको जनसङ्ख्याको हालको शैक्षिक अवस्था

| विवरण | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| हाल अध्ययन रत | ६४.५ | ६६.५ | ६२.४ |
| पहिल्यै विद्यालय गएको | २०.४ | २१.३ | १९.४ |
| कहिल्यै विद्यालय नगएको | १५.१ | १२.१ | १८.२ |
| खुलाउन नचाहेको | ०.०१ | ०.०१ | ०.०१ |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

५ वर्ष माथिको जनसङ्ख्याको ३२ प्रतिशतको हाराहारीको जनसङ्ख्या निरक्षर रहेकोमा साक्षर जनसङ्ख्या मध्ये पूर्वप्राथमिक शिक्षा अध्यययन गरेका ६.१५ प्रतिशत, प्राथमिक शिक्षा अध्ययनरत/उत्तीर्ण गर्ने ३५.४२ प्रतिशत, निम्न माध्यमिक शिक्षा अध्ययनरत/उत्तीर्ण गर्ने २३.४ प्रतिशत, माध्यामिक तह/ एस एल सी मा अध्ययनरत/उत्तीर्ण गर्ने १५.९९ प्रतिशत रहेको छ भने स्नातक तह अध्ययनरत/उत्तीर्ण ३.१५ प्रतिशत, स्नातकोत्तर तह अध्ययनरत/उत्तीर्ण १.६१ र अन्य अध्ययन गर्ने ०.०६ प्रतिशत रहेका छन् (राष्ट्रिय जनगणना, २०७८) ।

तालिका ६: ५ वर्ष माथिको साक्षर जनसङ्ख्याको शैक्षिक स्थिति

| शैक्षिक विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| पूर्व प्राथमिक शिक्षा | ५१०३ | ६.१५ |
| प्राथमिक शिक्षा | २९३९५ | ३५.४२ |
| निम्न माध्यमिक शिक्षा | १९४१६ | २३.४० |
| माध्यमिक शिक्षा | १३२६५ | १५.९९ |
| एस एल सी | ४५२७ | ५.४६ |
| प्रमाणपत्र तह | ७२७५ | ८.७७ |
| स्नातक तह | २६१३ | ३.१५ |
| स्नातकोत्तर तह | १३३८ | १.६१ |
| अन्य | ४८ | ०.०६ |
| जम्मा | ८२९८० | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

कलैयामा ७२ सामुदायिक र ४५ संस्थागत गरी कूल ११७ वटा विद्यालयहरू रहेका छन् । कक्षा ११-१२ सञ्चालित विद्यालयहरु सामुदायिक १० र संस्थागत १० गरी जम्मा २० वटा तथा कक्षा ९-१० सञ्चालित विद्यालयहरु १५ वटा रहेका छन् । कक्षा १-८ सञ्चालित विद्यालयहरु २२ वटा रहेका छन् भने कक्षा १-५ सञ्चालित विद्यालयहरु ५० वटा रहेका छन् । कलैया उपमहानगरपालिकाका शैक्षिक संस्थाहरूको विवरण यस प्रकार रहेको छ (कलैया उपमहानगरपालिकाको शिक्षा गुरुयोजना, २०८०) ।

तालिका ७: कलैया उपमहानगरपालिकाका शैक्षिक संस्थाहरूको विवरण

| क. सं. | विद्यालय शिक्षण संस्थाको प्रकार | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | बाल विकास केन्द्र | ६२ | ५ | ६७ |
| २ | आधारभूत विद्यालय (कक्षा १-३) | - | ५ | ५ |
| ३ | आधारभूत विद्यालय (कक्षा १- ५ ) | ४० | १० | ५० |
| ४ | आधारभूत विद्यालय (कक्षा १-८) | १४ | ८ | २२ |
| ५ | माध्यमिक विद्यालय (कक्षा ९-१० ) | ८ | ७ | १५ |
| ६ | माध्यमिक विद्यालय (कक्षा ११-१२) | १० | १० | २० |
| | जम्मा | ७२ | ४५ | ११७ |

*स्रोत: कलैया उपमहानगरपालिकाको शिक्षा गुरुयोजना, २०८०*

### २.३.३ खानेपानी तथा सरसफाइ

उपमहानगरपालिकाको ७१.५९ प्रतिशत घरधुरीको खानेपानीको मुख्य स्रोत हाते पम्पबाट निकालिएको पानी रहेको छ भने करिब १८.८४ प्रतिशत घरधुरीको पानीको स्रोत कम्पाउण्ड भित्रैको पाइपधारा छ । त्यस्तै, करिब २.३२ प्रतिशतले मूलको पानी उपभोग गरिरहेका छन् । ०.३२ प्रतिशत घरधुरीले ढाकिएको इनार वा कुवा र ०.६६ प्रतिशत घरधुरीले नढाकिएको इनार वा कुवाको पानी खाइरहेका छन् । त्यसैगरी ०.०१ प्रतिशत घरधुरीले नदी/खोलाको पानी निर्भर रहनु परेको छ भने १.३४ प्रतिशत घरधुरीको खानेपानीको अन्य स्रोत रहेको देखिन्छ (राष्ट्रिय जनगणना, २०७८) ।

तालिका ८: उपमहानगरको खानेपानीको स्रोत सम्बन्धी विवरण

| वडा नं. | घरधुरी | खानेपानीको मुख्य स्रोत | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कम्पाउण्डमा पाइप/ धारा | कम्पाउण्ड बाहिर पाइप/धारा | हाते पम्प | ढाकिएको इनार/ कुवा | नढाकिएको इनार/ कुवा | मूलको पानी | नदी /खोला | जार /बोतल | अन्य |
| १ | १७८४ | ४८२ | १०३ | ११२४ | १ | १४ | ५० | ० | ५ | ५ |
| २ | ६९१ | ६३ | ६ | ६०६ | २ | ९ | १ | ० | ० | ४ |
| ३ | ७४७ | १६७ | ५९ | ५०६ | १ | १० | १ | ० | २ | १ |
| ४ | १११८ | ३११ | ४४ | ७४८ | ८ | ४ | ० | ० | ३ | ० |
| ५ | १०६१ | २७२ | ११६ | ६१७ | ० | ६ | ३८ | ० | ११ | १ |
| ६ | १११४ | ५४९ | ६५ | ४७९ | ० | ५ | १६ | ० | ० | ० |
| ७ | ५९३ | [illegible] | ८६ | २७२ | ० | १ | ० | ० | ० | ६ |





| वडा नं. | घरधुरी | खानेपानीको मुख्य स्रोत | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कम्पाउण्डमा पाइप/ धारा | कम्पाउण्ड बाहिर पाइप/धारा | हाते पम्प | ढाकिएको इनार/ कुवा | नढाकिएको इनार/ कुवा | मूलको पानी | नदी /खोला | जार /बोतल | अन्य |
| ८ | ४४९ | १० | ६ | ४१७ | ७ | ० | ५ | ० | ० | ४ |
| ९ | ६९८ | १६५ | १५ | ४९० | १ | ५ | ० | ० | १ | २१ |
| १० | १०८२ | ५७३ | १४२ | २१४ | १ | ० | ० | ० | १ | १५१ |
| ११ | ७८४ | २८ | ३७ | ७१० | ० | २ | ० | ० | ३ | ४ |
| १२ | ९२९ | १९३ | ६४ | ५९९ | ८ | ११ | १ | ० | ० | ५३ |
| १३ | ७३७ | २९ | ८ | ६९३ | २ | ५ | ० | ० | ० | ० |
| १४ | ८८९ | ७४ | ३२ | ७७१ | ० | ६ | ० | ३ | ० | ३ |
| १५ | ५९० | ३१ | ४ | ५३५ | १५ | ० | २ | ० | ० | ३ |
| १६ | १००१ | ३८ | १२ | ९०७ | ५ | १ | २४ | ० | ० | १४ |
| १७ | ४८४ | १८ | ४ | ४५६ | १ | ० | ० | ० | ० | ५ |
| १८ | १०२६ | १७४ | १९ | ८०३ | ० | ३० | ० | ० | ० | ० |
| १९ | ६६३ | २१ | २३ | ६१३ | २ | ३ | १ | ० | ० | ० |
| २० | १२५० | २९० | १९ | ९२५ | २ | ८ | ६ | ० | ० | ० |
| २१ | ५७३ | ३४ | ४ | ३२१ | ० | ० | २०९ | ० | ० | ५ |
| २२ | ५६९ | ४० | १३ | ५१३ | ० | १ | २ | ० | ० | ० |
| २३ | ५९७ | १०७ | ११८ | ३५९ | ० | २ | १० | ० | ० | १ |
| २४ | ५७८ | ४० | ७ | ५२७ | २ | १ | ० | ० | ० | १ |
| २५ | ६०५ | ८२ | २७ | ४७६ | ० | १४ | ० | ० | ० | ६ |
| २६ | ७०० | १०१ | १५ | ५५४ | १२ | २ | १० | ० | ० | ६ |
| २७ | ८१३ | ४९ | १३ | ६०४ | ० | ६ | १३७ | ० | १ | ३ |
| जम्मा | २२१२५ | ४१६९ | १०६१ | १५८३९ | ७० | १४६ | ५१३ | ३ | २७ | २९७ |
| प्रतिशत | १००.०० | १८.८४ | ४.८० | ७१.५९ | ०.३२ | ०.६६ | २.३२ | ०.०१ | ०.१२ | १.३४ |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

कलैया उपमहानगरपालिकाले पालिका क्षेत्रको फोहोर मैला व्यवस्थापन गर्न वडा नं. १४ मा फोहोर मैला विसर्जन स्थलको व्यवस्था गरेको भएता पनि सो स्थललाई फोहोर मैला व्यवस्थापन केन्द्रका रूपमा निर्माण गरेको छैन । उपमहानगर क्षेत्रभित्र रहेका घरहरूबाट निस्कने ठोस फोहोर मैला ट्याक्टरमा सङ्कलन गर्ने कार्य सुचारु भएतापनि यो कार्य बजार क्षेत्रका वडाहरूमा मात्र सीमित भएको देखिन्छ । उपमहानगरमा हाल २२ वटा ट्याक्टरको सहायताले फोहोर मैला सङ्कलन गर्ने गरिएको छ । ग्रामीण वडाहरूको फोहोर मैला घरैमा जैविक भए मल बनाउने, प्लास्टिक र अजैविक भए जलाउने गरी घरैमा व्यवस्थापन गरिने गरेको छ (कलैया उपमहानगरपालिकाको वातावरण तथा विपद् व्यवस्थापन शाखा २०८०) ।

कलैया उपमहानगरपालिकामा करिब ९२ प्रतिशत घरधुरीले शौचालय प्रयोग गर्ने गरेका छन् भने ७.९६ प्रतिशत घरधुरीले अझै पनि शौचालय प्रयोग नगर्ने गरेको तथ्याङ्कले देखाउँछ (राष्ट्रिय जनगणना, २०७८) । उपमहानगर भित्रका विभिन्न ३ स्थानमा सार्वजनिक शौचालय सञ्चालनमा रहेको छ ।

तालिका ९: शौचालय प्रयोगको प्रकार

| वडा नं. | जम्मा | शौचालय प्रयोगको प्रकार | | | | शौचालय नभएको |
|---|---|---|---|---|---|---|
| | | सार्वजनिक ढलमा जडित सुलभ शौचालय | सेप्टी ट्याङ्क भएको सुलभ शौचालय | साधारण शौचालय | सार्वजनिक शौचालय | |
| १ | १७८४ | ३१ | ८४२ | ८५५ | ९ | ४७ |
| २ | ६९१ | २२ | २२१ | ३८० | २ | ६६ |
| ३ | ७४७ | ८ | ३८७ | ३०० | ७ | ४५ |
| ४ | ११९८ | १३४ | ५७५ | ३७३ | ३३ | ३ |
| ५ | १०६१ | ५३ | ४२४ | ५५७ | ० | २७ |
| ६ | १११४ | १९ | ४३२ | ६४७ | १ | १५ |
| ७ | ५९३ | ८९ | ३३१ | १४१ | १६ | १६ |
| ८ | ४४९ | ४ | १९८ | १९५ | १ | ५१ |
| ९ | ६९८ | ५२ | १०१ | ५०२ | १ | ४२ |
| १० | १०८२ | ५१ | ३५८ | ५३५ | ५ | १३३ |
| ११ | ७८४ | ३ | ३५७ | २६८ | ० | १५६ |
| १२ | ९२९ | ११ | २२५ | ५२० | १ | १७२ |
| १३ | ७३७ | ५ | ४ | ६७० | १ | ५७ |
| १४ | ८८९ | ४२ | ९२ | ६२९ | ३ | १२३ |
| १५ | ५९० | ६८ | ४७ | ४१२ | ३९ | २४ |
| १६ | १००१ | ६ | १०९ | ८३४ | २२ | ३० |
| १७ | ४८४ | ६ | ८७ | ३२१ | १ | ६९ |
| १८ | १०२६ | १४ | ४३९ | ५१५ | ३ | ५५ |
| १९ | ६६३ | २३ | ४०५ | १९५ | २ | ३८ |
| २० | १२५० | ६८ | २१९ | ८७९ | २ | ८२ |
| २१ | ५७३ | १ | १५४ | ३४५ | १ | ७२ |
| २२ | ५६९ | १ | २७ | ५०१ | १ | ३९ |
| २३ | ५९७ | ५ | २१ | ४९९ | ० | ७२ |
| २४ | ५७८ | ५ | ३३ | ४५९ | ३ | ७८ |
| २५ | ६०५ | ११ | ५२ | ५०२ | ४ | ३६ |
| २६ | ७०० | २४ | ७५ | ५०० | ९ | ९२ |
| २७ | ८१३ | १० | १२ | ६५८ | १२ | १२१ |
| जम्मा | २२१२५ | ७६६ | ६२२७ | १३१९२ | १७९ | १७६१ |
| प्रतिशत | १००.०० | ३.४६ | २८.१४ | ५९.६२ | ०.८१ | ७.९६ |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

### २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

उपमहानगर शिक्षा र कृषिको उर्वरभूमिको रूपमा रहे पनि विगतमा केही सामाजिक असमानता तथा विभेदका कारण यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्ग सामाजिक तथा आर्थिक रूपले पछाडि परेका छन्



। सबै वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गिण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई पालिकास्तरीय योजनाले समेट्दै लैजानु पर्छ ।

उपमहानगरपालिकामा महिला दलित जनप्रतिनिधिको उपस्थिति, महिलामैत्री कानुन, महिला शिक्षक दरबन्दी, महिला संजाल विकास एवं महिलाहरूद्वारा सहकारी संस्था सञ्चालन जस्ता पक्षहरू राम्रा छन् । त्यसैगरी विद्यालयमा महिला शिक्षिकाको व्यवस्था, सुत्केरी जाँच व्यवस्था र वृद्ध भत्ताको व्यवस्था गरिएको छ । उपमहानगरपालिकामा ०–१४ वर्ष उमेर समूहका करिब ३३.७४ प्रतिशत बालबालिकाहरू रहेका छन् भने १५–२४ उमेर समुहका २०.१३ प्रतिशत किशोर किशोरी रहेका छन् भने ७० वर्ष माथि उमेर समूहका करिब ३.२ प्रतिशत जनसङ्ख्या रहेको छ । त्यस्तै करिब १.२ प्रतिशत व्यक्तिमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ (राष्ट्रिय जनगणना, २०७८) ।

कलैया उपमहानगरपालिकाका १५.२ प्रतिशत महिलाको घर तथा जग्गा दुबैमा स्वामित्व रहेको छ भने जग्गाको मात्र स्वामित्व भएका महिला ७.५ प्रतिशत र घरको मात्र स्वामित्व भएका महिला ४.१ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०७८) ।

यस उपमहानगरमा सामाजिक समावेशीकरणको क्षेत्रमा हालका दिनमा सकारात्मक परिवर्तनहरू देखिएता पनि यथोचित पहल र सुधार हुन सकेको देखिँदैन । पालिकास्तरमा लक्षित वर्गको संरचनागत पूर्वाधारको कमी रहेको छ। अपाङ्ग, दलित, जेष्ठ नागरिक तथा महिला हेर्ने सकारात्मक दृष्टिकोण नभएका कारण हिंसा जन्य घटना हुने गरेको देखिन्छ । लक्षित वर्गमा अधिकार र कर्तव्य सम्बन्धी चेतनाको कमी रहेको छ। महिलामा बहुकार्य बोझको अवस्था हालसम्म पनि विद्यमान रहेको छ । लक्षित वर्गको तालिम प्रभावकारी हुन नसक्दा आशातीत सुधार हुन सकेको छैन। बाल विवाह, बालश्रम जस्ता सामाजिक अपराध पनि विद्यमान रहेका छन्। लक्षित वर्गमा आत्मनिर्भरता र आत्मविश्वासको कमी रहेका छ ।

महिला सशक्तिकरण कार्यक्रम मार्फत महिलाहरूको आर्थिक सामाजिक स्तरमा सुधार आएको छ । किशोर किशोरीहरूको लागि जीवन उपयोगी सिप मार्फत उनीहरूको बहुआयमिक विकासमा टेवा पुगेको छ । लैङ्गिक हिंसा विरुद्धको कार्यक्रम मार्फत महिला माथि हुने विभेदहरूलाई न्यूनीकरण भएको छ। ज्येष्ठ नागरिक कार्यक्रम मार्फत ज्येष्ठ नागरिकको अनुभवको सम्मान तथा ज्येष्ठ नागरिक माथि हुने दुर्व्यवहारको अन्त्य गर्ने कार्यक्रमहरू सञ्चालनमा ल्याइएका छन् । अपाङ्ग अधिकार प्रवर्द्धन कार्यक्रम मार्फत अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न विविध कार्यक्रम सञ्चालन गरिएका छन् । बाल क्लबको गठन गरी बाल अधिकारको सम्वर्द्धन गरी बालबालिकाहरूको अधिकार सुनिश्चित गर्ने कार्यका थालनी भएको छ । सुनौलो हजार दिनभित्र महिला तथा बालबालिकाहरूका लागि बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत पोषणमा सुधार ल्याउने कार्य भएको छ । महिलाहरूको संस्थागत विकास र सहभागिता मार्फत बचत गराई आर्थिक अवस्थामा सुधार ल्याउने कार्य सञ्चालनमा ल्याइएको छ ।

### २.३.५ युवा, खेलकुद तथा कला

व्यक्तिको शारीरिक तन्दुरुस्ती, सामाजिक र मानसिक पक्षको सन्तुलित विकासका लागि खेलकुदले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नागरिकलाई रोजगारको अवसर सिर्जना गर्न, खेल पर्यटनको माध्यमबाट दिगो विकासका शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा आर्थिक वृद्धि लगायतका लक्ष्यहरू हासिल गर्न पालिकास्तरमा खेलकुदको संस्थागत विकास एवम पूर्वाधार निर्माण गरी "सबैका लागि खेलकुद" अभियानलाई व्यवहारमा उतार्न जरुरी छ । राज्यको सामाजिक न्याय र समावेशीकरणको नीति अन्तर्गत स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने नीति रहेको छ । खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी उपमहानगरपालिकाको चौतर्फी विकासलाई बल पुर्‍याउन सकिन्छ भन्ने मान्यताअनुसार यस उपमहानगरपालिका खेलकुदको विकास लागि प्रयासरत रहेको छ । यसको लागि उपमहानगरपालिकाले विभिन्न खुला स्थानहरू छोडेको छ । ती स्थानहरूमा खेलकुदको लागि पूर्वाधारहरू रहेका छन् (कलैया उपमहानगरपालिकाको नगर पार्श्वचित्र २०७५) ।

उपमहानगरपालिकाले पनि आफ्नो कार्यक्षेत्र भित्र गतिशील रहने गरी केही समितिहरू गठन गरेका छन् । खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तरराष्ट्रिय क्षेत्रमा राष्ट्रको पहिचान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने देशको नीतिअनुसार विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुर्‍याइरहेका छन् । यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा कतिपय खेलहरूको आयोजना गर्ने गरिएको छ । समग्रमा भन्नु पर्दा बालबालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारीरिक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्यून लगानी हुने गरेको देखिन्छ । विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठूलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ । हालका दिनहरूमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, ब्याडमिन्टन जस्ता केही खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ । यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारी गरी विकसित गर्दै लैजानुपर्ने देखिन्छ (कलैया उपमहानगरपालिकाको नगर पार्श्वचित्र २०७५) ।

यस उपमहानगरको कूल जनसङ्ख्याको करिब ५२ प्रतिशत जनसङ्ख्या युवा जनसङ्ख्या रहेको छ । त्यस्तै आर्थिक रूपले सक्रिय जनसङ्ख्याको करिब १.५ प्रतिशत जनसङ्ख्या रोजगारीका लागि विदेशिएको देखिन्छ (राष्ट्रिय जनगणना, २०७८) । खेलकुदको क्षेत्रमा यस उपमहानगरमा फुटबल र तेक्वान्दो खेलमा जिल्लास्तर देखि अन्तराष्ट्रिय स्तरमा ख्याती कमाएका १० जना खेलाडी रहेका छन् । खेलकुदको अभ्यासका लागि ३० खेल मैदान रहेका छन् । यस क्षेत्रमा २५ वटा युवा क्लब सक्रिय रहेका छन् (कलैया उपमहानगरपालिकाको नगर पार्श्वचित्र २०७५)।





सुविधा सम्पन्न खेल मैदान नरहेको, खेल प्रशिक्षकको व्यवस्था नभएको, खेलाडीको सम्मान गर्ने कार्य नगरिने प्रचलन र नियमित खेल आयोजना नहुने कारणले खेलकुदको विकास हुन सकेको छैन । युवा वर्गमा स्थानीयस्तरमा रोजगार हुनु भन्दा बाहा रोजगारीमा आकर्षण बढि हुनु, स्वरोजगारका अवसरमा कमीका कारण युवा पलायन विद्यमान रहेको छ । युवा बेरोजगारीको समस्या यस क्षेत्रमा विद्यमान रहेको छ । युवाहरूमा खेलप्रति आकर्षण भन्दा कुलतमा फस्ने, जुवातासमा रमाउने बानी बढ्दै गइरहेको छ। खेलकुदको क्षेत्रमा संस्थागत विकास गरी युवाहरूको सिर्जनात्मक व्यवहारमा अगाडी बढाउनु पर्ने देखिन्छ (कलैया उपमहानगरपालिकाको नगर पार्श्वचित्र २०७५)।

उपमहानगरमा बसोबास गर्ने विभिन्न जातजातिकाहरूको आफ्नै मौलिक संस्कृतिहरू छन् । धार्मिक तथा सांस्कृतिक विविधता र सहिष्णुता रहेको यस क्षेत्रमा बौद्ध, मुस्लिम तथा हिन्दू धर्मसँग सम्बन्धित विभिन्न धार्मिक सम्पदा रहेका छन् । सबै जातिहरूले आफ्नो संस्कृति अनुरूपका चाडपर्व निकै महत्व र उत्साहका साथ मनाउँदै आइरहेका छन् । विभिन्न जातजातिहरूको छुट्टै संस्कृतिहरू हुँदाहुँदै पनि एकअर्का प्रतिको धार्मिक तथा सांस्कृतिक सहिष्णुता यहाँको सुन्दर पक्ष हो ।

### २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

### २.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

नेपालको संविधानले अव्यवस्थित बसोबासलाई योजनाबद्ध पूर्ण पूर्वाधार वातावरणमैत्री तथा नागरिकको सुरक्षित आवासको हकलाई प्रत्याभूति गरेको छ । ग्रामीण चरित्रको जनसङ्ख्यालाई भूगोलको आधारमा शहरी परिभाषित गरिए पनि कार्यपद्धति र चरित्रको आधारमा अधिकांश शहरी जनसङ्ख्या ग्रामीण चरित्रको नै छ । कलैया उपमहानगरपालिकाले भौगोलिक हिसाबले छरिएर रहेका तथा विपद् जोखिममा रहेका ग्रामीण घर परिवारलाई सुविधासम्पन्न वातावरणमैत्री आवासको व्यवस्थापन र विपन्न तथा बजारी क्षेत्रमा अनधिकृत अव्यवस्थित रुपले बसोबास गरेका परिवारलाई उचित व्यवस्था गर्न यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता रहेको छ ।

कलैया उपमहानगरपालिकामा क्रमश बस्तीहरूको विकास बढ्दो क्रममा रहेको छ । उपमहानगरको सबै वडाहरूमा सडक सञ्जालको राम्रो विकास भएको देखिँदैन । सहज स्वास्थ्य सुविधा, संचार जस्ता सुविधाहरूको पहुँच पुगेको देखिँदैन । कृषि एवं वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता, भएको हुँदा साना घरेलु उद्योगधन्दाको साथै जडीबुटी प्रशोधन सम्बन्धी उद्योग विकास र विस्तारको सम्भावना रहेको छ । अन्य क्षेत्रहरूमा व्यवस्थित बस्ती विकासको संरचना नदेखिएकोले ती स्थानमा व्यवस्थित योजना बनाएर बाटो, खानेपानी र अन्य सामाजिक र भौतिक पूर्वाधारको समयमै विकास गर्नुपर्ने देखिन्छ । उपमहानगरपालिका बासीहरूलाई घरदैलोमा सेवा प्रवाह गर्ने ध्येयका साथ वडा समिति कार्यालयहरू, सम्बन्धित वडामै स्थापना गरी सेवा प्रवाह भइरहेका छन् । यसका अतिरिक्त उपमहानगरपालिकाको विकासका लागि योजना तयार गर्ने दौरानमा वडा

भेला, लगायत वडा कार्यालय, सरकारी निकायहरू, राजनैतिक पार्टीहरू, गैरसरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू, टोल विकास संस्थाहरू, बुद्धिजीवीहरू, समाजका प्रतिष्ठित व्यक्तित्वहरू, व्यावसायिक संस्थाहरू, संचारकर्मीहरू तथा योजना तर्जुमा टोली आदिलाई समावेश गरी बढी भन्दा बढी छलफल गरी प्रत्येक टोलका मुख्य तथा सहायक सडकहरूमा सोलार बत्ति जडान, टोल टोलमा सार्वजनिक खानेपानी र खानेपानीको परियोजना तथा पूर्वाधार आदि विकास निर्माणका योजनाहरू तयार गर्नुपर्ने देखिन्छ ।

कलैया उपमहानगरपालिकामा ९५.७ प्रतिशत मानिस आफ्नै घरमा बसोबास गरिरहेका छन् भने ३.५५ प्रतिशत भाडाको घरमा बस्ने गरेकोमा ०.३४ प्रतिशत संस्थागत संरचनामा बस्ने गरेको देखिन्छ (राष्ट्रिय जनगणना, २०७८) ।

तालिका १०: घरको अपनत्व सम्बन्धी विवरण

| वडा नं. | जम्मा | घरको अपनत्व | | | |
|---|---|---|---|---|---|
| | | आफ्नै | भाडाको | संस्थातग | अन्य |
| १ | १७८४ | १६०० | १८० | ३ | १ |
| २ | ६९१ | ६८९ | २ | ० | ० |
| ३ | ७४७ | ७३९ | ७ | १ | ० |
| ४ | १११८ | ८९८ | २१६ | २ | २ |
| ५ | १०६१ | ९०६ | १५३ | ० | २ |
| ६ | १११४ | ९३७ | १६८ | ९ | ० |
| ७ | ५९३ | ५८५ | ७ | ० | १ |
| ८ | ४४९ | ४४२ | ७ | ० | ० |
| ९ | ६९८ | ६९५ | ३ | ० | ० |
| १० | १०८२ | १०६७ | ११ | ० | ४ |
| ११ | ७८४ | ७७५ | ५ | ३ | १ |
| १२ | ९२९ | ९२७ | १ | ० | १ |
| १३ | ७३७ | ७३६ | १ | ० | ० |
| १४ | ८८९ | ८७४ | ४ | ० | ११ |
| १५ | ५९० | ५८९ | ० | ० | १ |
| १६ | १००१ | ९९८ | २ | ० | १ |
| १७ | ४८४ | ४८० | ३ | ० | १ |
| १८ | १०२६ | १००५ | ० | ० | २१ |
| १९ | ६६३ | ६६२ | १ | ० | ० |
| २० | १२५० | १२४५ | ५ | ० | ० |
| २१ | ५७३ | ५७३ | ० | ० | ० |
| २२ | ५६९ | ५६६ | ० | ० | ३ |
| २३ | ५९७ | ५९५ | २ | ० | ० |
| २४ | ५७८ | ५७५ | ३ | ० | ० |
| २५ | ६०५ | ५९७ | २ | ० | ६ |
| २६ | ७०० | ६९९ | १ | ० | ० |
| २७ | ८९३ | ७९९ | १ | ५७ | ३६ |
| जम्मा | २२१२५ | २११७३ | ७८५ | ७५ | ९२ |





| वडा नं. | जम्मा | घरको अपनत्व | | | |
|---|---|---|---|---|---|
| | | आफ्नै | भाडाको | संस्थातग | अन्य |
| प्रतिशत | १००.०० | ९५.७० | ३.५५ | ०.३४ | ०.४२ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

राष्ट्रिय जनगणना, २०७८ को नतिजा अनुसार कूल २२१२५ घरधूरी मध्ये ७.७६ प्रतिशत घरधुरीमा जस्ताको छानो लगाइएको, ५०.७८ प्रतिशत घरधुरीमा कंक्रिटको छाना भएको, १०.०३ प्रतिशत घरधुरीमा छाना पराल र खर/घाँसले छाएको, ३०.०८ प्रतिशत घरमा टायलले छाएको तथा ०.६९ प्रतिशत घरधुरीको स्लेट/ढुङ्गाको छानो रहेको देखिन्छ ।

तालिका ११: घरको छानाको प्रकार

| वडा नं. | जम्मा | घरको छानाको प्रकार | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जस्ता पाता | कंक्रिट | खर/पराल | टायल | स्लेट | काठ | माटो | अन्य |
| १ | १७८४ | ६६ | १३२७ | ४३ | ३०७ | ३९ | २ | ० | ० |
| २ | ६९१ | ५० | २७० | ६६ | २९८ | ४ | ३ | ० | ० |
| ३ | ७४७ | ५६ | ४५१ | ४८ | १८८ | ३ | १ | ० | ० |
| ४ | १११८ | ४२ | ९६० | १६ | ९५ | २ | ३ | ० | ० |
| ५ | १०६१ | १०५ | ८४६ | ३० | ६३ | १५ | २ | ० | ० |
| ६ | १११४ | १५८ | ८३९ | ३३ | ७८ | २ | २ | ० | २ |
| ७ | ५९३ | ३४ | ४०६ | १८ | ११९ | ० | २ | ० | १४ |
| ८ | ४४९ | ३२ | २९७ | २८ | ९० | ० | १ | ० | १ |
| ९ | ६९८ | ८८ | ३४६ | ७० | १७२ | ७ | १५ | ० | ० |
| १० | १०८२ | १२८ | ३४८ | ३१९ | २८० | १ | ५ | ० | १ |
| ११ | ७८४ | ७३ | ३२८ | १०२ | २७२ | ७ | ० | ० | २ |
| १२ | ९२९ | ५९ | ४६४ | १२३ | २६५ | १३ | ५ | ० | ० |
| १३ | ७३७ | ३७ | २९१ | ८५ | ३२३ | १ | ० | ० | ० |
| १४ | ८८९ | ८७ | ३९६ | १०४ | २८६ | २ | ११ | ० | ३ |
| १५ | ५९० | ११ | ११९ | ७२ | ३८७ | ० | १ | ० | ० |
| १६ | १००१ | ३२ | ३१७ | १०३ | ५२२ | ३ | २३ | ० | १ |
| १७ | ४८४ | ३० | २०७ | ५६ | १९० | १ | ० | ० | ० |
| १८ | १०२६ | २१६ | ६०० | ५५ | १२५ | ५ | २५ | ० | ० |
| १९ | ६६३ | ७२ | ३३५ | २९ | २२३ | ४ | ० | ० | ० |
| २० | १२५० | ८९ | ५०७ | २६४ | ३७१ | १५ | १ | ० | ३ |
| २१ | ५७३ | १४ | १०८ | २७ | ४२० | ४ | ० | ० | ० |
| २२ | ५६९ | २६ | १२३ | ५१ | ३६७ | ० | २ | ० | ० |
| २३ | ५९७ | ४८ | ३४५ | ९५ | १०३ | ४ | २ | ० | ० |
| २४ | ५७८ | ४२ | १८२ | ७६ | २७५ | ३ | ० | ० | ० |
| २५ | ६०५ | ५५ | ३६६ | ३३ | १३३ | १२ | १ | ० | ५ |
| २६ | ७०० | ४२ | १७१ | ८० | ४०१ | २ | ३ | ० | १ |

| वडा नं. | जम्मा | घरको छानाको प्रकार | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जस्ता पाता | कंक्रिट | खर/पराल | टायल | स्लेट | काठ | माटो | अन्य |
| २७ | ८१३ | २४ | २८६ | १९४ | ३०३ | ३ | २ | ० | १ |
| जम्मा | २२१२५ | १७१६ | ११२३५ | २२२० | ६६५६ | १५२ | ११२ | ० | ३४ |
| प्रतिशत | १००.०० | ७.७६ | ५०.७८ | १०.०३ | ३०.०८ | ०.६९ | ०.५१ | ०.०० | ०.१५ |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

कलैया उपमहानगरपालिका भित्र जम्मा १५० वटा सरकारी कार्यालयहरू रहेका र ति कार्यालयहरूले आफ्नो सेवा दिइरहेकाछन् । २० वटा वडा कार्यालयहरूको आफ्नै भवन रहेकोमा ७ वटा वडा कार्यालय निर्माणको प्रकृयामा रहेको छ । कलैया उपमहानगरपलिकामा विभिन्न जातजाती तथा संस्कार अनुसारको छुट्टा छुटै दाहसंस्कार स्थल तोकिएकोछ (कलैया उपमहानगरपालिकाको प्रशासन शाखा २०७५) ।

### २.४.२ सडक, पुल तथा यातायात

कलैया उपमहानगरपालिका मधेश प्रदेशको राजधानी जनकपुर देखि १४३ कि.मि. पश्चिममा रहेको छ भने राजधानी काठमाण्डौबाट १४० कि.मि. दक्षिण तथा नेपालको सबैभन्दा ठूलो व्यापारिक नाका वीरगन्जबाट १२ कि.मि. पूर्बमा रहेको छ । सडक यातायातको पहुँचका हिसाबले सुगम यो पालिका महेन्द्र राजमार्गसँग प्रतक्ष्य जोडिएको र काठमाण्डौ -निजगढ द्रुत मार्गसँग नजिक रहेको छ । स्थानीय सडकहरू मर्मत संभारका अभावमा सडकको स्थिति नाजुक हुनका साथै वर्षा याममा सवारी कष्टकर हुने गरेको छ । कलैया उपमहानगरपालिकाको पूर्वाधार शाखाको तथ्याङ्क अनुसार यस पालिका अन्तर्गतका सडक मध्ये ८८ कि.मि. सडक कालोपत्रे गरिएको छ भने ४१६ कि.मि. सडक ग्राभेल गरिएको तथा १९६ कि.मि. सडक कच्ची गरी कूल ७०० कि.मि. सडक विस्तार भएको देखिन्छ ।

स्थानीय यातायातमा अटो, टयाक्सी, जीप र सार्वजनिक बसहरू पर्दछन् । लामो दूरी र छोटो दूरी यात्री सवारी साधनहरू उपमहानगरबाट नियमित सञ्चालनमा रहेका छन् भने कलैयाका मानिसलाई राजधानी र देशको विभिन्न भागसँग यहाँ उपलब्ध यातायात सेवाले जोड्दछ । बस पार्क निर्माण हुन नसक्दा यहाँ पार्किङको समस्या रहेको तथा जथाभावी सवारी साधन पार्किङ हुने गरेको छ (कलैया उपमहानगरपालिका पूर्वाधार शाखा २०८०) ।

### २.४.३ विद्युत तथा वैकल्पिक ऊर्जा

कलैया उपमहानगरपालिकाको घरधुरीहरूमा उज्यालोको प्रमुख स्रोत (९७.९१%) विद्युत नै हो । राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार ०.९४ प्रतिशत घर परिवारको सौर्य ऊर्जामा पहुँच रहेको देखिन्छ । यहाँका २२१२५ घर धुरी मध्ये २५५ घर धुरी विद्युतको पहुँच बाहिर रहेको देखिन्छ ।



तालिका १२: प्रकाशका लागि ऊर्जाको प्रयोगको स्थिति

| वडा नं. | जम्मा | प्रकाशका लागि ऊर्जाको प्रयोग | | | | |
|---|---|---|---|---|---|---|
| | | विद्युत | सौर्य ऊर्जा | मट्टीतेल | जैविक ग्यास | अन्य |
| १ | १७८४ | १७२९ | ५२ | २ | १ | ० |
| २ | ६९१ | ६७९ | १० | २ | ० | ० |
| ३ | ७४७ | ७३९ | ४ | २ | ० | २ |
| ४ | १११८ | ११०७ | १० | १ | ० | ० |
| ५ | १०६१ | १०५४ | ७ | ० | ० | ० |
| ६ | १११४ | ११०५ | ६ | ३ | ० | ० |
| ७ | ५९३ | ५७८ | ६ | ४ | २ | ३ |
| ८ | ४४९ | ४३७ | १ | ० | ० | ११ |
| ९ | ६९८ | ६७५ | ४ | ८ | ० | ११ |
| १० | १०८२ | १०६७ | ६ | ६ | १ | २ |
| ११ | ७८४ | ७६९ | ५ | १० | ० | ० |
| १२ | ९२९ | ८९९ | ११ | १२ | १ | ६ |
| १३ | ७३७ | ७२६ | ५ | ४ | ० | २ |
| १४ | ८८९ | ८५९ | १० | १९ | १ | ० |
| १५ | ५९० | ५७९ | २ | ९ | ० | ० |
| १६ | १००१ | ९८१ | ४ | १४ | १ | १ |
| १७ | ४८४ | ४७९ | २ | २ | ० | १ |
| १८ | १०२६ | १००७ | ९ | ९ | ० | १ |
| १९ | ६६३ | ६४६ | १४ | १ | ० | २ |
| २० | १२५० | १२३६ | ३ | ११ | ० | ० |
| २१ | ५७३ | ५४१ | ३ | ० | ० | २९ |
| २२ | ५६९ | ५३५ | ० | ३१ | ३ | ० |
| २३ | ५९७ | ५९० | २ | ० | ० | ५ |
| २४ | ५७८ | ५६४ | ११ | ३ | ० | ० |
| २५ | ६०५ | ५९३ | ६ | १ | ० | ५ |
| २६ | ७०० | ६८१ | १० | ४ | ० | ५ |
| २७ | ८१३ | ८०८ | ४ | १ | ० | ० |
| जम्मा | २२१२५ | २१६६३ | २०७ | १५९ | १० | ८६ |
| प्रतिशत | १००.०० | ९७.९१ | ०.९४ | ०.७२ | ०.०५ | ०.३९ |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

यहाँका २२१२५ घर धुरी मध्ये आधा भन्दा बढी अर्थात् १२६८० घर धुरी (५७.३१%) ले दाउरालाई खाना पकाउने इन्धनको रूपमा प्रयोग गरिरहेका छन् भने सो भन्दा निकै कम अर्थात् ४०.१२ प्रतिशत घर परिवारले एलपि ग्याँस प्रयोग गर्ने गरेको देखिन्छ । त्यसैगरी ०.६७ प्रतिशतले जैविक ग्याँस खाना पकाउने इन्धनका रूपमा प्रयोग गर्ने गरेको देखिन्छ (राष्ट्रिय जनगणना, २०७८) ।



CamScanner

तालिका १३: खाना पकाउने इन्धनको प्रकार

| वडा नं. | जम्मा | खाना पकाउने इन्धनको प्रकार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दाउरा | एलपि ग्याँस | बिधुत | गुइंठा | जैविक ग्याँस | मट्टीतेल | अन्य |
| १ | १७८४ | ४४५ | १३१३ | २६ | ० | ० | ० | ० |
| २ | ६९१ | ४२७ | २४० | २४ | ० | ० | ० | ० |
| ३ | ७४७ | १९० | ५४८ | ८ | १ | ० | ० | ० |
| ४ | ११९८ | ७२ | १०३५ | ९ | २ | ० | ० | ० |
| ५ | १०६१ | १३८ | ९०५ | १६ | २ | ० | ० | ० |
| ६ | १११४ | २१६ | ८८२ | ६ | ८ | २ | ० | ० |
| ७ | ५९३ | २२१ | ३६१ | ५ | १ | ५ | ० | ० |
| ८ | ४४९ | २१९ | २२२ | २ | ३ | ० | ० | ३ |
| ९ | ६९८ | ४३९ | २३९ | १८ | १ | १ | ० | ० |
| १० | १०८२ | ९२१ | १४१ | ४ | ० | १६ | ० | ० |
| ११ | ७८४ | ५०३ | २७५ | १ | ३ | २ | ० | ० |
| १२ | ९२९ | ५८८ | ३०४ | २२ | १२ | ३ | ० | ० |
| १३ | ७३७ | ६३५ | ९२ | ९ | १ | ० | ० | ० |
| १४ | ८८९ | ५५८ | ३२० | १० | १ | ० | ० | ० |
| १५ | ५९० | ५६२ | १४ | ५ | ० | ९ | ० | ० |
| १६ | १००१ | ८१७ | १३४ | ८ | १६ | २४ | १ | १ |
| १७ | ४८४ | २६३ | २१९ | २ | ० | ० | ० | ० |
| १८ | १०२६ | ६०३ | ३६७ | ५२ | ३ | १ | ० | ० |
| १९ | ६६३ | ४३१ | २२५ | ३ | ३ | १ | ० | ० |
| २० | १२५० | १०२२ | १९८ | १८ | ३ | ९ | ० | ० |
| २१ | ५७३ | ५१० | ५५ | ७ | ० | १ | ० | ० |
| २२ | ५६९ | ५२८ | ३८ | ३ | ० | ० | ० | ० |
| २३ | ५९७ | ३९५ | १९८ | २ | ० | ० | २ | ० |
| २४ | ५७८ | ४७३ | ६५ | १२ | ० | २८ | ० | ० |
| २५ | ६०५ | ३०६ | २५१ | ४० | ० | ८ | ० | ० |
| २६ | ७०० | ४९६ | १४७ | १८ | २ | ३७ | ० | ० |
| २७ | ८१३ | ७०२ | ८९ | २० | १ | १ | ० | ० |
| जम्मा | २२१२५ | १२६८० | ८८७७ | ३५० | ६३ | १४८ | ३ | ४ |
| प्रतिशत | १००.०० | ५७.३१ | ४०.१२ | १.५८ | ०.२८ | ०.६७ | ०.०१ | ०.०२ |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

पालिकाका सबै स्थानमा राष्ट्रिय प्रसारणको लाइन जडान भइसकेको भएतापनि केही स्थानीयवासी राष्ट्रिय प्रसारणको विधुत उपभोग गर्नबाट वञ्चित हुन परेको छ । यस पालिकामा एल.पी. ग्याँस खाना पकाउने मुख्य ऊर्जाको स्रोतका रूपमा विकास हुँदै गइरहेको छ, यद्यपि करिब आधा घर परिवारले दाउरालाई मुख्य इन्धनका रूपमा प्रयोग गरिरहेका छन् ।



### २.४.४ सूचना, सञ्चार तथा प्रविधि

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र सम्वर्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ । विगत केही वर्षदेखि नेपालमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विभिन्न नीतिगत प्रयासहरू भएका छन् बदलिंदो परिवेश तथा त्यसवाट सिर्जित चुनौती सामना गर्न तथा सिर्जित अवसरहरू प्रभावकारी रूपले उपयोग गर्न तदनुरूपको नीतिगत, कानुनी, संस्थागत व्यवस्था तथा रणनैतिक उपायहरू अवलम्वन गर्नुपर्ने आवश्यकता महशुस गरी एकिकृत सूचना तथा सञ्चार प्रविधि नीति २०७२ तर्जुमा गरिएको छ । प्रविधिको व्यापक प्रयोगवाट कानुनको शासन, भ्रष्टाचारमूक्त र चुस्त प्रशासन, विकेन्द्रिकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गवाट प्रदान गर्न सकिन्छ ।

तालिका १४: सञ्चारका उपकरणको उपलब्धता

| वडा नं. | जम्मा | कुनै सञ्चारका उपकरण नभएको | कम्तीमा १ सञ्चारका उपकरण भएको | सञ्चारका उपकरणको प्रकार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | रेडियो | टेलिभिजन | ल्याण्डलाइन फोन | साधारण मोबाइल | स्मार्ट मोबाइल | कम्प्युटर | इन्टरनेट |
| १ | १७८४ | १०४ | १६८० | ६९४ | १३४२ | १२१ | १२९२ | १३४४ | ३९१ | ५७६ |
| २ | ६९१ | १४ | ६७७ | ४३८ | ३९७ | १५ | ६३१ | ४९० | ३७ | १४३ |
| ३ | ७४७ | १४ | ७३३ | २५४ | ६१४ | ४ | ६०३ | ६१८ | ७८ | २२० |
| ४ | ११९८ | १४ | ११०४ | २१५ | ७३७ | ७० | ९७० | ७९४ | २४९ | ४६१ |
| ५ | १०६१ | २७ | १०३४ | ३८६ | ७७९ | ६० | ७२३ | ७८८ | १६५ | ४४० |
| ६ | १११४ | २३ | १०९१ | ६१७ | ८४४ | ११८ | ९५६ | ९६४ | २५४ | ३६८ |
| ७ | ५९३ | १७ | ५७६ | १६ | ३४० | १३ | ३५३ | ४६९ | ६५ | २०० |
| ८ | ४४९ | १३ | ४३६ | १३६ | २९४ | ८ | ३२४ | ३५३ | ६५ | ७० |
| ९ | ६९८ | २८ | ६७० | ४१२ | ३५० | ७ | ५८४ | ४२५ | ६७ | १२७ |
| १० | १०८२ | २२ | १०६० | ३६१ | ४०४ | ४ | ८६१ | ५९६ | २६ | १६० |
| ११ | ७८४ | १३ | ७७१ | २२७ | ३७० | ४ | ७३७ | ५८७ | ६५ | २५९ |
| १२ | ९२९ | २३ | ९०६ | ५६ | ४४४ | ५ | ८४९ | ६५८ | ५८ | ११२ |
| १३ | ७३७ | १२ | ७२५ | १४६ | ३३८ | ३ | ६९० | ६२७ | २३ | १९ |
| १४ | ८८९ | १७ | ८७२ | ४५४ | ४५९ | १० | ७६२ | ४६४ | ५० | ३२० |
| १५ | ५९० | ५ | ५८५ | ४०५ | १२२ | ६० | ५५२ | ३१२ | ३७ | २३२ |
| १६ | १००१ | २४ | ९७७ | ३४६ | ३९५ | ४ | ९११ | ७४२ | २७ | ७३ |
| १७ | ४८४ | ३ | ४८१ | २६ | ३१९ | ४ | ४४२ | ३१५ | ४१ | ६२ |
| १८ | १०२६ | १५ | १०११ | २०४ | २८३ | १ | ८८९ | ८३२ | ३९९ | ४१५ |
| १९ | ६६३ | २७ | ६३६ | १२८ | ३३० | १ | ३८१ | ३७६ | २१ | १७ |
| २० | १२५० | ४५ | १२०५ | ५७९ | ६५० | १ | १०६२ | ८५१ | ४० | ३१२ |
| २१ | ५७३ | १९ | ५५४ | २९८ | ९० | ० | ४६९ | ३२७ | ९ | ४८ |

| वडा नं. | जम्मा | कुनै सञ्चारका उपकरण नभएको | कम्तीमा १ सञ्चारका उपकरण भएको | सञ्चारका उपकरणको प्रकार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | रेडियो | टेलिभिजन | ल्याण्डलाइन फोन | साधारण मोबाइल | स्मार्ट मोबाइल | कम्प्युटर | इन्टरनेट |
| २२ | ५६९ | २१ | ५४८ | ३६७ | १७२ | १ | ४८९ | ३०२ | १६ | ५२ |
| २३ | ५९७ | २३ | ५७४ | ३२ | ४०२ | ० | ३८७ | ३९५ | २३ | १६ |
| २४ | ५७८ | ५ | ५७३ | १६१ | ३४२ | ७ | ५२४ | ४७३ | २० | ४२ |
| २५ | ६०५ | ८ | ५९७ | ८५ | ३९७ | १ | ५६३ | ५०९ | २६ | २१२ |
| २६ | ७०० | १२ | ६८८ | २३५ | २११ | ७ | ६१० | ३३७ | १५ | १०८ |
| २७ | ८१३ | १२ | ८०१ | ३४७ | २६९ | ० | ६७२ | ५०६ | १३ | १५ |
| जम्मा | २२१२५ | ५६० | २१५६५ | ७६२५ | ११६९४ | ५२९ | १८२८६ | १५४५४ | २२८० | ५०७९ |
| प्रतिशत | १००.० | २.५३ | ९७.४७ | ३४.४६ | ५२.८५ | २.३९ | ८२.६५ | ६९.८५ | १०.३१ | २२.९६ |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

कलैया उपमहानगरपालिका क्षेत्रमा सबै वडामा मोबाइल सेवाको सुविधा पुगेता पनि इन्टरनेटको सेवा पहूँच भने २२.९६ प्रतिशत मात्रै छ । करिब ७७ प्रतिशत परिवार इन्टरनेट सेवाको पहूँच बाहिर रहेका छन् । एफ. एम. रेडियो, पत्रपत्रिका लगायत अनलाईन सञ्चार माध्यमहरू स्थानीय रूपमा सञ्चालित रहेका छन् । अझ पनि २.५३ प्रतिशत घर परिवारमा कुनै पनि सञ्चारका उपकरण नभएको अवस्था भने जटिल गरिबीको असर हुन सक्छ (राष्ट्रिय जनगणना, २०७८)।

यस उपमहानगरमा नेपाल टेलिकमको ल्याण्डलाइन फोन लगायत नेपाल टेलिकम, एन सेलको मोबाइल फोन सेवा उपलब्ध छ। यस उपमहानगरमा नीजि कम्पनीहरूबाट इन्टरनेट सेवा उपलब्ध रहेको छ । यस बाहेक राष्ट्रिय स्तरका दैनिक पत्रिकाहरू समेतले उपमहानगरमा समाचार सम्प्रेषण गरिरहेका छन् । कम्प्युटर, इन्टरनेट, टेलिभिजन लगायतको आधुनिक सुचना प्रविधिको उपयोग दिनानुदिन बढ्दै गएको छ । ल्याण्डलाइनको विस्तार खर्चिलो भएकाले र अन्य सञ्चारका माध्यम पनि ग्रामीण वस्तीका वडाहरूमा सेवा केन्द्रहरू राखी सबै सुविधाका लागि कलैया केन्द्रनै धाउनु पर्ने अवस्थालाई अन्त्य गर्नु पर्ने देखिन्छ ।

### २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

#### २.५.१ वन तथा जैविक विविधता

वन क्षेत्र जैविक विविधिताको भण्डार मात्र होइन कृषि, ऊर्जा, जल तथा औद्योगिक कच्चा पदार्थको स्रोत हुनुको साथै प्रमुख पर्यटकीय गन्तव्य र बहुसङ्ख्यक जनताको जीविकाको प्रमुख आधार पनि हो । वनबाट हाम्रो करिब ७० प्रतिशत इन्धन झन्डै ४० प्रतिशत पशु आहारा र अन्य वातावरणीय सेवा प्राप्त हुँदै आएको छ । वन क्षेत्रमा नेपालको आर्थिक समुन्नति गर्न सक्ने प्रचुर सम्भावना रहेको छ । नेपालमा जडीबुटी लगायत विभिन्न वन पैदावारको बिक्रिबाट मात्र वर्षेनी करिब दुई अरब भन्दा बढी राजस्व सङ्कलन हुने गरेको छ । नेपालको





संविधानमा वातावरणीय सन्तुलन र स्वच्छताकोलागि वन क्षेत्र तथा जैविक विविधताको संरक्षण गर्न राज्यले प्राथमिकता दिने कुरा उल्लेख गरिएको छ ।

कलैया उपमहानगरपालिकामा उष्ण हावापानी हावापानी पाइन्छ । कलैया उपमहानगरपालिका वन वातावरण र जैविक विविधताको दृष्टिकोणले सम्पन्न उपमहानगरपालिकाको श्रेणीमा पर्दैन । कलैया उपमहानगरपालिकामा पाइने प्रमुख बनस्पतिका प्रजातिहरूमा साल, रुद्राक्ष, सिमल, सतिसाल, अर्जुन, रातो सिरिस, चर, कुरिलो यसै गरी घिस्रने जन्तुहरूमा धामन, तिरीच, घोरगराईच, हरियो काना, सुगा सर्प, पानी सर्प, डोम जातका सर्प, गोहोरो, सुनगोहोरो, आदि पाइन्छन् । चराचुरुङ्गीहरूमा राज धनेश, मयूर कालो तित्रा, लुईंचे, खैरो धनेश, सुगा, कण्ठे सुगा, मदन सुगा/टुईके सुगा, जुँगे सुगा, कालो गिद्ध, डंगर गिद्ध, लामो ठुँडे गिद्ध, सिलसिले, कटुस टाउके, मौरी चरी, जङ्गली लाटोकोसेरो, खैरो हाँस, सानो माटोकोरे, भुदुरड, चिल, काँडे बाज, कण्ठे बाज, घुकुती ढुकुर, सानो चौडाई, ठूलो लहाँचे, छिर्के लहाँचे, कोईली, हुट्टी टयाउँ, कालो ढाडे लाहाँचे, भद्रे, सानो जलेवा, सानो बकुला, लालसर, कालो भुँडीफोर, चिभे, तोप चरा, कोकले, जुरेली+बुलबुल, गाजले चरी, धोबी चरा, श्यामा, रानी चरी, छिरबिरे माटो कोरे, कालिज, निलकण्ठ, बट्टाई, कुथुरके, ठूलो चमेरो, भँगेरी बाज, थोप्ले लाटोकोसेरो, बकुला, मलेवा आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरू पाइन्छन् । उपमहानगरपालिका भरिमा १ वटा पनि सामुदायिक वन रहेको छैन तथा हरियाली क्षेत्र पनि एकदमै कम भएकाले वृक्षारोपण तथा हरियाली प्रवर्द्धन कार्यक्रमलाई विशेष महत्त्वका साथ अघि बढाउन जरुरी भइसकेको छ ।

#### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

कलैया उपमहानगरपालिकामा वर्षैभरि जलस्रोत उपलब्ध गराउन सक्ने लागि मूख्यतया पसाहा खोला र गण्डक रहेका छन् । यस बाहेक टेडरहर, खैराही, र बगरी खोलाबाट पम्पबाट पनि सिँचाइको सुविधा उपलब्ध हुँदै आएको छ । उपमहानगरमा तीन दर्जन बढी पोखरी रहेको र पोखरी सौन्दर्यीकरण गर्ने कार्य भएको छ । आर्थिक गतिविधिका रूपमा पर्या-पर्यटनको प्रवर्द्धन गरी स्थानीय समुदायलाई लाभान्वित बनाउने तथा भूसंरक्षण र जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जवाफदेही बनाउन सकिने सम्भावना रहेको छ ।

उपमहानगरमा छुट्टै जलाधार व्यवस्थापन योजना र कार्यक्रम बनाई जमिन र जलाधार क्षेत्रको वैज्ञानिक तथा दिगो संरक्षण सुनिश्चित गर्नुपर्ने देखिन्छ । पसाहा लगायत अन्य खोलामा तटबन्ध तथा बाढी नियन्त्रणका लागि विशेष गुरुयोजना आवश्यक देखिन्छ । स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जवाफदेही बनाउन सकिन्छ ।

#### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

कलैया उपमहानगरपालिकामा हरित पूर्वाधार विकासका ठूला आयोजनाहरू नभएता पनि वैकल्पिक ऊर्जा क्षेत्रमा नीतिगत रूपमा प्रर्वद्धन गर्ने, सौर्य ऊर्जालाई बढावा दिने, खाना पकाउने स्रोतको उपभोगमा दाउराको प्रयोग कम गर्दै जाने, दुर्गम वडाहरूमा वायो ग्यास निर्माणमा अनुदान उपलब्ध गराउने लगायतका कार्यक्रमहरू



CamScanner

भैरहेको अवस्था छ । उपमहानगरले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनकालागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन् । उपमहानगरमा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा समाजिक संरचनाहरूमा पर्नसक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ ।

अझैपनि ग्रामीण वडाहरूमा खाना पकाउनकालागि दाउराको प्रचलन यथावतै छ । यो सङ्ख्या उपमहानगरका ५७ प्रतिशत घरधुरी भन्दा बढी छ । त्यसै गरी वन पैदावारमा आधारित उद्योग धन्दाले पनि दिनानुदिन बढेकै छन् । विकास निर्माणका कार्यहरू वातावरण पक्षलाई कम महत्त्व दिने एउटा संस्कृतिनै बनेको छ । जलवायु परिवर्तनले मौसमी पात्रोमा परिवर्तन आएको छ । बालीनालीमा नयाँ किरा तथा रोगहरू उत्पन्न हुने गरेको छ । व्यवस्थित ल्याण्डफिल साइड निर्माण सम्पन्न नहुँदा फोहरमैला व्यवस्थापनमा कठिनाइ उत्पन्न भएकोछ । पानीका स्रोत सुक्दै गएका छन् भने विभिन्न किसिमको रोग लाग्नु, कुपोषण, तनाव, विद्यार्थी बिरामी भई पठन पाठनमा समस्या र खेती फसलमा कमी आएको छ । वातावरणको प्रभावहरू क्रमसः स्वास्थ्य, शिक्षा र पोषणमा समेत देखिन थालेका छन् ।

जलवायु परिर्वतनका असरहरूलाई न्यूनिकरण गर्न वा अनुकूलन गर्न ज्ञान, सीप र संयन्त्र विकासमा त्यति ध्यान पुग्न सकेको देखिदैन । अव्यवस्थित भू–उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार निर्माणका कारणले वातावरणीय सन्तुलनमा नकारात्मक असर परेको छ । उपमहानगर क्षेत्रमा जम्मा हुने प्लाष्टिकजन्य फोहरमैला एवं स्वास्थ्य संस्थाबाट निस्किने फोहरहरूले समेत वातावरणमा प्रतिकूल असर पारेको छ । यसक्षेत्रको खानेपानी, सिंचाई, र विभिन्न उचाईमा रहेका कृषि, पशुपालन, पूर्वाधारका योजनामा आगामी दिनमा जलवायु परिवर्तनको प्रभावबाट हुने जोखिमलाई कसरी न्यूनीकरण गर्ने वा अनुकूलनका प्रयासको थालनी गर्ने भन्ने विषय गम्भीर रूपमा देखिन थालेकोछ । तीव्र पूर्वाधार विकासबाट वन, र उर्वर भूमि माथि बढ्दै गएको चाप र जलवायु परिर्वतनबाट सृजित भएका र भविष्यमा हुन सक्ने दुश्प्रभावलाई कसरी न्यूनीकरण वा अनुकूलन गर्ने भन्ने विषय उपमहानगरको सामु एक प्रश्नको रूपमा देखिएकोछ ।

कृषि क्षेत्रमा अत्यधिक रसायनिक औषधिको प्रयोगमा न्यूनिकरण हुन नसकेका कारण जल तथा जमिनमा प्रदुषण बढ्दो रूपमा रहेकोछ । उपमहानगरका सबै वडाहरूबाट फोहरमैला सङ्कलन गर्न सकिएको छैन । बजार क्षेत्रमा यातायात बढ्दो चापको कारण धूलो धुँवाले प्रदुषण बढेको देखिन्छ । साथै ग्रामीण क्षेत्रमा अव्यवस्थित रूपमा बाटो खन्ने कारण धूलोको समस्याका साथै भूक्षयको समेत समस्या विद्यमान देखिन्छ ।

### २.५.४ महामारी तथा विपद् व्यवस्थापन

कलैया उपमहानगरपालिकाको खोला तटीय क्षेत्रमा कटान भएकाले कृषि तथा वस्ती क्षेत्र जोखिममा रहेका छन् । खोलानालाले वर्षेनी बाटो परिवर्तन गर्ने गरेका कारण किनारमा रहेका कृषि क्षेत्र बगरमा परिणत हुने गरेका छन् । यदाकदा वनजंगल वरपरका क्षेत्रमा आगलागीको जोखिम समेत रहेको छ भने वनजंगल वरपरका क्षेत्रमा वन्यजन्तुका कारण बालिनाली तथा धनजनमा क्षती हुने गरेको (दुम्सी, वदेल, बाँदर आदि) देखिन्छ । चटयाङ्का कारण समेत यदाकदा धनजनको क्षति हुने गरेको छ ।





विपद् जोखिम तथा सम्भाव्य क्षेत्रहरूको नक्साङ्कन भई सो अनुसारको भू–उपयोग पद्धति अवलम्बन गर्ने नीति कार्यान्वयन भएको छैन । विपद्को त्रासले स्थानीयहरू घररवस्ती छाडी अन्यत्र बसाईसराइ सर्ने सम्मको अवस्था सिर्जना भएकोछ । विपद्को जोखिमले जग्गा र जमिन बिक्री गर्ने वा भू–उपयोग परिर्वतन गर्ने प्रवृति रोक्न सकिएको छैन । पालिका स्तरमा वैज्ञानिक भू–उपयोग प्रणाली स्थापना तथा विपद् न्यूनीकरण गर्न नयाँ प्रविधिको प्रयोग भएका देखिएको छैन ।

कलैया उपमहानगरपालिकामा करिब १५०० घर विभिन्न प्रकोपको जोखिममा छन् । पालिकाका संवेदनशील क्षेत्रहरू विशेष गरी डुवान र नदी कटानका कारण जोखिममा छन् भने भूकम्प र डढेलो यहाँका थप चुनौतीहरू हुन् । कलैया उपमहानगरपालिका पालिकामा अधिकांस वर्षातको समयमा स्थानीय खोलामा बाढी आउने गर्छ । त्यस्तै बाढी, पहिरो र सर्पदंशको जोखिम विशेष गरी वर्षा याममा (असार, साउन, भदौ) हुने गर्दछ र आगो र महामारीको जस्ता जोखिमहरू खडेरीको (चैत्र, वैशाख) मौसममा हुने गर्दछ । सडक, शैक्षिक संस्था र पुलहरू प्रायः कलैया उपमहानगरपालिकामा विभिन्न प्रकोपबाट प्रभावित छन् । सडक पूर्वाधारमा सबै भन्दा क्षति हुने गरेको छ । यस उपमहानगरमा विपद् का कारण मात्र वार्षिक ८० लाख नोक्सान हुने अनुमान छ ।

कलैया उपमहानगरपालिकाले उद्धार राहत र प्रतिकार्यका लागि विभिन्न वडामा विभिन्न व्यक्तिलाई प्रशिक्षण दिएकोछ । उनीहरूले प्राथमिक उपचार, खोज र पुनः वितरण, राहत वितरण र प्रतिकार्यमा फरक किसिमको कार्य गरिरहेको देखिन्छ । उपमहानगरमा आपतकालीन प्रतिकार्य र वितरणका लागि तयारी गरेको देखिन्छ । यस पालिकामा आफ्नै आपतकालीन कोष विनियोजन गरिएकोछ ।

### २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

शासन प्रणालीलाई जनमुखी, सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउनु नयाँ लोकतान्त्रिक गणतन्त्रको आवश्यकता हो । यसकालागि शासन प्रणालीमा सबै क्षेत्र, वर्ग, समदुाय र सरोकारवालाको पहुँच र सहभागितालाई सुनिश्चित गर्न आवश्यक छ । संघीय प्रणालीमा आधारित लोकतान्त्रिक शासन व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्दै जनविश्वास अभिवृद्धि गर्नु सुशासनको मुल मर्म हो । संविधानले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गर्ने व्यवस्था गरेको छ ।

सुशासनकालागि संघीय तथा प्रादेशिक संवैधानिक निकाय तथा आयोगसँगको सम्पर्क र समन्वय, अभिलेख व्यवस्थापन र कार्यान्वयन, उपमहानगरमा सार्वजनिक सेवा वितरणको न्युनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमनको पनि व्यवस्था गर्न आवश्यक रहेको छ । यसै सन्दर्भमा कलैया उपमहानगरपालिकामा बन्न लागेको यस आवधिक विकास योजनाले सेवा प्रदायक निकाय तथा समग्रमा सार्वजनिक शासन प्रक्रियामा सुशासनको संस्थागत विकासमा समेत महत्त्वपूर्ण हुनेछ।

सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाउदै लगिएको छ । उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाको लागि योजना सफ्टयोयर सञ्चालनमा छ । सुशासनका लागि भएका प्रयासहरूमा नागरिक वडा पत्र, सूचना पाटी, गुनासो पेटिका, सि.सि. क्यामेरा जडान लगायत रहेका छन् । प्राविधिक र अप्राविधिक सबै कर्मचारीहरूलाई क्षमता विकास तालिम र अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिएको छ । सबै सूचनाहरू उपमहानगरको वेवसाईटमा प्रकाशन गरिन्छ । हालसम्म पालिकाद्वारा स्विकृत नीति तथा कानुनको सङ्ख्या ७९ पुगेको छ । उपमहानगरको सेवा प्रवाह तथा विकासलाई सशक्त रूपमा सञ्चालन तथा अनुगमन गर्न कलैया उपमहानगरपालिका पालिकामा जम्मा ७ वटा विभिन्न विषयगत समितिहरू रहेका छन् ।

### २.६.२ सङ्गठनात्मक विकास

कुनैपनि सङ्गठनको सेवा प्रवाहको स्तर त्यस सङ्गठनमा कार्यरत कर्मचारीहरूको कार्यक्षमता, उत्प्रेरणाको स्तर एवं त्यस सङ्गठनमा उपलब्ध कार्य वातावरणमा निर्भर रहन्छ । यसर्थ जनशक्तिलाई तदर्थरूपमा प्रयोग गरिने हिजोको परम्पराविरुद्ध प्रणालीगत रूपमा सञ्चालन गर्न सकेमा मात्र अपेक्षित उपलब्धि हासिल गर्न सकिन्छ ।

संविधानको धारा ५७ को उपधारा ९४०, धारा २१४ को उपधारा ९२०, धारा २२१ को उपधारा ९२० र धारा २२६ को उपधारा ९१० सँग सम्बन्धित अनुसूची–८ बमोजिम स्थानीय तहको अधिकार देहाय अनुसार हुने व्यवस्था गरिएको छ ।

नगर सभा कलैया उपमहानगरपालिकाको सर्वोच्च निकायको रूपमा रहेको छ जसप्रति नगर कार्यपालिका उत्तरदायी हुने गर्दछ । नगरसभा अन्तर्गत लेखा समिति, विधायन समिति तथा सुशासन समितिको व्यवस्था गरिएको छ । यसैगरी नगर कार्यपालिकाको प्रमुख कार्यक्षेत्र अन्तर्गत उपमहानगरको विकास, पूर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन जस्ता कार्यहरू रहेका छन् ।

उपमहानगर कार्यपालिकाको प्रमुखको रूपमा नगर प्रमुख र उपप्रमुखको रूपमा नगर उप प्रमुख (निर्वाचित पदाधिकारी) रहने व्यवस्था गरिएको छ । यसैगरी उप प्रमुखले न्यायिक समितिको नेतृत्व गर्ने व्यवस्था रहि आएको छ । कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रूपमा नेपाल सरकारको निजामती सेवाको प्रशासन सेवा, सामान्य प्रशासन समूह अन्तर्गतको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतलाई नेपाल सरकारले खटाउने व्यवस्था गरिएको छ । प्रमुख प्रशासकीय अधिकृत नगर प्रमुख प्रति उत्तरदायी रहने व्यवस्था छ भने निजले नगर सभाको सचिवको हैसियतले समेत कार्य गर्ने भएकाले निज नगर सभा प्रति समेत उत्तरदायी हुनुपर्ने व्यवस्था रहेको छ । प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा सामान्य प्रशासन महाशाखा, पूर्वाधार महाशाखा, स्वास्थ्य तथा सामाजिक विकास महाशाखा, योजना बजेट तथा सूचना प्रविधि महाशाखा, शिक्षा युवा तथा खेलकुद महाशाखा, आर्थिक विकास महाशाखा, आर्थिक प्रशासन महाशाखा गरी ७ वटा शाखा र आन्तरिक लेखा परीक्षण एकाइको संस्थागत व्यवस्था गरिएको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलबाट उपमहानगरपालिका र अन्तरगत समायोजन भै आएका तथा साविक देखि कार्यरत कर्मचारीको पछिल्लो विवरण



अनुसार उपमहानगरपालिकामा कूल कर्मचारी सङ्ख्या स्थायी १५० र अस्थायी २५० गरी कूल ४०० रहेको छ ।

स्वास्थ्य तर्फ कार्यरत कर्मचारीको कूल सङ्ख्या स्थायी ३७ र अस्थायी २३ र आयुर्वेद तर्फको ५ गरी जम्मा ६५ जना रहेका छन् । कार्यालय सहयोगीको पदमा कार्यरत कर्मचारीको कूल सङ्ख्या स्थायी ११ र अस्थायी ३१) गरी जम्मा ४२ जना रहेको छ । उल्लेखित सङ्ख्यामा प्रमुख प्रशासकीय अधिकृत र कानुनी सल्लाहकार तथा परियोजनाका लागि खटिएका कर्मचारी पदहरू समावेश छैन । वडा कार्यालयहरू न्यूनतम जनशक्तिबाट सञ्चालन भै आएको छ । २७ वटा वडा कार्यालय सञ्चालनमा छन् । कलैया उपमहानगरपालिकाको योजना कार्यान्वयन गर्नलाई जम्मा ४०० जना कर्मचारीको व्यवस्था गरेको पाइन्छ । कर्मचारीले उपमहानगरपालिकाको कामलाई चुस्त दुरुस्त बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने गरेको पाइन्छ ।

### २.६.३ स्रोत परिचालन

कलैया उपमहानगरपालिकाको समग्र स्रोत परिचालन, व्यवस्थापन एवम् काम कारवाहीमा कार्यकुशलता र प्रभावकारिता अभिवृद्धि गर्ने प्रयोजनका लागि नेपाल सरकार एवम् विकास साझेदारबाट स्थानीय तहलाई प्राप्त हुने सबै प्रकारका अनुदान, स्थानीय निकायको आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम लगायत पालिकाको कोषमा प्राप्त हुने सबै प्रकारका स्रोत तथा स्थानीय स्रोत साधनलाई एकीकृत र समन्वित गरी गरिब, महिला, बालबालिका तथा सामाजिक, आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय एवम् क्षेत्रको समेत पहुँच र स्वामित्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा प्रवाह एवम् विकास निर्माण कार्य र शासन प्रक्रिया जनमुखी, जवाफदेही, मितव्ययी, पारदर्शी, उत्तरदायी, समावेशी, समतामूलक, सहभागितामूलक, दिगो र गुणस्तरयुक्त गराउँदै स्थानीयस्तरबाट नै गरिबी न्यूनीकरण र दिगो विकासको अवधारणालाई संस्थागत गर्ने कार्यमा सहयोग पुऱ्याउन स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि तर्जुमा गरी सोहि बमोजिम स्रोत परिचालन तथा व्यवस्थापन गर्नु पर्ने हुन्छ । कलैया उपमहानगरपालिकाले हाल सम्म पनि स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि तर्जुमा नगरेकोले सम्वन्धित मन्त्रालय तथा स्रोत प्रदायक निकायको कानुन, ऐन, निर्देशिका तथा कार्यविधिका आधारमा स्रोत परिचालन गर्ने गरेको छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत स्रोत परिचालन समन्वय शाखाले सबै ७५३ पालिकाहरूलाई स्थानीय तहको राजश्व परिचालन सम्बन्धी नीतिगत अध्ययन अनुसन्धान तथा विश्लेषण, आन्तरिक स्रोत साधनको पहिचान र परिचालनमा सहजिकरण तथा समन्वय, राजस्वको आधार विस्तारमा प्रोत्साहन र प्रवर्द्धन, राजस्व सूचना तथा तथ्याङ्क आदान प्रदान प्रणाली विकास, अनुसन्धान र प्रकाशन, स्थानीय आर्थिक विकास सम्वन्धी कार्यमा सहजिकरण, राजश्व परिचालन क्षमता लेखाजोखा र सुधार, राजश्व परिचालनमा स्थानीय तहमा उत्कृष्ट देखिएका कार्यको अन्य स्थानीय तहसँग अनुभव आदान प्रदान, स्थानीय तहको राजश्व परिचालनमा भएका विवाद समाधानकालागि समन्वय, स्थानीय राजस्वको मुल्याङ्कन, स्थानीय तहको प्राकृतिक स्रोत साधन सम्वन्धी

कर तथा राजस्व व्यवस्थापनमा सहयोग र समन्वय तथा स्थानीय तहको वार्षिक आयव्ययको अभिलेख र वार्षिक प्रतिवेदन प्रकाशन सम्बन्धी कार्य गरिरहेको छ र सोहि शाखाको समन्वय तथा सहजिकरणमा कलैया उपमहानगरपालिकाको स्रोत परिचालन तथा व्यवस्थापन हुने गरेको छ ।

### २.६.४ योजना व्यवस्थापन

पन्ध्रौं योजनाको राष्ट्रिय लक्ष्य हासिल गर्न मधेश प्रदेश सरकारले प्रथम पञ्चवर्षीय आवधिक योजनाको तर्जुमा गरेको छ । योजनाबद्ध विकासकालागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यवहारिक कार्यनीतिसहितको योजना आवश्यक पर्दछ । त्यसैले यस उपमहानगरले पनि पन्ध्रौं योजना तथा मधेश प्रदेशको प्रथम पञ्चवर्षीय योजनाका आधारमा ती योजनाका लक्ष्य तथा उद्देश्यहरू प्राप्ती हुने गरी आफ्नो पहिलो पञ्चवर्षीय योजना तयार पारेको छ । योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र पालिकाले कार्यान्वयन गरेको योजनाको नियमित रूपमा मूल्याङ्कन गरी उपलब्धि सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्न पनि आवश्यक भएको छ ।

राज्य पुनर्संरचना मार्फत कलैया उपमहानगरपालिकाको स्थापना भएसँगै यस उपमहानगरले प्रचलित कानुन तथा ऐन बमोजिम योजना व्यस्थापन गरी योजनाबद्ध विकासको सुरुआत गरेको छ । उप प्रमुखको संयोजकत्वमा रहेको राजस्व परामर्श समितिको सिफारिसमा नगर सभाद्वारा वार्षिक नीति तथा कार्यक्रम अनुमोदन गरी वार्षिक योजना तर्जुमा तथा बजेट बिनियोजन गर्ने नियमित परम्परा रहेको छ भने निर्माणाधीन आवधिक योजनाले योजनाबद्ध विकासमा थप योगदान हुने अपेक्षा गरिएको छ ।



# परिच्छेद ३: सोच तथा विकासको अवधारणा

### ३.१ पृष्ठभूमि

वर्तमान संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अन्तर्गत हाल तीन वटै तहका सरकारले आवधिक योजना तर्जुमा तथा कार्यान्वयनको अभ्यास गरिरहेका छन् । स्थानीय सरकारले तयार गर्ने आवधिक योजनाले दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गरी स्थानीय आवश्यकताको सम्बोधन तथा विकासको राष्ट्रिय लक्ष्य हासिल गर्न सहयोग सिद्ध हुन्छ । यस्तो योजनाले ३ देखि ७ वर्षसम्मको मध्यमकालीन अवधिका लागि अपेक्षित परिवर्तन हासिल गर्न समग्र विकास प्रक्रियालाई दिशानिर्देश गर्दछ । यस योजनाले दीर्घकालीन सोच उन्मुख हुने गरी राष्ट्रिय आवधिक विकास योजना तथा प्रादेशिक आवधिक विकास योजनासँग सामन्जस्यता कायम गर्दै स्थानीय विकासको निदृष्ट गन्तव्य तय गर्दछ । आवधिक योजनाले परियोजना बैंक, मध्यमकालीन खर्च संरचना, विषय क्षेत्रगत रणनीतिक योजना तथा वार्षिक योजना तर्जुमाका लागि मुख्य मार्गदर्शन प्रदान हुन्छ ।

योजनाबद्ध विकास सन्तुलित, दिगो र समन्यायिक विकासको आधार हो । आवधिक योजनाले विकास प्रयासहरूलाई निर्दिष्ट दिशा प्रदान गर्ने व्यवस्थित रूपरेखा तयार गर्न मार्ग प्रशस्त गर्नेछ । कलैया उपमहानगरपालिकाको आवधिक योजनाले स्थानीय जनता र स्थानीयस्तरको आर्थिक, सामाजिक, भौगोलिक परिवेश बीचमा अन्तरसम्बन्ध कायम गरी नागरिकको आर्थिक सामाजिक सुविधा र समृद्धिलाई प्रवर्द्धन गर्न सहायता गर्ने छ । यो योजना विकास र समृद्धिको रूपरेखा मात्र नभएर उपमहानगरपालिका क्षेत्रको सुन्दरता, प्रकृतिको संरक्षण तथा मानव र प्रकृति बीचको तालमेलको रूपरेखा पनि हुनेछ । राष्ट्रिय एवं प्रादेशिक विकास लक्ष्य हासिल गर्न तथा उपमहानगरपालिका विकासका सरोकारवालाहरूको साझा प्रतिबद्धता र दायित्व सिर्जना गर्न आवधिक योजना महत्त्वपूर्ण हुनेछ ।

योजना तयार गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग तादाम्यता हुने गरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, जस्ता अन्तर सम्बन्धित विषयवस्तुलाई ध्यान दिई तयार गर्नु पर्ने भनिएको छ । आवधिक योजनाले स्थानीय आवश्यकता सम्बोधन गर्दै जनताको जीवनस्तरमा गुणात्मक सुधार गर्न स्थानीय सम्भावना तथा समस्या पहिचान गर्दछ । त्यस्तै स्रोत विश्लेषण, उपयुक्त रणनीति तथा कार्यनीति तयार गरी रणनीतिक कार्यक्रम तथा आयोजना पहिचान गर्ने र त्यसलाई कार्यान्वयन एवम् अनुगमन तथा मूल्याङ्कनको स्पष्ट खाका समेत तयार गर्दछ । मध्यमकालीन खर्च संरचना तथा वार्षिक योजना तर्जुमाको मूल आधारका रूपमा रहेको आवधिक योजनाले योजना अनुशासन कायम राख्न समेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ । कलैया उपमहानगरपालिकाको आवधिक योजना तर्जुमा गर्दा दीर्घकालीन सोचका साथै तत्काल कार्यान्वयन गर्न सकिने गरी कार्यक्रम तर्जुमा गर्ने प्रयास गरिएको छ । दीर्घकालीन सोचलाई उपमहानगरपालिकाको एउटा मार्गदर्शन र रणनीति बाहेक आदर्श अवस्थाको रूपमा समेत लिन सकिन्छ । दीर्घकालीन सोचले उपमहानगरपालिका पुग्न चाहेको र प्राप्त गर्न खोजेको एउटा आदर्श अवस्थालाई जनाउँछ । वि.सं. २१०० सम्ममा समृद्ध नेपाल सुखी नेपाली बनाउने राष्ट्रिय संकल्प र "उच्च मानव विकास र पहिचान—समृद्ध मधेश समाज" मधेश प्रदेश

सरकारको प्रादेशिक लक्ष्यमा योगदान पुऱ्याउने गरी कलैया उपमहानगरपालिकाको दीर्घकालीन सोच तय गरिएको छ । स्थानीय अवसर र सम्भावना तथा बिशेषताको आधारमा कलैया उपमहानगरपालिकाको दीर्घकालीन सोच तयार पारिएको छ र सोहि सोचका साथ लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकताहरू सहित कार्यक्रमहरू तय गरेको छ । यस आवधिक योजना तर्जुमा गर्दा स्थानीय भूगोल, आर्थिक र सामाजिक परिवेश, इतिहास, मूल्य मान्यता तथा संस्कृतिको प्रर्याप्त विश्लेषणका आधारमा गरिएको छ ।

### ३.२ प्रमुख समस्या तथा चुनौती

<u>समस्याहरू</u>

१. दीर्घकालीन सोचका आधारमा योजनावद्ध विकास प्रकिया अघि बढाउने परिपाटीको थालनी भएतापनि सोही अनुरूप कार्यान्वयन हुनमा समस्या देखिनु ।
२. योजना तथा कार्यक्रमको प्राथमिकिकरण गरी सोही अनुसार स्रोत परिचालनका आधारमा योजना र कार्यक्रम सञ्चालन हुन नसक्नु ।
३. जनसहभागितामा आधारित योजना कार्यान्वयन विधिको पालना हुनु पर्नेमा स्थानीय उपभोक्ता समितिले पनि योजना कार्यान्वयनमा ठेकेदारको प्रयोगले सुशासनमा समस्या देखिनु ।
४. उपमहानगरपालिकाभित्र रहेका विषयगत शाखाहरूमा जनशक्तिको अभाव हुनु तथा कर्मचारीको छिटो छिटो तथा अप्रत्यासित सरुवा हुने प्रणालीको विकासका कारण कार्यक्रम कार्यान्वयनमा समस्या हुनु ।
५. भौतिक पूर्वाधार सम्बन्धी योजनाहरू एउटा पूरा नहुँदै अर्को नयाँ योजना छनौट गर्ने प्रक्रियाले एकातिर लक्षित लाभ लिन नसकेको अवस्था छ भने अर्कोतर्फ स-साना योजना छनौट गर्दा त्यसबाट सिर्जना हुने लाभ सानो जनसङ्ख्याले मात्र प्राप्त गर्ने अवस्था हुनु विकासको सिद्धान्त विपरीत भएर जानु ।
६. विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरणको संरक्षण जस्ता विषयमा आवश्यकता अनुसार नयाँ प्रविधि प्रयोग गर्न नसक्नु तथा यसको प्रभाव न्यूनीकरणमा ठोस कार्यक्रम कार्यान्वयनमा समस्या ।
७. उपमहानगरपालिकामा उपलब्ध स्रोत, साधन र सीपको सदुपयोग गर्ने तर्फ अपेक्षित रूपमा ध्यान पुग्न नसक्दा उपमहानगरपालिका वाह्य स्रोतमा निर्भर रहनु पर्ने अवस्था ।
८. कृषि र पर्यटन क्षेत्रको विकास र विस्तारकोलागि वृहत्तर क्षेत्रगत योजना तयार हुन सकेको छैन।
९. विपद् र वातावरणको संरक्षण विकासको समस्याको रूपमा देखिएका छन् ।
१०. विकासका आधारभूत मापदण्डहरूको संरक्षणमा समस्या देखिएको छ ।
११. एक वडा एक पहिचानका कार्यक्रमहरू सञ्चालन गर्न सकिएको छैन ।
१२. विकासका पूर्वाधारहरूको समान वितरण हुन सकेको अवस्था छैन ।
१३. उत्पादन भएका वस्तुहरूको बजार र मूल्य निर्धारणको समस्या देखिएको छ ।
१४. शिक्षा र स्वास्थ्य क्षेत्रमा देखापरेका समस्याहरूको समाधान नै विकासको ठुलो समस्या देखिएको छ।
१५. विद्यार्थी र शिक्षकको अनुपात नमिलेको कारणले शिक्षा क्षेत्रमा थप समस्या भएको छ ।

SECO Synergy Engineering & Consultants Pvt. Ltd.





<u>चुनौतीहरू</u>

उपमहानगरपालिकामा सामाजिक, सांस्कृतिक, आर्थिक तथा पर्यटकीय विकासका सम्भावनाको सँगसँगै चुनौती पनि प्रशस्त रहेका छन् । यस क्षेत्रको समग्र विकासको प्रमुख चुनौती भनेको नै आर्थिक स्रोतको व्यवस्था गरी दीर्घकालीन र दिगो किसिमको भौतिक पूर्वाधारको निर्माण र विस्तार गर्नु रहेको छ ।

१. राजस्व सङ्कलन र आर्थिक स्रोत परिचालनका सम्बन्धमा अधिकारहरूको व्यवस्था अनुसारको आर्थिक, प्रशासनिक संरचनाको अभाव तथा कमजोर मानव संशाधन विकासका कारण अपेक्षित रूपमा आन्तरिक राजस्व सङ्कलन नहुनु।
२. उपलब्ध खेती योग्य कृषि जमिनमा कृषिको विविधीकरण तथा आधुनीकिकरण गरी व्यावसायिक कृषिलाई अघि बढाउनु ।
३. विनियोजित बजेट धेरैजसो भौतिक पूर्वाधारमा मात्र केन्द्रित हुने गरेकोमा मानव संसाधन विकासमा कम बजेट छुट्याउने परम्परालाई परिवर्तन गर्नु ।
४. उपमहानगरपालिकाका सबै वडाहरूमा प्राकृतिक स्रोत तथा साधन र आर्थिक स्रोतहरू समान रुपमा नरहेका कारण सबै वडाहरूका आर्थिक तथा प्राकृतिक स्रोतहरूबाट प्राप्त हुने राजस्वलाई समान वितरण गर्दै सबैलाई विकासका समान अवसर प्रदान गर्नु ।
५. पर्यटकीय विकासको सम्भावना बोकेका ऐतिहासिक क्षेत्रमा पर्यटन विकासका पूर्वाधारहरूको विस्तार गर्नु ।
६. उपमहानगरपालिकाका विभिन्न वडाहरूमा केरा लगायतका फलफूल तथा जडिबुटीहरूको व्यावसायिक खेती शुरु गरे तापनि यिनीहरूका लागि बजार व्यवस्थापन गरी धेरै जसो कृषकहरूलाई यसतर्फ दीर्घकालीन रूपमा आकर्षित गराउनु ।
७. उपमहानगरपालिकामा रहेका सामुदायिक वन क्षेत्रमा वर्षेनी लाग्ने डढेलोका कारण ठूलो वन क्षेत्र, चरिचरन क्षेत्र, महत्त्वपूर्ण जडिबुटी, वन्यजन्तु लोपोन्मुख हुने अवस्थाको अन्त्य गर्नु ।
८. वन जङ्गल नजिक रहेका वडाहरूमा जङ्गली जनावर विशेषगरी बाँदरको नियन्त्रण गरी बाली नाली जोगाउनु ।
९. स्थानीय स्रोत, साधन, जडिबुटी आदिको उचित प्रयोग व्यवस्थापन र संरक्षण गर्नु ।
१०. ऐतिहासिक तथा धार्मिक सम्पदास्थलहरूको संरक्षण र संवर्द्धन गर्नु ।
११. सामुदायिक विद्यालय प्रतिको भरोसा एवम् विश्वासलाई कायम राख्नु ।
१२. सबै उपमहानगरबासीलाई आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्नु ।
१३. उपलब्ध पानीका स्रोतहरूको व्यवस्थापन गरी कृषि योग्य जमिनमा बाह्रै महिना सिँचाइको सुनिश्चितता गर्नु ।
१४. घट्दो जन्म दर तथा बढ्दो बसाँइसराइलाई नियन्त्रण गरी उपमहानगरपालिकाको जनसङ्ख्या वृद्धि दरलाई यथावत राख्नु।
१५. भ्रष्टाचार तथा फजूल खर्चको नियन्त्रण गरी प्रभावकारी प्रशासन संयन्त्रको विकास गर्नु ।

SECO Synergy Engineering & Consultants Pvt. Ltd.



CamScanner

### ३.३ प्रमुख सम्भावना तथा अवसर

कलैया उपमहानगरपालिका निर्माणाधीन तराई मधेस द्रुत मार्ग एवं कलैया अन्तर्राष्ट्रिय विमानस्थल जस्ता राष्ट्रिय गौरवका आयोजनाहरू सँग जोडिएको विकासको दृष्टिकोणले उच्च सम्भावनायुक्त उपमहानगरपालिका हो। यस उपमहानगरपालिकालाई स्मार्ट सिटीको रुपमा विकास गर्ने परिकल्पना गरी सोही अनुरुप स्थानीय सरकारको रुपमा कलैया उपमहानगरपालिकाद्वारा विभिन्न कार्यहरू अघि बढिरहेको छ । आफ्नो क्षेत्रभित्र रहेका आर्थिक, प्राकृतिक तथा मानवीय स्रोत तथा साधनको परिचालन गरी समृद्धिको मार्गमा अगाडि बढ्ने महत्त्वपूर्ण अवसर उपमहानगरपालिकालाई प्राप्त भएको छ । यस उपमहानगरपालिकाका विकास र समृद्धिका मुख्य अवसरहरूलाई निम्न रूपमा उल्लेख गर्न सकिन्छः

१. संवैधानिक रूपमा विभिन्न राजनैतिक, आर्थिक तथा प्रशासनिक अधिकारहरूको उपयोग गर्न सक्ने स्थिति रहेको छ ।
२. उपमहानगरपालिकाको हावापानी तथा स्थान विशेष कृषियोग्य भूमिको उपलब्धताका कारण यस उपमहानगरपालिकालाई पहिचान दिने गरी बाली विकास तथा कृषि उत्पादन गर्न सक्ने उपमहानगरपालिकाका रूपमा विकास गर्न सकिनेछ।
३. कृषिजन्य उत्पादित वस्तुकोलागि तराइ मधेश द्रुत मार्गको सुरुवात सँगै यस उपमहानगरपालिकामा उत्पादन हुने जैविक कृषि तथा पशुजन्य उत्पादनले संघीय राजधानीमा राम्रो बजार पाउने प्रशस्त सम्भावना रहेको छ ।
४. गणेशमान पार्क लगायतका एक दर्जन बढी रमणीय, भौगोलिक, सांस्कृतिक तथा धार्मिक पर्यटकीय महत्त्व बोकेका स्थानहरू भएकाले यसको विशेष महत्त्व र साहित्यिक पर्यटन विकासको सम्भावना पनि उत्तिकै रहन गएको छ ।
५. प्राकृतिक तथा अन्य आर्थिक स्रोतहरूको परिचालनबाट कलैयाबासीको जीवनस्तरमा सुधार ल्याउन सकिने अवस्था रहेको छ ।
६. केरा खेतीका साथै धान, तोरी लगायत विभिन्न मौसमी तथा बेमौसमी तरकारीहरू, पशुपंक्षी पालन तथा मौरीपालन जस्ता कृषि तथा पशुजन्य उत्पादनकालागि यस उपमहानगरपालिकाले आफ्नो पहिचान स्थापित गर्न सक्ने र यस क्षेत्रको आधुनिकीकरण गर्न सकेको अवस्थामा यसको उत्पादकत्वमा वृद्धि आई थप आर्थिक उपलब्धि हासिल गर्न सकिनेछ ।
७. उपमहानगरपालिकाका सबै वडाहरूमा पक्की सडक सञ्जाल, सञ्चार तथा विद्युतीकरण जस्ता विकासका आधारभूत पूर्वाधारहरूको सुविधा सजिलै पुऱ्याउन सकिने अवस्था रहेको छ ।
८. उपमहानगरपालिकाको कृषि, पर्यटन र रोजगारी लगायतका क्षेत्रमा प्रशस्तै लाभ लिन सकिने अवस्था रहेको छ ।
९. पशुपालन व्यवसायको माध्यमबाट दुग्धजन्य पदार्थको उत्पादनमा वृद्धि गर्न सकिने अवस्था रहेको छ।
१०. उपमहानगरपालिकामा रहेको वन जङ्गललाई संरक्षण गरी त्यसबाट प्राप्त गर्न सकिने लाभ जस्तैः प्राङ्गारिक मल, जडिबुटी उत्पादन जस्ता क्रियाकलापका माध्यमबाट आर्थिक उपार्जन गर्न सकिने देखिन्छ ।





११. आवधिक योजनाको निर्माण प्रक्रियासँगै उपमहानगरबासीमा देखिएको उत्साह र विकास तथा समृद्धिप्रतिको चाहनालाई संस्थागत गर्न सकिने अवसर रहेको छ ।

### ३.४ सोच, लक्ष्य तथा उद्देश्य

दिगो विकास लक्ष्य, पन्ध्रौं राष्ट्रिय योजनाका उद्धेश्यहरू, नेपालको दीर्घकालीन सोच र मधेश प्रदेश सरकारको आवधिक विकास योजनाले लिएका निम्न बमोजिमका आ—आफ्ना दिर्घकालीन सोच, लक्ष्य र उद्धेश्य संग तादम्यता हुने गरी कलैया उपमहानगरपालिकाको पञ्चवर्षिय आवधिक विकास योजना तयार गरिएको छ । नगर कार्यपालिकाको नेतृत्व, राजनीतिक नेतृत्व, विषयगत शाखा तथा विकासका सरोकारवालाहरूको सहभागितामा उपमहानगरपालिकाको करिब २५ वर्षसम्मको समग्र विकास प्रकृयालाई मार्गदर्शन प्रदान गर्ने उद्धेश्यको साथ दीर्घकालीन सोच तयार गरिएको छ ।

<u>दीर्घकालीन सोच</u>

**“बसोबास योग्य हरित सहर - समन्नत कलैया उपमहानगर”**

<u>लक्ष्य</u>

“स्वस्थ, शिक्षित, उद्यमशील, व्यावसायिक, सभ्य र सुखी नागरिक बसोबास गर्ने स्वच्छ, सुन्दर, पर्यटकीय, व्यवस्थित, समावेशी र समृद्ध कलैया उपमहानगरपालिका”

<u>उद्देश्य</u>

१. उपमहानगरको आर्थिक विकासको क्षेत्रमा उच्चतम लगानी परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु ।
२. गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानी जस्ता आधारभूत सेवाको सर्वसुलभ पहुँच तथा समतामूलक सहभागिताकोको सुनिश्चितता गर्नु ।
३. प्राथमिकताका आधारमा स्थानीय आवश्यकता पहिचान गरी पूर्वाधार विकासलाई पूर्णता दिनु ।
४. वातावरण/जैविक विविधताको संरक्षण गर्दै विपद् व्यवस्थापन र जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गर्नु ।
५. सामाजिक न्याय तथा सुशासन स्थापित गरी समृद्धि हासिल गर्नु ।

### ३.५ निर्देशक सिद्धान्त

उपमहानगरपालिकाको उल्लेखित दीर्घकालीन सोचलाई साकार पार्न बदलिदो राजनैतिक, सामाजिक र कानुनी आधार र पन्ध्रौं राष्ट्रिय योजनालाई समेत ध्यानमा राखेर निम्न विकासको निर्देशक सिद्धान्त तय गरिएको छ । र यसै सिद्धान्तहरूलाई पालन गरी कलैया उपमहानगरपालिकाको प्रथम आवधिक योजना तर्जुमा गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

तालिका १५: कलैया उपमहानगरपालिकाको निर्देशक सिद्धान्तहरू

| | |
|---|---|
| १. कृषि, पर्यटन, ऊर्जा, सहकारी र पूर्वाधार विकासमा उच्च प्राथमिकता: | व्यावसायिक कृषिको विकास, पर्यटन, जलविधुतको क्षेत्रको विकास एवं स्थानीय अर्थतन्त्र एवं पूर्वाधारको विकासद्वारा समृद्धिको आधार तयार गरिनेछ । |
| २. स्थानीय अर्थतन्त्रको विकास र बिस्तार: | संघ र प्रदेश सरकारको विकास सम्बन्धी सोच, लक्ष्य, उद्देश्य प्राप्त गर्न समन्वय, सहयोग र सहकार्यको माध्यमद्वारा स्थानीय अर्थतन्त्रको विकास र बिस्तार गरी समृद्धिको आधार तयार गरिनेछ । |
| ३. व्यवस्थित भू–उपयोग र योजनाबद्ध विकास: | राष्ट्रिय भुउपयोग नीति २०६९ बमोजिम भूमिको बनौट, क्षमता र उपयुक्तता, आवश्यकता र वर्तमान उपयोग समेतको आधारमा भू उपयोग योजना तर्जुमा र–सो को पालनामा अभिवृद्धि गर्ने संयन्त्र र कानूनी र नीतिगत व्यवस्था गरिनेछ। |
| ४. उत्पादनमूलक, जलवायु तथा विपद् उत्थानशिल पूर्वाधार: | भूउपयोग योजनाको आधारमा बस्ती तथा भौतिक पूर्वाधार विकास एकीकृत योजना तजुमा गरी सो अनुसार पूर्वाधार विकास र सुविधा अभिवृद्धि गरिनेछ । पूर्वाधार तथा संरचना निर्माण गर्दा उत्पादन तथा आयमूलक क्षेत्रमा जोड दिने नीति अवलम्बन गरिनेछ । साथै पूर्वाधार निर्माण गर्दा रिचार्ज पोखरी, बाँध निर्माण जस्ता जलवायु अनुकूलन आयोजनामा विशेष प्राथमिकता दिने तथा संरचना निर्माण गर्दा वातावरण संरक्षण ऐन तथा नियम अनुसार वायोइञ्जिनियरिङ र संरक्षण सम्बन्धी प्रविधिको प्रयोगमा जोड दिइनेछ । |
| ५. प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापन: | उपमहानगरपालिकालाई प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार केन्द्रको विकास गर्दै जनतालाई शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी, सरसरफाई लगायतका सेवा सुविधा प्रत्याभूति गरिनेछ । यसका लागि सूचना, प्रमाण र ज्ञानमा आधारित ठोस योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन र प्राप्त उपलब्धीको नतिजामूलक अनुगमन र प्रभावको लेखाजोखाको व्यवस्था गरिनेछ। |
| ६. अन्तर सरकार, निजी, गैर सरकारी तथा समुदाय साझेदारी र सहकार्य: | पूर्वाधार निर्माण, सञ्चालन, सेवा प्रवाहमा अन्तर सरकार, निजी, गैर सरकारी, सहकारी र समुदायसँग साझेदारी र सहकार्य गरी विकास उपलब्धीलाई प्रभावकारी गरिनेछ । कृषि, पशुपालन, व्यवसाय सेवा, उत्पादन तथा बजारीकरण, खानेपानी तथा सरसफाइ, इञ्जिनियरिङ जस्ता सेवामा निजी क्षेत्र, गैर सरकारी र सहकारी संस्थालाई करार गरी वैकल्पिक प्रणालीमा आधारित सेवा प्रवाहको व्यवस्था गरी स्थानीय सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाईनेछ । साथै विकास निर्माण कार्यमा निजी, गैर सरकारी, सहकारी र समुदायको लगानी र साझेदारी अभिवृद्धि गरिनेछ । |

प्रमुख प्रशासकीय अधिकृत





| | |
|---|---|
| ७. समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्द्धन | सुशासन, विकास र समृद्धि देश विकासको अबको कार्यसूची तय भएको छ । सुशासन विकास र समृद्धिको पूर्वसर्तको रूपमा रहेको छ । सुशासनको लागि विद्यमान सबै खालका विभेद तथा बहिष्करण अन्त्य, कानुन तथा विधिको शासन, सरकारी, निजी, सहकारी र सामुदायिक साझेदारी, पारदर्शिता र जवाफदेहिता उच्चतम अभ्यास गरिनेछ । राजनीति तथा समाजमा बढ्दै गईरहेको अराजकता र भ्रष्टाचारको विरुद्ध सदाचार पद्धति अवलम्बन र सामाजिक जवाफदेहिता सम्बन्धी संयन्त्रहरूको एकीकृत र सचेत अभ्यास गरिने छ । यस प्रक्रियामा नागरिक समाजको साझेदारी गरिनेछ । |
| ८. सूचना तथा नतिजामा आधारित विकास व्यवस्थापन: | विकास व्यवस्थापन प्रक्रियालाई सूचना, प्रमाण तथा ज्ञानमा आधारित तथा नतिजामूलक बनाईनेछ । यस प्रक्रियामा सूचना प्रविधि, अनुभव र सफल अभ्यासलाई अधिकतम परिचालन गरिनेछ । |
| ९. वन र वन पैदावारको यथोचित उपयोग | यस उपमहानगरपालिकामा प्रसस्त वनपैदावर र जटिबुटि रहेको हुनाले तिनीहरूको यथोचित उपयोग गरेर स्थानीय रोजगारी प्रदान गरिने छ । |

## ३.६ परिमाणात्मक लक्ष्य

तालिका १६: अपेक्षित परिमाणात्मक उपलब्धि

| सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | |
| कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा पशुपन्छीपालनको हिस्सा | प्रतिशत | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (धान) | मे. टन प्रति हेक्टर | ४.२१ | ४.३ | ४.४ | ४.५ | ४.६ | ४.८ | ४.८ |
| दलहनको उत्पादकत्त्व | मे. टन प्रति हेक्टर | १ | १.५ | १.८ | २.२ | २.४ | २.५ | २.५ |
| तेलहन को उत्पादकत्त्व | मे. टन प्रति हेक्टर | ०.७९ | ०.९ | १.१ | १.४ | १.८ | २.२ | २.२ |
| उखु बालीको उत्पादकत्त्व | मे. टन प्रति हेक्टर | १२ | १३ | १४ | १५ | १६ | १७ | १७ |
| ३० मिनेटसम्मको दूरीमा कृषि उपज बिक्रीका लागि बजार उपलब्ध भएका कृषक परिवार | प्रतिशत | ४६.८९ | १०० | १०० | १०० | १०० | १०० | १०० |
| खेतीयोग्य जमिन मध्ये सिंचित जमिन | हे | ९८९४० | १००० ०० | १०१० ०० | १०२० ०० | १०३ ००० | १०४ ००० | १०४० ०० |
| बाह्रै महिना सिँचाइ हुने जमिन | हे | २९६८२ | ३००० ० | ३१०० ० | ३२०० ० | ३३० ०० | ३४० ०० | ३४०० ० |
| आधारभूत पूर्वाधार सहितको पर्यटकीय स्थल | सङ्ख्या | ६ | ७ | १० | १२ | १५ | १८ | १८ |
| उद्योग व्यवसायमा संलग्न (उद्यमी, व्यवसायी) | प्रतिशत | ०.८१ | १ | १.५ | २ | २.५ | ३ | ३ |

प्रमुख प्रशासकीय अधिकृत

| सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| उद्योग व्यवसायबाट रोजगारी प्राप्त गर्नेको सङ्ख्या (थप) | सङ्ख्या | ४९५५ | ५००० | ५३०० | ५६०० | ७००० | ७५०० | ७५०० |
| सीपमूलक तालिम लिएर वैदेशिक रोजगारीमा जाने | प्रतिशत | ३९.८ | ४२ | ४५ | ५० | ५५ | ६० | ६० |
| विपन्नलाई उद्यम विकास र आयमूलक क्षेत्रमा परिचालन | प्रतिशत | २.९३ | ३ | ३.५ | ४ | ४.५ | ५ | ५ |
| अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७१ | ७१ | ७१ | ७२ | ७२ | ७३ | ७३ |
| ३० मिनेटसम्मको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार | प्रतिशत | ४६.५३ | ५० | ७० | ९० | १०० | १०० | १०० |
| प्राथमिक उपचार केन्द्र | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० |
| अस्पताल | सङ्ख्या | २ | २ | २ | २ | २ | २ | २ |
| बेड | सङ्ख्या | ६५ | ६५ | ६५ | ६५ | ६५ | ६५ | ६५ |
| हेल्थ पोष्ट | सङ्ख्या | १३ | १३ | १४ | १५ | २० | २५ | २५ |
| साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ५४.०५ | ५५ | ५८ | ६० | ६५ | ७० | ७० |
| युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ८०.७५ | ८५ | ८८ | ९० | ९५ | ९९ | ९९ |
| आधारभूत खानेपानीको पहुँच भएको जनसङ्ख्या | प्रतिशत | ८५ | ८५ | ९० | ९५ | १०० | १०० | १०० |
| स्वच्छ खानेपानीको पहुँच भएको जनसङ्ख्या | प्रतिशत | १५ | १५ | २० | ३० | ५० | ७० | ७० |
| शौचालय भएका घरपरिवार | प्रतिशत | ९१.६४ | ९२ | ९३ | ९५ | ९७ | १०० | १०० |
| महिला/घरेलु हिंसा | प्रतिशत | १५ | १२ | १० | ८ | ५ | २ | २ |
| बालश्रम | प्रतिशत | १३.१ | १० | ५ | ० | ० | ० | ० |
| अपाङ्गमैत्री सार्वजनिक सेवा प्रदायक संस्था | सङ्ख्या | २ | ५ | ८ | १५ | २० | २८ | २८ |
| बैंक मार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| उद्यमशीलता तालिम प्राप्त युवाहरूको वार्षिक सङ्ख्या | सङ्ख्या | २७३ | ३०० | ३३० | ३६० | ३९० | ४२० | ४२० |
| उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | सङ्ख्या | ५४४ | ५६४ | ५८४ | ६०४ | ६२४ | ६४४ | ६४४ |
| व्यवस्थित सहरीकरण सहितको बस्ती | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | १ |
| पालिकाको मापदण्ड बमोजिम भवन निर्माण | प्रतिशत | ६३.२६ | ६५ | ७० | ७५ | ८० | ८० | ८० |
| ३० मिनेटसम्मको दूरीमा यातायात पहुँच भएका परिवार | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| सर्वयाम सडक | कि.मि. | ५०४ | ५२० | ५४० | ५६० | ५८० | ६०२ | ६०२ |
| यातायात सुचारु सडक लम्बाइ | कि.मि. | ६०२ | ६१० | ६१५ | ६२० | ६२५ | ६३० | ६३० |
| नियमित मर्मत संभार भएको सडकको लम्बाइ | कि. मि. | ८८ | १०० | १२० | १५० | १८० | २१० | २१० |
| कच्ची सडक | कि.मी. | १९६ | १९० | १८४ | १७८ | १७२ | १६६ | १६६ |
| ग्राभेल सडक | कि.मि. | ४१६ | ४१० | ४०४ | ३९८ | ३९२ | ३८६ | ३८६ |
| कालोपत्रे | कि.मि. | ८८ | १०० | ११२ | १२४ | १३६ | १४८ | १४८ |
| विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९१.६ | ९५ | ९९ | १०० | १०० | १०० | १०० |
| मोबाइल नेटवर्क कभरेज क्षेत्र | प्रतिशत | ९५.३ | ९७ | १०० | १०० | १०० | १०० | १०० |
| ईन्टरनेटमा पहुँच प्राप्त परिवार | प्रतिशत | ६६.४२ | ६७ | ७० | ७३ | ७६ | ८० | ८० |





| सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | |
| रुख बिरुवाले ढाकेको वा हरियाली वा वन क्षेत्र | प्रतिशत | ६.४९ | ६.५ | ७ | ८ | ९ | १० | १० |
| संरक्षित जलाधार क्षेत्र | सङ्ख्या | ३ | ५ | १० | १५ | २० | २५ | २५ |
| बाढी तथा पहिरो नियन्त्रणकालागि तटबन्ध निर्माण | कि.मि. | ४.२७ | ६ | ८ | १० | १२ | १५ | १५ |
| पुर्ण सरसफाइयुक्त वडा | सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | ७ | २७ |
| धुवाँमुक्त घरधुरी | प्रतिशत | २९.६८ | ३० | ३५ | ४० | ४५ | ५० | ५० |
| विपदबाट क्षति भएको रकम | रू. करोड | १० | ९ | ८ | ७ | ६ | ५ | ५ |
| विपद् व्यवस्थापन स्थानीय कोष | रू. लाखमा | ० | १० | २० | ३० | ४० | ५० | ५० |
| समयमा फछ्र्यौट भएका वार्षिक योजना | प्रतिशत | ८५ | ९० | ९० | ९० | ९० | ९५ | ९५ |
| आफ्नै भवनमा कार्यालय सञ्चालन भएका वडाहरू | सङ्ख्या | २२ | २५ | २७ | २७ | २७ | २७ | २७ |
| ई-हाजीरीको व्यवस्था भएका कार्यालय | सङ्ख्या | १ | १५ | २५ | २८ | ४० | ६० | ६० |

## ३.७ रणनीति तथा प्राथमिकता

तालिका १७: उपमहानगरपालिकाको प्रमुख रणनीतिहरू तथा प्राथमिकताहरू

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| **उद्देश्य १: उपमहानगरको आर्थिक विकासको क्षेत्रमा उच्चतम लगानी परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु ।** | |
| १.१: प्रतिस्पर्धात्मक लाभका क्षेत्रमा लगानी बढाउने । | १. कृषिमा आधारित उद्यमशीलताका माध्यमबाट रोजगारी सिर्जना गरी आम्दानीमा वृद्धि ल्याइनेछ ।<br>२. प्रविधिमा आधारित पर्यटनको विकास गरी यसलाई रोजगारमूलक उद्योगको रूपमा विकास गरिनेछ।<br>३. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाका लागि प्रोत्साहन गरिनेछ । |
| १.२:विकासका अवसरहरूमा समतामूलक पहुँच सुनिश्चित गर्ने । | १. विकासका पूर्वाधारहरू सामाजिक तथा आर्थिक रूपमा विपन्न समुदायलाई मूलप्रवाहमा ल्याइनेछ।<br>२. गुणस्तरीय सिँचाइ सुविधा, सङ्कलन केन्द्र, बजार व्यवस्थापन एवम् प्रवर्द्धन, बीउ बिजन, मलखादको सहज आपूर्ति र प्रविधिको पहुँचको सुनिश्चितता गरिनेछ ।<br>३. जनताको पहुँच सिर्जना हुने गरी गुणस्तरयुक्त सडक, सिँचाइ, लगायत अन्य भौतिक पूर्वाधारको निर्माण गर्दा निश्चित मापदण्ड बनाई लागु गरिनेछ ।<br>४. कृषि तथा पशुजन्य उपजमा आत्मनिर्भर हुँदै खाद्य सुरक्षाको प्रत्याभूति गराई गरिबी निवारणमा उल्लेख्य सुधार गरिनेछ । |
| **उद्देश्य २: गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानी जस्ता आधारभूत सेवाको सर्वसुलभ पहुँचको सुनिश्चितता गर्नु।** | |
| २.१: शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूको गुणस्तर र पहुँच अभिवृद्धि गर्दै मौलिक | १. महिला, बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने शिक्षा, स्वास्थ्य क्षेत्रमा जनचेतना अभिवृद्धि र पूर्वाधार विकास तर्फ स्वास्थ्य चौकी निर्माण, प्रसुतिगृह निर्माण, एम्बुलेन्स सेवा सञ्चालन बालविकास केन्द्रहरूको व्यवस्थामा जोड दिइनेछ ।<br>२. खुला दिशामुक्त नगर कार्यक्रमलाई व्यवस्थित गर्न आवश्यकता अनुसार सार्वजनिक शौचालय निर्माण तथा त्यसको व्यवस्थापनकालागि कार्य योजना तयार पारी कार्यान्वयन गर्ने नीति लिइनेछ। |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| हकको प्रत्याभूति गर्ने । | ३. शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूलाई उपमहानगरको सामाजिक समृद्धिको मेरुदण्डका रूपमा अंगिकार गरी त्यसको विकासकालागि आवश्यक कार्य योजना लागु गरिनेछ। |
| **उद्देश्य ३: प्राथमिकताका आधारमा स्थानीय आवश्यकता पहिचान गरी पूर्वाधार विकासलाई पूर्णता दिनु ।** | |
| ३.१: गुणस्तरीय पूर्वाधारहरूमा सबैको पहुँच सुनिश्चित गर्ने । | १. विकासका पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ ।<br>२. कृषि र पर्यटनकालागि उपयुक्त ठानिएका क्षेत्रहरूको DPR गरी उक्त क्षेत्रहरूलाई पकेट र पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न आवश्यक पूर्वाधारको व्यवस्थापन तथा आधुनिक प्रविधिमा आधारित कृषि सम्बन्धी कियाकलापमा जोड दिइनेछ ।<br>३. सडकको स्तरोन्नति, मर्मत, सम्भार, संरचनाको काम गरी सवारी साधनलाई सुचारु गर्न बजेट बाँडफाँड गरिनेछ । |
| **उद्देश्य ४: वातावरण/जैविक विविधताको संरक्षण गर्दै विपद् व्यवस्थापन र जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गर्नु।** | |
| ४.१: वातावरणीय सन्तुलन एवम् जल, जमिन, जङ्गल, जैविक विविधता आदि प्राकृतिक स्रोत र सम्पदाको संरक्षण तथा विकास गर्ने । | १. वन जङ्गल संरक्षणमा आधुनिक प्रविधिको प्रयोग गरिनेछ ।<br>२. एकघर एक धारा र पूर्ण सरसफाइ सहितको उपमहानगरपालिका बनाउने नीति अवलम्बन गरिनेछ।<br>३. प्रकोपबाट सिर्जना हुने मानवीय तथा आर्थिक क्षतिलाई न्यूनीकरण, वातावरणीय संरक्षण जस्ता कार्यक्रम र जलवायु परिवर्तन अनुकूलन योजनालाई आवद्ध गरी कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. सडक निर्माण गर्दा क्षति भएको खानेपानी योजना, सिँचाइ कुलोहरू सम्बन्धित योजना सञ्चालन गर्ने उपभोक्ता समितिलाई नै पुनर्निर्माणमा जिम्मेवार बनाइनेछ । |
| **उद्देश्य ५: सामाजिक न्याय तथा सुशासन स्थापित गरी समृद्धि हासिल गर्नु ।** | |
| ५.१: सुशासन सम्बन्धी नीतिगत, कानुन एवम् संस्थागत व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गर्ने । | १. समावेशी र सन्तुलित विकासको माध्यमद्वारा विभेदमुक्त समाज निर्माण गरिनेछ ।<br>२. गरिबी निवारणकालागि सञ्चालित कार्यक्रमहरूलाई एकीकृत गरी वास्तविक गरिबहरूको पहिचान र सङ्ख्या घटाउने नीति अवलम्बन गरिनेछ ।<br>३. उपमहानगरपालिकाको आन्तरिक स्रोत सङ्कलनमा सार्वजनिक निजी साझेदारी अन्तर्गत गरिएको सहकार्यलाई अझ व्यवस्थित र प्रभावकारी गराइनेछ ।<br>४. समाजमा पछाडि परेका लक्षित वर्गकालागि अनुदान रकम र आन्तरिक स्रोत तर्फको निश्चित बजेट लक्षित वर्गकालागि प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रममा विनियोजन गरिनेछ।<br>५. सुशासन, पारदर्शिता, लैङ्गिक सशक्तीकरण, सामाजिक सुरक्षा, आयमूलक, सीपमूलक कार्यक्रमलाई ध्यान दिई कार्यक्रम निर्माण गरिनेछन् ।<br>६. समावेशी सामाजिक संरचनाका माध्यमबाट उपमहानगरपालिकामा पारस्परिक सद्भाव र एकताको भावना विकास गरिनेछ ।<br>७. उपमहानगरपालिकाको वार्षिक कार्यक्रम तर्जुमा गर्दा मूलतः आवधिक योजनासँग आवद्ध गरी उपमहानगरपालिकाको योजना तर्जुमा प्रक्रियालाई वैज्ञानिक बनाइनेछ । |

प्रमुख प्रशासकीय अधिकृत





### ३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट

तालिका १८: लगानी प्रक्षेपण

| क.सं. | आ.व. | अपेक्षित आर्थिक वृद्धि दर | अपेक्षित गार्हस्थ उत्पादन (रु हजारमा) | प्रक्षेपित लगानी (रु हजारमा) |
|---|---|---|---|---|
| १ | ०८०/८१ | ५ | १७६८२४२ | १६८४०४० |
| २ | ०८१/८२ | ५.५ | २१३२९५७ | २०२१७६० |
| ३ | ०८२/८३ | ६ | २४१४९४५ | २२७८२५० |
| ४ | ०८३/८४ | ६.५ | २७७००७६ | २६०१०१० |
| ५ | ०८४/८५ | ७ | २८८७८७७ | २६९८९५० |
| योजना अवधिमा हुने कुल प्रक्षेपित लगानी | | | | ११२८४०१० |

तालिका १९: आवधिक योजनामा खर्च व्यहोर्ने स्रोतहरू

| क.सं. | स्रोत | योजना अवधिमा हुने लगानी (रु लाखमा) | प्रतिशत |
|---|---|---|---|
| १ | सरकारी (प्रदेश तथा संघीय सरकार) क्षेत्र | १००२९२२५ | ८८.८८ |
| २ | सहकारी क्षेत्र | २००००० | १.७७ |
| ३ | निजी क्षेत्र | ३००००० | २.६६ |
| ४ | गै.स.स. तथा अन्य दातृ निकाय | ४००००० | ३.५४ |
| ५ | उपभोक्ता समूह, सामुदायिक संस्था आदिको योगदान | २५२२८५ | २.२४ |
| ६ | अन्तर स्थानीय तह साझेदारी | १०२५०० | ०.९१ |
| | कुल | ११२८४०१० | १००.०० |



CamScanner

तालिका २०: उपमहानगरपालिकाको आय अनुमान (रू. हजारमा)

रू. हजारमा

| क. सं. | बजेट कोड | विवरण | २०७९/८० को अनुमान | २०८०/८१ को प्रक्षेपित | २०८१/८२ को प्रक्षेपित | २०८२/८३ को प्रक्षेपित | २०८३/८४ को प्रक्षेपित | २०८४/८५ को प्रक्षेपित | पाँचवर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३२१२२ | नगद मौज्दात | १५००००.०० | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० |
| २ | | आन्तरिक राजस्व | १४९१२५.०० | ४३८८५२ | ५०४६८० | ५८०३८२ | [illegible] | [illegible] | [illegible] |
| ३ | १३३११ | संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | ३११५००.०० | २७०७०० | २९७७७० | [illegible] | ३५०३०२ | [illegible] | [illegible] |
| ४ | १३३१२ | सशर्त अनुदान (संघीय सरकार) | ५३५३००.०० | ५३६२०० | ५८९८२० | ६४८८०२ | ७१३६८२ | ७८५०५० | [illegible] |
| ५ | ११४११ | संघीय सरकारबाट राजस्व बाँडफाँट प्राप्त आय | १९२७०९.०० | १८८८२९ | २०७७१२ | २२८४८३ | २५१३३१ | [illegible] | [illegible] |
| ६ | १३३११ | प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | २१०२५.०० | २०६८५ | २२७५४ | २५०२९ | २७५३२ | ३०२८५ | [illegible] |
| ७ | १३३१३ | सशर्त अनुदान (प्रदेश सरकार) | १५०००.०० | ० | ७०००० | ७७००० | ८४७०० | ९३१७० | ३२४८७० |
| ८ | ११४५६ | राजस्व बाँडफाँट (प्रदेश सरकार) | ३१९३९.०० | २५००० | २७५०० | ३०२५० | ३३२७५ | ३६६०३ | १५२६२८ |
| ११ | १३३१७ | समपुरक अनुदान (संघ) | ४००००.०० | ३५००० | ३८५०० | ४२३५० | ४६५८५ | ५१२४४ | [illegible] |
| १२ | १३३१७ | विशेष /समपुरक अनुदान (प्रदेश) | ५०००.०० | ५००० | ५५०० | ६०५० | ६६५५ | ७३२१ | ३०५२६ |
| १३ | १३३१७ | विशेष अनुदान (संघ) | ३५०००.०० | ५४०० | ५९४० | ६५३४ | ७१८७ | ७९०६ | [illegible] |
| १४ | १३३१७ | विशेष अनुदान (प्रदेश) | ७५००.०० | ७५०० | ८२५० | ९०७५ | ९९८३ | १०९८१ | ४५९८८ |
| १५ | | जनसहभागिता | १००००.०० | १०००० | ११००० | १२१०० | १३३१० | १४६४१ | ६१०५१ |
| | | जम्मा | १५०४२९८.०० | १५४३८६६ | १७९०१२५ | १९९४३०२ | २२२३६८१ | २४७८२४१ | १००२९२३५ |

## ३.९ कलैया गौरवका आयोजनाहरू

तालिका २१: कलैया गौरवका आयोजनाहरू

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कलैया गौरवका आयोजनाहरू | | | | ७४०००० | १०४०००० | ११६०००० | १२२०००० | १२६०००० | ५४२०००० | | |





| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कृषिका लागि विधुतीकरण आयोजना मार्फत तार, पोल, ट्रान्सफर्मर र बोरिङ उपलब्धता | एकमुस्ट | | | २०००० | ३०००० | ४०००० | ५०००० | ८०००० | २२०००० | उपमहानगरपालिका | |
| | २७ वटै वडालाई सहज हुनेगरी कलैया रिङरोड निर्माण | कि.मि. | | ४० | १००००० | १५०००० | २००००० | ३००००० | ४५०००० | १२००००० | संघ र प्रदेश सरकार | |
| | नगर क्षेत्रको ढल निकास तथा वर्षातको पानी निकासको लागि प्रशोधन केन्द्र सहित पसाहा खोलामा निकास हुने नाला निर्माण | कि.मि. | | ५० | १५०००० | १५०००० | १५०००० | १५०००० | १५०००० | ७५०००० | संघ र प्रदेश सरकार | |
| | नगरको फोहरमैला व्यवस्थापनका लागि वडा नं. १४ मा पहिचान भएको जग्गामा Recycling Center निर्माण | सङ्ख्या | | १ | २००००० | २००००० | २००००० | | | ६००००० | संघ र प्रदेश सरकार | |
| | उपमहानगरपालिकाको बजार क्षेत्रमा बहुउद्देश्यीय भवन निर्माण | सङ्ख्या | | १ | | ३००००० | २००००० | २००००० | | ७००००० | संघ र प्रदेश सरकार | |
| | प्रदेश स्तरीय खेलकुद मैदान (रंगशाला) निर्माण | सङ्ख्या | | १ | | | १००००० | २००००० | २००००० | ५००००० | प्रदेश सरकार | |
| | खानेपानी आभरहेड ट्याङ्की निर्माण (बाकी वडाहरूमा) निर्माण तथा खानेपानी वितरण | वडा | | २० | १२०००० | ६०००० | १२०००० | १२०००० | १८०००० | ६००००० | संघ र प्रदेश सरकार | |
| | मधेश कला संस्कृती संग्राहलय निर्माण | सङ्ख्या | | १ | | | | ५०००० | ५०००० | १००००० | संघ र प्रदेश सरकार | |
| | कलैया बसपार्क निर्माण | सङ्ख्या | | १ | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० | संघ र प्रदेश सरकार | |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु.हजारमा) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | |
| | एक घर एक धारा कार्यक्रम | एकमुस्ट | | | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० | सङ्घ र प्रदेश सरकार | |

तालिका २२: गौरवका आयोजनाहरूको साङ्केतिकरण

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित बजेट | दिविल सङ्केत | दिएल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| कलैया गौरवका आयोजनाहरू | | | ५४२०००० | | | | |
| कृषिका लागि विद्युतीकरण आयोजना मार्फत तार, पोल, ट्रान्सफर्मर र बोरिङ उपलब्धता | एकमुस्ट | | २२०००० | १२ | ७ | २ | २ |
| २७ वटै वडालाई सहज हुनेगरी कलैया रिङ्गरोड निर्माण | कि.मि. | ४० | १२००००० | ११ | १ | ३ | १ |
| नगर क्षेत्रको ढल निकास तथा वर्षातको पानी निकासको लागि प्रशोधन केन्द्र सहित पसाहा खोलामा निकास हुने नाला निर्माण | कि.मि. | ५० | ७५०००० | ११ | १ | ३ | १ |
| नगरको फोहरमैला व्यवस्थापनका लागि वडा नं. १४ मा पहिचान भएको जग्गामा Recycling Centre निर्माण | सङ्ख्या | १ | ६००००० | १५ | ७ | ३ | १ |
| उपमहानगरपालिकाको बजार क्षेत्रमा बहुउद्देश्यीय भवन निर्माण | सङ्ख्या | १ | ७००००० | ११ | १ | २ | २ |
| प्रदेश स्तरीय खेलकुद मैदान (रङ्गशाला) निर्माण | सङ्ख्या | १ | ५००००० | ११ | १ | ३ | २ |
| खानेपानी ओभरहेड ट्याङ्की निर्माण (बाकी वडाहरूमा) निर्माण तथा खानेपानी वितरण | वडा | २० | ६००००० | ६ | ५ | २ | २ |
| मधेश कला संस्कृति संग्राहलय निर्माण | सङ्ख्या | १ | १००००० | ५ | ६ | २ | ३ |
| कलैया बसपार्क निर्माण | सङ्ख्या | १ | ५००००० | ११ | १ | ३ | २ |
| एक घर एक धारा कार्यक्रम | एकमुस्ट | | २५०००० | ६ | ५ | २ | ३ |





# परिच्छेद ४: आर्थिक क्षेत्र

आर्थिक क्षेत्र कलैया उपमहानगरपालिकाको समष्टिगत विकास र समृद्धिको महत्त्वपूर्ण आधार हो । यस क्षेत्र अन्तर्गत कृषि तथा पशु विकास, सिंचाई, उद्योग वाणिज्य तथा आपूर्ति, पर्यटन र सांस्कृतिक तथा धार्मिक सम्पदा संरक्षण र श्रम तथा वैदेशिक रोजगारी लगायतका उपक्षेत्रहरू पर्दछन् । नेपालको संविधानको अनुसूची - ८ मा स्थानीय तहलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । यी विषयहरू दिगो विकासको लक्ष्य -१ (शुन्य गरिबी), लक्ष्य -२ (भोकमरीको अन्त्य) लक्ष्य - ८ (सम्मानित काम तथा आर्थिक उन्नति) र लक्ष्य -१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् । यस उपमहानगरले आर्थिक क्षेत्रको उद्देश्य उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारीको सृजना र पोषणमा सुधार गर्दै आर्थिक विकासको आधार तयार गर्नु भन्ने निर्धारण गरेको छ । कलैया उपमहानगरपालिकाले लगानी, उत्पादन र रोजगारीमा वृद्धि, जिवन्त अर्थतन्त्र कलैयाको सम्वृद्धि भन्ने दूरदृष्टिका साथ अघि बढ्ने अठोट गरेको देखिन्छ ।

नेपालको संविधानले सुनिश्चित गरेको खाद्य सुरक्षा, मर्यादित र सुरक्षित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकारका साथै र स्थानीय सरकारको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । यसलाई मुर्तरुप दिन संवैधानिक व्यवस्था, संघ, प्रदेश तथा स्थानीय नीति, कानुन, योजना र लक्ष्यको आधारमा स्थानीय सरकारले योजनाबद्ध प्रयास गर्नु आवश्यक रहेको छ । यस उपमहानगरको समग्र आर्थिक विकासको अग्रणी क्षेत्र पर्यटन, कृषि, पशु, उद्योग, व्यापार तथा व्यवसाय, सहकारी एवं कृषि पर्यटन रहेका छन् ।

## ४.१ कृषि तथा पशुपन्छी

### ४.१.१ पृष्ठभूमि

कलैया उपमहानगरपालिका मुख्यता कृषि तथा पशुपालनमा आधारित अर्थतन्त्र भएको पालिका हो । यहाको अधिकांश जनसङ्ख्याको जीविकोपार्जन तथा रोजगारीको मुख्य आधार कृषि, पशुपालन तथा व्यापार व्यवसाय नै रहेको देखिन्छ । कलैया उपमहानगरपालिकाको अर्थतन्त्रमा व्यावसायिक रूपमा खेती गरिएका खाद्यन्न लगायतका नगदेबाली, आँप, लिची, तरकारी, दलहन, तेलहन, पशुपालन, दुध तथा मह उत्पादन आदिले मुख्य योगदान पुर्याउँदै आएको देखिन्छ ।

उपमहानगर क्षेत्रका करिब ७० प्रतिशत भन्दा बढी जनसङ्ख्या कृषि तथा पशु पालन पेशामा संलगन रहेको देखिन्छ । उपजको उत्पादन वा बिक्री गरिरहेका देखिन्छ । कृषि क्षेत्रमा प्रचुर सम्भावना भएको यस उपमहानगरको खेतीयोग्य भूमि ८० प्रतिशत भन्दा बढी रहेकोकाले उपलब्ध भूमिको वैज्ञानिक ढंगले समुचित प्रयोग गरी कृषि र कृषि उद्योगको विकास गर्नुपर्ने आवश्यकता छ । धान, गहुँ तथा मकै मुख्य खाद्यान्न बालीका रूपमा रहेको कलैया उपमहानगरपालिकामा खाद्यान्न उत्पादन तर्फ ६१६८० हेक्टर जमिनमा धानको खेती हुने



प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

गरेकोमा २५९८१० मेट्रिक टन वार्षिक उत्पादन गरेको, ८३५३८ हेक्टर जमिनमा मकैको खेती हुने गरेकोमा १३४७८ मेट्रिक टन वार्षिक उत्पादन गरेको, ९८९४० हेक्टर जमिनमा गहुँको खेती हुने गरेकोमा २९१०० मेट्रिक टन वार्षिक उत्पादन गरेको, ११७५० हेक्टर जमिनमा दलहनको खेती हुने गरेकोमा ११७५० मेट्रिक टन वार्षिक उत्पादन गरेको र २४२६ हेक्टर जमिनमा तेलहनको खेती हुने गरेकोमा १९२५ मेट्रिक टन वार्षिक उत्पादन गरेको छ (कलैया उपमहानगरपालिकाको नगर पार्श्वचित्र २०७५) । एकातर्फ जग्गाको खण्डीकरण रोक्नुपर्ने चुनौती छ भने अर्कोतर्फ जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्नेछ । कृषि उत्पादनका क्षेत्रमा आत्मनिर्भर बनाई निर्यातमूलक अवस्थामा पुऱ्याउने सोच अनुरूप नै कलैयालाई विशेष प्राथमिकतामा राखिएको छ । उपलब्ध श्रम र सीपको पहुँच विस्तार गरी रोजगार सिर्जना गर्दै कृषिमा आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रीकरणको माध्यमबाट कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्य लिइएको छ ।

दिगो विकास लक्ष्यअन्तर्गत भोकमरीको अन्त्य लगायतका लक्ष्य प्राप्त गर्न आदर्श उत्पादन र न्यायिक वितरण प्रणाली प्रति विशेष पहल गर्नुपर्ने देखिन्छ । पोषण तथा खाद्य विविधता प्रवर्द्धन गर्नका लागि खाद्यान्नका अतिरिक्त दूध, माछा, मासु र अण्डाको महत्त्वपूर्ण भूमिकालाई मनन गरी उपमहानगर क्षेत्रमा पशुपन्छी तथा माछापालनका माध्यमबाट पोषण तथा खाद्य सुरक्षा प्रवर्द्धन भई रोजगारीका अवसरहरू सिर्जना हुनुका साथै आर्थिक उन्नतितर्फ अग्रसर हुनकोलागि सहयोग पुग्ने देखिन्छ ।

### ४.१.२ समस्या तथा चुनौती

यस उपमहानगरमा कृषिको विकास तथा व्यवसायीकरणका समस्याहरूमा मुख्यतः बजारको अभाव, लगानीको अभाव तथा आधुनिक उपकरण तथा गुणस्तरीय बीउ विजन, मलखाद एवं औषधीहरूको अभाव तथा बिक्री वितरण गर्न सडक यातायात तथा ढुवानीको समस्या रहेको अवस्था छ । यसैगरी व्यावसायिक खेती तथा बजारीकरणका लागि सीप तथा पूँजीको अभाव, स्थानीय स्तरमा बीमा गर्ने निकायको अभावले गर्दा पहिरो, असिना आदिका कारणबाट बाली उत्पादनमा भइरहेको क्षति प्रमुख समस्याको रूपमा रहेको पाइन्छ ।

कृषिमा लागत लाभको दृष्टिकोणमा खेती प्रणाली खर्चिलो हुनु, माटोको नियमित परीक्षण नहुनु, सिँचाइ पर्याप्त उपलब्धता जस्ता समस्या, व्यावसायिक सोचको कमी विद्यमान रहनु, कृषि सङ्कलन केन्द्र नहुनु, कृषि पर्यटन तथा पकेट खेती विकास कार्यक्रम नहुनु एवं प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन नहुनु, कृषि उपजको सुरक्षित भण्डारको सुविधा नहुनु, रष्टिक स्टोर (विशेष गरी आँप, लीची तथा आलुका लागि) को सुविधा नहुनुबाट व्यवस्थित बिक्री वितरण प्रणाली समेत नभएको अवस्था छ भने अधिकांश कृषकहरूमा व्यावसायिक कृषि र पशुपालन सम्बन्धी प्राविधिक, व्यवस्थापकीय र बजारीकरण सम्बन्धी ज्ञान, सीप र प्रविधिको प्रयोगमा कमी हुनु रहेको छ ।





आर्थिक विकास सम्भावनाका क्षेत्रहरू प्रचुर भएपनि परम्परागत र निर्वाह मुखी खेती प्रणाली, व्यावसायिक ज्ञान तथा प्रविधि सम्बन्धी सूचनाको कमी, कर्जामा कम पहुँच, बजारोन्मुख खेती प्रणाली नहुनुका साथै कृषि विज्ञको समेत कमी भएको अवस्था पाइन्छ । स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने खालको विभिन्न प्रजातिका बीउ बिजन उत्पादन गर्ने नर्सरी नहुँदा कृषकहरूले माग र आवश्यकता अनुसारको बोट बिरुवा प्राप्त गर्न सकेका छैनन् । साथै जलवायु परिवर्तनको असरका कारण बालीमा देखा पर्ने हानिकारक झार, रोग तथा किराहरूको प्रकोप लगायत पोषण र पानी सम्बन्धी जोखिममा वृद्धि भएको अवस्था छ ।

स्थानीय स्तरमा बिमा गर्ने निकायको अभावले क्षति, बिक्री वितरण गर्न यातायात तथा ढुवानीको समस्या तथा श्रम एवं लागत बढी पर्ने, उन्नत जातको गाई भैंसी, बाख्रापालन पर्याप्त हुन नसक्नु, आधुनिक किसिमको गोठ, खोरको व्यवस्थामा कमी हुनु तथा उन्नत घाँसको व्यवस्थामा कमी हुनु रहेका छन् । यसैगरी पशुपालन तालिमको व्यवस्थामा कमी, गुणस्तरीय दुग्ध उत्पादनमा व्यावसायिक चेतनाको कमी देखिन्छ भने आवश्यक पूर्वाधारहरू जस्तै दुग्ध चिस्यान केन्द्र, पशु रोग पहिचान तथा उपचारका लागि प्रयोगशाला नहुनु, पशुपालनका लागि आवश्यक सरल कर्जाको व्यवस्था नहुनु, समयमा उपलब्ध हुनुपर्ने औषधी भ्याक्सिनको सहज उपलब्धता नहुनु, एग्रोभेटहरू सञ्चालनमा नहुनु तथा पशु फार्म व्यवस्थापन सम्बन्धी सीप नहुनु पनि समस्याको रूपमा रहेको छ ।

### ४.१.३ सम्भावना तथा अवसर

कलैया उपमहानगरपालिका कृषि तथा पशुपालन क्षेत्रको विकास मार्फत खाद्यान्नमा आत्म निर्भर बन्दै तरकारी, फलफूल तथा पशु जन्य उत्पादनबाट प्रशस्त मुनाफा आर्जन गर्न सक्ने प्रचुर सम्भावना बोकेको पालिका हो । खाद्यान्न बाली तथा फलफूल खेतीको लागि उपयुक्त हावापानी रहेको छ । मौसमी तथा बेमौसमी तरकारी खेतीका लागि प्रचुर सम्भावना रहेको छ । उच्च मूल्य जाने बेमौसमी तरकारीको बीउ लगायत बालीको पकेट क्षेत्रको बिस्तार र प्रवर्द्धन गर्न सकेको खण्डमा कृषिको व्यावसायिकता एवं दिगो खाद्य सुरक्षाको सुनिश्चितता प्रदान गर्न सक्ने प्रचुर सम्भावना रहेको छ । यसका अतिरिक्त यहाँका ठूला समथर प्लटहरूमा चक्लाबन्दी गरी व्यवस्थित खेती तथा बजारीकरण गर्न सके यहाँको आर्थिक अवस्थामा समेत ज्यादै ठूलो सहयोग पुग्ने देखिन्छ ।

उपमहानगरमा माछा पालन, मौरी, गाई-भैंसी तथा बाख्रापालनको प्रशस्त सम्भावना छ । खासगरी उपमहानगर क्षेत्रमा प्रशस्त मात्रामा चरनको सुविधा भएको हुनाले पशुपंक्षी पालनलाई व्यावसायिक रूपमा गर्न सकेमा पशुपालकहरूलाई मनग्य आम्दानी हुने देखिन्छ । पशुपालनको तथ्याङ्कलाई हेर्दा खसी, बोका, राँगा, कुखुराको स्थानीय बजारमा खपत भई निर्यात समेत हुने गरेको छ । गाई तथा भैंसी पालन गरेमा मासु तथा दुधजन्य पदार्थहरू देशका ठूला बजारहरू समेतको मागलाई पुरा गर्न सकिने राम्रो अवसर रहेको छ ।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

कृषिको आधुनिकीकरण एवम् व्यावसायिकताको विकासद्वारा कृषि तथा पशुपन्छीपालन क्षेत्रलाई प्रतिस्पर्धी र निर्यात मुखी बनाउने ।

**उद्देश्य**

१. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी कलैयाको निर्यात प्रवर्द्धन गर्नु ।
२. निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यावसायिक प्रणालीमा रुपान्तरण गर्नु ।
३. जैविक खेतीको प्रवर्द्धनमार्फत कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी उपमहानगरको अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।
४. पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यावसायिक बनाई पशुपन्छी जन्य पदार्थको निर्यात प्रवर्द्धन गर्नु ।

**रणनीति र कार्यनीति**

तालिका २३: कृषि तथा पशुपालनका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी कलैयाको निर्यात प्रवर्द्धन गर्नु ।** | |
| १.१: कृषि क्षेत्रको उत्पादकत्व वृद्धि र आधुनिकीकरण गर्ने । | १. स्थानीय बीउ–विजन, वेर्नाहरूको संरक्षण गर्दै गुणस्तरीय जातका मूलतः नगदे एवं उच्च मूल्यका कृषि उपजहरूको व्यावसायिक खेती व्यापकता दिई उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याइनेछ ।<br>२. दिगो कृषि विकासकालागि आवश्यक नीति, ऐन र नियमहरू तर्जुमा तथा संसोधन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।<br>३. कृषि वस्तु उत्पादन अभिवृद्धि गर्न कृषि जन्य वस्तुको व्यावसायिक उत्पादनका लागि उपयुक्त र दिगो सिँचाइ सुविधा लगायतका आवश्यक पूर्वाधारको पहुँच वढाइनेछ ।<br>४. उन्नत प्रविधि (थ्रेसिंग मेशीन, जोत्ने, साइनारे आदि) मा सुलभ कृषि कर्जाको व्यवस्था मिलाइनेछ।<br>५. खेती योग्य जग्गालाई बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्दै बाँझो रहेका कृषि भूमिको दिगो उपयोगकालागि उपयुक्त योजना बनाई कार्यान्वयन गरिनेछ।<br>६. ठूला प्लटहरूमा चक्लाबन्दी गरी बृहद एकीकृत खेती सञ्चालन गरिनेछ । |
| **उद्देश्य २: निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यावसायिक प्रणालीमा रुपान्तरण गर्नु ।** | |
| २.१: तुलनात्मक लाभ हुन सक्ने स्थानीय बालीनाली र आधारभूत खाद्यवस्तुको उपभोगमा आत्मनिर्भरता हासिल गर्ने । | १. खाद्य तथा अन्य कृषि उत्पादनमा आत्म निर्भरताकालागि उत्पादन पकेट क्षेत्र विकास गरी सघन व्यावसायिक खेती प्रणाली अघि बढाइनेछ ।<br>२. कृषि उपज उत्पादन, प्रशोधन, भण्डारण एवम् वितरण प्रणालीमा नयाँ प्रविधिको विकासको अनुसरण, अवलम्वन र आधुनिकीकरण गरिनेछ ।<br>३. उत्पादन र भण्डारणका क्रममा हुने हानी नोक्सानीलाई न्यूनीकरण गर्न कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्रको स्थापना गरिनेछ । |





| | |
|---|---|
| | ४. निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्झौतामा आधारित तथा सहकारी खेतीलाई प्राथमिकता दिइनेछ ।<br>५. मूल्य शृङ्खला पद्धति अनुसार उत्पादनदेखि बजारीकरणसम्मका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरिनेछ ।<br>६. खाद्यान्न उत्पादन न्युन भएका पोषण असुरक्षित स्थानहरूमा स्थानीय स्तरमै उत्पादन गर्न सकिने कृषिजन्य उत्पादन प्रवर्द्धन तथा उपयोगमा जोड दिइनेछ। |
| **उद्देश्य ३: जैविक खेतीको प्रवर्द्धनमार्फत कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी उपमहानगरको अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।** | |
| ३.१: जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास र विस्तार गर्ने । | १. रासायनिक मल, विषदीको प्रयोग घटाउँदै जैविक र प्राङ्गारिक खेतीलाई प्रोत्साहित गरी उत्पादित वस्तुलाई बजारीकरणमा जोड दिइनेछ ।<br>२. जलवायु परिवर्तनसँगै कृषिमा अनुकूलन गरी कृषि जैविक विविधताको संरक्षण, सम्वर्द्धन तथा उपयोगमा वृद्धि गरिनेछ ।<br>३. लोपोन्मुख तथा रैथाने विउविजन र बालीजन्य जैविक विविधता संरक्षणमा स्थानीय समुदायको अग्रसरतालाई प्रोत्साहन गरिनेछ ।<br>४. कृषि अध्ययन तथा अनुसन्धानमा आधारित वातावरणमैत्री कृषि प्रविधिको विकास एवम् विस्तार गरिनेछ ।<br>५. कृषि उपजको अधिकतम उत्पादन एवम् उत्पादकत्व वृद्धिकालागि स्थानीय साधन स्रोत र जैविक प्रविधिको उपयोग गरिनेछ ।<br>६. वन्यजन्तुबाट कृषि बालीमा हुने क्षति न्यूनीकरणका लागि उपयुक्त समाधानका उपाय खोजिनेछ । |
| **उद्देश्य ४: पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यावसायिक बनाई पशुपन्छी जन्य पदार्थको निर्यात प्रवर्द्धन गर्नु।** | |
| ४.१: कृषकलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गर्ने । | १. कृषकलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. युवाको विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशुपन्छी पालनमा युवा लक्षित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ।<br>३. पशुपन्छी पालनमा युवा सहभागिता र महिला सशक्तीकरणलाई केन्द्रित गरी व्यावसायिक कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।<br>४. व्यावसायिक पशुपन्छी पालनका साथै माछा पालन तथा मौरी पालनकालागि अनुदान तथा सहुलियत ऋणको व्यवस्था गरिनेछ ।<br>५. विपन्न परिवारलाई पशुपन्छी पालनकालागि प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरिनेछ। |

### ४.१.५ कार्यक्रम तथा आयोजना

तालिका २४: कृषि तथा पशुपालनका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोश्रो आ.व. | तेश्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | |
| | कृषि तथा पशुपन्छी | | | | ६७०५० | ७२०५० | ५६०५० | १६४०५० | १६५०५० | ५२४२५० | | |
| | कृषि | | | | | | | | | | | |
| | चिस्यान केन्द्र निर्माण | संख्या | | २ | | | | १००००० | १००००० | २००००० | उपमहानगरपालिका | उपमहानगरपालिका केन्द्र पर्ने गरी २ वटा |
| | कृषि उपज संकलन केन्द्रको स्थापना गर्ने | संख्या | | १० | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | उपमहानगरपालिका | |
| | कौसी खेती प्रवर्धन | एकमुष्ठ | | | १००० | १००० | १००० | १५०० | १५०० | ६००० | उपमहानगरपालिका | |
| | किसान सूचीकरण कार्यक्रम | पटक | १ | १ | १६०० | १०० | १०० | १०० | १०० | २००० | उपमहानगरपालिका | |
| | कृषि तथ्याङ्क अध्यावधिक कार्यक्रम | पटक | १ | १ | १५०० | ५०० | ५०० | ५०० | ५०० | ३५०० | उपमहानगरपालिका | |
| | साना व्यवसायिक कृषि उत्पादन केन्द्र गहुँ पकेट र तरकारी विकास कार्यक्रम | संख्या | २ | २ | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | उपमहानगरपालिका | |
| | तरकारी खेती पकेट विकास कार्यक्रम | संख्या | १ | १ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | उपमहानगरपालिका | |
| | बीउबिजन आत्मनिर्भर कार्यक्रम | पटक | २ | २ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | उपमहानगरपालिका | |
| | वर्णशंकर मकै बीउ उत्पादन कार्यक्रम | पटक | १ | १ | ५००० | ५००० | | ५००० | ५००० | २०००० | उपमहानगरपालिका | |
| | च्याउ खेती प्रवर्द्धन कार्यक्रम | एकमुष्ठ | 5 | ५ | २००० | २००० | २००० | २५०० | २५०० | ११००० | उपमहानगरपालिका | |
| | तरकारी फलफूल तथा खाद्यान्न उत्पादकत्व वृद्धि कार्यक्रम | एकमुष्ठ | | १५ | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | उपमहानगरपालिका | |
| | कृषि प्रचार प्रसार कार्यक्रम | एकमुष्ठ | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | उपमहानगरपालिका | |
| | टनेलमा बेमौसमी तरकारी खेती प्रवर्द्धन | संख्या | २० | २० | १००० | १००० | १००० | १००० | १००० | ५००० | उपमहानगरपालिका | |
| | माटो सुधार कार्यक्रम (भकारो सुधार, गड्यूले मल, हरियोमल, माटो जाँच, कृषि चुन वितरण) | पटक | ५ | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | उपमहानगरपालिका | |
| | साना कृषि औजार कार्यक्रम | पटक | १ | १ | ५००० | ५००० | २५०० | २५०० | २५०० | १७५०० | प्रदेश | |





| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोश्रो आ.व. | तेश्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | |
| | बीउ उत्पादक कम्पनी, सहकारी, कृषक समूहहरूलाई भवन निर्माण र मेशिन खरिदमा अनुदान सहयोग कार्यक्रम | संख्या | ५ | ५ | २००० | २००० | | २००० | | ६००० | उपमहानगरपालिका | |
| | कृषि तथा पशु पकेट क्षेत्र विस्तार कार्यक्रम निरन्तरता | एकमुष्ठ | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | उपमहानगरपालिका | |
| | आलु, प्याज, र लसुन उत्पादन र भण्डारणमा अनुदान कार्यक्रम | संख्या | | ५० | ५०० | १५०० | १५०० | | १५०० | ५००० | उपमहानगरपालिका | |
| | भूमिहिन र न्यून जग्गा जमिन भएकालाई मौरी पालन, च्याउ खेती लगायत कृषि उद्यम प्रोत्साहन कार्यक्रम | संख्या | | ५० | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | उपमहानगरपालिका | |
| | कृषि क्षमता विकास कार्यक्रम ( बेमौसमी, कृषि विमा कार्यक्रम, ) | एकमुष्ठ | | | १६०० | १६०० | १६०० | १६०० | १६०० | ८००० | उपमहानगरपालिका | |
| | कृषक भ्रमण | पटक | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | उपमहानगरपालिका | |
| | पशुपन्छी | | | | | | | | | | | |
| | माछा उत्पादन प्रवर्द्धन कार्यक्रम | पटक | | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | उपमहानगरपालिका | |
| | भैसी फर्म सुधार कार्यक्रम | पटक | | १ | | ५००० | | | | ५००० | उपमहानगरपालिका | |
| | दुग्ध चिस्यान केन्द्र व्यवस्थापन | पटक | | १ | | १५०० | | १५०० | | ३००० | उपमहानगरपालिका | |
| | पशु पालन फर्महरूमा यान्त्रिकरण कार्यक्रम | पटक | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | उपमहानगरपालिका | |
| | पशु आहारा उत्पादन कार्यक्रम | पटक | | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | उपमहानगरपालिका | |
| | एकल महिला लक्षित कुखुरा पालन कार्यक्रम | पटक | | १ | | | | | ३००० | ३००० | उपमहानगरपालिका | |
| | गाई भैसी पालन तथा गोठ सुधार कार्यक्रम | समुह | | ५ | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | उपमहानगरपालिका | |
| | मासु पसल सुधार कार्यक्रम | संख्या | | ५ | ६५० | ६५० | ६५० | ६५० | ६५० | ३२५० | उपमहानगरपालिका | |
| | सामुदायिक पशुहरूको उपचार र भ्याक्सिनेशन कार्यक्रम | संख्या | | १०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | उपमहानगरपालिका | |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | |
| | पशु बिमा कार्यक्रम | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | उपमहानगरपालिका | |
| | पशु नश्लसुधार कार्यक्रम ( कृतिम गर्भाधानको निरन्तरता, क्षेत्र विस्तार, उपकरणको उपलब्धता र प्राविधिक दक्षता वृद्धि) | एकमुष्ठ | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | उपमहानगरपालिका | |
| | लक्षित वर्ग पशु सेवा आयमूलक कार्यक्रम | एकमुष्ठ | | | ३५०० | ३५०० | ३५०० | ३५०० | ३५०० | १७५०० | प्रदेश सरकार | |
| | माछापालन क्षेत्र विस्तार, ताल तलैयाको वहुउपयोगी आयोजना | एकमुष्ठ | | | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | उपमहानगरपालिका | |
| | पशुपंक्षि उपचार विस्तार कार्यक्रम | एकमुष्ठ | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | उपमहानगरपालिका | |
| | | | | | | | | | | | | |

तालिका २५: कृषि तथा पशुपालनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित बजेट | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी | | | ५२४२५० | | | | |
| कृषि | | | | | | | |
| चिस्यान केन्द्र निर्माण | सङ्ख्या | २ | २००००० | १२ | ७ | २ | १ |
| कृषि उपज सङ्कलन केन्द्रको स्थापना गर्ने | सङ्ख्या | १० | २०००० | २ | ३ | २ | २ |
| कोसी खेती प्रवर्धन | एकमुस्ट | | ६००० | १ | ४ | २ | २ |
| किसान सूचीकरण कार्यक्रम | पटक | १ | २००० | १ | ४ | २ | ३ |
| कृषि तथ्याङ्क अद्यावधिक कार्यक्रम | पटक | १ | ३५०० | २ | ३ | ३ | ३ |
| साना व्यावसायिक कृषि उत्पादन केन्द्र गहुँ पकेट र तरकारी विकास कार्यक्रम | सङ्ख्या | २ | २०००० | २ | ३ | २ | २ |
| तरकारी खेती पकेट विकास कार्यक्रम | सङ्ख्या | १ | २५००० | २ | ३ | २ | २ |
| बीउ बिजन आत्मनिर्भर कार्यक्रम | पटक | २ | २५००० | १ | ४ | २ | ३ |
| बर्णशंकर मकै बीउ उत्पादन कार्यक्रम | पटक | १ | २०००० | १ | ४ | ३ | २ |





| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित बजेट | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| च्याउ खेती प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | ५ | ११००० | १ | ४ | २ | २ |
| तरकारी फलफूल तथा खाद्यान्न उत्पादकत्व वृद्धि कार्यक्रम | एकमुस्ट | १५ | २०००० | २ | ३ | २ | २ |
| कृषि प्रचार प्रसार कार्यक्रम | एकमुस्ट | ५ | २५०० | ८ | २ | २ | २ |
| टनेलमा बेमौसमी तरकारी खेती प्रवर्द्धन | सङ्ख्या | २० | ५००० | १ | ४ | २ | २ |
| माटो सुधार कार्यक्रम (भकारो सुधार, गडयउले मल, हरियो मल, माटो जाँच, कृषि चुन वितरण) | पटक | ५ | ५००० | ८ | २ | २ | २ |
| साना कृषि औजार कार्यक्रम | पटक | १ | १७५०० | १० | ४ | २ | २ |
| बीउ उत्पादक कम्पनी, सहकारी, कृषक समूहहरूलाई भवन निर्माण र मेशिन खरिदमा अनुदान सहयोग कार्यक्रम | सङ्ख्या | ५ | ६००० | ८ | २ | २ | २ |
| कृषि तथा पशु पकेट क्षेत्र विस्तार कार्यक्रम निरन्तरता | एकमुस्ट | | १०००० | २ | ३ | २ | २ |
| आलु, प्याज, र लसुन उत्पादन र भण्डारणमा अनुदान कार्यक्रम | सङ्ख्या | ५० | ५००० | १ | ४ | २ | २ |
| भूमिहीन र न्यून जग्गा जमिन भएकालाई मौरी पालन, च्याउ खेती लगायत कृषि उद्यम प्रोत्साहन कार्यक्रम | सङ्ख्या | ५० | ७५०० | १ | ४ | २ | २ |
| कृषि क्षमता विकास कार्यक्रम ( बेमौसमी, कृषि बीमा कार्यक्रम, ) | एकमुस्ट | | ८००० | २ | ३ | २ | २ |
| कृषक भ्रमण | पटक | ५ | ५००० | ८ | २ | २ | ३ |
| पशुपन्छी | | | | | | | |
| माछा उत्पादन प्रवर्द्धन कार्यक्रम | पटक | ५ | ७५०० | २ | ३ | २ | २ |
| भैसी फर्म सुधार कार्यक्रम | पटक | १ | ५००० | १ | ४ | २ | २ |
| दुग्ध चिस्यान केन्द्र व्यवस्थापन | पटक | १ | ३००० | २ | ३ | २ | २ |
| पशु पालन फर्महरूमा यान्त्रिकरण कार्यक्रम | पटक | ५ | ५००० | ८ | २ | २ | २ |
| पशु आहारा उत्पादन कार्यक्रम | पटक | १ | २५०० | २ | ३ | २ | २ |
| एकल महिला लक्षित कुखुरा पालन कार्यक्रम | पटक | १ | ३००० | १० | ४ | १ | २ |
| गाई भैसी पालन तथा गोठ सुधार कार्यक्रम | समूह | ५ | ६००० | ८ | २ | २ | २ |
| मासु पसल सुधार कार्यक्रम | सङ्ख्या | ५ | ३२५० | १ | ४ | ३ | २ |
| सामुदायिक पशुहरूको उपचार र भ्याक्सिनेशन कार्यक्रम | सङ्ख्या | १०० | ७५०० | १ | ४ | ३ | २ |

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित बजेट | दिविन सङ्केत | दिगल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| पशु बीमा कार्यक्रम | एकमुस्ट | | ५,००० | २ | ३ | ३ | २ |
| पशु नस्लसुधार कार्यक्रम ( कृतिम गर्भाधानको निरन्तरता, क्षेत्र विस्तार, उपकरणको उपलब्धता र प्राविधिक दक्षता वृद्धि) | एकमुस्ट | | १०००० | ८ | २ | ३ | २ |
| लक्षित वर्ग पशु सेवा आयमूलक कार्यक्रम | एकमुस्ट | | १७५०० | १० | ४ | २ | ३ |
| माछापालन क्षेत्र विस्तार, ताल तलैयाको बहुउपयोगी आयोजना | एकमुस्ट | | १५,००० | १ | ४ | २ | २ |
| पशुपक्षी उपचार विस्तार कार्यक्रम | एकमुस्ट | | १०००० | १ | ४ | ३ | ३ |

### ४.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका २६: कृषि तथा पशुपालनका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याईंको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| कृषि तथा पशुपन्छी | | | | | | | | | | | | |
| प्रभाव | नगरपालिकाको आर्थिक विकासको क्षेत्रमा उच्चतम लगानी परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु। | कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा पशुपन्छीपालनको हिस्सा | प्रतिशत | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ | नगरपालिका प्रोफाइल, कृषि, पशु विकास र स्वास्थ्य शाखाको प्रतिवेदन | कृषि, पशु र खाद्य सुरक्षा क्षेत्रले थप प्रोत्साहन र प्राथमिकता पाएका हुने |
| असर | कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी नगरपालिकाको निर्यात प्रवर्द्धन भएको हुनेछ । | प्रमुख खाद्यान्न बालीको उत्पादकत्व (धान) | मे. टन प्रति हेक्टर | ४.२१ | ४.३ | ४.४ | ४.५ | ४.६ | ४.८ | ४.८ | | |
| | | प्रमुख खाद्यान्न बालीको उत्पादकत्व (मकै) | मे. टन प्रति हेक्टर | ०.१६ | १.५ | १.८ | २.१ | २.५ | २.८ | २.८ | | |
| | | प्रमुख खाद्यान्न बालीको उत्पादकत्व (गहुँ) | मे. टन प्रति हेक्टर | ०.२९ | २ | २.८ | ३.१ | ३.४ | ३.८ | ३.८ | | |
| | | दलहनको उत्पादकत्व | मे. टन प्रति हेक्टर | १ | १.५ | १.८ | २.२ | २.४ | २.५ | २.५ | | |





| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याईंको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| | | तेलहन को उत्पादकत्व | मे. टन प्रति हेक्टर | ०.७९ | ०.९ | १.१ | १.४ | १.८ | २.२ | २.२ | | |
| | | उखु बालीको उत्पादकत्व | मे. टन प्रति हेक्टर | १२ | १३ | १४ | १५ | १६ | १७ | १७ | | |
| प्रतिफल | निर्वाहमुखी कृषि प्रणाली दिगो एवम् व्यावसायिक प्रणालीमा रूपान्तरण हुनेछ । | ३० मिनेटसम्मको दूरीमा कृषि उपज बिक्रीका लागि बजार उपलब्ध भएका कृषक परिवार | प्रतिशत | ४६.८९ | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | | वर्षभरी सिँचाइ हुने खेतीयोग्य जमिन | हे | २९६८२ | ३०००० | ३१००० | ३२००० | ३३००० | ३४००० | ३४००० | | |
| | | तरकारी व्यावसायिक उत्पादन क्षेत्र | प्रतिशत | १७.१५ | १८ | २० | २२ | २४ | २६ | २६ | | |
| | | कृषि सहकारी संस्था | सङ्ख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ | | |
| | | सहकारीमा आवद्ध कृषक | प्रतिशत | ८.३६ | ९ | ९.५ | १० | १०.५ | ११ | ११ | | |
| | कृषिमा आधारित उद्योगको स्थापना तथा सञ्चालन भई रोजगारी र आम्दानी वृद्धि हुनेछ । | कृषिमा आधारित रोजगारी | सङ्ख्या | ४४२५० | ४४५०० | ४५००० | ४५५०० | ४६००० | ४६५०० | ४६५०० | | |
| | | कृषि तालिम प्राप्त जनशक्ति | जना | २५७५ | २६०० | २६५० | २७०० | २७५० | २८०० | २८०० | | |
| | | कोल्ड रूम (चिस्यान केन्द्र) | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | | कृषि उपज सङ्कलन केन्द्र | सङ्ख्या | २७ | २७ | २७ | २७ | २७ | २७ | २७ | | |
| | | टनेल | सङ्ख्या | ० | ५० | १५० | ३०० | ५०० | १००० | १००० | | |
| | | कृषि प्राविधिक | जना | ३ | ५ | ८ | १० | १२ | १४ | १४ | | |
| | व्यावसायिक पशुपालनबाट पशुजन्य पदार्थको आयात अन्त्य भई निर्यात प्रवर्द्धन भएको हुनेछ । | व्यावसायिक कृषि तथा पशुपालन फर्म | सङ्ख्या | ८० | ८५ | ८८ | ९० | ९२ | ९५ | ९५ | | |
| | | अण्डाको उत्पादकत्व | सङ्ख्या (हजारमा) | ४५७२ | ४८०० | ५००० | ५२०० | ५४०० | ५६०० | ५६०० | | |
| | | दूधको उत्पादकत्व | लिटर (हजारमा) | २१९० | २३०० | २४०० | २५०० | २६०० | २७०० | २७०० | | |
| | | मासुको उत्पादकत्व | मेट्रिक टन | ८५० | ८७० | ९०० | ९५० | १००० | ११०० | ११०० | | |
| | | पशु प्राविधिक | जना | ३ | ५ | ८ | १० | १२ | १३ | १३ | | |



CamScanner

## ४.२ सिंचाइ

### ४.२.१ पृष्ठभूमि

कलैया उपमहानगरपालिकामा सिंचाइका लागि मूख्यतया पसाहा खोला र गण्डक नहर प्रयोगमा आउने गर्दछ । यस बाहेक टेडरहर, खैराही, र बगरी खोलाबाट पम्पबाट पनि सिंचाइको सुविधा उपलब्ध हुँदै आएको छ । डिप बोरिङबाट पनि सिंचाई सुविधा गराउन सकिन्छ । नहरको पानी माथिल्लो मुहानका कृषकले बढी प्रयोग गर्ने र तलतिरका कृषकलाई पानीको अभाव हुने गरेकोले मौजुदा नहरहरूबाट थोरै कृषकहरू मात्र लाभान्वित भएका छन् । खोलाबाट पम्प प्रयोग गरी पानी तान्ने र डीप बोरिडको माध्यमबाट वर्ष भरि सिंचाइको व्यवस्था गर्न आवश्यक छ । कलैया उपमहानगरपालिकामा कूल खेती योग्य जमिन मध्ये ९० प्रतिशत जमिनमा सिंचाइको पानी उपलब्ध हुने गरेकोमा करिब ३० प्रतिशत जमिनमा वर्षभरी सिंचाइको पानी उपलब्ध हुने गरेको तथ्याङ्कले देखाउँछ । उपमहानगरमा दर्जन बढी विभिन्न स्थानीय नहरहरूबाट सिंचाइको प्रबन्ध भइरहेको तथा यस बाहेक पनि परम्परागत निजी कुलोहरू माफर्त पनि सिंचाइ सुविधा विस्तार गरिएको छ । उपमहानगरमा दर्जन बढी विभिन्न स्थानीय नहरहरूबाट सिंचाइको प्रबन्ध भइरहेको तथा यस बाहेक पनि परम्परागत निजी कुलोहरू तथा बोरिङ माफर्त पनि सिंचाइ सुविधा विस्तार गरिएको छ ।

### ४.२.२ समस्या तथा चुनौती

कृषि योग्य जमिनमा अपर्याप्त सिंचाइ सुविधा हुनु, सिंचाइ विकासमा आधुनिक प्रविधि (थोपा सिंचाइ, प्लास्टिक पोखरी, बोरिङ, लिफ्टिङ) को प्रयोगमा कमी हुनु, पर्याप्त सिंचाइ नहर र पोखरी गुणस्तरीय तथा पक्की नहुनु, भएका सिंचाइ आयोजनाहरू पनि पूर्ण क्षमतामा प्रयोगमा आउन नसक्नु, बोरिङ सञ्चालनमा आवश्यक इन्धन/विद्युतको सहज एवम् सुलभ पहुँचको अभाव हुनु, मर्मत सम्भारको कमी हुनु, सिंचाइ स्रोत मुहान सुक्दै जानु, जल उत्पन्न प्रकोपले सिंचाइ आयोजनामा क्षति पुग्नु, कृषि प्रणाली र सिंचाइ बीच अन्तरसम्बन्ध स्थापित गर्न नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन् ।

साना-साना सिंचाइ योजना निर्माण खर्चिलो हुनु, कृषि योग्य जमिनमा सर्वयाम सिंचाइ सुविधा उपलब्ध गराउन नसक्नु, कृषि र सिंचाइ बीच अन्तरसम्बन्ध स्थापना नहुनु, सिंचाइ आयोजनाहरू पूर्ण क्षमतामा उपयोग नहुनु, स्थानीय समुदायहरूद्वारा सञ्चालन भई आएका परम्परागत सिंचाइ प्रणालीका नहरहरूको संरक्षण हुन नसक्नु, सिंचाइ नहरहरूको मर्मत सम्भारमा लाभग्राही उपभोक्ता समितिहरूलाई जिम्मेवार बनाउन नसक्नु आदि यस क्षेत्रका सिंचाइ विकासका चुनौतीहरू हुन् ।

### ४.२.३ सम्भावना तथा अवसर

सिंचाइका लागि पर्याप्त स्रोतहरूको उपलब्ध भएकोले ठूला बोरिङ मार्फत भूमिगत सिंचाइको विकास गरी सिंचाइ सुविधा उपलब्ध गराउन सकिने सम्भावना रहेको छ । समथर खेतीयोग्य क्षेत्रमा सिंचाइ सुविधा उपलब्ध गरी थप उत्पादन वृद्धि भई आम्दानी स्रोतहरू वढाउन सकिने सम्भावना रहेको छ । सर्वयाम सिंचाइको उपलब्धतासँगै





उत्पादकत्व वृद्धि भई उपमहानगरको खाद्य उत्पादनमा आत्मनिर्भर हुँदै निर्यात प्रवर्द्धन गर्ने सम्भावना रहेको छ । आकाशे पानी सङ्कलन र प्लास्टिक पोखरीको अभ्यास सुरु हुनु, साना सिंचाइ निर्माणका क्षेत्रमा संघसंस्थाहरू क्रियाशिल रहनु, साना सिंचाइ उपमहानगरको अधिकार क्षेत्रमा पर्नु, उपमहानगरको प्राथमिकतामा सिंचाइ क्षेत्र समावेश हुनु तथा सिंचाइका लागि उपयुक्त जमिनहरूको उपलब्धता हुनु कलैयाका सिंचाइ विकासका अवसरहरू हुन् ।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<u>लक्ष्य</u>

उपमहानगरमा सिंचाइ प्रणालीको विकास गरी जलस्रोतको व्यवस्थापनबाट कृषिजन्य उत्पादनमा वृद्धि गर्ने ।

<u>उद्देश्य</u>

१. परम्परागत सिंचाइ संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिंचाइ स्रोतको पहिचान गर्नु ।
२. कृषियोग्य जमिनमा सिंचाइको पहुँच वृद्धि गर्न दिगो सिंचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु ।

<u>रणनीति र कार्यनीति</u>

तालिका २७: सिंचाइका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| उद्देश्य १: परम्परागत सिंचाइ संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिंचाइ स्रोतको पहिचान गर्नु । | |
| १.१: परम्परागत सिंचाइ संरचनामा सुधार र व्यवस्थापनबाट खाद्य असुरक्षित क्षेत्रहरूलाई प्राथमिकतामा राखी सिंचाइको पहुँच वृद्धि गर्ने। | १. परम्परागत सिंचाइका परम्परागत स्रोतहरूको विवरण तयार पारिनेछ।<br>२. परम्परागत स्रोतहरूको क्षमताको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ।<br>३. यस्ता स्रोतहरूको संरक्षण गर्ने कार्यको थालनी गरिनेछ ।<br>४. आधारभूत सिंचाइको पहुँच वृद्दिकोलागि खाद्य असुरक्षित क्षेत्रहरूको पहिचान गरी प्राथमिकताको निर्धारण गरिनेछ ।<br>५. संरचना निर्माणकोलागि वित्तीय स्रोतको व्यवस्था गरिनेछ ।<br>६. निर्माण कार्य सम्पन्न गर्न निर्माण तथा अनुगमन समितिको गठन गरिनेछ। |
| १.२: आधारभूत सिंचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूमा वैकल्पिक स्रोतहरूको व्यवस्थापन गरी सिंचाइको पहुँच वृद्धि गर्ने। | १. सिंचाइका वैकल्पिक स्रोतहरूको पहिचान गरिनेछ ।<br>२. पहिचान गरिएका स्रोतहरूको विज्ञ सम्मिलित टोलीबाट सम्भाव्यता अध्ययन गरिनेछ।<br>३. संरचना निर्माणकोलागि आवश्यक वित्तीय स्रोतको व्यवस्थापन गरिनेछ।<br>४. सिंचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूको विवरण तयार गरी प्राथमिकताको सूची तयार गरिनेछ ।<br>५. प्राथमिकताको आधारमा वैकल्पिक सिंचाइ संरचनाको निर्माण गरिनेछ। |

| | |
|---|---|
| | ६. सतह सिँचाइको सम्भावना नभएको क्षेत्रमा भूमिगत प्रणालीबाट सिँचाइ गर्ने योजना तथा लागत इष्टिमेट गरिनेछ ।<br>७. संरचना निर्माणको निमित निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ।<br>८. संरचना निर्माणको प्रयोजनकोलागि निर्माण तथा अनुगमन समिति गठन गरिनेछ।<br>९. संरचना विस्तारकोलागि उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ।<br>१०. सिँचाइ आयोजनाहरूको मर्मत सम्भारको लागि कृषक तथा समुदायको क्षमता वृद्धि गरिनेछ ।<br>११.सिँचाइको आवश्यक रेखदेख, अनुगमन र सञ्चालनकोलागि जनशक्तिको व्यवस्था गरिनेछ। |
| **उद्देश्य २ः कृषियोग्य जमिनमा सिँचाइको पहुँच वृद्धि गर्न दिगो सिँचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु।** | |
| २.१ः खेतीयोग्य जमिन भएको तर सिँचाइको पहुँच नपुगेको वा अपर्याप्त भएको क्षेत्रमा प्राथमिकताको आधारमा सिँचाइको पहुँच वृद्धि गर्ने । | १. सिँचाइ नपुगेका अथवा अपर्याप्त खेतीयोग्य जमिनको विवरण तयार पारिनेछ।<br>२. निर्माण भए तापनि समुचित प्रयोगमा नआएका सिँचाइ नहर तथा कुलोहरूको प्रयोगमा आउनेगरी पुनर्निर्माण गरिनेछ ।<br>३. एक योजनाबाट समुदायमा खानेपानी र सिँचाइको व्यवस्थापन गर्न सम्भव भएको अवस्थामा त्यस्ता योजनालाई प्राथमिकता दिइनेछ ।<br>४. सिँचाइकोलागि प्राथमिकताको आधारमा साना जलासय, ताल, पोखरी आदि संरचना तयार गरिनेछ ।<br>५. सिँचाइका संरचनाको मर्मत सम्भारकोलागि सामूहिक कोषको व्यवस्था गरिनेछ।<br>६. संरचना विस्तारकोलागि उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ।<br>७. सिँचाइको व्यवस्थापनकोलागि उपभोक्ताहरूको समितिको गठन गरिनेछ। |
| २.२ः दिगो सिँचाइ प्रणालीकोलागि संरचनाको विकास र व्यवस्थापन गर्ने । | १. जल उपभोक्ता संस्थाको संस्थागत क्षमताको विकास गरिनेछ ।<br>२. सिँचाइ योजनाको सञ्चालन र व्यवस्थापनलाई दिगो बनाउन सिँचाइ सेवा शुल्क निर्धारण गरी सङ्कलन र उपयोग गर्न कानुनी व्यवस्था गरिनेछ ।<br>३. दिगो सिँचाइको व्यवस्थापनकोलागि उपभोक्ता र समुदायको दक्षतामा वृद्धि गरिनेछ ।<br>४. सिँचाइ पुगेका क्षेत्रमा उत्पादकत्व बढाउन सकिने खालका नगदेबाली, फलफूल तथा खाद्यवस्तुको उत्पादनलाई प्रोत्साहित गरिनेछ । |
| २.३ः जलउत्पन्न प्रकोपको क्षति नियन्त्रण गर्नु । | १. जल उत्पन्न जोखिमको क्षेत्र पहिचान गरी न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ। |





| | |
|---|---|
| | २. नदीजन्य प्रकोपका दिगो नियन्त्रणमा स्थानीय प्रविधि र रैथाने ज्ञानको उपयोग गरिनेछ।<br>३. खोलाखोल्सीको नियन्त्रणमा बायोइन्जिनियरिङ प्रविधिको उपयोग गरिनेछ।<br>४. नदी किनाराको क्षेत्रको संरक्षणमा विशेष ध्यान दिइनेछ ।<br>५. नदी किनारका जोखिमयुक्त स्थानमा बस्ती विस्तार तथा नदी खोला अतिक्रमण र अव्यवस्थित दोहनको नियन्त्रण गरिनेछ । |

### ४.२.५ कार्यक्रम तथा आयोजना

तालिका २८: सिँचाइका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रु.हजारमा) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | |
| | सिँचाइ | | | | ३०२०० | ३०२०० | ३०२०० | ३०२०० | ३०२०० | १५१००० | | |
| | सिंचाई नहर -कुलो मर्मत सम्भार कार्यक्रम | कि.मि. | | १० | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | उपमहानगरपालिका | |
| | भुमिगत जलश्रोतको प्रयोग कार्यक्रम - डिप स्यालो टयूबको दिगो प्रयोग | संख्या | | ५० | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | उपमहानगरपालिका | |
| | साना सिंचाई अनुदान सहयोग कार्यक्रम | पटक | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० | उपमहानगरपालिका | |
| | ठूलो क्षमताको डीब बोरिङ सहयाता कार्यक्रम | सङ्ख्या | ५० | | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० | संघ/प्रदेश सरकार | |
| | बोरिङ सहायता कार्यक्रम | सङ्ख्या | | | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | उपमहानगरपालिका | |
| | | | | | | | | | | | | |

तालिका २९: सिँचाइका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित बजेट | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| सिँचाइ | | | १५१००० | | | | |
| सिँचाइ नहर -कुलो मर्मत सम्भार कार्यक्रम | कि.मि. | १० | २५००० | १ | ४ | २ | २ |
| भूमिगत जलस्रोतको प्रयोग कार्यक्रम - डिप स्यालो टयूबको दिगो प्रयोग | सङ्ख्या | ५० | १५००० | २ | ३ | २ | २ |
| साना सिँचाइ अनुदान सहयोग कार्यक्रम | पटक | १ | ५००० | १० | ४ | २ | २ |
| ठूलो क्षमताको डीप बोरिङ सहायता कार्यक्रम | सङ्ख्या | | १००००० | ८ | २ | ३ | १ |
| बोरिङ सहायता कार्यक्रम | सङ्ख्या | | ६००० | १० | ४ | २ | २ |





### ४.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ३०: सिँचाइका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सिँचाइ | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्टयाइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | जलस्रोत तथा सिँचाइको विकास र व्यवस्थापनबाट सबै क्षेत्रमा पानीको अभाव अन्त्य गर्ने । | खेतीयोग्य जमिन मध्ये सिंचित जमिन | हे | ९८९४० | १००००० | १०१००० | १०२००० | १०३००० | १०४००० | १०४००० | पूर्वाधार विकास शाखा, सम्बन्धीत शाखाको प्रगति विवरण | सिँचाई पूर्वाधार क्षेत्रमा लगानी वृद्धि हुनुको साथै अनुगमन पनि थप प्रभावकारी भएको हुने |
| | | बाह्रै महिना सिँचाइ हुने जमिन | हे | २९६८२ | ३०००० | ३१००० | ३२००० | ३३००० | ३४००० | ३४००० | | |
| असर | बाह्रै महिना सिँचाइ उपलब्ध हुने क्षेत्र थप भई कृषि उत्पादकत्व वृद्धि भएको हुनेछ । | सुचारु सिँचाइ आयोजना | सङ्ख्या | १३ | १३ | १३ | १५ | १५ | १५ | १५ | | |
| | | कुलो तथा नहर स्तरीकरण (किमि) | कि.मि. | १० | १२ | १४ | १६ | १८ | २० | २० | | |
| प्रतिफल | पानीको मुहानहरू संरक्षण र व्यवस्थापन भएको हुनेछ । | संरक्षित मुहान | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | | प्लास्टिक पोखरी | सङ्ख्या | १३ | २३ | ३३ | ४३ | ५३ | ६३ | ६३ | | |
| | | रिचार्ज पोखरी | सङ्ख्या | ० | २ | ४ | ६ | ८ | १० | १० | | |

## ४.३ पर्यटन, संस्कृति तथा सम्पदा

### ४.३.१ पृष्ठभूमि

कलैया उपमहानगरपालिका समृद्धिको अर्को महत्त्वपूर्ण संभाव्य क्षेत्र पर्यटन हो । संविधानले नेपालको सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन र प्रचार प्रसार गर्दै पर्यावरण अनुकूल पर्यटन प्रवर्द्धन गर्ने र पर्यटन उद्योगको लाभमा स्थानीय जनतालाई प्राथमिकता दिने नीति लिएकोछ । स्थानीय सरकार सञ्चालन ऐनले पर्यटन सम्बन्धी योजनाहरूको कार्यान्वयन र अनुगमन, पर्यटकीय सेवा विस्तार आदि कार्य स्थानीय सरकारलाई सुम्पेको छ । कलैया उपमहानगरपालिकाको प्राकृतिक सौन्दर्यता, नदीहरू र हरियाली, धार्मिक तथा ऐतिहासिक स्थलका कारण आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण हुने गर्दछ । उपमहानगरमा रहेका चार दर्जन बढी धार्मिक तथा पर्यटकीय स्थलहरू रहेका छन् । उपमहानगरको प्रमुख ऐतिहासिक तीर्थस्थल र पर्यटकीय स्थलका रूपमा कलैया उपमहानगरको केन्द्रमा अवस्थित भरत चोक, महादेव मन्दिर, राजदेवी मन्दिर प्रमुख हुन् ।

कलैया स्थानीय साँस्कृतिक सम्पदाको धनी छ । यस कलैया उपमहानगरपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू धर्म मान्ने पहाडी मूलका मानिसहरू रहेका छन् भने बौद्ध, इस्लाम र क्रिस्चियन धर्म मान्ने मानिसहरू पनि छन् । सबै जातजाती र सम्प्रदायका आ–आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन् । जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैते दशैं, साउने र माघे संक्रान्ति, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी—हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा, श्री स्वस्थानी पूर्णिमा, अंग्रेजी नयाँ वर्ष, कर्कट संक्रान्ति, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरू, ईद, बकरईद, इदुलफितर, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, असार १५ आदि चाडपर्वहरू रहेका छन् ।

### ४.३.२ समस्या तथा चुनौती

पर्यटन उद्योगबाट हुन सक्ने लाभबारे स्थानीय नागरिकलाई पर्याप्त जानकारी नहुनु, सबै स्थानमा सर्वयाम सडक सुविधा उपलब्ध नहुनु, उपमहानगर क्षेत्रमा पर्यटन उद्योगका लागि पर्याप्त दक्ष जनशक्तिको अभाव, विद्यमान पर्यटकीय स्थलहरूमा आधारभूत पर्यटन पूर्वाधारको सुविधा नहुनु, पर्यटन उद्यमशिलताको कमी, स्थानीय भाषा संस्कृतिको समुचित विकास नहुनु, मौलिक संस्कृतिलाई पर्यटनसँग आबद्ध गर्न नसक्नु, पर्यटन क्षेत्रको विकासका लागि पर्याप्त बजेट परिचालन नहुनु आदि यहाँको पर्यटन विकासमा प्रमुख समस्याका रूपमा देखिएका छन् ।

प्राचीन तथा मौलिक कला र जातीय संस्कृति, ऐतिहासिक मठ मन्दिरहरूको जगेर्ना हुन नसक्नु, बाह्य संस्कृतिको प्रभाव र अतिक्रमण बढ्नु, विभिन्न जातजाति तथा अल्पसङ्ख्यक जनसङ्ख्याले बोल्ने भाषा लोप हुने खतरामा हुनु पर्यटकको बसाइका लागि पर्याप्त पर्यटन स्तरको होटेल नभएकाले बास र खर्च गराई वृद्धि गर्नु, पर्यटकीय उपजको विविधिकरण गर्नु, यस क्षेत्रमा बसोबास गर्ने विभिन्न अल्पसंख्यक जातजाती आदीको भाषा र संस्कृति





जगेर्ना गर्नु, स्थानीय साँस्कृतिक विविधता र पहिचानलाई पर्यटन उद्योगसँग आवद्ध गर्नु आदि प्रमुख चुनौतीहरू हुन् ।

### ४.३.३ सम्भावना तथा अवसर

पर्यटन उद्योगकालागि आवश्यक अध्ययन र तालिमका लागि युवायुवती स्थानीय स्तरमा उपलब्ध हुनु, पर्यटन उद्योगकालागि आवश्यक अन्न, तरकारी, फलफूल उपमहानगरमा नै उत्पादन हुनु, स्थानीय उत्पादनको बजारीकरण हुनु, स्थानीय हस्तकला, भेषभुषा, संस्कृतिको प्रवर्द्धन हुनु, होमस्टे सञ्चालनका लागि स्थानीय समुदाय इच्छुक रहनु, राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतसँग आबद्ध हुने अवसर प्राप्त हुनु आदि कलैयाका पर्यटन विकास अवसर हुन्।

भाषा, लिपि, संस्कृति, ललितकला आदिको संरक्षण र उपयोग स्थानीय निकायको कार्यदायरामा आउने, जातीय संस्कृतिको संरक्षणमा समुदायको सक्रियता बढ्ने, सांस्कृतिक एवम् धार्मिक विविधताका बीच सद्भाव अभिवृद्धि हुने जस्ता सम्भावना रहेका छन् ।

### ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<u>लक्ष्य</u>

पर्यटन क्षेत्रको विकास मार्फत आर्थिक समृद्धि गरि दिगो विकासका लागि स्थानीय स्रोत साधन तथा स्थानीय खाद्य उपजको प्रयोग गरि रोजगारी प्रदान गर्ने ।

<u>उद्देश्य</u>

१. पर्यटन व्यवसायको गुणस्तर वृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार गर्नु ।
२. पर्यटकीय पूर्वाधारहरूको विकास गर्नु ।
३. पर्यटन विकासका लागि आवश्यक मानव संसाधन विकास गर्नु ।
४. पर्यटकीय स्रोतसाधनको व्यवस्थापन गर्नु ।
५. विभिन्न धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र सम्वर्द्धन गर्नु ।
६. विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको पुनःनिर्माण, जीर्णोद्धार र व्यवस्थापन गर्नु ।

<u>रणनीति तथा कार्यनीति</u>

तालिका ३१: पर्यटनका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| उद्देश्य १: पर्यटन व्यवसायको गुणस्तर वृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार गर्नु । | |
| १.१: हाल सञ्चालनमा रहेका होटेल र चियापसलहरूको सेवाको स्तरोन्नति गर्ने । | १. स्थानीय होटेल, लज र चियापसलका व्यवसायीहरूलाई विषयगत इन्स्ट्रक्टर झिकाई स्थानीय स्तरमै पेशागत तालिमको व्यवस्था गरिनेछ ।<br>२. भइरहेका व्यवसायहरूको स्तरोन्नतिकालागि सहुलियत दरको पुँजीको खोजी गरिदिइनेछ । |
| १.२: पर्यटकीय स्थलहरूको प्रचारप्रसार गर्ने । | १. पर्यटन प्रवर्द्धन बारेमा विज्ञहरूबाट संक्षिप्त अध्ययन गराइनेछ ।<br>२. विभिन्न सञ्चार माध्यमको प्रयोग गरी ठाउँहरूबारे प्रचार प्रसार गरिनेछ ।<br>३. ब्रोस्योर तयार गरी छिमेकी जिल्लाहरूमा वितरण गरिनेछ । |



CamScanner

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ४. जिल्लाका ब्याचलर्स/ मास्टर्स तहका विद्यार्थीहरूलाई अनुसन्धानकालागि यी स्थानको फिल्ड भिजिटमा प्रोत्साहित गरिनेछ ।<br>५. यी स्थान विशेषका बारेमा नियात्राकारहरूको भ्रमण आयोजना गर्ने र साहित्यिक लेखरचना लेखाई पत्रपत्रिकामा प्रकाशित गर्ने व्यवस्था गरिनेछ।<br>६. बेबसाइट, युटुब, फेसबुक, ट्वीटर, इन्स्टाग्राम जस्ता सामाजिक सञ्जालको प्रयोग गरी आवश्यक प्रचार प्रसार गरिनेछ। |
| **उद्देश्य २: पर्यटकीय पूर्वाधारहरूको विकास गर्नु ।** | |
| २.१: पर्यटन क्षेत्रको विकासकालागि आवश्यक पूर्वाधारहरूको विकास गर्ने । | १. पर्यटकीय महत्वका स्थानहरूमा आवागमन सहज बनाउन कालोपत्रे सडक, पदमार्ग, पुल आदि निर्माण गरिनेछ ।<br>२. भइरहेका सडक र पदमार्गको स्तरोन्नति गरिनेछ । |
| २.२: पर्यटन पूर्वाधारहरूको निर्माण गर्ने । | १. विशेष पर्यटकीय स्थलहरूको पहिचान गरी पूर्वाधार निर्माणको विस्तृत योजना प्रतिवेदन तयार पारिनेछ ।<br>२. पूर्वाधार निर्माणका लागि आवश्यक जग्गा खरिद तथा अधिग्रहण गरिनेछ । |
| **उद्देश्य ३: पर्यटन विकासका लागि आवश्यक मानव संसाधन विकास गर्नु ।** | |
| ३.१: उपमहानगर भित्रका युवायुवतीलाई पर्यटन विषयको शिक्षा प्रदान गर्ने । | १. पर्यटन व्यवसाय प्रति युवायुवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई पर्यटन तथा अतिथि सत्कार विषयमा अध्ययन गर्न पठाइने र आर्थिक सहयोग गरिनेछ ।<br>२. आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक युवायुवतीलाई नेपाल पर्यटन तथा होटेल व्यवस्थापन एकेडेमीबाट दिने गरिएका Food Preparation and Control, Tourist Guide लगायतका छोटो अवधिका तालिममा पठाइने र आर्थिक सहयोग गरिनेछ। |
| **उद्देश्य ४: पर्यटकीय स्रोतसाधनको व्यवस्थापन गर्नु ।** | |
| ४.१: बाह्य स्रोतसाधनको खोजी गर्ने । | १. उपमहानगर भित्र सामान्य रूपमा सम्भावना देखिएका योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न संघीय र प्रदेश सरकारसमक्ष अनुरोध गरिनेछ ।<br>२. उपमहानगरमा आउने गैरसरकारी संस्थाहरूलाई यस योजनामा समावेश भएका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ । |
| ४.२: आन्तरिक स्रोतसाधनको परिचालन गर्ने । | १. उपमहानगरको वार्षिक बजेटको निश्चित प्रतिशत रकम पर्यटन क्षेत्रका कार्यक्रमकालागि छुट्याइनेछ ।<br>२. पर्यटन क्षेत्रको विकासकालागि स्थानीय निजी क्षेत्रलाई आह्वान गरिनेछ।<br>३. व्यवसायबाट राज्य र स्थानीय तहलाई कानुन अनुसारको कर तिर्ने संस्कृतिको विकास गर्ने ।<br>४. स्थानीय स्रोत साधन र खाद्य उपजको प्रयोग गरि व्यापार व्यवसायलाई प्रोत्साहन सहित रोजगारी वृद्धि गर्ने । |
| **उद्देश्य ५: विभिन्न धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र सम्वर्द्धन गर्नु ।** | |
| ५.१: सबै जात जाति र समुदायका धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक | १. धार्मिक, सांस्कृतिक सहिष्णुता कायम राख्दै प्रत्येक समुदायको धार्मिक एवम् सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने व्यवस्था गरिनेछ । |





| | |
|---|---|
| परम्पराको संरक्षण गरी भावी पुस्तामा हस्तान्तरण हुने व्यवस्था गर्ने । | २. भाषा, कला र संस्कृतिको संरक्षण र सम्वर्धन गर्ने नीति, नियम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>३. धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको विकासमा उल्लेखनीय योगदान गर्ने व्यक्तित्वहरूको नामबाट निर्मित संरचनाहरूको नामकरण गरिनेछ। |
| ५.२: भाषा, कला र साहित्य, बहुसंस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्ने । | १. सबै जात जातिको संस्कृति, रितिरिवाज र परम्पराको संरक्षणकोलागि बहुसांस्कृतिक ग्रामको स्थापना र विकास गरिनेछ ।<br>२. भाषा, लोक साहित्य, लोक संस्कृति, नृत्य, नाट्य र कलाको सम्वर्धन र साहित्यको विकास गर्न भाषा, कला, साहित्य र संस्कृति प्रतिष्ठानको गठन गरी सञ्चालन गरिनेछ ।<br>३. भाषा, साहित्य र कलाको क्षेत्रबाट सामाजिक, सांस्कृतिक रूपान्तरणमा विशिष्ट योगदान गरिनेछ ।<br>४. व्यक्तित्वहरूलाई सम्मानित र पुरस्कृत गरिनेछ ।<br>५. प्रतिष्ठानद्वारा गायन, संगीत, नृत्य र नाटक सम्बन्धी व्यावसायिक र गैरव्यावसायिक प्रशिक्षण केन्द्रहरूको आधारभूत पाठ्यक्रममा एकरूपता कायम गरिनेछ ।<br>६. विभिन्न धार्मिक सम्पदा एवम् तीर्थस्थलहरूलाई व्यवस्थापकीय सुधार गरी दिगो रूपमा सञ्चालन गरिनेछ । |
| ५.३: भाषा, कला, साहित्य र संस्कृतिका खोज अनुसन्धान गरी धार्मिक एवम् साँस्कृतिक पर्यटनको प्रवर्द्धन गर्दै आर्थिक समृद्धिमा टेवा पुऱ्याउने । | १. विभिन्न जातजाति र भाषाभाषीको मौलिक एवम् परम्परागत धर्म, संस्कृतिको संरक्षण र विकास गर्न खोज अनुसन्धान गरिनेछ ।<br>२. भाषा र संस्कृतिको विकास गरी भाषा र संस्कृतिलाई पर्यटन प्रवर्द्धनसँग जोडिनेछ। |
| ५.४: बहुसांस्कृतिक संग्रहालयको स्थापना र सञ्चालन गर्ने मापदण्ड बनाई कार्यान्वयन गर्ने । | १. सांस्कृतिक सम्पदालाई संरक्षण गर्न बहुसांस्कृतिक संग्रहालयको स्थापना र सञ्चालन गरिनेछ ।<br>२. संग्रहालयमा स्थानीय कला, भाषा, लिपि, संस्कृति र ऐतिहासिक वस्तुहरू प्रदर्शनको व्यवस्था मिलाइनेछ।<br>३. संग्रहालयहरूलाई स्तरोन्नति गरी पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ। |
| ५.५: पुरातात्विक एवम् मौलिक सम्पदा, जातीय संस्कृति र गुठीहरूको संरक्षण, संवर्धन र अभिलेखीकरण गर्न संस्थागत संरचनाको निर्माण र परिचालन गर्ने। | १. विभिन्न जातिका सांस्कृतिक रीतिरिवाज र परम्परा झल्काउने कार्यक्रहरू, टेलिफिल्म, भिडियोहरू बनाउने र विद्यालय तथा समुदाय स्तरमा प्रदर्शन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. भाषा, साहित्य, नाट्यकला, संगीत र ललितकलाको क्षेत्रमा योगदान पुऱ्याउने संघ संस्था तथा व्यक्तित्वहरूको अभिलेख तयार गरी अद्यावधिक गरिनेछ ।<br>३. परम्परादेखि लाग्दै आएका ठूला मेलाहरूको उचित व्यवस्थापन गने प्रबन्ध मिलाइनेछ। |
| **उद्देश्य ६: विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको पुनर्निर्माण, जीर्णोद्धार र व्यवस्थापन गर्नु ।** | |



CamScanner

| | |
|---|---|
| ६.१: जीर्ण अवस्थामा रहेका ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक महत्वका सम्पदाहरूको पहिचान गरी तिनीहरूको जीर्णोद्धार, संरक्षण र विकास गर्ने । | १. महत्वपूर्ण सांस्कृतिक सम्पदालाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नकालागि पहल गर्न निर्देशिका बनाई यसकालागि प्रदेश र संघ सरकारसँग समन्वय गरिनेछ ।<br>२. यस क्षेत्र भित्र रहेका सम्पदाहरूको खोज, अन्वेषण गरी संरक्षण गरिनेछ ।<br>३. हाम्रो संस्कृति र प्रकृतिको व्याख्या गर्दै प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गर्ने। |
| ६.२: भौतिक एवम् अभौतिक संस्कृतिको संरक्षण गर्न सांस्कृतिक प्रोफाइल तयार गरी अद्यावधिक गर्ने। | १. उपमहानगरका सबै पुरातात्विक तथा धार्मिक क्षेत्र र स्थानसँग सम्बन्धित संस्कृतिहरूको श्रव्यदृश्यसहितको प्रोफाइल तयार गरी संरक्षण गरिनेछ ।<br>२. विभिन्न जातजातिसँग सम्बन्धित मौलिक एवम् स्थानीय सामग्रीहरूलाई उत्पादन र प्रवर्द्धन गरिनेछ ।<br>३. लोपोन्मुख स्थानीय कला, भाषा, लिपि, र संस्कृतिको अभिलेखीकरण गरी संरक्षण र विकास गरिनेछ ।<br>४. भाषा, कला, नृत्य, नाटयकला, लिपि र संस्कृतिलाई अभ्यास र स्थलीय सघनताका आधारमा सामुहीकरण गरी विकास र संरक्षणका कार्यकहरू सञ्चालन गरिनेछ।<br>५. मौलिक भाषा, लोक संगीत, संस्कृति र कला सम्बन्धी सामग्री आधारभूत तहको स्थानीय पाठ्यक्रममा समावेश गरिनेछ । |





### ४.३.५ कार्यक्रम तथा आयोजना

तालिका ३२: पर्यटन, संस्कृति तथा सम्पदाका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | |
| | पर्यटन, संस्कृति तथा सम्पदा | | | | २३५०० | २३५०० | २८५०० | २८५०० | २८५०० | १३२५०० | | |
| | नगरका सम्भावीत पर्यटकीय क्षेत्रलाई प्रवर्द्धन गर्न पर्यटन पार्क निर्माण | संख्या | | ५ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | प्रदेश सरकार | |
| | मतौरा रायुमा रहेको पोखरी सौन्दयीकरण | संख्या | | | | | | ५००० | ५००० | १०००० | उपमहानगरपालिका | रामजानी मन्दिर निर्माण वडा नं २३ |
| | धर्मशाला तथा सिढी र छठ घाट निर्माण | संख्या | | १० | २००० | २००० | २००० | २००० | २००० | १०००० | उपमहानगरपालिका | वडा नं २० एकटंगा स्थित जग्गामा |
| | पर्यटन मैत्री जनशक्ति विकासका लागि सिप विकास तथा क्षमता विकास कार्यक्रम | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | उपमहानगरपालिका | |
| | पर्यटन सहायता कक्ष र पर्यटन सुचना केन्द्रको स्थापन र सञ्चालन | संख्या | | १ | | | ५००० | | | ५००० | उपमहानगरपालिका | |
| | नगर स्तरीय पर्यटन करिडोर निर्माण र व्यवस्थापन | एकमुष्ठ | | | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | प्रदेश सरकार | |
| | पर्यटकहरूको सहजता र सुरक्षाको लागि स्ट्रिट लाईट र सिसि टिभि क्यमरा जडान कार्यक्रम | संख्या | | ५० | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | प्रदेश सरकार | |
| | आन्तरीक तथा वाह्य पर्यटन प्रवर्द्धन गर्न टुरिजम मार्ग र फुड फेस्टिवल कार्यक्रम | पटक | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | उपमहानगरपालिका | |

तालिका ३३: पर्यटन, संस्कृति तथा सम्पदाका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित बजेट | दिविल साङ्केत | दिगल साङ्केत | लैङ्गिक साङ्केत | जलवायु साङ्केत |
|---|---|---|---|---|---|---|---|
| पर्यटन, संस्कृति तथा सम्पदा | | | १३२५०० | | | | |
| नगरका सम्भावित पर्यटकीय क्षेत्रलाई प्रवर्द्धन गर्न पर्यटन पार्क निर्माण | सङ्ख्या | ५ | ५०००० | ८ | ५ | २ | १ |
| मतोरा राधुमा रहेको पोखरी सौन्दर्यीकरण | सङ्ख्या | | १०००० | ८ | ५ | ३ | १ |
| धर्मशाला तथा सिंढी र छठ घाट निर्माण | सङ्ख्या | १० | १०००० | ८ | ५ | २ | २ |
| पर्यटन मैत्री जनशक्ति विकासका लागि सीप विकास तथा क्षमता विकास कार्यक्रम | एकमुस्ट | | २५०० | १० | ६ | २ | ३ |
| पर्यटन सहायता कक्ष र पर्यटन सूचना केन्द्रको स्थापन र सञ्चालन | सङ्ख्या | १ | ५००० | ८ | ५ | ३ | ३ |
| नगर स्तरीय पर्यटन करिडोर निर्माण र व्यवस्थापन | एकमुस्ट | | २५००० | ८ | ५ | ३ | ३ |
| पर्यटकहरूको सहजता र सुरक्षाको लागि स्ट्रिट लाईट र सिसि टिभि क्यामरा जडान कार्यक्रम | सङ्ख्या | ५० | २५००० | ९ | ५ | ३ | ३ |
| आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्न टुरिजम मार्ग र फुड फेस्टिवल कार्यक्रम | पटक | ५ | ५००० | ८ | ५ | ३ | ३ |

### ४.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ३४: पर्यटन, संस्कृति तथा सम्पदाका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | जम्मा | पुस्त्याईको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पर्यटन | | | | | | | | | | | | |
| प्रभाव | नगरपालिका एउटा आकर्षक र मनोरम पर्यटकीय गन्तव्यका रूपमा स्थापित भएको हुनेछ । | पर्यटन व्यवसायबाट प्रत्यक्ष रोजगारी पाउने | सङ्ख्या | ७० | ८० | १०० | १५० | २०० | ३०० | ३०० | नगरपालिकाको प्रगति विवरण, वार्षिक नीति तथा कार्यक्रम, नगरपालिका प्रोफाइल, | पर्यटन क्षेत्रमा तीनै तहको सरकारको लगानी वृद्धि भएको हुने निजी क्षेत्रको |
| | | पर्यटक सङ्ख्यामा वृद्धि दर (आन्तरिक) | प्रतिशत | ११.२ | १२ | १२ | १३ | १४ | १५ | १५ | | |
| | | पर्यटक सङ्ख्यामा वृद्धि दर (बाह्य) | प्रतिशत | ७.६६ | ८ | ९ | १० | ११ | १२ | १२ | | |
| | | पर्यटन र सेवामूलक व्यवसायमा संलग्न व्यक्ति | सङ्ख्या | | १०० | २०० | ३०० | ४०० | ५०० | ५०० | | |





| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | जम्मा | पुस्त्याईको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर | पर्यटन व्यवसायको गुणस्तर वृद्धि भई पर्यटकीय स्थलको प्रचार-प्रसार भएको हुनेछ । | पर्यटन सूचना केन्द्र स्थापना | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ | सम्बन्धित शाखाको प्रतिवेदन | लगानी वृद्धि भएको हुने, पर्यटकीय स्थलहरूको बारेमा प्रभावकारी प्रचार प्रसार र आवश्यक पूर्वाधारहरू तयार भएका हुने |
| | | पालिकामा भ्रमण गर्न आएका पर्यटकहरूको वार्षिक सङ्ख्या | सङ्ख्या | १०३०६ | ११००० | १२००० | १३००० | १५००० | १८००० | १८००० | | |
| | | आधारभूत पूर्वाधार सहितको पर्यटकीय स्थल | सङ्ख्या | ६ | ७ | १० | १२ | १५ | १८ | १८ | | |
| प्रतिफल | आधारभूत पर्यटकीय पूर्वाधारहरूको विकास भएको हुनेछ । | पर्यटकीय स्तरका होटल तथा बेड | सङ्ख्या | ५ | ५ | ५ | ५ | ७ | ८ | ८ | | |
| | | | सङ्ख्या | ४० | ४० | ४० | ४० | ६० | ८० | ८० | | |
| | | साधारण होटल तथा बेड | सङ्ख्या | २५० | २५० | २५० | २५० | २५० | २५० | २५० | | |
| | | | सङ्ख्या | २५०० | २५०० | २५०० | २५०० | २५०० | २५०० | २५०० | | |
| | | होम स्टे तथा बेड | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| | पर्यटन उद्योगका लागि आवश्यक स्थानीय मानव संसाधन विकास भएको हुनेछ । | ट्रेकिङ गाइड तालिम प्राप्त जनशक्ति | सङ्ख्या | ० | १० | २० | ३० | ४० | ५० | ५० | | |
| | | कुक तालिम प्राप्त जनशक्ति | सङ्ख्या | १२६ | १५० | १७५ | २०० | २२५ | २५० | २५० | | |
| | | होटल व्यवस्थापन तालिम प्राप्त जनशक्ति | सङ्ख्या | ६८ | ८० | ९० | १०० | ११० | १२० | १२० | | |

### ४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

#### ४.४.१ पृष्ठभूमि

नेपालको संविधानले तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तार गर्ने, स्वदेशी लगानीलाई प्रोत्साहन गर्ने, वैदेशिक पूँजी आकर्षित गर्ने, औद्योगिक पूर्वाधार निर्माण गर्ने, स्थानीय श्रम सीपको उपयोग गर्ने, व्यापारिक स्वच्छता र अनुशासन कायम राख्दै उपभोक्ता हित संरक्षण गर्ने आदि नीति लिएको छ । स्थानीय सरकार सञ्चालन ऐनले लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, प्रवर्द्धन र व्यवस्थापन एवं उद्यमशिलता विकास र प्रवर्द्धनको अधिकार दिएको छ । साथै स्थानीय सेवाको व्यवस्थापन, स्थानीय बजार व्यवस्थापन आदि कुराहरू स्थानीय सरकारको कार्यक्षेत्रमा पर्दछन् ।

यस उपमहानगरमा करिव ३ प्रतिशत भन्दा कम जनसङ्ख्या उद्योग व्यवसायमा संलग्न रहेका छन् । कलैया उपमहानगरपालिकामा २५ वढी ठूला उद्योग व्यवसायमा सञ्चालनमा रहेकोमा १००० वढी साना उद्योग तथा व्यवसाय सञ्चालनमा रहेका छन् । कलैया उपमहानगरपालिकामा जम्मा १००० वढी उद्योग व्यवसायमा करिव ५००० जनाले रोजगारीको अवसर प्राप्त गरेको अनुमान गरिएको छ । यस उपमहानगरपालिकामा रहेका प्रमुख व्यापारिक केन्द्रहरूमा कलैया बजार, बरेवा बजार र बघन बजार लगायतका प्रमुख बजारहरू रहेका छन् । यस्ता बजारहरूबाट विशेषगरी खुद्रा व्यापार हुने गरेको छ । यसैगरी, कलैया उपमहानगरपालिकाबाट थोक व्यापार समेत हुने गरेको छ । थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल अन्य पहाडी तथा तराई जिल्लासँग हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरेको छ । यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रिक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई आयत गरिएका घरेलु उपयोगका सामानहरूको समेत थोक र खुद्राविक्री यस उपमहानगरपालिका बाट हुने गरेको पाइन्छ ।

स्थानीय बजारहरूमा दैनिक जसो खाद्यान्न तथा तरकारीको किनबेच लगायतका कारोबार हुने गरेको छ । स्थानीय स्तरमा उत्पादन हुने खाद्य तथा कच्चा पदार्थको बजार मूलतः स्थानीय बजार, छिमेकी पालिका र पोखरा लगायतका क्षेत्रका बजारहरू नै हुन् । स्थानीय उत्पादनहरू आँप, लिची, दुग्ध जन्य वस्तुहरू, मासु तथा खाद्यान्न, धान, मकै, गहुँ, ताजा तरकारी र कवाडी लगायतका समान एवं विभिन्न जडीबुटीहरू यहाँबाट निर्यात हुने गरेको छ ।

#### ४.४.२ समस्या तथा चुनौती

यस उपमहानगर क्षेत्र भित्र उद्योग सम्बन्धी जानकारीको अभाव, घरेलु उद्योग सम्बन्धी तालिम पर्याप्त नहुनु, उद्योग सञ्चालनका लागि पर्याप्त लगानीको व्यवस्था नहुनु, दक्ष जनशक्तिको उपलव्धता स्थानीयस्तरमा नहुनु जस्ता प्रमुख समस्याहरू रहेका छन् । साथै उत्पादनमा समेत उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु,





व्यावसायिक सूचना केन्द्रको कमी जस्ता पक्षपनि उद्योग व्यवसाय विकासको प्रमुख समस्याको रूपमा रहेको छ।

स्थानीय उत्पादनको तुलनामा खुल्ला रूपमा भित्रिने समानहरूले परनिर्भरतामा वृद्धि हुँदै गइराखेको अवस्था छ । आयात क्षेत्रको प्रमुख समस्या भनेको यस क्षेत्रबाट हुने पुँजीको पलायन नै हो । वित्तीय स्रोतको सङ्कुचनका कारण यस क्षेत्रका आर्थिक गतिविधिहरू क्रमशः अन्यत्र गएका छन् । रैथाने नस्ल तथा जातहरूको विस्थापनका कारण कृषि, बागवानी तथा पशु पन्छि पालन क्षेत्रमा संक्रमणको जोखिम फराकिलो हुँदै गइरहेको छ । निर्माण सामाग्रीको रूपमा प्रयोग हुने गिट्टी, ढुङ्गा, बालुवा आदि खानी तथा नदी जन्य वस्तुको अत्याधिक र अव्यवस्थित तरिकाले दोहन हुँदा वातावरणीय असन्तुलन मात्र नभई विपदको जोखिम उच्च रहेको छ ।

#### ४.४.३ सम्भावना तथा अवसर

वर्तमान अवस्थामा स्थानीय स्तरमा पाइने कच्चा पदार्थहरू र जडीबुटीमा आधारित थप उद्योग विकासको प्रचुर सम्भावना रहेको छ । साना तथा मझौला उद्योगकालागि आवश्यक कच्चा पदार्थ सहज रूपमा नै उपलब्ध हुन सक्ने देखिन्छ । त्यसैगरी, आयातलाई निर्यातले प्रतिस्थापन गर्न पालिका भित्र वस्तुहरूको उत्पादन र विविधिकरण गर्न सकिने सम्भावना रहेको देखिन्छ भने घरेलु स्तरमा उत्पादित उत्पादनहरूको बजारीकरणकोलागि उपमहानगरको सहजीकरण र समन्वयकारी भूमिका भने अति महत्त्वपूर्ण हुने गर्दछ ।

साना तथा मझौलाका उद्योगकोलागि आवश्यक कच्चा पदार्थ सहज रूपमा नै उपलब्ध हुनु, उद्योगको विकासबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुनु, उद्योगबाट स्थानीय तहमा हुने रोजगारी सिर्जनाले बसाईसराइ कम भई स्व–स्थानको विकासमा समुदायहरू समर्पित हुनु, स्थानीय कच्चा पदार्थको सदुपयोग हुनु, पर्यटकहरूलाई स्थानीय उत्पादन मार्फत् स्वागत गर्न सकिने र बजारीकरणलाई समेत सहयोग पुग्नु आदि उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति क्षेत्रका अवसरहरू हुन् ।

#### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<u>लक्ष्य</u>

आयात गर्नु पर्ने दैनिक उपभोग्य वस्तुमा आत्मनिर्भर भई निर्यातको अवस्था सिर्जना गर्ने ।

<u>उद्देश्य</u>

१. उपमहानगरको आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाउनु ।
२. स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको अधिकतम परिचालन गर्नु ।
३. उत्पादित वस्तुहरूको विक्री वितरणका लागि बजार व्यवस्थापन गर्नु ।
४. वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।

<u>रणनीति तथा कार्यनीति</u>

तालिका ३५: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका रणनीति र कार्यनीति

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: उपमहानगरको आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाउनु ।** | |
| १.१: अत्यावश्यक सामाग्रीहरूको सहज आपूर्तिको सुनिश्चितता गर्ने । | १. सुपथ मूल्य पसलहरू सञ्चालनको व्यवस्था गरिनेछ ।<br>२. सुपथ मूल्य पसल सञ्चालनका लागि सहज कर्जा तथा नियमित अनुगमनको व्यवस्था मिलाइनेछ ।<br>३. उपमहानगरको सम्पूर्ण आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन उच्चस्तरीय बजार अनुगमनको संयन्त्र परिचालित गरिनेछ। |
| **उद्देश्य २: स्थानीय स्रोत, सीप र साधनको अधिकतम परिचालन गर्नु ।** | |
| २.१: स्थानीय स्रोतमा आधारित कच्चा पदार्थको प्रशोधन गर्न तथा उद्योग सञ्चालन गर्न सहजीकरण एवम् प्रोत्साहन गर्ने । | १. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना र व्यावसायिक उत्पादन गरी उद्योग प्रवर्द्धन गरिनेछ ।<br>२. स्थानीय रूपमा उपलब्ध हुने कच्चा पदार्थको प्रशोधन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।<br>३. निजी-सहकारी लगानी मैत्री वातावरण निर्माण गर्न आवश्यक संस्थागत संयन्त्र बनाई क्रियाशील गरिनेछ ।<br>४. उद्योगी, व्यवसायी एवम् लगानीकर्तालाई उद्योग दतदिखि स्थानान्तरण सम्मका सेवाहरू सहज उपलब्ध गराइनेछ । |
| **उद्देश्य ३: उत्पादित वस्तुहरूको बिक्री वितरणका लागि बजार व्यवस्थापन गर्नु ।** | |
| ३.१: स्थानीय उत्पादनलाई गुणस्तरीयता सुनिश्चित गर्दै औद्योगिक वस्तुको बजारीकरण गर्ने। | १. जडीबुटी उत्पादन, प्रशोधन तथा निकासीमा जोड दिइनेछ।<br>२. स्थानीय स्रोतमा आधारित हस्तकला उद्योगहरूको स्थापनाद्वारा परम्परागत सीप तथा प्रविधिको संरक्षण र विकास गरिनेछ ।<br>३. औद्योगिक उत्पादनको गुणस्तरमा सुधार गर्न गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था गरिनेछ। |
| **उद्देश्य ४: वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।** | |
| ४.१: तुलनात्मक लाभका वस्तु तथा सेवाहरूको पहिचान गरी निर्यातयोग्य हुने वस्तु तथा सेवाको उत्पादकत्वमा वृद्धि गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने । | १. तुलनात्मक लाभका वस्तुहरूको उत्पादन र उत्पादकत्व बढाउन सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ ।<br>२. साना, घरेलु तथा मझौला उद्योगहरूलाई उत्पादन तथा आपूर्ति सञ्चालमा आवद्ध गर्दै माग बमोजिमका वस्तु तथा सेवाहरूको उत्पादनलाई प्राथमिकता दिइनेछ । |





### ४.४.५ कार्यक्रम तथा आयोजना

तालिका ३६: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति | | | | ६२००० | ५२००० | ५२००० | ५२००० | ५२००० | २७०००० | | |
| | सुलभ फार्मेसी | एकमुष्ठ | | | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | प्रदेश सरकार | |
| | प्लम्बिङ डकर्मी सिकर्मी तालिम | एकमुष्ठ | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | उपमहानगरपालिका | |
| | मैनबत्ती मुढा बनाउने तालिम | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | उपमहानगरपालिका | |
| | महिलारुको लागि उद्यम व्यवसाय तालिम | एकमुुष्ठ | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | उपमहानगरपालिका | |
| | औद्योगिक ग्रामको निर्माण तथा व्यवस्थापन | स्थान | | | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | उपमहानगरपालिका | |
| | निर्यातमुखि व्यवसाय संचालन गर्नेलाई आर्थिक प्रोत्साहन | पटक | | | १०००० | | | | | १०००० | उपमहानगरपालिका | |
| | स्थानीय श्रम प्रविधि र कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योग संचालन तथा प्रवर्द्धन | संख्या | | ७० | १४०० | १४०० | १४०० | १४०० | १४०० | ७००० | उपमहानगरपालिका | प्रकिया, टोपरी, बातवेश, बटाई, पातका भाडाकुडा निर्माण सम्बन्धि उद्योग |
| | सार्वजनिक निजी साझेदारी प्रवर्द्धन | एकमुष्ठ | | | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | उपमहानगरपालिका | स्थानीय सरसफाई, वातावरण संरक्षण, पर्यटन व्यवसाय, राजस्व संकलन पार्क व्यवस्थापन, यातायात व्यवस्थापन, जस्ता क्षेत्रहरूमा निजी क्षेत्रसँग सहकारी गरी सार्वजनिक निजी साझेदारीको माध्यमबाट कार्यक्रमहरू सञ्चालन गरी श्रोत परिचालन गर्ने |
| | स्थानीय व्यापार प्रवर्द्धन तथा राजस्व परिचालन | एकमुष्ठ | | | ११०० | ११०० | ११०० | ११०० | ११०० | ५५०० | उपमहानगरपालिका | स्थानीय व्यापार प्रवर्द्धन तथा राजस्व परिचालनका लागि स्थानीय उद्योग वाणिज्यसँग |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | सहकार्य तथा विभिन्न कार्यक्रमहरू संचालन |
| | स्थानीय व्यापारसँग सम्बन्धित प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन | पटक | | ५ | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | उपमहानगरपालिका | |
| | मेला, हाटबजार, महोत्सव प्रदर्शनी जस्ता स्थानीय व्यापार प्रवर्द्धनसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन तथा प्रोत्साहन | एकमुष्ठ | | | १८५०० | १८५०० | १८५०० | १८५०० | १८५०० | ९२५०० | उपमहानगरपालिका | |

तालिका ३७: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित बजेट | दिबिल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति | | | २७०००० | | | | |
| सुलभ फार्मेसी | एकमुस्ट | | ५०००० | ९ | १ | २ | ३ |
| प्लम्बिङ डकर्मी सिकर्मी तालिम | एकमुस्ट | | १०००० | १० | ४ | ३ | ३ |
| मैनबत्ती मुढा बनाउने तालिम | एकमुस्ट | | ५००० | १० | ४ | २ | ३ |
| महिलाको लागि उद्यम व्यवसाय तालिम | एकमुष्ठ | | ७५०० | १० | ४ | १ | ३ |
| औद्योगिक ग्रामको निर्माण तथा व्यवस्थापन | स्थान | | ५०००० | ९ | १ | ३ | ३ |
| निर्यातमुखी व्यवसाय सञ्चालन गर्नेलाई आर्थिक प्रोत्साहन | पटक | | १०००० | २ | ३ | २ | ३ |
| स्थानीय श्रम र कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योग सञ्चालन | सङ्ख्या | ७० | ७००० | ८ | २ | २ | ३ |
| सार्वजनिक निजी साझेदारी प्रवर्द्धन | एकमुस्ट | | २०००० | ८ | २ | ३ | ३ |
| स्थानीय व्यापार प्रवर्द्धन तथा राजस्व परिचालन | एकमुस्ट | | ५५०० | ८ | २ | ३ | ३ |
| स्थानीय व्यापारसँग सम्बन्धित प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन | पटक | ५ | १२५०० | ८ | २ | २ | ३ |
| मेला, हाटबजार, महोत्सव प्रदर्शनी जस्ता स्थानीय व्यापार प्रवर्द्धनसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन तथा प्रोत्साहन | एकमुस्ट | | ९२५०० | ८ | २ | २ | ३ |





### ४.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ३८: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | जम्मा | पुस्ट्याईको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति | | | | | | | | | | | | |
| प्रभाव | औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा स्थानीय रोजगारीमा वृद्धि, बजार व्यवस्थापन तथा प्रभावकारी आपूर्तिद्वारा पालिकाको अर्थतन्त्रको अभिवृद्धि हुनेछ । | उद्योग व्यवसायमा संलग्न (उद्यमी, व्यवसायी) | प्रतिशत | ०.८१ | १ | १.५ | २ | २.५ | ३ | ३ | नगरपालिका प्रोफाइल, सम्बन्धीत शाखाको प्रतिवेदन | नगरपालिका भित्र व्यापार व्यवसायमुलक वातावरण निर्माण भएको हुने |
| | | उद्योग व्यवसायबाट रोजगारी प्राप्त गर्नेको सङ्ख्या (थप) | सङ्ख्या | ४९५५ | ५००० | ५३०० | ५६०० | ७००० | ७५०० | ७५०० | | |
| असर | नगरपालिका भित्र उल्लेख्य सङ्ख्यामा लघु, घरेलु, साना तथा मझौला उद्योगको स्थापनामा भई रोजगारीका थप अवसरहरू सिर्जना भएको हुनेछ । | प्रत्यक्ष रोजगारीमा वृद्धि (वार्षिक) | प्रतिशत | ५ | ५ | ६ | ७ | ८ | १० | १० | | |
| | | सीपमूलक तालिम प्राप्त जनशक्ति | सङ्ख्या | २७० | ३०० | ३५० | ४०० | ४५० | ५०० | ५०० | | |
| | | घरेलु तथा साना उद्योग दर्ता | सङ्ख्या | ९९७ | १०२० | १०५० | १०८० | ११९० | ११४० | ११४० | | |
| | | मझौला उद्योग दर्ता | सङ्ख्या | ५२ | ६० | ७० | ८० | ९० | १०० | १०० | | |
| प्रतिफल | स्थानीय स्रोत, सीप र साधनको अधिकतम परिचालन भई स्थानीय स्रोतमा आधारित उद्योगहरू स्थापना भएको हुनेछ । | स्थानीय सीप तथा स्रोत साधनमा आधारित उद्योग | सङ्ख्या | ६२८ | ६३० | ६४० | ६५० | ६६० | ६७० | ६७० | | |
| | | स्थानीय कच्चा पदार्थ प्रशोधन उद्योग | सङ्ख्या | १४४ | १४४ | १४५ | १५० | १५२ | १५५ | १५५ | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्टयाईंको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| | उत्पादित वस्तुहरूको बिक्रि वितरणकालागि बजार व्यवस्थापन भएको हुनेछ । | विभिन्न ठाउमा हाट बजार सञ्चालन | सङ्ख्या | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | | |
| | | निकासीजन्य कच्चा पदार्थको परिमाण | मे. टन | १४५६५२ | १५०००० | १७०००० | १९०००० | २००००० | २२०००० | २२०००० | | |
| | वाणिज्य क्षेत्रले स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण हिस्सा लिएको हुनेछ । | विभिन्न ठाउँमा स्थानीय सामानको बजार सञ्चालन | सङ्ख्या | ५८ | ५८ | ६० | ६२ | ६४ | ६५ | ६५ | | |
| | | उत्पादन र बजारीकरण सहकारी संस्था | सङ्ख्या | १९ | १९ | १९ | १९ | १९ | १९ | १९ | | |
| | | थोक तथा खुद्रा व्यापारमा रोजगारी सिर्जना | सङ्ख्या | ११५३८ | ११६०० | ११७०० | ११८०० | ११९०० | १२००० | १२००० | | |
| | नगरपालिका भित्रको आपूर्ति प्रणाली प्रभावकारी भएको हुनेछ । | सुपथ मूल्य पसल | सङ्ख्या | ० | ३ | ३ | ५ | ५ | ७ | ७ | | |
| | | सहकारी पसल | सङ्ख्या | ० | १ | १ | ३ | ३ | ३ | ३ | | |
| | | होलसेल पसलको सङ्ख्या | सङ्ख्या | ८७ | ९० | ९२ | ९५ | ९७ | १०० | १०० | | |
| | | स्थानीय बजार र आपूर्ति अनुगमन | सङ्ख्या | १२ | आवश्यकता अनुसार | | | | | | | |



"वसोवास योग्य हरित सहर - समन्नत कलैया उपमहानगर"

## ४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ४.५.१ पृष्ठभूमि

कलैया उपमहानगरपालिकाको कूल जनसङ्ख्याको १० वर्ष माथिको जनसङ्ख्या मध्ये ६७.५ प्रतिशत आर्थिक क्रियाकलापमा सक्रिय जनसङ्ख्या रहेकोमा ३२.५ प्रतिशत जनसङ्ख्या आर्थिक क्रियाकलापमा निष्क्रिय रहेको देखिन्छ । उपलब्ध तथ्याङ्क अनुसार उपमहानगरको १.५ प्रतिशत जनसङ्ख्या वैदेशिक रोजगारीमा संलग्न रहेको छ । १० वर्ष माथिको जनसङ्ख्यामा आर्थिक रूपमा सक्रिय जनशक्ति मध्ये ८३.२ प्रतिशत पुरुष र ६१.४ प्रतिशत महिला गरी कूल ६७.५ प्रतिशत प्रायजसो काममा सक्रिय रहने गरेको देखिन्छ (राष्ट्रिय जनगणना, २०७८) । स्थानीय स्तरमा पर्याप्त रोजगारीको अवसर प्राप्त नहुँदा यस पालिकाबाट वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ ।

समावेशी तथा दिगो विकासकालागि गरिबी न्यूनीकरण र मानव सुरक्षाको महत्त्वपूर्ण साधनको रूपमा रहेको नागरिकको सामाजिक सुरक्षा तथा संरक्षणको हकलाई संविधानले नै सुनिश्चित गरेको छ । राज्यले आर्थिक तथा सामाजिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका विपन्न एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातीका नागरिक, दलित आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, स्वास्थ्य बिमा, दिवा खाजा, छात्रवृत्ति, निर्वाहमुखी भत्ता लगायत विशेष व्यवस्थासहित संरक्षणको व्यवस्था गर्दै आएको अवस्था छ ।संघीय सरकारमा जस्तै पालिकामा पनि विद्यमान सामाजिक सुरक्षा तथा संरक्षण प्रणालीलाई अझ सुदृढ, वित्तीय रूपले दिगो तथा प्रभावकारी बनाउन निकै आवश्यक भएको छ ।

### ४.५.२ समस्या तथा चुनौती

स्वदेशमा सीमित रोजगारी अवसर, युवा जनशक्तिको बढ्दो आकार, परम्परागत जीवन प्रणालीमा युवाहरूको घट्दो रुचि लगायतका कारणले नेपाली युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ । जसले अल्पकालीन रूपमा बेरोजगारीको समस्या न्यूनीकरण गर्न मद्दत पुग्नुका साथै प्राप्त विप्रेषणले मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन महत्त्वपूर्ण योगदान गरिरहेको छ । रोजगारीका कारण बढ्दो बसाईंसराई र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको कमी, पारिवारिक र सामाजिक समस्या र परनिर्भरता बढिरहेको छ । उपमहानगर क्षेत्रमा बढी रहेको विप्रेषण आयको उत्पादनमूलक क्षेत्रमा उपयोग हुन नसक्दा उपभोग बढ्दो छ।

संघ, प्रदेश तथा स्थानीय तहमा सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रम कार्यान्वयनमा जटिलताले कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन हुन नसक्नु, सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी खण्डीकृत तथ्याङ्क नहुनु यस क्षेत्रका केही समस्याहरू हुन् ।

### ४.५.३ सम्भावना तथा अवसर

आर्थिक रूपले जानसाङ्ख्यिक लाभ लिनसकिने जनसङ्ख्याको बाहुल्यता रहेको छ । जसको परिचालन मार्फत कलैया उपमहानगरपालिकाले स्थानीय विकासका कार्यलाई तिव्रत्तर रूपमा अगाडी बढाउन सक्दछ । त्यसैले यो सङ्ख्या आफैमा एउटा महत्त्वपूर्ण अवसरको रूपमा लिन सकिन्छ । त्यसको अलवा विदेशमा आर्जित विप्रेषण र सिकेको सीप आफ्नो थात्थलोमा प्रयोग गर्न सकेमा आर्थिक विकासमा योगदान पुगनुका साथै उत्पादन एवं रोजगारको अवसर समेत विस्तार हुने देखिन्छ ।

सामाजिक सुरक्षा तथा संरक्षणको विषय तीनै तहका सरकारले कार्यान्वयन गर्ने अधिकार क्षेत्रमा पर्नु, नेपाल सरकारले योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रम लागू गर्नु तथा सामाजिक सुरक्षा कोष ऐन लागू हुनु सामाजिक सुरक्षा कार्यक्रमको अवसर हो ।

### ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<u>लक्ष्य</u>

रोजगारीका अवसरहरू सिर्जना गरी समावेशी सामाजिक सुरक्षा र संरक्षण प्रणाली मार्फत कल्याणकारी उपमहानगरको रूपमा स्थापित गर्ने ।

<u>उद्देश्य</u>

१. वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारबाट आर्थिक लाभ प्राप्त वृद्धि गर्नु ।
२. सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका लक्षित वर्गको पहुँच सुनिश्चित गर्दै सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गर्नु ।

<u>रणनीति र कार्यनीति</u>

तालिका ३९: श्रम, रोजगारी र सामाजिक सुरक्षाका रणनीति र कार्यनीति

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारबाट आर्थिक लाभ प्राप्त वृद्धि गर्नु।** | |
| | सामुदायिक र संस्थागत तहबाट प्रदान गरिने शिक्षाको गुणस्तरमा रहेको अन्तर घटेको हुनेछ । | माध्यमिक शिक्षा कक्षा (९-१२) सञ्चालित सामुदायिक विद्यालय | सङ्ख्या | २७ | २७ | २७ | २७ | २७ | २७ | २७ | | |
| | | सामुदायिक विद्यालय | सङ्ख्या | ७२ | ७० | ६८ | ६५ | ६५ | ६५ | ६५ | | |
| | | संस्थागत विद्यालय | सङ्ख्या | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | | |
| | विपन्न वर्ग तथा दलित विद्यार्थीलाई उच्च शिक्षा (इञ्जिनियरिङ्ग, मेडिकल, कृषि, वन, आदिमा) नगरपालिकाबाट छात्रवृत्ति प्रदान हुनेछ र पालिकामा प्राविधिक जनशक्तिको आपूर्ति सहज हुनेछ । | प्राविधिक विषयमा अध्ययनरत दलित छात्रवृत्ति प्राप्त विद्यार्थी | सङ्ख्या | | अध्ययनरत सबै | | | | | | | |
| | | प्राविधिक विषयमा अध्ययनरत विपन्न छात्रवृत्ति प्राप्त विद्यार्थी | प्रतिशत | | १० | १० | १० | १० | १० | १० | | |

## ५.३ खानेपानी तथा सरसफाइ

### ५.३.१ पृष्ठभूमि

खानेपानी र सरसफाइ आम नागरिकका आधारभूत आवश्यकता हुन् । यी मानव स्वास्थ्यसँग प्रत्यक्ष जोडिएका क्षेत्रहरू समेत हुन् । नेपालको संविधान को भाग ३ को धारा ३५.४ अनुसार प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ भन्ने उल्लेख गरिएको छ । यसैगरी नेपाल सरकारको तत्कालीन सहरी विकास मन्त्रालयले राष्ट्रिय खानेपानी तथा सरसफाइ नीति २०१४ मा खानेपानी र सरसफाइलाई जनस्वास्थ्यको प्रवर्द्धनको लागि अपरिहार्य आधारको रूपमा लिएको देखिन्छ । नेपालको संविधान को धारा ३०.१ मा हरेक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक र ३०.२ मा वातावरणीय प्रदूषणको कारक भएकोमा पीडकले क्षतिपूर्ति गर्नुपर्ने र ३०.३ मा वातावरण र विकास बीच समुच्च सन्तुलनका लागि आवश्यक कानुनी व्यवस्था गर्न सक्ने व्यवस्था गरेको देखिन्छ । यसैगरी नेपाल जनस्वास्थ्य ऐन २०७५ को धारा ४१ मा संघीय कानुनको मातहतमा रहेर मानव स्वास्थ्यलाई हानी पुऱ्याउने प्रदूषण रोक्न संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले आवश्यक नियमावली बनाउन सक्ने र लागू गर्न सक्ने व्यवस्था गरेको छ ।

कलैया उपमहानगरपालिकामा आधारभूत खानेपानीको पहुँच भएको जनसङ्ख्या ९९ प्रतिशत रहेकोमा स्वच्छ खानेपानीको पहुँच भएको जनसङ्ख्या करिब १८.८४ रहेको छ भने सार्वजनिक पाइप धारा द्वारा वितरित पानी उपयोग गर्ने परिवार १७.४ प्रतिशत रहेको छ । उपमहानगरमा शौचालय भएका घर परिवार ९६.८ प्रतिशत रहेकोमा सेप्टिटयांकी सहितको शौचालय भएको परिवार २८.१४ प्रतिशत र साधारण शौचालय भएको परिवार ५९.६२ प्रतिशत रहेको छ भने ७.९६ प्रतिशत घर धुरीले अझै पनि शौचालय प्रयोग गर्ने नगरेको देखिन्छ । उपमहानगरका विभिन्न स्थानमा ३ वटा सार्वजनिक शौचालयहरू चालू अवस्थामा छन् (राष्ट्रिय जनगणना २०७८)।

### ५.३.२ समस्या तथा चुनौती

सरसफाइ तथा स्वच्छ खानेपानीको क्षेत्रमा गरिब, पिछडिएको र उच्च जोखिमयुक्त वर्ग सरसफाइको प्रभावबाट बाहिर हुनु, वातावरणीय प्रभाव, जलवायु परिवर्तन र अव्यवस्थित बस्ती विकासका कारण खानेपानीका स्रोतहरू सुक्दै जानु र स्रोत प्रदूषित हुनु, स्वास्थ्य क्षेत्र लगायतका फोहर मैला व्यवस्थापन, प्रशोधन र ढल निकासको कामहरू योजनाबद्ध रूपले अगाडि बढाउन नसक्नु आदि कलैया नगरका प्रमुख समस्याहरू हुन् ।

खानेपानीको थप स्रोतहरू पहिचान गरी सुविधा विस्तार गर्नु, पूर्ण सरसफाइ र व्यवस्थित ढल निकासको प्रबन्ध गर्नु, खानेपानी तथा सरसफाइको दिगो व्यवस्थापनकालागि वैकल्पिक वित्तीय स्रोतको व्यवस्थापन गर्नु तथा योजना, मर्मत सम्भार र दिगो व्यवस्थापनको लागि उपभोक्ताहरूको दक्षता अभिवृद्धि गर्नु आदि यस उपमहानगर क्षेत्रमा विद्यमान खानेपानी तथा सरसफाइ विकास सम्बन्धमा रहेका चुनौतीहरू हुन् ।





### ५.३.३ संभावना तथा अवसर

आधारभूत खानेपानी तथा सरसफाइ क्षेत्र तीनै तहका सरकारको उच्च प्राथमिकतामा पर्नु, आयोजनाको छनौट, सञ्चालन र व्यवस्थापनमा उपभोक्ता तथा समुदायको थप चासो हुँदै जानु, बस्ती नजिकै पानीका स्रोतहरू (नदी, खोलानाला र मूल) को उपलब्धता रहनु, भूमिगत प्रणालीबाट खानेपानी सुविधा पुऱ्याउन सकिने प्रविधिको विकास हुनु तथा नदी तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनमा समुदायको चासो बढ्दै जानु यस पालिकामा खानेपानी तथा सरसफाइ प्रवर्द्धनका अवसरहरू हुन् ।

### ५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

नगर क्षेत्रमा सर्वसुलभ र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा विस्तार गर्ने ।

**उद्देश्य**

१. आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।
२. गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा वृद्धि गर्नु ।
३. प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहर मैलाको व्यस्थापन गर्नु ।

**रणनीति र कार्यनीति**

तालिका ५१: खानेपानी तथा सरसफाइका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।** | |
| १.१: पहुँच नभएका बस्तीहरूमा खानेपानीको सेवा विस्तार गर्न खानेपानीका स्रोतहरूको पहिचान गर्ने | १. विद्यमान तथा वैकल्पिक खानेपानीका स्रोतहरूको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ ।<br>२. खानेपानीका स्रोतहरूको खोजी तथा संरक्षण गरिनेछ।<br>३. "एकघर एक धारा" कार्यक्रम निरन्तर लागु गरिनेछ ।<br>४. आधारभूत खानेपानीको पहुँच वृद्धिकोलागि उपमहानगरका विभिन्न ठाउँमा पानी ट्यांकीको सम्भ्याव्यता अध्ययन गरिनेछ ।<br>५. नयाँ संरचनाकोलागि आवश्यक जग्गाको व्यवस्था गर्ने मिलाइनेछ । |
| **उद्देश्य २: गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा वृद्धि गर्नु ।** | |
| २.१: आधारभूत खानेपानीको गुणस्तर बढाउन आवश्यक संरचनाहरू तयार गर्ने । | १. विद्यमान खानेपानीका संरचनाको क्षमता मूल्याङ्कन गरिनेछ ।<br>२. आवश्यकता अनुसार पानी शुद्धीकरण प्रक्रियाकोलागि संरचना निर्माण गरिनेछ ।<br>३. सामूहिक कोषको निर्माण गरी उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ ।<br>४. निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ ।<br>५. व्यवस्थित खानेपानीको रेखदेख र सञ्चालनकोलागि जनशक्तिको व्यवस्था गरिनेछ । |

| उद्देश्य ३: प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहर मैलाको व्यस्थापन गर्नु । | |
|---|---|
| ३.१: प्रत्येक घरपरिवारमा आधारभूत शौचालय तथा सरसफाइको व्यवस्था गर्ने । | १. निर्माण भएका शौचालयहरूको समुचित प्रयोगबारे अनुगमन गरिनेछ।<br>२. घरबाट निस्किने अन्य फोहर व्यवस्थापन गर्न घर परिवारलाई आवश्यक प्रशिक्षणको व्यवस्था गरिनेछ ।<br>३. हरेक घरबाट निस्किने कुहिने प्रकृतिका फोहर मैलाबाट कम्पोस्ट मल बनाउन प्रत्येक परिवारलाई प्रेरित गरिनेछ ।<br>४. घरबाट निस्किने पानीलाई सङ्कलन गरी करेसाबारीमा उपयोग गर्न प्रोत्साहित गरिनेछ।<br>५. समुदायका केही सार्वजनिक ठाउँहरूमा अपाङ्गमैत्री, बालमैत्री शौचालयको निर्माण गरिनेछ ।<br>६. सरसफाइ सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । |



### ५.३.५ कार्यक्रम तथा आयोजना

तालिका ५२: खानेपानी तथा सरसफाइका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र बार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | जिम्मेबारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | |
| | खानेपानी तथा सरसफाइ | | | | २३६७० | २३६७० | २३६७० | २३६७० | ३३६७० | १२८३५० | | |
| | शुद्ध खानेपानी विस्तार कार्यक्रम | एकमुष्ठ | | | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | संघ सरकार | |
| | सबै वडाहरूमा पूर्ण सरसफाई कार्यक्रम संचालन | संख्या | | २७ | ४५० | ४५० | ४५० | ४५० | ४५० | २२५० | उपमहानगरपालिका | |
| | एक पसल एक डस्विन कार्यक्रम (उद्योग वाणिज्य संघ, होटल व्यवसायी र संघ संस्था ) | एकमुष्ठ | | | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | उपमहानगरपालिका | |
| | फोहरमैला व्यवस्थापनको क्षेत्रमा काम गर्ने व्यक्ति वा संस्थालाई सम्मान कार्यक्रम | जना | | १० | ३२० | ३२० | ३२० | ३२० | ३२० | १६०० | उपमहानगरपालिका | |
| | सार्वजनिक जग्गाहरूमा हरियाली पार्किङ्ग कार्यक्रम | हेक्टर | | ५० | २००० | २००० | २००० | २००० | २००० | १०००० | उपमहानगरपालिका | |
| | सार्वजनिक शौचालय निर्माण | संख्या | | ६ | १०००० | १०००० | १०००० | १०००० | २०००० | ६०००० | उपमहानगरपालिका | कोइरिया टोल सिसहानिया चौक लगायतका स्थानमा |
| | सरसफाइ सचेतना कार्यक्रम | एकमुष्ठ | | | २०० | २०० | २०० | २०० | २०० | १००० | उपमहानगरपालिका | |

तालिका ५३: खानेपानी तथा सरसफाइका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित बजेट | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| खानेपानी तथा सरसफाइ | | | १२८३५० | | | | |
| शुद्ध खानेपानी विस्तार कार्यक्रम | एकमुस्ट | | ५०००० | ६ | ५ | २ | २ |
| सबै वडाहरूमा पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन | सङ्ख्या | २७ | २२५० | ६ | ५ | २ | २ |

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित बजेट | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| एक पसल एक डस्बिन कार्यक्रम (उद्योग वाणिज्य संघ, होटल व्यवसायी र संघ संस्था ) | एकमुस्ट | | ३५०० | ६ | ५ | २ | २ |
| फोहरमैला व्यवस्थापनको क्षेत्रमा काम गर्ने व्यक्ति वा संस्थालाई सम्मान कार्यक्रम | जना | १० | १६०० | ६ | ५ | २ | २ |
| सार्वजनिक जग्गाहरूमा हरियाली पार्किङ कार्यक्रम | हेक्टर | ५० | १०००० | ६ | ५ | ३ | २ |
| सार्वजनिक शौचालय निर्माण | सङ्ख्या | ६ | ६०००० | ६ | ५ | २ | २ |
| सरसफाइ सचेतना कार्यक्रम | एकमुस्ट | | १००० | ६ | ५ | १ | १ |

### ५.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ५४: खानेपानी तथा सरसफाइका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्टयाईंको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| खानेपानी तथा सरसफाइ | | | | | | | | | | | | |
| प्रभाव | पालिका क्षेत्रमा सर्वसुलभ र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा विस्तार हुनेछ । | आधारभूत खानेपानीको पहुँच भएको जनसङ्ख्या | प्रतिशत | ८५ | ८५ | ९० | ९५ | १०० | १०० | १०० | नगर प्रोफाइल, प्राविधिक शाखा, सम्बन्धित शाखाको प्रतिवेदन | खानेपानीको स्रोतहरूमा वृद्धि भएको हुने, सरसफाइ जनचेतनामा वृद्धि भएको हुने, फोहोरमैला र वातावरण प्रति जनचेतना वृद्धि भएको हुने, फोहोरमैला व्यवस्थापनमा |
| | | स्वच्छ खानेपानीको पहुँच भएको जनसङ्ख्या | प्रतिशत | १५ | १५ | २० | ३० | ५० | ७० | ७० | | |
| | | शौचालय भएका घरपरिवार | प्रतिशत | ९१.६४ | ९२ | ९३ | ९५ | ९७ | १०० | १०० | | |
| असर | आधारभूत खानेपानीको पहुँच हरेक टोल समुदायलाई हुनेछ । | पाईपद्वारा वितरित पानी उपयोग गर्ने परिवार | प्रतिशत | १४.४४ | १५ | २० | ३० | ५० | ७० | ७० | | |
| | | खानेपानीको स्रोत संरक्षण | सङ्ख्या | ३ | ५ | ७ | ९ | १० | १० | १० | | |
| प्रतिफल | | सेफ्टिटयांकी सहितको शौचालय भएको परिवार | प्रतिशत | ७८.२ | ८० | ८२ | ८५ | ८८ | ९२ | ९२ | | |





| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्टयाईंको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| | आधारभूत सरसफाइमा सुधार गरी समुदायलाई प्रदूषणमुक्त बनाउन सकिनेछ । | साधारण शौचालय भएको परिवार | प्रतिशत | १३.४४ | १२ | ११ | १० | ९ | ८ | ८ | | नगरपालिकाले थप लगानी गरेको हुने |
| | | सार्वजनिक शौचालय | सङ्ख्या | २० | २२ | २४ | २६ | २८ | ३० | ३० | | |
| | संक्रामक रोगको फैलावटमा कमी आउनेछ । | जोखिमयुक्त अवस्थामा साबुन पानीले हात धुने | प्रतिशत | ८९.२२ | ९० | ९५ | १०० | १०० | १०० | १०० | | |
| | | उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | १४.४४ | १५ | २० | ३० | ५० | ७० | ७० | | |



CamScanner

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

नेपालको कानुनले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्पसहित महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेको छ । नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ को अनुमोदन तथा दिगो विकासका लक्ष्यमा लैङ्गिक समानता तथा सशक्तीकरणको विषय समावेश भएको छ । महिलाहरूको क्षमता, श्रम, सीप र सृजनालाई विकास प्रकृयामा लगाई संविधानको मर्म अनुरूप सामाजिक समानता कायम गर्न कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ ।

महिला सशक्तिकरण कार्यक्रम मार्फत महिलाहरूको आर्थिक सामाजिक स्तरमा सुधार आएको छ । किशोर किशोरीहरूको लागि जीवन उपयोगी सिप मार्फत उनीहरूको बहुआयमिक विकासमा टेवा पुगेको छ । लैंगिक हिंसा विरुद्धको कार्यक्रम मार्फत महिला माथि हुने विभेदहरूलाई न्यूनीकरण भएको छ। ज्येष्ठ नागरिक कार्यक्रम मार्फत ज्येष्ठ नागरिकको अनुभवको सम्मान तथा ज्येष्ठ नागरिक माथि हुने दुर्व्यवहारको अन्त्य गर्ने कार्यक्रमहरू सञ्चालनमा ल्याइएका छन् । उपमहानगरपालिका पर्यटन, शिक्षा र कृषिको उर्वरभूमिको रूपमा रहे पनि विगतमा केही सामाजिक असमानता तथा विभेदका कारण यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्ग सामाजिक तथा आर्थिक रूपले पछाडि परेका छन् । लक्षित वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गिण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई यस योजनाले समेट्नेछ ।

बालबालिकाको हकलाई संविधानले मौलिक हकको रूपमा स्थापित गरेको हुँदा बाल बचाउ, बाल संरक्षण, बाल विकास र बालसहभागिता जस्ता बालअधिकारका आधार स्तम्भहरू प्रत्याभूति गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ लागु गरिएको छ । त्यसैगरी ज्येष्ठ नागरिकहरूको जीवन सहज, सुरक्षित एवं सम्मानित बनाई सामाजिक न्याय कायम गर्नु कल्याणकारी राज्यको दायित्व हो भने अपाङ्गतासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजनाका आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई विकासको मूलधारमा ल्याउनकालागि समावेशी र समन्यायिक पहुँच तथा सहभागितामा जोड दिइनु पर्दछ ।

### ५.४.२ समस्या तथा चुनौती

लैङ्गिक विभेद तथा हिंसालाई बढावा दिने सामाजिक संरचना, सोच, मूल्य, मान्यता, प्रथा, परम्परा कायमै रहनु, महिला माथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान हुनु, सामाजिक र पारिवारिक वहिष्करणमा परेका तथा हिंसा पीडित तथा एकल महिलालाई पूर्णरूपमा संरक्षण, पुनर्स्थापना, सशक्तीकरण र स्वावलम्बी बनाउन नसकिनु महिला सम्बन्धी क्षेत्रका समस्या हुन् ।





महिला तथा बालबालिकाहरू माथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान रहनु, हिंसा पिडित महिलालाई पूर्णरूपमा संरक्षण र पुनर्स्थापना गर्न नसक्नु, सशक्तिकरण र स्वावलम्बी बनाउन नसकिनु जस्ता समस्याहरू विद्यमान रहेका छन् । अझैपनि जेष्ठ नागरिकहरूको ज्ञान, सीप र अनुभव मुलुकले उपयोग र नयाँ पीढिमा हस्तान्तरणको पहल हुन नसक्नु, बेवारिसे, असहाय, अशक्त, एकल जेष्ठ नागरिकहरूको उचित संरक्षण नहुनु, जेष्ठ नागरिकले उचित सम्मान पाउन नसक्नु जस्ता समस्याहरू जेष्ठ नागरिकका समस्याहरू हुन् । अपाङ्गमैत्री शिक्षाको अभावका कारण अपाङ्गता भएका बालबालिकाहरू विद्यालय बाहिर रहनु, उनीहरूका लागि रोजगारी, सामाजिक सहभागिता र आयआर्जनका अवसरमा समान पहुँच नहुनु र विभिन्न अवरोध, विभेद र असमान व्यवहारको अवस्था विद्यमान हुनु जस्ता समस्याहरू रहेका छन् ।

आर्थिक तथा सामाजिक जीवनमा लैङ्गिक समानता कायम गर्नु, लैङ्गिक दृष्टिकोणलाई मूलप्रवाहीकरण गरी लैङ्गिक उत्तरदायी स्थानी शासन पद्धति कायम गर्नु, महिलामाथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु, विकसित विश्वव्यापी मूल्य, मान्यता र बदलिँदो परिस्थितिलाई सम्बोधन हुने गरी बाल अधिकारको संरक्षण र प्रवर्द्धनलाई प्रभावकारी बनाउनु तथा ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई समाज विकास र पूर्वाधार निर्माणमा उपयोग गर्नु, ज्येष्ठ नागरिक माथि हुने हिंसा र दुर्व्यवहारको अन्त्य गर्नु चुनौतीहरू विद्यमान छन् ।

### ५.४.३ संभावना तथा अवसर

सामाजिक असमानता तथा विभेदका कारण सामाजिक तथा आर्थिक रूपले पछाडि परेका यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्गको उत्थान गरी विकासको मूल प्रवाहमा समाहित गर्दै लक्षित वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गीण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई समेट्न सके कलैयाले समतामुलक, समृद्ध पालिकाको रूपमा आफ्नो पहिचान स्थापित गर्न सक्ने सम्भावना रहेको छ ।

लैङ्गिकमैत्री संविधान तथा राज्यका तीनै तहमा महिलाको राजनैतिक सहभागिता तथा समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै आउनु, बालबालिकाको मौलिक हक सम्बन्धी सवालका लागि विभिन्न नीति तथा कार्यक्रमको प्राथमिकताका साथ तर्जुमा हुनु, संविधानद्वारा ज्येष्ठ नागरिकको विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक सुनिश्चित हुनु तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि सेवा सुविधा र सामाजिक सुरक्षाको व्यवस्था संविधान तथा ऐनद्वारा ग्यारेन्टी गरिनु तथा अपाङ्गता भएका व्यक्तिहरू स्वयं क्रियाशिल भई संगठित हुनु आदि अवसरका रूपमा रहेका छन् ।

## ५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी सक्षम र आत्म सम्मानपूर्ण जीवन यापन गराउने ।

**उद्देश्य**

१. महिला हिंसाको अन्त्य तथा लैङ्गिक समता कायम गर्नु
२. बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सिर्जना गर्नु
३. ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु
४. अपाङ्गता भएका व्यक्तिकालागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवनयापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्नु
५. दलित तथा सिमान्तकृत समुदायलाई विकास तथा सामाजिक न्यायको मूलधारमा प्रवाहीकरण गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका ५५: महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: महिलाको हक-अधिकारको संरक्षण र लैङ्गिक समता कायम गर्नु ।** | |
| १.१: पालिका मातहतका सबै निकायहरूमा लैङ्गिक समानता वृद्धि गर्ने । | १. नगरमा नीति निर्माण र कार्यान्वयनमा महिलाको समान सहभागिता तथा प्रतिनिधित्वमा बढोत्तरी गरिनेछ ।<br>२. लैङ्गिक समानता प्राप्तिको लागि पुरुषको समेत सक्रिय सहभागितामा वृद्धि गरिनेछ। |
| १.२: लैङ्गिक हिंसा अन्त्य गर्ने कार्यक्रम कार्यान्वयन गर्ने । | १. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद नियन्त्रणको कानुनी उपचार प्रणालीलाई पहुँच योग्य बनाइनेछ ।<br>२. स्थानीय तहमा हिंसा प्रभावित महिलाहरूको लागि पुनर्स्थापना तथा सुरक्षा गृह स्थापना तथा सञ्चालन का साथै पालिकामा राहत कोषको सञ्चालन गरिने छ। |
| **उद्देश्य २: बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बाल मैत्री वातावरण सृजना गर्नु ।** | |
| २.१: विभेद, हिंसा, उत्पीडन, शोषणबाट बालबालिकालाई उचित संरक्षण गर्ने । | १. बालबालिका विरुद्ध हुने हिंसा, यौन दुर्व्यवहार, बालश्रम, बलात्कार, वेचविखनजस्ता अपराध विरुद्ध सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>२. हिंसा प्रभावित बालबालिकाको उचित संरक्षण तथा पुनर्स्थापनाका लागि बाल हेल्पलाइन सेवाको व्यवस्था गरिनेछ ।<br>३. अनाथ, असहाय, पूर्ण अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि पुनर्स्थापना केन्द्र तथा बालकोषको स्थापना गरिनेछ ।<br>४. बाल विवाह न्यूनिकरणका लागि उचित कदम चालिनेछ । |





| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| २.२: बालबालिकाको सहभागिता वृद्धि गर्ने । | १. बाल क्लब तथा बाल सञ्जालको गठन, विस्तार तथा परिचालन गरी बालबालिकाको सहभागिता बढाइनेछ ।<br>२. स्थानीय नीति निर्माण तहमा बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ ।<br>३. बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकासमा अवरोध तथा बाधा नपर्ने गरी बाल सहभागितामा वृद्धि गरिनेछ । |
| २.३: बालमैत्री वातावरणको विकास गर्ने । | १. बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि प्रत्येक वार्डमा बाल उद्यान निर्माण गरिनेछ ।<br>२. बाल मैत्री स्थानीय शासनका माध्यमबाट बाल अधिकार सूचकहरू पूरा गर्न बालमैत्री पालिका घोषणा गरिनेछ । |
| **उद्देश्य ३: ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु ।** | |
| ३.१: ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहारसुसार र उपयुक्त वातावरण सिर्जना गर्ने । | १. आफ्ना आमा बाबुलाई सन्तानले हेरचाह तथा उचित व्यवस्थापन गर्नुपर्ने पद्धतिको प्रवर्द्धन गरिनेछ ।<br>२. आवश्यकता अनुसार ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा आश्रमको व्यवस्था गरिनेछ । |
| ३.२: ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गरी सहभागितामा वृद्धि गर्ने । | १. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अवसर प्रदान गर्नुका साथै अन्तर पुस्ता हस्तान्तरण गरिनेछ । |
| ३.३: ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा सेवालाई वृद्धि गर्ने । | १. ज्येष्ठ नागरिकलाई सम्मान स्वरूप सेवा र सुविधामा विशेष सहुलियतको व्यवस्था गरिनेछ ।<br>२. ज्येष्ठ नागरिकले समाज र राष्ट्रको लागि पुऱ्याएको योगदानको आधारमा सम्मान गरिनेछ । |
| **उद्देश्य ४: अपाङ्गता भएका व्यक्तिका लागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत जीवन यापनमा सहजता तथा आत्म सम्मान प्रदान गर्नु ।** | |
| ४.१: अपाङ्ग मैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा पहुँच बढाउने । | १. भौतिक संरचना, पूर्वाधार तथा यातायातका साधनहरू अपाङ्ग मैत्री बनाई सहज हुने वातावरण निर्माण गरिनेछ ।<br>२. शिक्षण सिकाइ पद्धति अपाङ्ग मैत्री बनाई गुणस्तरीय शिक्षामा सबै अपाङ्गता भएका बालबालिकाहरूको पहुँच वृद्धि गरिनेछ ।<br>३. अपाङ्गता भएका व्यक्तिहरूलाई सरकारी र निजी क्षेत्रमा रोजगारीको अवसरहरू सृजना गरिनेछ । |
| ४.२: अपाङ्ग व्यक्तिहरू प्रति गरिने हिंसाको न्यूनीकरण गर्ने । | १. अपाङ्ग व्यक्तिहरू प्रति गरिने विभेद र हिंसा निराकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. अपाङ्गता भएका व्यक्तिको सहभागितामा वृद्धिका लागि आवश्यक नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ । |
| **उद्देश्य ५: दलित तथा सिमान्तकृत समुदायलाई विकास तथा सामाजिक न्यायको मूलधारमा प्रवाहीकरण गर्नु ।** | |

| | |
|---|---|
| ५.१: दलित तथा सिमान्तकृत समुदायको सबै प्रकारका सार्वजनिक समिति तथा निकायमा प्रतिनिधित्व सुनिश्चितता गर्ने । | १. नगरमा उपलब्ध रोजगारीका अवसरहरुमा दलित तथा सिमान्तकृत समुदायका युवाहरुलाई प्राथमिकता दिइनेछ ।<br>२. स्थानीय उपभोक्ता समितिहरुमा दलित तथा सिमान्तकृत समुदायको अनिवार्य प्रतिनिधित्वको प्रावधान राखिनेछ ।<br>३. दलित तथा सिमान्तकृत समुदायका नागरिकलाई शिक्षा, स्वास्थ्य, खानेपानी लगायत आधारभूत सेवा सुविधा समतामुलक रुपमा वितरण गर्ने प्रवन्ध मिलाइनेछ । |



५.४.५ कार्यक्रम तथा आयोजना

तालिका ५६: महिला, वालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | |
| | महिला, वालबालिका तथा लक्षित वर्ग | | | | २३४०० | २१९०० | ३१९०० | ४१९०० | २१९०० | १४१००० | | |
| | महिला | | | | | | | | | | | |
| | महिलाका लागि शिप विकास कार्यक्रम | एकमुष्ट | | | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | उपमहानगरपालिका | |
| | कुप्रथा र विकृति विरुद्ध सामाजिक सचेतना कार्यक्रम | एकमुष्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | उपमहानगरपालिका | निगरानी समुह, आमा समुह, टोल विकास समिति |
| | हिंसा पिडित महिलाको लागि सेफ हाउस स्थापना कार्यक्रम | संख्या | | १ | | | १०००० | २०००० | | ३०००० | उपमहानगरपालिका | |
| | एक टोल एक निगरानी समुह र महिला समिति मार्फत सामाजिक सशक्तिकरण कार्यक्रम | संख्या | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | उपमहानगरपालिका | |
| | लैंगिक हिंसा पुनर्स्थापना तथा परिवार मिलन कार्यक्रम | एकमुष्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | उपमहानगरपालिका | |
| | उप प्रमुख महिला उद्यमी कार्यक्रम | एकमुष्ट | | | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | उपमहानगरपालिका | |
| | लक्षित महिलाको सशक्तिकरण एवं मुलप्रवाहीकरण कार्यक्रम | एकमुष्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | उपमहानगरपालिका | |
| | बालबालिका | | | | | | | | | | | |
| | वालश्रम मुक्त वडा तथा उपमहानगर घोषणा कार्यक्रम | संख्या | | २७ | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | उपमहानगरपालिका | |
| | बालमैत्री वडा तथा उपमहानगर घोषणा कार्यक्रम | संख्या | | ५ | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | उपमहानगरपालिका | |
| | बालश्रमिकहरूको तथ्याङ्क सङ्कलन कार्यक्रम | सालबसाली | | | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | उपमहानगरपालिका | |
| | बाल भेला कार्यक्रम | पटक | | २७ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | उपमहानगरपालिका | |



CamScanner

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | |
| | विपदमा परेका बालबालिकाको संरक्षण कार्यक्रम | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | उपमहानगरपालिका | |
| | **ज्येष्ठनागरिक** | | | | | | | | | | | |
| | जेष्ठ नागरीक मिलन केन्द्र प्रत्येक वडामा निर्माण | संख्या | | | | | | | | | | |
| | जेष्ठ नागरिक वडा र उपमहानगर स्तरीय सञ्जाल गठन र विकासमा सहभागिता | संख्या | | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | उपमहानगरपालिका | |
| | हरेक वडाहरूमा जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन | संख्या | | २७ | २००० | २००० | २००० | २००० | २००० | १०००० | उपमहानगरपालिका | |
| | **अपाङ्गता भएका व्यक्तिहरू** | | | | | | | | | | | |
| | अपांङ्ग हेल्प डेक्स | सङ्ख्या | | १ | १५०० | | | | | १५०० | उपमहानगरपालिका | |
| | नगर स्तरीय सञ्जाल गठन र विकासमा सहभागिता | सङ्ख्या | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | उपमहानगरपालिका | |
| | अपाङ्ग मैत्री शौचालय निर्माण | सङ्ख्या | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | उपमहानगरपालिका | |
| | सबै वडा तथा कार्यपालिकाको कार्यालयमा अपाङ्गता सहायता कक्ष सञ्चालन | सङ्ख्या | 1 | २७ | १००० | १००० | १००० | १००० | १००० | ५००० | उपमहानगरपालिका | |

**तालिका ५७: महिला, बालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण**

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित बजेट | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| **महिला, बालबालिका तथा लक्षित वर्ग** | | | १४१००० | | | | |
| **महिला** | | | | | | | |
| महिलाका लागि सीप विकास कार्यक्रम | एकमुस्ट | | २५००० | ५ | ६ | १ | ३ |





| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित बजेट | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| कुप्रथा र विकृति विरुद्ध सामाजिक सचेतना कार्यक्रम | एकमुस्ट | | २५०० | ५ | ६ | १ | ३ |
| हिंसा पीडित महिलाको लागि सेफ हाउस स्थापना कार्यक्रम | सङ्ख्या | १ | ३०००० | ५ | ६ | १ | ३ |
| एक टोल एक निगरानी समूह र महिला समिति मार्फत सामाजिक सशक्तीकरण कार्यक्रम | सङ्ख्या | | १०००० | ५ | ६ | १ | ३ |
| लैङ्गिक हिंसा पुनर्स्थापना तथा परिवार मिलन कार्यक्रम | एकमुस्ट | | ५००० | ५ | ६ | १ | ३ |
| उप प्रमुख महिला उद्यमी कार्यक्रम | एकमुस्ट | | १२५०० | ५ | ६ | १ | ३ |
| लक्षित महिलाको सशक्तीकरण एवं मुलप्रवाहीकरण कार्यक्रम | एकमुस्ट | | २५०० | ५ | ६ | १ | ३ |
| **बालबालिका** | | | | | | | |
| बाल श्रम मुक्त वडा तथा नगर घोषणा कार्यक्रम | सङ्ख्या | २७ | ४००० | ५ | ६ | २ | ३ |
| बालमैत्री वडा तथा नगर घोषणा कार्यक्रम | सङ्ख्या | ५ | ४००० | ५ | ६ | २ | २ |
| बाल श्रमिकहरूको तथ्याङ्क सङ्कलन कार्यक्रम | सालबसाली | | २००० | ५ | ६ | १ | ३ |
| बाल भेला कार्यक्रम | पटक | २७ | २००० | ५ | ६ | २ | ३ |
| विपदमा परेका बालबालिकाको संरक्षण कार्यक्रम | एकमुस्ट | | ५००० | ५ | ६ | २ | २ |
| **ज्येष्ठ नागरिक** | | | | | | | |
| जेष्ठ नागरिक मिलन केन्द्र प्रत्येक वडामा निर्माण | सङ्ख्या | | | ५ | ६ | ३ | ३ |
| जेष्ठ नागरिक वडा र नगर स्तरीय सञ्जाल गठन र विकासमा सहभागिता | सङ्ख्या | ५ | १०००० | ५ | ६ | ३ | ३ |
| हरेक वडाहरूमा जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन | सङ्ख्या | २७ | १०००० | ५ | ६ | ३ | ३ |
| **अपाङ्गता भएका व्यक्तिहरू** | | | | | | | |
| अपाङ्ग हेल्प डेक्स | सङ्ख्या | १ | १५०० | ५ | ६ | ३ | ३ |
| नगर स्तरीय सञ्जाल गठन र विकासमा सहभागिता | सङ्ख्या | ५ | ५००० | ५ | ६ | ३ | ३ |
| अपाङ्ग मैत्री शौचालय निर्माण | सङ्ख्या | ५ | ५००० | ५ | ६ | ३ | ३ |
| सबै वडा तथा कार्यपालिकाको कार्यालयमा अपाङ्गता सहायता कक्ष सञ्चालन | सङ्ख्या | २७ | ५००० | ५ | ६ | ३ | ३ |

### ५.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ५८: महिला, बालबालिका तथा लक्षित वर्गका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | जम्मा | पुस्टयाईंको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला, बालबालिका तथा लक्षित वर्ग | | | | | | | | | | | | |
| प्रभाव | महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी सक्षम र आत्म सम्मानपूर्ण जीवन यापन भएको हुनेछ । | महिला/घरेलु हिंसा | प्रतिशत | १५ | १२ | १० | ८ | ५ | २ | २ | नगरपालिका प्रोफाइल, सामाजिक विकास शाखा, वार्षिक प्रतिवेदन | निर्माण हुने संरचनाहरु लैङ्गिक सम्वेदनशील भएको हुने, योजना तथा कार्यक्रमहरु लैंगिकमैत्री हुनुको साथै बजेटको परिमाणमा पनि वृद्धि भएको |
| | | बालश्रम | प्रतिशत | १३.१ | १० | ५ | ० | ० | ० | ० | | |
| | | अपाङ्गमैत्री सार्वजनिक सेवा प्रदायक संस्था | सङ्ख्या | २ | ५ | ८ | १५ | २० | २८ | २८ | | |
| | | बैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| असर | पालिका र पालिका मातहतका सबै निकायहरूमा सामाजिक समवेशिकरंका आधारमा समतामुलक सेवा प्रभाव भएको हुनेछ । | लैङ्गिक हिंसा र छुवाछूत सम्वन्धी घटना दर्ता | सङ्ख्या | ११३ | ८० | ५० | २० | १० | ० | ० | | |
| | | तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | सङ्ख्या | ३४ | ४४ | ५४ | ७० | ८५ | १०० | १०० | | |
| | | कुल सहभागीहरूमा महिलाको प्रतिशत | प्रतिशत | २१.२६ | २५ | ३३ | ३३ | ३३ | ३३ | ३३ | | |
| प्रतिफल | लैङ्गिक हिंसा अन्त गर्ने कार्यक्रम तर्जुमा गरी कार्यान्वयन हुनेछ । | व्यावसायिक सीपमूलक तालिम प्राप्त महिला | सङ्ख्या | १६८ | १९० | २१० | २३० | २५० | २७० | २७० | | |
| | | लैङ्गिक हिंसा र छुवाछूत सम्वन्धी सचेतना कार्यक्रम | सङ्ख्या | ६ | २ | २ | २ | २ | २ | १० | | |
| | | पीडित महिलाहरूको लागि सुरक्षित आवास गृह | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | १ | | |
| | | जेसी परीक्षण | सङ्ख्या | ३ | १ | १ | १ | १ | १ | ५ | | |
| | सबै प्रकारका विभेद, हिंसा, उत्पीडन, शोषणवाट सबै प्रकारका वालवालिकालाई उचित संरक्षण हुनेछ । | वाल हेल्पलाइन सञ्चालन | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ | | |
| | | वाल उद्यान | सङ्ख्या | २ | ३ | ५ | ८ | १० | १५ | १५ | | |



"बसोवास योग्य हरित सहर - समन्नुत कलैया उपमहानगर"

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | जम्मा | पुस्टयाईंको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सुरक्षित वाल गृह | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहारसुसार र उपयुक्त वातावरण सिर्जना हुनेछ । | जेष्ठ नागरिक दिवा सेवा केन्द्र | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | जेष्ठ नागरिक सम्मान | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | ५ | | |
| | ज्येष्ठ नागरिकले आर्जन गरेको ज्ञान, सीप र अनुभवलाई राज्यले उपयोग गर्न नीति निर्माणमा सहभागिता अभिवृद्धि हुनेछ । | जेष्ठ नागरिक सत्सङ्ग केन्द्र | सङ्ख्या | ० | ० | १ | १ | २ | २ | २ | | |
| | अपाङ्गमैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा सहज पहुँच हुनेछ । | अपाङ्गता भएकाहरूको लागि दिवा सेवा केन्द्र | सङ्ख्या | ० | ० | १ | १ | २ | २ | २ | | |
| | | यौनिक तथा लैङ्गिक अल्पसंख्यक मैत्री सार्वजनिक शौचालय | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | अपाङ्गता भएका व्यक्तिहरूप्रति गरिने विभिन्न प्रकारको हानिकारक अभ्यास तथा परम्परा, विभेद र हिंसा आदिको न्यूनीकरण भएको हुनेछ | अपाङ्गता सम्वन्धी हेल्प डेक्स सञ्चालन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | | कुल सहभागीहरूमा अपाङ्गता भएका | प्रतिशत | ३.०५ | ५ | ५ | ५ | ५ | ५ | ५ | | |

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

नगर विकासको लागि युवा वर्गको महत्त्वपूर्ण भूमिका हुन्छ । युवा शक्तिको पहिचान र परिचालन गर्न सकेमा समग्र विकास प्रक्रियामा युवाले योगदान गर्न सक्छन् । विकासमा युवा सहभागिताको अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण तयार गरी युवाहरूको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनु पर्दछ । जनसाङ्ख्यिक पूँजीको रूपमा रहेका युवाहरूको विदेश पलायन रोक्दै विकासको हरेक क्षेत्रमा युवाहरूको पहुँच बढाउने र सामाजिक-आर्थिक रूपान्तरणमा युवाहरूलाई मूलप्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवाहरूबाट पालिकाको विकासमा योगदानको वातावरण सिर्जना गर्नु पर्ने भएको छ । यसका साथै स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने भनिएको छ ।

कलैया उपमहानगरपालिकाको उमेर गत जनसङ्ख्यालाई विश्लेषण गर्दा कुल जनसङ्ख्याको करिब ५२ प्रतिशत जनसङ्ख्या युवा र आर्थिक रूपले सक्रिय जनसङ्ख्या रहेको छ कूल जनसङ्ख्याको अनुपातमा युवा समूहको जनसङ्ख्या यतिको हुनु समग्र आर्थिक र सामाजिक विकासका लागि राम्रो हो । यस उपमहानगरमा २५ जना व्यावसायिक खेलाडी रहेका छन् जस मध्ये ४ जना राष्ट्रिय स्तरका र १० जना क्षेत्रीय स्तरका खेलाडीहरू रहेका छन् । यस उपमहानगर क्षेत्र भित्र २५ वटा युवा क्लवहरू रहेका छन् । यस्ता क्लबहरू खेलकुद तथा युवा सशक्तिकरणका अतिरिक्त सामाजिक कार्यमा पनि संलग्न रहेको देखिन्छ

### ५.५.२ समस्या तथा चुनौती

युवा लक्षित विकासका लागि कार्यक्रमको प्रभावकारी कार्यान्वयन नहुनु, वजारको माग र आपूर्तिका आधारमा रोजगार सिर्जनाका लागि उचित योजना अनुसार जनशक्ति उत्पादन हुन नसक्नु, युवाहरूका लागि उद्यमशीलता र रोजगारीका अवसरहरू पर्याप्त नहुँदा विदेश पलायन हुन बाध्य हुनु, सीप र तालिम विनाका अदक्ष कामदारहरू वैदेशिक रोजगारीमा पठाउँदा पर्याप्त रेमिटेन्स भित्रिन नसक्नु, "विकास-अनुशासन-गतिशीलता" सँग युवाहरूलाई जोड्न नसक्नु, सामाजिक र सांस्कृतिक विकृति विसंगतिहरूबाट जोगाउन गरिएका प्रयासहरू पर्याप्त नहुनु आदि प्रमुख समस्याहरू हुन् ।

खेलकुद विकासका लागि पूर्वाधार र खेल सामग्रीको कमी हुनु, पालिकामा भएका खेलकुद पूर्वाधारहरू गुणस्तरीय, आधुनिक र सुविधायुक्त नहुनु, युवा तथा खेलकुद क्लवहरू वैधानिक रूपमै सञ्चालन गर्न नसक्नु, क्लवहरूको आफ्नै भवन र पूर्वाधार नहुनु, खेलाडी तथा प्रशिक्षकहरूलाई नियमित रूपमा प्रशिक्षण दिई उनीहरूको मनोवल उच्च बनाई जीविकोपार्जनको आधारको रूपमा स्थापित गर्न नसकिनु, अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा नियमित रूपमा प्रतिस्पर्धी हुन नसक्नु, खेलकुदको विकास र लगानीमा निजी क्षेत्रलाई प्रोत्साहन गरी लगानी आकर्षण गर्न





नसक्नु, खेल सम्बद्ध संस्थाहरूको क्षमता विकास गरी संस्थागत सुशासन कायम गर्न नसक्नु, साहसिक खेलकुदमा पर्याप्त ध्यान दिन नसकिनु जस्ता विषय प्रमुख समस्याका रूपमा रहेका छन् ।

वर्षेनी श्रम बजारमा थपिने युवालाई रोजगार मूलक र व्यावसायिक शिक्षा तालिम उपलब्ध गराई रोजगारी प्रदान गर्नु, युवा प्रतिभा-पलायन रोक्नु, युवाहरूमा सकारात्मक सोचको वृद्धि गरी श्रम र संस्कृतिप्रति सम्मान गर्ने वातावरणको सिर्जना गर्नु, युवाहरूमा स्वयंसेवी भावनाको जागृत गर्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्नु, उपयुक्त खेल पूर्वाधार- आधारशिला निर्माण गर्नु तथा समुदायदेखि नै खेलकुदलाई आत्मसात् गरी बालबालिका, युवा, विद्यार्थी, ज्येष्ठ नागरिक लक्षित खेलकुद कार्यक्रम र शिक्षण, प्रशिक्षण तथा विभिन्न प्रतियोगिताहरूको आयोजना गरी स्वच्छ तथा प्रतिस्पर्धी खेलाडीको विकास एवम् खेल संस्कृतिको विकास गर्नु चुनौतीका रूपमा रहेका छन् ।

### ५.५.३ संभावना तथा अवसर

नगरको आर्थिक रूपले सक्रिय जनसङ्ख्या (१५ देखि ५९ वर्ष उमेर समूहको जनसङ्ख्या) कुल जनसङ्ख्याको झण्डै ५८.२७ प्रतिशत छ । यो उमेर समूहलाई उपमहानगरले विशेष योजनाका साथ कृषि तथा पर्यटन जस्ता आर्थिक उत्पादनको क्षेत्रमा लगाउन सक्दछ । यसबाट वैदेशिक रोजगारीका लागि आर्थिक रूपले सक्रिय जनशक्ति पलायन हुनबाट रोकी उपमहानगर विकासमा ठूलो फड्को मार्ने सम्भावना रहेको छ ।

संविधानमै युवा विकास सम्बन्धी व्यवस्था हुनु, विभिन्न गतिविधिहरूमा युवा परिचालन हुनु, देशमा विकास आयोजना, उद्योग सञ्चालन गर्न प्रशस्त युवा शक्ति र श्रम देशमा उपलब्ध हुनु, संविधानले नै खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा लिनु, स्थानीय स्तरमा विभिन्न क्लबहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु तथा विद्यालय तहको पाठ्यक्रममा खेलकुदलाई अभिन्न अङ्गका रूपमा लिइनु अवसरका रूपमा रहेका छन् ।

### ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

युवा जनशक्तिलाई उपमहानगरको सामाजिक-आर्थिक विकास तथा खेलकुदमा मूलप्रवाहीकरण गर्ने ।

**उद्देश्य**

१. युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु ।
२. खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।



CamScanner

## रणनीति तथा कार्यनीति

तालिका ५९: युवा तथा खेलकुदका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउँदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु ।** | |
| १.१: विकासमा युवा सहभागिता बढाउने । | १. विकास निर्माणमा युवाहरूलाई परिचालन गर्न युवा स्वयंसेवा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. पालिकाका नीति-कार्यक्रम निर्माण तथा अनुगमन-मूल्याङ्कनमा युवा सहभागिता वृद्धि गरिनेछ । |
| १.२: युवालाई उद्यमशील, व्यवसायी र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने । | १. रोजगार तथा स्वरोजगार सिर्जनाका लागि सार्वजनिक, निजी, साझेदारीका वित्तीय संस्थाहरू मार्फत सहुलियत ब्याज दरमा ऋण उपलब्ध गराइनेछ ।<br>२. युवालाई उद्यमशील र व्यवसायी बनाउन विभिन्न प्रोत्साहन, अनुदान र सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ । |
| १.३: युवा केन्द्रित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरू विस्तार गरी उद्यमशील बनाउने । | १. युवामा उद्यमशीलता विकासका लागि स्वदेश तथा विदेशको बजारको माग अनुरूप व्यावसायिक तथा प्राविधिक तालिम उपलब्ध गराइनेछ।<br>२. वैदेशिक अध्ययन तथा रोजगारीबाट आर्जन भएका पूँजी, ज्ञान, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा नै उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ ।<br>३. परम्परागत पेशा र व्यवसायको जगेर्ना, आधुनिकीकरण, र व्यवसायीकरण गर्न युवाहरूलाई प्रोत्साहन गरिनेछ । |
| १.४: युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने । | १. सिर्जनात्मक अन्वेषण र नवप्रवर्तन कार्य गरी राष्ट्रको गौरव बढाउन योगदान दिन युवाहरूलाई प्रोत्साहित गरिनेछ ।<br>२. विकास वा खेलकुद सम्बन्धी विभिन्न क्लबहरूको स्थापना तथा प्रभावकारी सञ्चालन मार्फत युवाहरूको नेतृत्व र व्यक्तित्वको विकास गरिनेछ ।<br>३. युवाहरूलाई लागू पदार्थ दुर्व्यसन तथा नियन्त्रण सम्बन्धी चेतना मूलक कार्यक्रम तयारी तथा सञ्चालनमा सहभागी गराइनेछ ।<br>४. वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागितालाई प्राथमिकता दिइनेछ।<br>५. विज्ञान तथा सूचना प्रविधिमा युवाको पहुँचका लागि प्रत्येक वार्डमा सूचना प्रविधि सम्पन्न युवा सूचना केन्द्रको स्थापना गरिनेछ। |
| **उद्देश्य २: खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।** | |
| २.१: खेलकुदको समुचित विकासका लागि आवश्यक पूर्वाधारको निर्माण गर्ने । | १. खेल विकासका लागि आवश्यक सुविधा सम्पन्न पूर्वाधारहरू निर्माण गरिनेछ ।<br>२. सार्वजनिक निजी साझेदारीमा खेलकुद पूर्वाधार स्तरोन्नती र सुदृढ गरिनेछ ।<br>३. प्रत्येक वार्डमा कभर्डहल तथा आवश्यक खेल सामग्रीको व्यवस्था गरिने छ। |
| २.२: खेल सम्बद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरी खेलकुद विकास गर्ने । | १. खेलकुद विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग सहयोग र सहकार्य गरिनेछ ।<br>२. खेलकुद पूर्वाधारको विकास र खेल क्षेत्रको उत्थानका लागि विज्ञता हासिल गरेका देशी, विदेशी खेलाडीसँग ज्ञान र सीपको आदानप्रदान गर्न आवश्यक समझदारीको व्यवस्था मिलाइनेछ। |
| २.३: योग तथा ध्यानका साथै मनोरञ्जनात्मक, परम्परागत तथा संस्कृति जन्य खेलकुद विकास गर्ने । | १. योग तथा ध्यान मार्फत युवाहरूमा सकारात्मक विकासका लागि योग तथा ध्यानका प्रशिक्षक तयार गरिने छ ।<br>२. प्रत्येक वार्डमा योग तथा ध्यान प्रशिक्षण केन्द्र स्थापना तथा सुसञ्चालन गरिनेछ।<br>३. मनोरञ्जनात्मक तथा संस्कृतिजन्य खेललाई प्रोत्साहन गरिनेछ ।<br>४. लोपोन्मुख रैथाने (Indigenous) खेल उत्थान तथा विकासका लागि आवश्यक व्यवस्था गरिनेछ । |
| २.४: प्रतिभावान् खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गर्ने । | १. राष्ट्र र प्रदेशको गौरव राख्न सफल खेलाडीहरूलाई उचित सम्मान एवम् पुरस्कार को व्यवस्था गरिनेछ ।<br>२. स्थानीय स्तरदेखि प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान् खेलाडीको पहिचान, विकास, सम्मान तथा प्रोत्साहन गरिनेछ ।<br>३. विद्यालय तथा पालिका तहमा खेलकुद पूर्वाधारको विकास गरी खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।<br>४. खेलकुदमा युवाहरूको सहभागिता वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ । |



"बसोबास योग्य हरित शहर - समृद्ध कलैया उपमहानगर"

### ५.५.५ कार्यक्रम तथा आयोजना

तालिका ६०: युवा तथा खेलकुदका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | |
| | **युवा तथा खेलकुद** | | | | ३४६५० | ३४६५० | ३४६५० | ८४६५० | ८४६५० | २७३२५० | | |
| | खेलकुद मैदान निर्माण - क्रिकेट रङ्गशाला | सङ्ख्या | | १ | | | | ५०००० | ५०००० | १००००० | सङ्घ सरकार | ब्रम्हपुरी नर्सरी देखि पूर्व |
| | दुर्व्यसनमा परेकाहरूलाई सुधार गर्न सुधार केन्द्रको स्थापना तथा संचालन | एकमुष्ठ | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | उपमहानगरपालिका | |
| | खेलकुद मैदान मर्मत | संख्या | | १५ | ३०००० | ३०००० | ३०००० | ३०००० | ३०००० | १५०००० | उपमहानगरपालिका | वडा नं २० |
| | युवा लक्षित सिपमूलक कार्यक्रम तथा तालिम सञ्चालन | सङ्ख्या | | ५ | ६५० | ६५० | ६५० | ६५० | ६५० | ३२५० | उपमहानगरपालिका | |
| | युवा स्वरोजगार कार्यक्रम | एकमुष्ठ | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | उपमहानगरपालिका | |

तालिका ६१: युवा तथा खेलकुदका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित बजेट | दिविल सङ्केत | दिएल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| **युवा तथा खेलकुद** | | | २७३२५० | | | | |
| खेलकुद मैदान निर्माण - क्रिकेट रङ्गशाला | सङ्ख्या | १ | १००००० | ५ | ६ | ३ | ३ |
| दुर्व्यसनमा परेकाहरूलाई सुधार गर्न सुधार केन्द्रको स्थापना तथा सञ्चालन | एकमुस्ट | | १०००० | ५ | ६ | ३ | ३ |
| खेलकुद मैदान मर्मत | सङ्ख्या | १५ | १५०००० | ५ | ६ | ३ | ३ |
| युवा लक्षित सीपमूलक कार्यक्रम तथा तालिम सञ्चालन | सङ्ख्या | ५ | ३२५० | ५ | ६ | २ | ३ |
| युवा स्वरोजगार कार्यक्रम | एकमुस्ट | | १०००० | ५ | ६ | २ | ३ |





### ५.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ६२: युवा तथा खेलकुदका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्टपाईको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| युवा तथा खेलकुद | | | | | | | | | | | | |
| प्रभाव | युवा जनशक्तिलाई पालिकाको सामाजिक-आर्थिक विकास तथा खेलकुदमा मूलप्रवाहीकरण भएको हुनेछ । | युवाहरूको नेतृत्वमा रहेको सामाजिक संघसंस्था | प्रतिशत | ६५.२ | ६६ | ६७ | ६८ | ६९ | ७० | ७० | नगरपालिका प्रोफाइल, सामाजिक विकास शाखा, वार्षिक प्रतिवेदन | युवाहरूका लागि भएको लगानीमा वृद्धि भएको हुन, खेल पूर्वाधारमा लगानी वृद्धि हुने |
| | | राष्ट्रिय अन्तरराष्ट्रिय खेलाडी सङ्ख्या | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | ५ | | |
| | | प्रदेश तथा जिल्लास्तरीय खेलाडी | सङ्ख्या | ५४ | ११ | ११ | ११ | ११ | ११ | ९९ | | |
| असर | क्षमता विकास, सीपमूलक तालिम र वित्तीय स्रोतमा युवाहरूको पहुँच वृद्धि भएको हुनेछ । | सहकारीमा युवाको आवद्धता | प्रतिशत | ४१.८४ | ४२ | ४४ | ४६ | ४८ | ५० | ५० | | |
| | | युवा व्यवसायीहरूवाट सञ्चालन भएका व्यवसायको सङ्ख्या | सङ्ख्या | ३१५ | ३३५ | ३५५ | ३७५ | ३९५ | ४१५ | ४१५ | | |
| | | उद्यमशीलता तालिम प्राप्त युवाहरूको वार्षिक सङ्ख्या | सङ्ख्या | २७३ | ३०० | ३३० | ३६० | ३९० | ४२० | ४२० | | |
| | | उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | सङ्ख्या | ५४४ | ५६४ | ५८४ | ६०४ | ६२४ | ६४४ | ६४४ | | |
| | | युवाक्लब, संजाल तथा संस्था | सङ्ख्या | १९ | २७ | २७ | २७ | २७ | २७ | २७ | | |
| प्रतिफल | खेलमैदान, योग तथा ध्यानकेन्द्र स्थापना भएको हुनेछ । | नियमित योगाभ्यास गर्ने जनसङ्ख्या | प्रतिशत | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | पालिकास्तरीय खेलमैदान | सङ्ख्या | ३ | ३ | ४ | ४ | ५ | ५ | ५ | | |
| | | खेल मैदान भएका विद्यालय | सङ्ख्या | २१ | २५ | २५ | २७ | २७ | २७ | २७ | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्टाईको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | विद्यालयहरूमा खेलकुद विकास भएको हुनेछ । | अन्तर विद्यालय प्रतियोगितात्मक खेलकुद कार्यक्रम | सङ्ख्या | १ | ५ | ५ | ५ | ७ | ७ | ७ | | |
| | प्रशिक्षण र अभ्यासमा वृद्धि हुनेछ । | पालिकामा सञ्चालित खेलकुद प्रतियोगिता | सङ्ख्या | १ | ५ | ५ | ५ | ७ | ७ | ७ | | |
| | | खेलाडी प्रशिक्षण कार्यक्रम | सङ्ख्या | ० | १ | १ | २ | २ | २ | २ | | |
| | | पालिकास्तरीय प्रतियोगितात्मक खेलकुद कार्यक्रम | सङ्ख्या | १ | २ | २ | ५ | ५ | ५ | ५ | | |
| | | सफल एवम् क्षमतावान खेलाडी प्रोत्साहन तथा सम्मान | पटक | ० | १ | १ | १ | २ | २ | २ | | |
| | | योगा प्रशिक्षण | पटक | ० | १ | १ | १ | २ | २ | २ | | |
| | सार्वजनिक निजी सझेदारीमा वृद्धि भई खेलकुद पूर्वाधारको विकास भएको हुनेछ । | कवर्डहल | सङ्ख्या | २ | २ | ३ | ३ | ४ | ४ | ४ | | |
| | | प्रदेशस्तरको खेल मैदान | सङ्ख्या | ० | ० | १ | १ | १ | २ | २ | | |



# परिच्छेद ६: पूर्वाधार क्षेत्र

आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहलाई प्रभावकारी रूपमा अघि बढाउनका लागि पूर्वाधार विकास प्रमुख तथा महत्वपूर्ण आधार हो । पूर्वाधार विकास क्षेत्र अन्तर्गत सडक, पक्की तथा झोलुङ्गे पुल, वैकल्पिक ऊर्जा, आवास, भवन तथा बस्ति विकास र सञ्चार तथा सूचना प्रविधि जस्ता विषयहरू पर्दछन् । व्यवस्थित बस्ती तथा सहरी विकासको महत्वले गर्दा पूर्वाधार विकासलाई दिगो विकासको एक महत्वपूर्ण आयामको रूपमा लिने गरिएको छ । यसका साथै दिगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यहरू मध्ये लक्ष्य-७ (खर्चले धान्न सकिने स्वच्छ ऊर्जा), लक्ष्य-९ (उद्योग प्रवर्द्धन र पूर्वाधार) र लक्ष्य-११ (सहरहरू र समुदायहरूको दिगोपना) यस क्षेत्रसँग प्रत्यक्ष रूपमा दिगो विकासका लक्ष्यहरू सम्बन्धित रहेका छन् ।

## ६.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

नेपालको संविधानले अव्यवस्थित बसोबास, योजनाबद्ध, पूर्ण पूर्वाधार, वातावरण मैत्री आवासलाई नागरिकको सुरक्षित आवासको हकलाई प्रत्याभूति गरेको छ । कलैया उपमहानगरपालिकाले अव्यवस्थित एवम् गुजुमुज्ज रहेका तथा विपद् जोखिममा रहेका ग्रामीण घर परिवारलाई सुविधासम्पन्न वातावरणमैत्री आवासको व्यवस्थापन र विपन्न तथा बजारी क्षेत्रमा अनधिकृत अव्यवस्थित रुपले बसोबास गरेका परिवारलाई उचित व्यवस्था गर्न यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता रहेको छ ।

कलैया उपमहानगरपालिकामा क्रमशः बस्तीहरूको विकास बढ्दो क्रममा रहेको छ । उपमहानगरको सबै वडाहरूमा सडक सञ्जालको राम्रो विकास भएको देखिँदैन । सहज स्वास्थ्य सुविधा, सञ्चार जस्ता सुविधाहरूको पहुँच पुगेको देखिँदैन । कृषि एवं वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता, भएको हुँदा साना घरेलु उद्योगधन्दाको साथै जडीबुटी प्रशोधन सम्बन्धी उद्योग विकास र विस्तारको सम्भावना रहेको छ । अन्य क्षेत्रहरूमा व्यवस्थित बस्ती विकासको संरचना नदेखिएकोले ती स्थानमा व्यवस्थित योजना बनाएर बाटो, खानेपानी र अन्य सामाजिक र भौतिक पूर्वाधारको समयमै विकास गर्नुपर्ने देखिन्छ । उपमहानगरपालिका वासीहरूलाई घरदैलोमा सेवा प्रवाह गर्ने ध्येयका साथ वडा समिति कार्यालयहरू, सम्बन्धित वडामै स्थापना गरी सेवा प्रवाह भइरहेका छन् । यसका अतिरिक्त उपमहानगरपालिकाको विकासका लागि योजना तयार गर्ने दौरानमा वडा भेला, लगायत वडा कार्यालय, सरकारी निकायहरू, राजनैतिक पार्टीहरू, गैरसरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू, टोल विकास संस्थाहरू, बुद्धिजीवीहरू, समाजका प्रतिष्ठित व्यक्तित्वहरू, व्यावसायिक संस्थाहरू, सञ्चारकर्मीहरू तथा योजना तर्जुमा टोली आदिलाई समावेश गरी बढी भन्दा बढी छलफल गरी प्रत्येक टोलका मुख्य तथा सहायक सडकहरूमा सोलार बत्ति जडान, टोल टोलमा सार्वजनिक खानेपानी र खानेपानीको परियोजना तथा पूर्वाधार आदि विकास निर्माणका योजनाहरू तयार गर्नुपर्ने देखिन्छ ।

कलैया उपमहानगरपालिकामा ९५.७ प्रतिशत मानिस आफ्नै घरमा बसोबास गरिरहेका छन् भने ३.५५ प्रतिशत भाडाको घरमा बस्ने गरेकोमा ०.३४ प्रतिशत संस्थागत संरचनामा बस्ने गरेको देखिन्छ (राष्ट्रिय जनगणना, २०७८) ।

### ६.१.२ समस्या तथा चुनौती

उपमहानगरका बस्तिहरू व्यवस्थित नहुनु, प्रमुख मानिएका बस्तिहरूमा समेत आधारभूत सुविधा अपर्याप्त रहनु, एकीकृत बस्ति विकास कार्यक्रम सञ्चालनमा नहुनुजस्ता समस्या विद्यमान रहेका छन् । विकसित हुँदै गरेका बजार क्षेत्रमा विश्राम स्थल एवं बस प्रतीक्षालय र सार्वजनिक शौचालय लगायतका न्यूनतम सुविधाहरू अपर्याप्त छन् । सार्वजनिक सेवाको प्रभावकारी प्रवाहका लागि अत्यावश्यक वडा समितिको भवन, स्वास्थ्य चौकी लगायतका सार्वजनिक पूर्वाधारहरूको कमी रहेको देखिन्छ । अति विपन्न घर परिवार लक्षित सुरक्षित आवास कार्यक्रम अपर्याप्त रहनु तथा भूकम्प प्रतिरोधी भवन निर्माणका लागि तयार भएको दक्ष जनशक्ति उपमहानगरमा क्रियाशिल नहुनाले पनि निजी आवासहरू सुरक्षित नहुन सक्ने सम्भावना रहेको देखिन्छ । यसैगरी प्राकृतिक प्रकोपको रूपमा रहेको चट्याङ्को उच्च जोखिम रहनु पनि बसोबासका हिसाबले समस्याको रूपमा रहेको देखिन्छ ।

खोलानालाको किनारमा बस्तिहरू रहेका, छरिएर रहेको बस्ति, बढ्दो बसाइ सराई प्रवृति, स्थानीय कला संस्कृति झल्किने घरहरू रहेका, यहाँका घर परिवारहरू बसाई सराई गर्ने प्रकृति बढ्दै गएको छ, बिना नक्सा र बिना प्राविधिक स्टिमेटका आधारमा घरहरू बनेका, पुराना घरहरू भएका कारण भूकम्पको जोखिम रहेको, अझैपनि धेरै घरहरू खर र ढुङ्गाले छाएका, बस्तिहरू नदी कटान र पहिरोका जोखिममा रहेका, आवासीय घरहरूको निर्माण मापदण्डअनुसार निर्माण हुन नसकेको, सुरक्षित आवास तथा बस्ती विकास उचित रूपमा नभएको, बजार विकास तथा विस्तारको कमी, बजारसँगको कमजोर पहुँच तथा विस्तारको अभाव, सार्वजनिक निर्माण आवश्यकताअनुसार हुन नसकेको, बस्तिहरू बीचको दूरी टाढा हुनु यस पालिकाको विकासका लागि निकै चुनौतीपूर्ण देखिन्छ ।

### ६.१.३ सम्भावना तथा अवसर

पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचानयुक्त सहर बसाल्ने सम्भावना रहनु, सडक सञ्जालको द्रुत गतिमा वृद्धि भएको हुँदा आर्थिक गतिविधि धेरै हुन सक्ने रणनीतिक क्षेत्र पहिचान गरी सहर बसाल्ने सम्भावना रहेको छ । उपमहानगरले एकीकृत जग्गा विकास परियोजना मार्फत बजार क्षेत्रका केही स्थानहरूमा जग्गा एकीकरण आयोजनाको सम्भाव्यता अध्ययन गरी गुरुयोजना बनाएर नयाँ व्यवस्थित बस्ति विकासका कार्यहरू अगाडि बढाउन सकिने सम्भावना छन् । साथै नयाँ क्षेत्रमा बस्ती एकीकरण पद्धति मार्फत सहरी पूर्वाधार विकास एवं विस्तार हुने अवसर देखिन्छ ।





उपमहानगर क्षेत्रका केही स्थानहरूमा एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घर परिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाह गर्ने, स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्ने सम्भावना एवं अवसर छन् ।

### ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सुरक्षित, सुलभ र वातावरणमैत्री एकीकृत आवास तथा बस्ती विकास गर्ने ।

**उद्देश्य**

१. एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घर परिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाहको विकास गर्नु ।
२. स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु ।

**रणनीति र कार्यनीति**

तालिका ६३: आवास तथा बस्ती विकासका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घर परिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाहको विकास गर्नु ।** | |
| १.१: ग्रामीण क्षेत्रमा भौगोलिक हिसाबले विकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका र सीमान्तकृत घर परिवारलाई आधारभूत सुविधा सहितको एकीकृत बस्ती निर्माण गर्ने । | १. भू-उपयोग नीति तथा बस्ती विकास योजना तर्जुमा गरी लागू गरिनेछ।<br>२. भौगोलिक हिसाबले विकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका घर परिवारकालागि सुरक्षित, वातावरणमैत्री, सुलभ, आधारभूत सुविधायुक्त र मौलिक पहिचान बोकेको एकीकृत बस्ती निर्माण गरिनेछ।<br>३. भौगोलिक रूपले विकट र विपद्को उच्च जोखिममा रहेका स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ ।<br>४. ग्रामीण क्षेत्र र छरिएर रहेका घर परिवारलाई आधारभूत सुविधा सहितको बस्ती निर्माण गरिनेछ । |
| १.२: घना बस्ती रहेका क्षेत्र तथा सडक क्षेत्रको बस्ती व्यवस्थित गर्ने। | १. बजारी क्षेत्र तथा घना बस्ती रहेका र राजमार्ग क्षेत्रको बस्तीलाई व्यवस्थित गरिनेछ ।<br>२. सडक क्षेत्रमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ र मापदण्डहरूलाई पूर्णरूपले कार्यान्वयन गरिनेछ ।<br>३. कृषि योग्य जमिनमा हुने गरेको जग्गा प्लटिङ्गलाई नियन्त्रण गरी व्यवस्थित गरिनेछ ।<br>४. शारीरिक अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत विपद्को उच्च जोखिममा रहेका व्यक्तिकालागि विशेष सामाजिक आवासको विकास गरिनेछ।<br>५. राजमार्गसँग जोडिएका मुख्य बजार क्षेत्रहरूलाई स्मार्ट सिटीका रूपमा विकास गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १.३: भूउपयोग नीति तथा योजना निर्माण गर्ने र योजनाबद्ध रूपमा सहरी बस्ती बिकास गर्ने कार्यलाई अभियानको रूपमा अगाडि बढाउने । | १. सहरी बस्ती बिकास गर्न जग्गा प्राप्ति व्यवस्थालाई सरल बनाइनेछ।<br>२. राजमार्ग क्षेत्रमा हुन सक्ने थप बस्ती बिस्तारलाई निरुत्साहित गरिनेछ।<br>३. अनधिकृत रूपले बजारी क्षेत्रमा बसोबास गर्ने घर परिवार पहिचान गरी त्यस्ता स्थानबाट हटाउने कार्यलाई अभियानको रूपमा सञ्चालन गरिनेछ । |
| **उद्देश्य: २ स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय बास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु ।** | |
| २.१: स्थानीय पहिचान भएको र सबै वर्ग तथा समुदायले किन्न सक्ने भवनहरूको निर्माण गर्ने । | १. सरकारी तथा निजी क्षेत्रसँग समन्वय गरी उपयुक्त भवन डिजाइन तथा निर्माण गरिनेछ ।<br>२. पालिकामा निर्माण हुने भवनहरूको डिजाइनमा एकरूपता ल्याउन भवन निर्माण मापदण्ड बनाई लागू गरिनेछ ।<br>३. स्थानीय बास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती निजी भवन निर्माण गर्न निजी क्षेत्र तथा समुदायलाई प्राविधिक सहयोग गरिनेछ। |
| २.२: भवन डिजाइन, निर्माण तथा सुपरिवेक्षणका कार्यमा संलग्न जनशक्तिको क्षमता बिकास गर्ने । | १. सुरक्षित, किफायती, वातावरणमैत्री र पहिचानयुक्त भवन निर्माण बारे जन चेतना वृद्धि गर्न समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. स्थानीय रूपमा उपलब्ध निर्माण सामग्रीहरूको प्रयोगलाई अधिकतम प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>३. एकीकृत सेवा प्रदायक बहुपयोगी र बहुउद्देश्यीय भवन निर्माण गरी एकीकृत जनसेवा प्रदान गरिनेछ । |



### ६.१.५ कार्यक्रम तथा आयोजना

तालिका ६४: वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | |
| | **वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण** | | | | १०७००० | ११९००० | १५५००० | १६८००० | १९८००० | ७४७००० | | |
| | कलैया टावर निर्माण | संख्या | | १ | | | | | ५०००० | ५०००० | उपमहानगरपालिका | भरत चोक |
| | शहर सौन्दर्यकरण | एकमुष्ठ | | | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | उपमहानगरपालिका | वडा नं १ का विद्युत पोलहरूमा जेलिएर रहेका केबुल र नेटको तार व्यवस्थापन |
| | हाट बजार (पेपर) व्यवस्थापन | एकमुष्ठ | | | | | १००० | १००० | १००० | ३००० | उपमहानगरपालिका | |
| | एक वडा एक बहुउद्देश्यिक सामुदायीक भवन निर्माण | संख्या | | ५ | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० | उपमहानगरपालिका | |
| | सुरक्षित आबास कार्यक्रम | एकमुष्ठ | | | ३०००० | ४०००० | ५०००० | ६०००० | ७०००० | २५०००० | उपमहानगरपालिका | फुसको छाना विस्थापन कार्यक्रम |
| | आवश्यक संरचना निर्माण तथा छाडा चौपाया व्यवस्थापन | एकमुष्ठ | | | ५००० | ५००० | | | | १०००० | उपमहानगरपालिका | |
| | वडा कार्यालय भवन निर्माण | संख्या | | ७ | ३०००० | ३०००० | ६०००० | ६०००० | ३०००० | २१०००० | उपमहानगरपालिका | वडा नं १ ३ ५ ७ ८ ९ |
| | प्रहरी चौकी व्यवस्थापन | संख्या | | २ | | २००० | २००० | | | ४००० | उपमहानगरपालिका | गंगापुर |
| | वडा नं ८ मा रहेको पार्कमा पार्टि प्यालेस भवन निर्माण | संख्या | | १ | | | | ५००० | ५००० | १०००० | उपमहानगरपालिका | |
| | वडा कार्यालय भवन पुनर्निर्माण | पटक | | १० | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | उपमहानगरपालिका | वडा नं १९ |
| | शमसान घाट घेराबार तथा इलेक्ट्रिक सेड निर्माण | संख्या | | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | उपमहानगरपालिका | |

तालिका ६५: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित बजेट | दिविल सङ्केत | दिगल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| पूर्वाधार विकास | | | २७३५५०० | | | | |
| बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | | | ७४७००० | | | | |
| कलैया टावर निर्माण | सङ्ख्या | १ | ५०००० | ९ | १ | ३ | ३ |
| सहर सौन्दर्यकरण | एकमुस्ट | | ५०००० | ९ | १ | ३ | १ |
| हाट बजार (थेपर) व्यवस्थापन | एकमुस्ट | | ३००० | ९ | १ | ३ | २ |
| एक वडा एक बहुउद्देश्यीय सामुदायिक भवन निर्माण | सङ्ख्या | ५ | १००००० | ९ | १ | २ | ३ |
| सुरक्षित आवास कार्यक्रम | एकमुस्ट | | २५०००० | ९ | १ | २ | ३ |
| आवश्यक संरचना निर्माण तथा छाडा चौपाया व्यवस्थापन | एकमुस्ट | | १०००० | ९ | १ | ३ | २ |
| वडा कार्यालय भवन निर्माण | सङ्ख्या | ७ | २१०००० | ९ | १ | ३ | ३ |
| प्रहरी चौकी व्यवस्थापन | सङ्ख्या | २ | ४००० | ९ | १ | ३ | ३ |
| वडा नं ८ मा रहेको पार्कमा पार्टी प्यालेस भवन निर्माण | सङ्ख्या | १ | १०००० | ९ | १ | ३ | ३ |
| वडा कार्यालय भवन पुन निर्माण | पटक | १० | ५०००० | ९ | १ | ३ | ३ |
| शमसान घाट घेरावार तथा इलेक्ट्रिक सेड निर्माण | सङ्ख्या | ५ | १०००० | ९ | १ | ३ | २ |

### ६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ६६: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्टयाईंको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | | | | | | | | | | | | |
| प्रभाव | सुरक्षित, सुलभ र वातावरणमैत्री एकीकृत | भूकम्प प्रतिरोधी भवन | प्रतिशत | ४६.१३ | नया बन्ने सामुदायिक भवन सबै | | | | | | नगरपालिका प्रोफाइल, प्राविधिक शाखा, | भवन आचार संहिता सम्बन्धी चेतनामा वृद्धि र |
| | | व्यवस्थित सहरीकरण सहितको बस्ती | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | १ | | |
| | | पालिकाको मापदण्ड बमोजिम भवन निर्माण | प्रतिशत | ६३.२६ | ६५ | ७० | ७५ | ८० | ८० | ८० | | |





| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्टयाईंको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| | आवास तथा वस्ती विकास हुनेछ । | | | | | | | | | | सम्बन्धित शाखाको प्रतिवेदन | नगरपालिकाबाट हुने कार्यान्वयन र अनुगमन थप प्रभावकारी भएको हुन |
| असर | भौगोलिक रूपले विकट र विपद जोखिमयुक्त स्थानमा हुन सक्ने थप वस्ती विस्तारलाई निरुत्साहित गर्न सहरी वस्ती विस्तार मापदण्ड निर्माण भएको हुनेछ । | जोखिमयुक्त वस्ती | घर सङ्ख्या | १०२७ | | | | | | | | |
| | | निर्माण भएका वस्ती विकास योजना सङ्ख्या | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| प्रतिफल | पालिकामा आवश्यकता अनुसारका आवास तथा भवन निर्माण भएको हुनेछ । | कार्यपालिका भवन (थप) | सङ्ख्या | ० | | | | | | | | |
| | | वडाकार्यलय भवन | सङ्ख्या | २३ | २५ | २७ | २७ | २७ | २७ | २७ | | |
| | | कर्मचारी आवास | प्रतिशत | ० | ० | ० | १ | १ | १ | १ | | |
| | | सामुदायिक भवन | सङ्ख्या | ३४ | ३६ | ३८ | ४० | ४२ | ४४ | ४४ | | |
| | विभिन्न आयोजनाहरूको सम्भाव्यता अध्ययन, सामाजिक तथा वातावरणीय प्रभाव मूल्याङ्कन र विस्तृत इन्जिनियरिङ डिजाइन भएको हुनेछ | भवन तथा आवास निर्माणकालागि वातावरणीय प्रभाव अध्ययन | सङ्ख्या | ० | २ | २ | २ | २ | २ | १० | | |
| | | भवन तथा आवास निर्माणकालागि विस्तृत परियोजना प्रतिवेदन | सङ्ख्या | १५ | २ | २ | २ | २ | २ | १० | | |
| | प्राकृतिक पहिरोको जोखिम वस्तीहरूलाई व्यवस्थापन भएको हुनेछ | भूकम्प तथा पहिरो प्रतिरोधी विद्यालय भवन | सङ्ख्या | १४ | नया बन्ने सबै भवन भूकम्प प्रतिरोधी हुने | | | | | | | |
| | | भूकम्प तथा पहिरो प्रतिरोधी स्वास्थ्य संस्था | सङ्ख्या | २ | | | | | | | | |
| | | भूकम्प तथा पहिरो प्रतिरोधी वडा कार्यालय तथा अन्य सरकारी भवन | सङ्ख्या | १५ | | | | | | | | |
| | विपन्न घर परिवारका लागि जनता आवास कार्यक्रम सञ्चालन भएको हुनेछ | विपन्नकालागि निर्मित आवास | सङ्ख्या | ० | २० | २० | २० | २० | २० | १०० | | |



CamScanner

## ६.२ सडक, पुल तथा यातायात

### ६.२.१ पृष्ठभूमि

नेपालको संविधानले यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच सुनिश्चित गर्न यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिंदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित, समावेशी र अपाङ्गतामैत्री बनाउने परिकल्पना गरेको छ ।

कलैया उपमहानगरपालिका मधेश प्रदेशको राजधानी जनकपुर देखि १४३ कि.मि. पश्चिममा रहेको छ भने राजधानी काठमाण्डौबाट १४० कि.मि. दक्षिण तथा नेपालको सबैभन्दा ठूलो व्यापारिक नाका बिरगञ्जबाट १२ कि.मि. पुर्वमा रहेको छ । सडक यातायातको पहुँचका हिसाबले सुगम यो पालिका महेन्द्र राजमार्गसँग प्रतक्ष्य जोडिएको र काठमाण्डौ -निजगढ द्रुत मार्गसँग नजिक रहेको छ । स्थानीय सडकहरू मर्मत संभारका अभावमा सडकको स्थिति नाजुक हुनका साथै वर्षा याममा सवारी कष्टकर हुने गरेको छ ।

सडक विस्तार जथाभावी तरिकाले गरिदा धेरै स्थानहरूमा खेती योग्य जमिनको विनाश हुनका साथै डुवानको प्रकोप बढ्ने तथा वातावरणमा प्रतिकूल असर परिरहेको देखिन्छ । प्रायजसो ठाउँमा भने वर्षातको समयमा पहिरोले बाटो अवरुद्ध हुने, पानी जम्ने, हिलो हुने भएका कारण नियमित रूपमा यातायात सुचारु गर्न कठिनाइ हुने गरेको छ ।

### ६.२.२ समस्या तथा चुनौती

कलैया उपमहानगरपालिकाको प्रमुख समस्या सबै समुदायलाई भरपर्दो सडक संजालमा जोडन नसक्नु, व्यवस्थित बसपार्क नहुनु, मापदण्ड विना योजना पहिचान तथा छनौट हुनु, दक्ष श्रमिक तथा जनशक्ति उपलब्धतामा कमी रहनु, गुणस्तरीय निर्माण सामग्रीको सहज उपलब्धता हुन नसक्नु, सडक प्रति सर्वसाधारणको अपनत्व अपेक्षाकृत नहुनु, सडक लम्बाइ वृद्धिका साथै मर्मत सम्भारको दायित्व वृद्धि भए अनुरूप स्रोत व्यवस्थापन नहुनु, सडक मार्गहरूको सीमा अतिक्रमण बढ्नु, साँघुरा सडक हुनु, निजी सवारी साधनहरूको सङ्ख्या बढ्दै जानु, सडक दुर्घटनामा कमी आउन नसक्नु, अव्यवस्थित सडक मर्मत सम्भारका कारण यातायात व्यवस्थापनमा समस्या आउनु यस क्षेत्रका समस्याहरू हुन् । बाटोको सुविधा भएतापनि नालाको व्यवस्था राम्रो हुन नसकेको कारण वर्षायाममा यातायात आवागमनमा समस्या हुने गरेको छ । केही कच्ची सडकमा सदावहार रूपमा यातायातका साधन चलाउन सकिने अवस्था छैन ।

कलैया उपमहानगरपालिका क्षेत्र भित्रका विभिन्न खोलाहरूमा पुल तथा कलभर्ट निर्माण गर्नु अति जरुरी देखिएको छ । वर्षा याममा पानीको व्यवस्थापनमा निकै कठिनाइ हुने गर्दछ तसर्थ नाला तथा निकास व्यवस्थित गर्नु चुनौती छ । व्यापार, व्यवसाय तथा उत्पादन बढाउन मद्दत पुऱ्याउन सक्ने रणनीतिक महत्त्वका सडक निर्माणमा





केन्द्रित हुनु, वातावारणीय पक्षलाई ध्यानमा राखेर गुणस्तरीय सडक निर्माण गर्नु, सडक तथा पदमार्गको संरक्षण, मर्मत सम्भार तथा व्यवस्थापन कार्यलाई दिगो बनाउनु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ६.२.३ सम्भावना तथा अवसर

यस उपमहानगरका अधिकांश भूभाग समथर भएको कारण सडक सञ्जाल विस्तार गर्न सहज देखिएको साथै उपमहानगरपालिकाले यातायात पूर्वाधार निर्माणलाई प्राथमिकता राख्नु, यातायात पूर्वाधार निर्माणको लागि आवश्यक स्थानीय संरचनाको बलियो आधार निर्माण हुनु यस क्षेत्रको सम्भावनाका रूपमा लिन सकिन्छ । त्यसैगरी, यातायात व्यवस्थापनमा अत्याधुनिक प्रविधिको प्रयोग बढ्दै जानु, प्रदूषण रहित सवारी साधनको प्रयोगको माहोल सिर्जना हुँदै जानु, यातायात व्यवस्थापनका नयाँ प्रविधि भित्र्याउन निजी क्षेत्रको क्षमता वृद्धि हुँदै जानु, सहरीकरणसँगै सवारी साधनहरूको माग बढ्दै जानु, चाक्ला र गुणस्तरीय सडक निर्माणमा सरकार तथा समुदायको चासो बढ्नु आदि दिगो यातायात व्यवस्थापनका अवसरहरू हुन् ।

आन्तरिक सडक सञ्जालको पूर्णरूपमा विकास हुँदा पालिकालाई शिक्षा, पर्यटन र कृषि उत्पादन केन्द्रको रूपमा विकास गर्न सकिने सम्भावना रहेको देखिन्छ भने स्थानीय वस्ति तथा बजार केन्द्रबाट मूल सडकमा जोडिने कृषि सडक तथा अन्य सडकहरूको स्तर उन्नति गर्न सके कृषि उत्पादन बजारिकरण निकै सहज हुन गई आर्थिक क्रियाकलापहरूमा बढवा हुने सक्ने देखिन्छ ।

### ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

दिगो सडक तथा यातायात पूर्वाधार विकास मार्फत नागरिकको सहज पहुँच स्थापना गर्नु ।

**उद्देश्य**

१. सडक पूर्वाधारहरूको निर्माण तथा स्तर उन्नति गरी मानिसहरूको जीवन सहज र सरल बनाउनु ।
२. यातायात पूर्वाधारको उचित मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज आवतजावत र स्थानीय जनताको सुविधा, आय आर्जन तथा रोजगारी सिर्जना गर्नु ।

**रणनीति र कार्यनीति**

तालिका ६७: यातायात तथा पूर्वाधारका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: सडक पूर्वाधारहरूको निर्माण तथा स्तर उन्नति गरी मानिसहरूको जीवन सहज र सरल बनाउनु ।** | |
| १.१: योजनाको दीर्घकालीन उपयोगकोलागि निर्माण भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतकोलागि कोषको व्यवस्था गर्ने। | १. नेपाल सरकारले निर्धारण गरेका न्यूनतम मापदण्ड निर्धारण गरी सोको पालना गरी सडकको गुणस्तर कायम गरिनेछ ।<br>२. पुल निर्माण कार्यहरूको गुणस्तर कायम गर्न अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।<br>३. योजनाको दीर्घकालीन उपयोगको लागि निर्माण भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतकोलागि कोषको व्यवस्था गरिनेछ । |



CamScanner

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १.२: उपमहानगरको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान पुऱ्याउन सक्ने रणनीतिक सडक सञ्जाल सुदृढ गर्ने । | १. व्यावसायिक गतिविधिलाई गतिशील बनाउन सडकको निर्माण तथा स्तरवृद्धि गरिनेछ ।<br>२. प्राथमिकता प्राप्त लोकमार्ग तथा उपमहानगरको रणनीतिक सडक सञ्जालको निर्माणमा तीव्रता दिइनेछ ।<br>३. सडकमा वर्षभरि निर्बाध यातायात सञ्चालनको लागि सडक पुलको निर्माणलाई प्राथमिकताका साथ तीव्रता दिइनेछ । |
| १.३: छिटो, भरपर्दो र वातावरण मैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरू अवलम्बन गर्ने । | १. बजार क्षेत्रमा सडक, पानी निकास र ढल, खानेपानी पाइप, विजुली तथा इन्टरनेट वितरण लाइन, फूटपाथ आदिको एकीकृत रूपमा निर्माण गरिनेछ।<br>२. जोखिमयुक्त सडक खण्डहरूमा आवश्यकताका आधारमा बाटो निर्माणका वैकल्पिक कार्यलाई समेत ध्यानका दिइ प्राथमिकताका साथ अगाडि बढाइनेछ ।<br>३. सडक छेउछाउका पहिरो तथा भूक्षय नियन्त्रण गर्न भौतिक संरचनाका साथसाथै बायोइन्जिनियरिङ् लगायतका गैरसंरचनात्मक वातावरण मैत्री प्रविधिहरूको प्रयोग गरिनेछ। |
| उद्देश्य २: यातायात पूर्वाधारको उचित मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज आवतजावत र स्थानीय जनताको सुविधा, आय आर्जन तथा रोजगारी सिर्जना गर्नु । | |
| २.१: प्रमुख ग्रामीण बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने गरी यातायात पहुँच बढाउन सडक विस्तार गर्ने । | १. योजनाहरूको सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन र लागत अनुमान गरेर मात्र वातावरणमैत्री पूर्वाधारको निर्माण गरिनेछ । स्थानीय तहको श्रम एवम् सीपलाई केन्द्रविन्दुमा राखिनेछ ।<br>२. सम्पूर्ण पूर्वाधार योजनाहरूलाई आधुनिक सूचना प्रणाली अनुसार अद्यावधिक गर्दै नियमितरूपमा कार्यान्वयन गर्दै लगिनेछ ।<br>३. प्रमुख ग्रामीण बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने पूर्वाधार विकासका निर्माणमा व्यापक जनसहभागिता बढाइनेछ ।<br>४. योजनाहरूलाई निर्धारित समयमा नै सम्पन्न गर्न योजनाको प्रकृति अनुरूप आवश्यक स्रोत तथा वस्तु र गुणस्तरको आधारमा वर्गीकरण गरी सोही अनुरूप व्यवस्था मिलाइनेछ । |
| २.२: पर्यटकीय स्थलहरूको पहिचान तथा सो स्थान सम्मको पहुँच मार्गको निर्माण कार्यलाई अभियानका रूपमा सञ्चालन गर्ने । | १. पर्यटकीय स्थलहरू सम्मको पहुँच मार्ग निर्माण तथा व्यवस्थापनको लागि समुदाय तथा स्थानीय तहलाई व्यापक रूपमा परिचालन गरिनेछ ।<br>२. पहुँच मार्ग विकास तथा व्यवस्थापन गुरुयोजना तयार गरी स्तरोन्नति, निर्माण तथा व्यवस्थापन कार्यलाई क्रमागत रूपमा अगाडि बढाइनेछ ।<br>३. ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय ठाउँहरूको प्रवर्द्धन गर्न पदमार्गहरूको निर्माण गरिनेछ । |



### ६.२.५ कार्यक्रम तथा आयोजना

तालिका ६८: सडक, पुल तथा यातायातका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा)) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | |
| | सडक, पुल तथा यातायात | | | | २५७५०० | ३१५००० | ३७०००० | ४५०००० | ४६५००० | १८५७५०० | | |
| | नगर यातायात गुरुयोजना निर्माण | संख्या | | १ | २५०० | | | | | २५०० | उपमहानगरपालिका | |
| | कृषि सडक निर्माण | संख्या | | १.५ | १५००० | | | | | १५००० | उपमहानगरपालिका | खरिहानी रामनाथको खेतसम्म |
| | कृषि सडक निर्माण | संख्या | | १.५ | | १५००० | | | | १५००० | उपमहानगरपालिका | ब्रम्हबाबा मन्दिर जगतपु जोड्ने सडक |
| | कृषि सडक निर्माण | कि.मि. | | ४ | | | २०००० | २०००० | | ४०००० | उपमहानगरपालिका | वडा न ७ ६ र १४ जोड्ने |
| | दोहरी बजार देखी मझैलिया हुदै चिनी मिल सडक पिच निर्माण | कि.मि. | | ३.५ | | | | | ३५००० | ३५००० | उपमहानगरपालिका | |
| | सडक निर्माण | किमि | | ५ | २०००० | ३०००० | | | | ५०००० | उपमहानगरपालिका | सितलपुर मडदेवी घलीरामुर टोल हुदै पिपराढी हुदै भौरा मधवन सम्म वडा नं १३ |
| | शहरी विकास रोड | कि.मि. | | १५ | ५०००० | ५०००० | ५०००० | ५०००० | १००००० | ३००००० | उपमहानगरपालिका | भवनीपुर बैधनाथपुर |
| | ब्रम्हपुरी सुरही कालोपत्रे | कि.मि. | | ३ | | | | ३०००० | ३०००० | ६०००० | उपमहानगरपालिका | |
| | सैनिक ब्यारेकको बाटो कालोपत्रे | कि.मि. | | २ | | | २०००० | २०००० | | ४०००० | उपमहानगरपालिका | वडा नं १७ |
| | कलैया वडा नं २७ विजुलपुर देखि वडा नं १५ खामबा सम्म कालोपत्रे | कि.मि. | | ५ | | | | ५०००० | ५०००० | १००००० | उपमहानगरपालिका | |
| | गण्डक नहर देखि दक्षिण जानेबाटो चौडा तथा सडक नाला निर्माण | कि.मि. | | ०.५ | १०००० | | | | | १०००० | उपमहानगरपालिका | वडा नं २० |
| | कृषि बजार चौक देखि हुलाकी राजमार्गसम्म कलैया ६ जोड्ने सडक | कि.मि. | | ६ | | ३०००० | ३०००० | ३०००० | ३०००० | १२०००० | उपमहानगरपालिका | |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र बार्षिक लक्ष्य (रू.हजारमा)) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | |
| | सडक, पुल तथा यातायात | | | | २५७५०० | ३१५००० | ३७०००० | ४५०००० | ४६५००० | १८५७५०० | | |
| | मैदा मिल देखि टेडरहर खोला हुँदै दोहरी खोलासम्म बाटो निर्माण | कि.मि. | | ५ | ३०००० | ३०००० | ४०००० | | | १००००० | उपमहानगरपालिका | |
| | घोघरडिया स्कुल देखि पिप्राढी टोलको हनुमान मन्दिरसम्म कालो पत्रे | कि.मि. | | २.५ | | | ३०००० | २०००० | | ५०००० | उपमहानगरपालिका | |
| | मोतसर चौक देखि कोइरीमा टोलको चौकसम्म पिच बाटो | कि.मि. | | १ | | | | | २०००० | २०००० | उपमहानगरपालिका | वडा नं २३ |
| | मैदा मिल देखि रंगेरहर खोला हुदै दोहरीको खोला सम्म बाटो निर्माण | किमि | | ८ | ३०००० | ३०००० | ३०००० | ३०००० | ४०००० | १६०००० | उपमहानगरपालिका | |
| | केटीगरमाइ देखि रमपूर्वा जोडने सडक निर्माण | किमि | | २.५ | २०००० | ३०००० | | | | ५०००० | उपमहानगरपालिका | वडा नं १३ |
| | सडक मर्मत संभार | एकमुष्ठ | | | २०००० | ३०००० | ४०००० | ५०००० | ६०००० | २००००० | उपमहानगरपालिका | |
| | पसाहा खोलामा पुल निर्माण | संख्या | | १ | | | ३०००० | ३०००० | | ६०००० | प्रदेश सरकार | वडा नं १३ |
| | पुल निर्माण | संख्या | | १ | | | | ३०००० | ३०००० | ६०००० | प्रदेश सरकार | बंगरी खोला |
| | पिपरपाती जाने पसाह खोलामा झोलुंङ्गे पुल निर्माण | संख्या | | १ | १०००० | | | | | १०००० | उपमहानगरपालिका | वडा नं २० पूर्व |
| | सिसहानिया चौकमा दक्षिण र उत्तर पट्टीको अधुरो नाला तथा बाटोमा पिच निर्माण | कि.मि. | | २ | २०००० | २०००० | | | | ४०००० | उपमहानगरपालिका | वडा नं २५ |
| | देविगंजदेखि खपरताता हुँदै कन्चनपुर जाने बाटो दुवै तिर नाला तथा पिच निर्माण | कि.मि. | | ३ | | १०००० | २०००० | ३०००० | | ६०००० | उपमहानगरपालिका | वडा नं ८ |
| | बरेवा टोल पानी निकासका लागि कडीया नदी जोड्ने नाला निर्माण | कि.मि. | | ५ | | | | | २०००० | २०००० | उपमहानगरपालिका | वडा नं ८ |
| | सडक नाला निर्माण | कि.मि. | | ५० | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० | उपमहानगरपालिका | बैधनाथपुर गंगापुर |





| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र बार्षिक लक्ष्य (रू.हजारमा)) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | |
| | सडक, पुल तथा यातायात | | | | २५७५०० | ३१५००० | ३७०००० | ४५०००० | ४६५००० | १८५७५०० | | |
| | मदिल्वादेखि पश्चिम टेकहल खोला सम्म ढल निकास | कि.मि. | | २० | १०००० | २०००० | ३०००० | | | ६०००० | उपमहानगरपालिका | |
| | मटिअर्वा सिमाना पूर्व ढल निकास | एकमुष्ठ | | | | | | २०००० | ३०००० | ५०००० | उपमहानगरपालिका | |
| | नाला निकास | कि.मि. | | १० | | | १०००० | २०००० | | ३०००० | उपमहानगरपालिका | वडा नं २० |

तालिका ६९: सडक, पुल तथा यातायातका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित बजेट | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| सडक, पुल तथा यातायात | | | १८५७५०० | | | | |
| नगर यातायात गुरुयोजना निर्माण | सङ्ख्या | १ | २५०० | ११ | १ | ३ | ३ |
| कृषि सडक निर्माण | सङ्ख्या | १.५ | १५००० | ११ | १ | २ | २ |
| कृषि सडक निर्माण | सङ्ख्या | १.५ | १५००० | ११ | १ | २ | २ |
| कृषि सडक निर्माण | कि.मि. | ४ | ४०००० | ११ | १ | २ | २ |
| दोहरी बजार देखी मझैलिया हुँदै चिनी मिल सडक पिच निर्माण | कि.मि. | ३.५ | ३५००० | ११ | १ | ३ | ३ |
| सडक निर्माण | किमि | ५ | ५०००० | ११ | १ | ३ | ३ |
| सहरी विकास रोड | कि.मि. | १५ | ३००००० | ११ | १ | ३ | ३ |
| ब्रम्हपुरी सुरही कालोपत्रे | कि.मि. | ३ | ६०००० | ११ | १ | ३ | ३ |
| सैनिक ब्यारेकको बाटो कालोपत्रे | कि.मि. | २ | ४०००० | ११ | १ | ३ | ३ |
| कलैया वडा नं २७ बिजुलपुर देखि वडा नं १५ खामवा सम्म कालोपत्रे | कि.मि. | ५ | १००००० | ११ | १ | ३ | ३ |
| गण्डक नहर देखि दक्षिण जानेबाटो चौडा तथा सडक नाला निर्माण | कि.मि. | ०.५ | १०००० | ११ | १ | ३ | १ |
| कृषि बजार चौक देखि हुलाकी राजमार्गसम्म कलैया ६ जोड्ने सडक | कि.मि. | ६ | १२०००० | ११ | १ | ३ | ३ |
| मैदा मिल देखि टेडरहर खोला हुँदै दोहरी खोलासम्म बाटो निर्माण | कि.मि. | ५ | १००००० | ११ | १ | ३ | २ |
| घोघरडिया स्कुल देखि पिप्राढी टोलको हनुमान मन्दिरसम्म कालो पत्रे | कि.मि. | २.५ | ५०००० | ११ | १ | ३ | ३ |



CamScanner

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित बजेट | दिविल सङ्केत | दिगोल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| मोतसर चौक देखि कोइरीमा टोलको चौकसम्म पिच बाटो | कि.मि. | १ | २०००० | ११ | १ | ३ | २ |
| मैदा मिल देखि रंगेरहर खोला हुँदै दोहरीको खोला सम्म बाटो निर्माण | किमि | ८ | १६०००० | ११ | १ | ३ | २ |
| केटीगरमाइ देखि रमपूर्वा जोडने सडक निर्माण | किमि | २.५ | ५०००० | ११ | १ | ३ | ३ |
| सडक मर्मत संभार | एकमुस्ट | | २००००० | ११ | १ | ३ | २ |
| पसाहा खोलामा पुल निर्माण | सङ्ख्या | १ | ६०००० | ११ | १ | ३ | ३ |
| पुल निर्माण | सङ्ख्या | १ | ६०००० | ११ | १ | ३ | ३ |
| पिपरपाती जाने पसाह खोलामा झोलुङ्गे पुल निर्माण | सङ्ख्या | १ | १०००० | ११ | १ | ३ | ३ |
| सिसहानिया चौकमा दक्षिण र उत्तर पट्टीको अधुरो नाला तथा बाटोमा पिच निर्माण | कि.मि. | २ | ४०००० | ११ | १ | ३ | १ |
| देविगंजदेखि खपरताता हुँदै कन्चनपुर जाने बाटो दुवै तिर नाला तथा पिच निर्माण | कि.मि. | ३ | ६०००० | ११ | १ | ३ | १ |
| बरेवा टोल पानी निकासका लागि कडीया नदी जोड्ने नाला निर्माण | कि.मि. | ५ | २०००० | ११ | १ | ३ | १ |
| सडक नाला निर्माण | कि.मि. | ५० | १००००० | ११ | १ | ३ | १ |
| मदिल्वादेखि पश्चिम टेकहल खोला सम्म ढल निकास | कि.मि. | २० | ६०००० | ११ | १ | ३ | १ |
| मटिअर्वा सिमाना पूर्व ढल निकास | एकमुस्ट | | ५०००० | ११ | १ | ३ | १ |
| नाला निकास | कि.मि. | १० | ३०००० | ११ | १ | ३ | १ |

### ६.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ७०: सडक, पुल तथा यातायातका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्टयाइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| सडक, पुल तथा यातायात | | | | | | | | | | | | |
| प्रभाव | संघ, प्रदेश तथा नगरपालिकाको समन्वयका आधारमा सडक तथा यातायात पूर्वाधार विकास गरी आर्थिक तथा सामाजिक | ३० मिनेटसम्मको दूरीमा यातायात पहुँच भएका परिवार | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका प्रोफाइल, पालिका | जनताको माग अनुसार यातायातको व्यवस्थापन भएको |





| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्टयाइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | विकासका अवसरमा नागरिकको सहज पहुँच भएको हुनेछ । | सर्वयाम सडक | कि.मि. | ५०४ | ५२० | ५४० | ५६० | ५८० | ६०२ | ६०२ | प्रगति विवरण, प्राविधिक शाखा | हुने, सडक पूर्वाधारमा लगानी वृद्धि हुने |
| असर | योजनाको दीर्घकालीन उपयोगकोलागि निर्माण भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मत संभार भएको हुनेछ । | यातायात सुचारु सडक लम्बाइ | कि.मि. | ६०२ | ६१० | ६१५ | ६२० | ६२५ | ६३० | ६३० | | |
| | | नियमित मर्मत संभार भएको सडकको लम्बाइ | कि. मि. | ८८ | १०० | १२० | १५० | १८० | २१० | २१० | | |
| प्रतिफल | पालिकाको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान पुर्याउन सक्ने रणनीतिक सडक संजाल सुदृढ भएको हुनेछ । | अन्तर पालिका सडक सञ्जाल विस्तार | कि.मी. | ४६ | ५० | ५० | ५० | ५० | ५० | ५० | | |
| | छिटो, भरपर्दो र वातावरण मैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरू अवलम्बन हुनेछ । | वायोइञ्जिनिरिङ्ग प्रविधि र सडक साइड वृक्षारोपण | कि.मी. | ६ | १० | १५ | २० | २५ | ३० | ३० | | |
| | | बाढी नियन्त्रणकालागि ग्याभिन वाल निर्माण | कि.मी. | २.८ | ३ | ५ | ७ | ९ | ११ | ११ | | |
| | प्रत्येक वडाहरूमा र महत्त्वपूर्ण स्थलहरूमा, बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने गरी यातायात पहुँच बढाउन सडक विस्तार गरिनेछ । | पालिकामा सञ्चालित ४ पाङ्ग्रे यातायातका साधन | सङ्ख्या | २०० | २०० | २२५ | २२५ | २५० | २५० | २५० | | |
| | | कच्ची सडक | कि.मी. | १९६ | १९० | १८४ | १७८ | १७२ | १६६ | १६६ | | |
| | | ग्राभेल सडक | कि.मि. | ४१६ | ४१० | ४०४ | ३९८ | ३९२ | ३८६ | ३८६ | | |
| | | कालोपत्रे | कि.मि. | ८८ | १०० | ११२ | १२४ | १३६ | १४८ | १४८ | | |
| | | ट्र्याक खोलिएको सडक | कि.मि. | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | पक्की पुल | सङ्ख्या | ७ | ७ | ८ | ८ | ९ | ९ | ९ | | |
| | | झोलुङ्गे पुल | सङ्ख्या | ० | ० | १ | २ | २ | २ | २ | | |
| | | सडक नाली | कि.मि. | २० | ३२ | ४४ | ५६ | ६८ | ७० | ७० | | |
| | | सडक पेटी | कि.मि. | ६ | १८ | ३० | ४२ | ५४ | ६६ | ६६ | | |



CamScanner

## ६.३ जलस्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा

### ६.३.१ पृष्ठभूमि

जलविद्युत आर्थिक वृद्धि र आर्थिक रूपान्तरणको एक महत्त्वपूर्ण साधन हो । नेपाल सरकारले सन् २०३० सम्ममा १५,००० मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य राखेको छ । प्रदेशमा दिगो र भरपर्दो विद्युतको पहुँच सबै नागरिकमा पुगि नसकेको र प्रदेश सरकारले ऊर्जा क्षेत्रलाई आर्थिक समृद्धिको सम्वाहक मानेको सन्दर्भमा जल विद्युत विकास र व्यवस्थापनमा गण्डकी प्रदेश सरकारको महत्त्वपूर्ण भूमिका आवश्यक छ । नेपालको संविधानले जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने नीति गत व्यवस्था गरेको छ । प्रकाश ऊर्जाको सबैभन्दा सरल र भरपर्दो स्रोतको रूपमा विद्युत ऊर्जालाई लिने गरिन्छ ।

कलैया उपमहानगरपालिकाको घरधुरीहरूमा उज्यालोको प्रमुख स्रोत (९७.९१%) विद्युत नै हो घर राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार ०.९४ प्रतिशत घर परिवारको सौर्य ऊर्जामा पहुँच रहेको देखिन्छ । यहाँका २२१२५ घर धुरी मध्ये २५५ घर धुरी विद्युतको पहुँच बाहिर रहेको देखिन्छ । यहाँका २२१२५ घर धुरी मध्ये आधा भन्दा बढी अर्थात् १२६८० घर धुरी (५७.३१%) ले दाउरालाई खाना पकाउने इन्धनको रूपमा प्रयोग गरिरहेका छन् भने सो भन्दा निकै कम अर्थात् ४०.१२ प्रतिशत घर परिवारले एलपि ग्याँस प्रयोग गर्ने गरेको देखिन्छ । त्यसैगरी ०.६७ प्रतिशतले जैविक ग्याँस खाना पकाउने इन्धनका रूपमा प्रयोग गर्ने गरेको देखिन्छ (राष्ट्रिय जनगणना, २०७८) ।

### ६.३.२ समस्या तथा चुनौती

सबै स्थानमा विशिष्ट उपयोगका लागि ३ फेज लाइनको विद्युत सेवा उपलब्ध हुन सकेको छैन भने उपलब्ध विद्युत सेवा पनि नियमित र व्यवस्थित हुन सकेको छैन । स्वच्छ ऊर्जाको रूपमा गोबर ग्याँस, बायो बिकेट र धुवाँ रहित सुधारिएको चुलोको उपयोग पर्याप्त मात्रामा हुन सकेको छैन । अधिकांश वडाहरूमा परम्परागत रूपमा दाउराबाट खाना पकाउने गरिएको छ ।

बस्ति विकास, सहरीकरण तथा आर्थिक गतिविधिको विस्तारका कारण बढ्दै गएको विद्युतको माग बढ्दै गए अनुसार विद्युत आपूर्ति गर्नु र ग्रामीण स्तरमा छरिएको बस्तीहरूमा विद्युतीकरण गर्नु चुनौतीको रूपमा रहेका छन् ।

### ६.३.३ सम्भावना तथा अवसर

कलैया उपमहानगरपालिका क्षेत्रमा ठूला आयोजना मार्फत जलविद्युत उत्पादनकोलागि उपयुक्त भौगोलिक अवस्था र जलस्रोतको उपलब्धता रहेको भएतापनि सम्भाव्यता अध्ययनहरू हुन सकेको छैन यद्यपि लघु जल विद्युत तथा नविकरणीय ऊर्जाका रूपमा सौर्य ऊर्जामा लगानी गरी विद्युत उत्पादन गर्न सकिने सम्भावना रहेको छ । जनसमुदायमा ऊर्जाको आवश्यकता वारे चेतना अभिवृद्धि भएको अवस्था छ ।





### ६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

ऊर्जाको उपभोगमा दक्षता वढाई वातावरण मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय ऊर्जामा सबैको पहुँचमा वृद्धि गर्ने।

उद्देश्य

१. दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा वृद्धि गर्नु ।
२. परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा वृद्धि गर्नु ।

रणनीति र कार्यनीति

तालिका ७१ः ऊर्जाका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः दिगो, भरपर्दो, गुणस्तरीय ऊर्जामा सबैको पहुँचमा वृद्धि गर्नु।** | |
| १.१ः ऊर्जा क्षेत्रको संस्थागत संरचना तयार गरी दिगो र अधिकतम् उपयोगको आधार तयार गर्ने । | १. संघीय स्वरूप अनुसार ऊर्जा क्षेत्रको स्थानीय स्तरमा संस्थागत संरचना तयार गरिनेछ ।<br>२. संगठनात्मक संरचना अनुसार विद्युत जडान गर्ने र मर्मत सम्भार गर्न तालिम प्राप्त दक्ष जनशक्तिको व्यवस्था गरी उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।<br>३. विद्युत वितरण लाइनमा उच्च क्षमता तथा गुणस्तरीय ट्रान्फर्मरहरू प्रतिस्थापन गरिनेछ ।<br>४. घरायसी प्रयोजनकालागि अधिकतम् ऊर्जा प्रयोग गर्ने परिवारलाई सम्मान/प्रोत्साहनको व्यवस्था गरिनेछ । |
| **उद्देश्य २ः परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा वृद्धि गर्नु ।** | |
| २.१ः ऊर्जाको प्रयोगलई दिगो, भरपर्दो गुणस्तरीय र प्रभावकारी रूपमा विकास गरी वहुउपयोगि बनाउने । | १. ऊर्जाको खपत प्रभावकारी ढङ्गबाट गर्नकालागि विशेष सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. सार्वजनिक संस्था वा स्थानहरू जस्तै, अस्पताल, विद्यालय, धार्मिकस्थल, सडक, पर्यटकीय स्थल, आदिमा अधारभूत ऊर्जाको नियमित आपूर्ति गर्न सौर्य ऊर्जा जडान गरिनेछ ।<br>३. विद्युतीय चुलो प्रयोग गर्न सहुलियत ऋण/अनुदानको व्यवस्था गरिनेछ।<br>४. कृषि तथा सहरी क्षेत्रबाट निस्किने फोहरजन्य वस्तुबाट बायोग्यास तथा प्राङ्गारिक मल उत्पादन तथा प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>५. सिँचाइ तथा खानेपानीको पहुँच पुर्‍याउन सम्भावना नरहेका क्षेत्रमा सौर्य ऊर्जाको प्रयोग गरी लिफ्ट खानेपानीको सञ्चालन गरिनेछ ।<br>६. जलविद्युत, वैकल्पिक ऊर्जाको अधिकतम प्रयोग गरी दैनिक जीवनयापनमा सहजता ल्याउँदै परम्परागत इन्धनको प्रयोग घटाइनेछ।<br>७. वैकल्पिक ऊर्जा क्षेत्रलाई प्रोत्साहन गर्न बैङ्क तथा वित्तीय क्षेत्रबाट सहुलियत दरमा ऋणको व्यवस्था गरिनेछ । |

### ६.३.५ कार्यक्रम तथा आयोजना

तालिका ७२: जलस्रोत, विघुत् तथा वैकल्पिक ऊर्जाका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | |
| | जलस्रोत, विघुत् तथा वैकल्पिक ऊर्जा | | | | ११००० | १२००० | १२००० | १३००० | १३००० | ६१००० | | |
| | नगरका सबै क्षेत्रमा Three Phase Line विस्तार गरी विघुतको पहुँच विस्तार | एकमुष्ठ | | | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | उपमहानगरपालिका | |
| | विघुतिकरणका लागि पोल स्थानान्तरण तथा स्थापना | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | उपमहानगरपालिका | |
| | सडकवत्ति जडान तथा मर्मत | एकमुष्ठ | | | ३००० | ४००० | ४००० | ४५०० | ४५०० | २०००० | उपमहानगरपालिका | |
| | मुख्य चौक, सार्वजनिक स्थानमा सोलार जडान | संख्या | | ६० | १००० | १००० | १००० | १५०० | १५०० | ६००० | उपमहानगरपालिका | |
| | वैकल्पिक उर्जा प्रवद्‌धन( विधुतिय चुल्हो, गोवरग्यास) | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | उपमहानगरपालिका | |

तालिका ७३: जलस्रोत, विघुत् तथा वैकल्पिक ऊर्जाका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | जम्मा | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| जलस्रोत, विघुत् तथा वैकल्पिक ऊर्जा | | | ६१००० | | | | |
| नगरका सबै क्षेत्रमा Three Phase Line विस्तार गरी विघुतको पहुँच विस्तार | एकमुस्ट | | २५००० | ७ | १ | २ | १ |
| विघुतिकरणका लागि पोल स्थानान्तरण तथा स्थापना | एकमुस्ट | | ५००० | ७ | १ | २ | २ |
| सडकवत्ति जडान तथा मर्मत | एकमुस्ट | | २०००० | ७ | १ | ३ | २ |
| मुख्य चौक, सार्वजनिक स्थानमा सोलार जडान | सङ्ख्या | ६० | ६००० | ७ | १ | २ | १ |
| वैकल्पिक ऊर्जा प्रवर्द्धन( विधुतिय चुल्हो, गोवरग्यौस) | एकमुस्ट | | ५००० | ७ | १ | २ | १ |





### ६.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ७४: जलस्रोत, विघुत् तथा वैकल्पिक ऊर्जाका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्टयाईको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| जलस्रोत, विघुत् तथा वैकल्पिक ऊर्जा | | | | | | | | | | | | |
| प्रभाव | परम्परागत ऊर्जाको प्रतिस्थापन गरी वैकल्पिक ऊर्जा प्रयोगमा वृद्धि भएको हुनेछ । | विघुतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९१.६ | ९५ | ९९ | १०० | १०० | १०० | १०० | नगरपालिका प्रोफाइल, प्राविधिक शाखा, सम्बन्धित शाखाको प्रतिवेदन | सम्बन्धित कार्यालयहरूले आफूलाई समसामयिक अद्यावधिक गरेको हुने, ऊर्जा पूर्वाधारमा |
| असर | नवीकरणीय तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोगमा ऊर्जा दक्षता वढाई वातावरण मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सवैको पहुँचमा वृद्धि हुनेछ । | जलविघुत् उत्पादन (जडित क्षमता) | मेगावाट | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | प्रतिव्यक्ति विघुत् उपभोग (वाट प्रति घण्टा) | घण्टा | ४८.५३ | ६० | १५० | २०० | २५० | ३०० | ३०० | | |
| | | लघु जल विघुत उत्पादन क्षमता | किलोवाट | ० | ० | ० | ० | ० | ० | ० | | |
| प्रतिफल | ऊर्जा वितरण प्रणालीलाई प्रभावकारी एवम् भरपर्दो वनाई विघुत पहुँचमा वृद्धि गरी खपत वढाइनेछ । | थ्री फेज लाइनको विस्तार | प्रतिशत | ७० | ८० | ९० | ९५ | १०० | १०० | १०० | | |
| | | राष्ट्रिय प्रसारण लाइन मार्फत विघुतीकरण भएको परिवार | प्रतिशत | ८८.२ | ८५ | ९० | ९५ | १०० | १०० | १०० | | |
| | | खाना पकाउने इन्धनका रूपमा विघुत् प्रयोग गर्ने परिवार | प्रतिशत | २३.८१ | २५ | ३५ | ५० | ७५ | ९० | ९० | | |
| | वैकल्पिक ऊर्जाको विस्तार गरी दिगो, भरपर्दो गुणस्तरीय र प्रभावकारी रूपमा विकास गरी वहुउपयोगि वनाइने छ । | सोलार ऊर्जा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ९.४ | १० | १२ | १५ | १८ | २० | २० | | |
| | | सोलार ऊर्जा उत्पादन | कि.वा. | ४०१.२२ | ५०० | ६०० | ७०० | ८०० | १००० | १००० | | |
| | | वायोग्यास (गोवरग्यास) प्रयोग गर्ने घरपरिवार | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | | |

## ६.४ सूचना, सञ्चार तथा प्रविधि

### ६.४.१ पृष्ठभूमि

कलैया उपमहानगरपालिका क्षेत्रमा सबै वडामा मोबाइल सेवाको सुविधा पुगेता पनि इन्टरनेटको सेवा पहुँच भने २२.९६ प्रतिशत मात्रै छ । करिब ७७ प्रतिशत परिवार इन्टरनेट सेवाको पहुँच बाहिर रहेका छन् । एफ. एम. रेडियो, पत्रपत्रिका लगायत अनलाईन सञ्चार माध्यमहरू स्थानीय रूपमा सञ्चालित रहेका छन् । अझ पनि २.५३ प्रतिशत घर परिवारमा कुनै पनि सञ्चारका उपकरण नभएको अवस्था भने जटिल गरिबीको असर हुन सक्छ (राष्ट्रिय जनगणना, २०७८)।

यस उपमहानगरमा नेपाल टेलिकमको ल्याण्डलाइन फोन लगायत नेपाल टेलिकम, एन सेलको मोबाइल फोन सेवा उपलब्ध छ । यस उपमहानगरमा नीजि कम्पनीहरुबाट इन्टरनेट सेवा उपलब्ध रहेको छ । यस बाहेक राष्ट्रिय स्तरका दैनिक पत्रिकाहरू समेतले उपमहानगरमा समाचार सम्प्रेषण गरिरहेका छन् । कम्प्युटर, इन्टरनेट, टेलिभिजन लगायतको आधुनिक सुचना प्रविधिको उपयोग दिनानुदिन बढ्दै गएको छ । ल्याण्डलाइनको विस्तार खर्चिलो भएकाले र अन्य सञ्चारका माध्यम पनि ग्रामीण वस्तीका वडाहरूमा सेवा केन्द्रहरू राखी सबै सुविधाका लागि कलैया केन्द्रनै धाउनु पर्ने अवस्यालाई अन्त्य गर्नु पर्ने देखिन्छ ।

### ६.४.२ समस्या तथा चुनौती

भौगोलिक विकटताको कारण सूचना तथा सञ्चार प्रविधिको विस्तारलाई दुर्गम वडासम्म द्रुतता दिन समस्या भएको छ । सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको पर्याप्त उपयोग हुन सकेको छैन । सूचना तथा सञ्चारको संरचनागत विकासका पूर्वाधारमा कमी देखिन्छ । सूचना प्रविधिको विकास र साइवर सुरक्षाको लागि पर्याप्त संरचनागत व्यवस्था भएको भने छैन । केही स्थानहरूमा मोबाइल नेटवर्क अनियमित तथा ज्यादै कमजोर भएकाले सेवा प्रयोग एवं वडा कार्यालयको सेवा प्रवाहमा समेत बाधा पुगेको छ ।

अप्टिकल फाइवर विस्तारमा गति दिने कार्य, सूचना तथा सञ्चार क्षेत्रमा विकसित नवीनतम प्रविधि समय सापेक्ष प्रयोगमा ल्याउने कार्य, विद्युत प्रसारण भरपर्दो बनाउने कार्य, महानगर क्षेत्रको ऐतिहासिक महत्वका वस्तु र सेवाहरूलाई डिजिटल अर्काइभमा सुरक्षित राख्ने कार्य, साइवर सुरक्षा सम्बन्धी संस्थागत संरचना तयार गरी आम जनतामा यस सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने कार्य, र सामाजिक सञ्जालको वृद्धिसँगै यसमा बढ्दै गएको दुरुपयोग तथा विकृतिलाई रोक्ने कार्य चुनौती पूर्ण देखिएको छ ।

### ६.४.३ सम्भावना तथा अवसर

विद्यमान योजना तथा नीति अनुरूप उपमहानगरलाई सञ्चार तथा सूचना प्रविधि मैत्री बनाउन सकिन्छ । स्थानीय सञ्चार माध्यम र सञ्चारकर्मीको क्षमता विकास गरी उपमहानगरलाई मिडियामैत्री बनाउन सकिन्छ । आधुनिक सूचना प्रविधिको प्रयोग गरी उपमहानगरपालिकाको प्रशासनिक लगायत दैनिक कामकाजका प्रणालीहरू सहज एवम् चुस्त बनाउन सकिने सम्भावना प्रशस्त छ ।





विद्यालय तथा स्वास्थ्य केन्द्र लगायत सम्पूर्ण सार्वजनिक संस्थाहरूको कार्य प्रणालीलाई सूचना प्रविधिको प्रयोगबाट थप चुस्त दुरुस्त र प्रभावकारी बनाउन सकिन्छ । प्रविधिको भरपूर उपयोग गरी पर्यटकीय, कला, भाषा तथा संस्कृतिको दृष्टिकोणले महत्त्वपूर्ण स्थलहरूको संरक्षण एवम् प्रवर्द्धन गर्न सकिने र सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सकिने देखिन्छ । सूचना तथा सञ्चारको विकासले समग्र आर्थिक विकासको गतिविधिलाई पारदर्शी, चुस्त दुरुस्त र प्रभावकारी बनाउन टेवा पुऱ्याउनेछ ।

### ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सूचना, सञ्चार तथा प्रविधिको विकास गर्दै सबै नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आम नागरिकको जीवनस्तरलाई सहज बनाउने ।

**उद्देश्य**

१. आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई सूचना तथा सञ्चार प्रविधि र सेवाहरू सबै नागरिकको पहुँचमा पुऱ्याउनु ।
२. सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्व सुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु।

**रणनीति र कार्यनीति**

तालिका ७५: सूचना तथा सञ्चार प्रविधिका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई सूचना तथा सञ्चार प्रविधि र सेवाहरू सबै नागरिकको पहुँचमा पुऱ्याउनु ।** | |
| १.१: सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नयाँ खोज तथा अनुसन्धान र विकासको लागि कानुनी आधार तयार गर्ने । | १. सञ्चार माध्यमसँग साझेदारीको नीतिलाई प्रभावकारी बनाइनेछ ।<br>२. सूचना प्रविधि क्षेत्रको विकासकालागि निजी क्षेत्रलाई प्रोत्साहन र प्रवर्द्धन गर्न सहजीकरण गरिनेछ।<br>३. केवलमा आधारित सञ्चार प्रविधिलाई तारहित प्रविधिमा रूपान्तर गर्न विभिन्न अध्ययन गरिनेछ । |
| १.२: बजार तथा चलचित्र क्षेत्रको पूर्वाधार विकास गरी उद्योगको रूपमा विकास तथा प्रवर्द्धन गर्ने । | १. यस क्षेत्रलाई परिचित गराउने खालका भाषिक, सांस्कृतिक, भौगोलिक तथा सामाजिक पृष्ठभूमि झल्कने प्रवर्द्धनात्मक सूचनाका सामग्रीहरूको निर्माण र निर्माण भएका सामग्रीहरूको डिजिटलाइजेशन गरी यस क्षेत्रको विकासलाई टेवा पुऱ्याउन सूचना तथा सञ्चार प्रविधि युक्त पर्यटकीय योजना बनाइनेछ।<br>२. यस क्षेत्रको कला संस्कृतिको पहिचानमा जोड दिई मौलिक, सामाजिक तथा गुणस्तरीय लघु चलचित्र तथा डकुमेन्ट्री निर्माणलाई प्रोत्साहन गरिनेछ ।<br>३. टेलीमेडिसिन केन्द्रको स्थापना गरी सबै नागरिकलाई घरमै बसी स्वास्थ्य उपचार सम्बन्धी परामर्श सेवा लिने अवसरको सुनिश्चितता गरिनेछ ।<br>४. विज्ञापन बजारको व्यवस्थापन एवम् नियमन गर्न नियामक निकायको स्थापना तथा सञ्चालन गरिनेछ । |



CamScanner

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ५. सार्वजनिक क्षेत्रबाट प्रचार प्रसार हुने विज्ञापनमा समानुपातिक वितरण प्रणालीको व्यवस्था गरिनेछ। |
| १.३: समग्र प्रविधिका विकासकालागि डिजिटाइजेसन मार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने । | १. सार्वजनिक तथा निजी सेवाहरू क्रमशः सफ्टवेयर अनलाइन मार्फत सूचना तथा सेवा प्रदान गरिनेछ।<br>२. सञ्चार तथा सूचना प्रविधिको विकासका लागि स्थानीय प्राविधिक जनशक्ति उत्पादनको आधार तयार गरिनेछ ।<br>३. डिजिटल डिभाइड कम गर्नको लागि डिजिटल साक्षरता र सचेतना अभिवृद्धिलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।<br>४. सूचना प्रविधिको प्रयोग मार्फत स्थानीय भाषा, संस्कृति तथा मौलिकताको संरक्षण गरिनेछ ।<br>५. आधारभूत तह देखि नै हरेक विद्यार्थीले कम्प्युटर तथा सूचना प्रविधि सम्बन्धी अध्ययन गर्न पाउने अवसरको सुनिश्चितता गरिनेछ । |
| **उद्देश्य २: सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु।** | |
| २.१: सूचना तथा सञ्चार सेवालाई प्रतिस्पर्धी, मर्यादित, सर्वसुलभ तथा नियमित पहुँचको स्थापना गरी सूचना प्रविधिको उच्चतम सेवा प्रयोग गर्ने । | १. महानगरका सबै वडाहरूमा अप्टिकल फाइवरको विस्तार गरी इन्टरनेटको पहुँच सर्वसुलभ बनाइनेछ ।<br>२. सबै कार्यालयका वेबसाइट, इमेल, ट्वीटर, भाइबर जस्ता माध्यमबाट नागरिकको गुनासो प्राप्ति तथा सुनुवाइ हुने व्यवस्था मिलाइनेछ ।<br>३. सबै वडाहरूमा डिजिटल सूचना पाटीको व्यवस्था गरी सम्पूर्ण सूचना, क्रियाकलाप तथा गतिविधिहरूका बारेमा सुसूचित हुने अधिकारको सुनिश्चितता गरिनेछ ।<br>४. सार्वजनिक आमसञ्चार माध्यमलाई स्वच्छ, प्रतिस्पर्धी, मर्यादित, उत्तरदायी र व्यावसायिक बनाइनेछ।<br>५. नगरपालिकाका सम्पूर्ण क्रियाकलापहरूलाई सूचना प्रविधि मैत्री बनाई सबैकालागि सहज एवम् सर्वसुलभ सेवाको सुनिश्चितता गरिनेछ । |
| २.२: सूचनामा सम्पूर्ण नागरिकहरूको पहुँच र सञ्चार प्रविधिको उच्चतम प्रयोगको सुनिश्चितता गर्ने । | १. सञ्चार क्षेत्रकालागि विद्यमान भौतिक संरचनामा आवश्यकता अनुसार थप संरचना विस्तार गरिनेछ।<br>२. नगरपालिकाका सबै ठाउँमा टेलिफोन सेवाको नेटवर्क उपलब्ध हुन सक्ने गरी आवश्यकता अनुरूप मोबाइल टावरको विस्तार गरिनेछ।<br>३. नगरपालिकाका सबै वडाहरूमा स्थानीय तथा राष्ट्रिय पत्र-पत्रिकाहरूको ताजा खबर नियमित रूपमा अनलाइन संस्करणमा समेत पढ्न पाउने व्यवस्था मिलाइनेछ । |



६.४.५ कार्यक्रम तथा आयोजना

तालिका ७६: सूचना, सञ्चार तथा प्रविधिका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | |
| | सूचना, सञ्चार तथा प्रविधि | | | | १३००० | १४००० | १४००० | १३५०० | १५५०० | ७०००० | | |
| | सबै वडामा Fiber Internet विस्तार | एकमुष्ट | | | १००० | १००० | १००० | | | ३००० | उपमहानगरपालिका | |
| | सेवा प्रवाह सम्बन्धी Software हरू निर्माण गरी Digital Kalaiya Sub-Metro City | एकमुष्ठ | | | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | उपमहानगरपालिका | |
| | Digital नागरीक वडापत्र तथा Digital सूचना पाटी व्यवस्थापन | संख्या | | २८ | ३००० | ३००० | ५००० | ५००० | ५००० | २१००० | उपमहानगरपालिका | |
| | सार्वजनिक सेवा प्रवाह सोफ्टवेयर एप्लिकेशन सार्वजनिक सेवा प्रवाह | एकमुष्ठ | | | | | | ३००० | ५००० | ८००० | उपमहानगरपालिका | |
| | व्यवस्थित सुचना र सञ्चार प्रवर्द्धन केन्द्र स्थापना | संख्या | | १ | | २५०० | २५०० | | | ५००० | उपमहानगरपालिका | |
| | GIS Based Housing Numbering लागु गर्ने | एकमुष्ठ | | | ३५०० | | | | | ३५०० | उपमहानगरपालिका | |
| | विघुतीय सवारी साधनको प्रयोग सम्बन्धी सचेतना र ट्राफिक कार्यक्रम | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | उपमहानगरपालिका | |
| | हालको Infrastructure Management System ( IMMS) लाइ Integrated Municipal Management System मा विकास गर्ने कार्यक्रम | एकमुष्ठ | | | | २००० | | | | २००० | उपमहानगरपालिका | |

तालिका ७७: सूचना, सञ्चार तथा प्रविधिका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित बजेट | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| सूचना, सञ्चार तथा प्रविधि | | | ७०००० | | | | |
| सबै वडामा Fiber Internet विस्तार | एकमुस्ट | | ३००० | ९ | १ | २ | ३ |

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित बजेट | दिविस सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| सेवा प्रवाह सम्बन्धी Software हरू निर्माण गरी Digital Kalaiya Sub-Metro City | एकमुस्ट | | २५००० | ९ | १ | ३ | २ |
| Digital नागरिक बडापत्र तथा Digital सूचना पाटी व्यवस्थापन | सङ्ख्या | २८ | २१००० | ९ | १ | ३ | २ |
| सार्वजनिक सेवा प्रवाह सफ्टवेयर एप्लिकेशन सार्वजनिक सेवा प्रवाह | एकमुस्ट | | ८००० | ९ | १ | ३ | ३ |
| व्यवस्थित सूचना र सञ्चार प्रवर्द्धन केन्द्र स्थापना | सङ्ख्या | १ | ५००० | ९ | १ | ३ | ३ |
| GIS Based Housing Numbering लागू गर्ने | एकमुस्ट | | ३५०० | ९ | १ | ३ | ३ |
| विद्युतीय सवारी साधनको प्रयोग सम्बन्धी सचेतना र ट्राफिक कार्यक्रम | पटक | ५ | २५०० | ९ | १ | ३ | १ |
| हालको Infrastructure Management System ( IMMS) लाइ Integrated Municipal Management System मा विकास गर्ने कार्यक्रम | एकमुस्ट | | २००० | ९ | १ | ३ | ३ |

### ६.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ७८: सूचना, सञ्चार तथा प्रविधिका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्टयाईको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| सञ्चार तथा सूचना प्रविधि | | | | | | | | | | | | |
| प्रभाव | सूचना तथा सञ्चार प्रविधिको विकास मार्फत पालिकाबासीको जीवनस्तरमा सहजता हुनेछ । | मोबाइल नेटवर्क कभरेज क्षेत्र | प्रतिशत | ९५.३ | ९७ | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका प्रोफाइल, सूचना प्रविधि शाखा, ग्ढ २०७८ | सूचना प्रविधिमा थप लगानी बृद्धि भएको हुने |
| | | ईन्टरनेटमा पहुँच प्राप्त परिवार | प्रतिशत | ६६.४२ | ६७ | ७० | ७३ | ७६ | ८० | ८० | | |
| असर | सूचना तथा सञ्चार सेवालाई प्रतिस्पर्धी, मर्यादित, सर्वसुलभ तथा नियमित पहुँचको स्थापना गरी सूचना प्रविधिको उच्चतम प्रयोग भएको हुनेछ । | उद्यम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने व्यक्ति | प्रतिशत | ४६.५ | ४७ | ५० | ५२ | ५५ | ६० | ६० | | |
| | | टेलिफोनलाइन भएको परिवार | सङ्ख्या | २००० | २००० | २००० | २००० | २००० | २००० | २००० | | |
| | | अप्टिकल फाइवरको विस्तार | प्रतिशत | ४५ | ५० | ५५ | ६५ | ७० | ७५ | ७५ | | |





| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल | सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नया खोज तथा अनुसन्धान र विकासको लागि कानुनी आधार तयार हुनेछ । | सूचना प्रविधि नियमन कानुन निर्माण | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | समग्र प्रविधिका विकासकालागि डिजिटाइजेसन मार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार भएको हुने । | इन्टरनेट उपलब्ध भएका विद्यालय | सङ्ख्या | २७ | ७२ | ७२ | ७२ | ७२ | ७२ | ७२ | | |
| | | इन्टरनेट उपलब्ध भएका सरकारी कार्यालयहरू | प्रतिशत | ३१ | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | | फ्रि वाईफाई उपलब्ध भएका सार्वजनिक स्थलहरू | सङ्ख्या | २ | ३ | ५ | ७ | १० | १५ | १५ | | |
| | | ई-कक्षा सञ्चालन गर्ने विद्यालयहरू | सङ्ख्या | २७ | आवश्यकता अनुसार हुने | | | | | | | |
| | | डिजिटल सूचना पाटी | सङ्ख्या | ८ | १९ | १९ | १९ | १९ | १९ | १९ | | |
| | सूचनामा सम्पूर्ण नागरिकहरूको पहुँच र सञ्चार प्रविधिको उच्चतम प्रयोगको सुनिश्चित हुनेछ । | सञ्चारका कुनै एक साधन उपलब्ध घरधुरी | प्रतिशत | ८९.१६ | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | | राष्ट्रिय पत्रपत्रिका नियमित रूपमा उपलब्ध हुने सार्वजनिक पुस्तकालय | सङ्ख्या | २ | २ | २ | २ | २ | २ | २ | | |



CamScanner

## परिच्छेद ७: वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

मानव र प्रकृति बीच गहिरो र अन्योन्याश्रित सम्बन्ध छ । प्राकृतिक स्रोतको दिगो व्यवस्थापन विना मानव जीवन संभव छैन । वन संरक्षण, भू तथा जलाधार संरक्षण, जैविक विविधताको व्यवस्थापन तथा संरक्षण, वातावरण व्यवस्थापन, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् व्यवस्थापन जस्ता विषयहरू उपमहानगरपालिकाको कार्यक्षेत्र भित्र पर्दछन् । दिगो विकास र विपद् उत्थानशीलतामा अभिवृद्धि नै कलैया विकासको समृद्धि भन्ने अभियानका साथ उद्देश्य, नीति र कार्यक्रम निर्धारण गरिएको छ ।

### ७.१ वन तथा जैविक विविधता

#### ७.१.१ पृष्ठभूमि

कलैया उपमहानगरपालिकामा उष्ण हावापानी हावापानी पाइन्छ । कलैया उपमहानगरपालिका वन वातावरण र जैविक विविधताको दृष्टिकोणले सम्पन्न उपमहानगरपालिकाको श्रेणीमा पर्दैन । कलैया उपमहानगरपालिकामा पाइने प्रमुख वनस्पतिका प्रजातिहरूमा साल, रुद्राक्ष, सिमल, सतिसाल, अर्जुन, रातो सिरिस, बर, कुरिलो यसै गरी घिस्रने जन्तुहरूमा धामन, तिरीच, घोरगराईच, हरियो काना, सुगा सर्प, पानी सर्प, डोम जातका सर्प, गोहोरो, सुनगोहोरो, आदि पाइन्छन् । चराचुरुङ्गीहरूमा राज धनेश, मयूर कालो तित्रा, लुईंचे, खैरो धनेश, सुगा, कण्ठे सुगा, मदन सुगा/टुईके सुगा, जुँगे सुगा, कालो गिद्ध, डंगर गिद्ध, लामो ठुँडे गिद्ध, सिलसिले, कटुस टाउके, मौरी चरी, जङ्गली लाटोकोसेरो, खैरो हाँस, सानो माटोकोरे, भुदुरड, चिल, कँडे बाज, कण्ठे बाज, घुकुती ढुकुर, सानो बौडाई, ठूलो लहाँचे, छिर्के लहाँचे, कोईली, हुट्टी ट्याउँ, कालो ढाडे लाहाँचे, भद्रे, सानो जलेवा, सानो बकुला, लालसर, कालो भुँडीफोर, चिभे, तोप चरा, कोकले, जुरेली÷बुलबुल, गाजले चरी, धोबी चरा, श्यामा, रानी चरी, छिरबिरे माटो कोरे, कालिज, निलकण्ठ, बट्टाई, कुथुरके, ठूलो चमेरो, भँगेरी बाज, थोप्ले लाटोकोसेरो, बकुला, मलेवा आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरू पाइन्छन् । उपमहानगरपालिका भरिमा १ वटा पनि सामुदायिक वन रहेको छैन तथा हरियाली क्षेत्र पनि एकदमै कम भएकाले वृक्षारोपण तथा हरियाली प्रवर्द्धन कार्यक्रमलाई विशेष महत्त्वका साथ अघि बढाउन जरुरी भइसकेको छ ।

#### ७.१.२ समस्या तथा चुनौती

जमिनमा व्यक्तिगत स्वामित्वको प्रभुत्व रहे सम्म वैज्ञानिक भूउपयोगको अवधारणा अनुसार योजना कार्यान्वयन हुन कठीन देखिएको छ । वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोट बिरूवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, झाडी सफाई जस्ता क्रियाकलापहरूबाट जैविक सम्पदाको संरक्षणका प्रयास पूर्ण सफल हुन सकेका छैनन् । वृक्षारोपण, बन नर्सरी, जडीबुटीको व्यावसायिक खेती अपेक्षित रूपमा विस्तार भएको छैन । खोलानालामा फोहरमैला फालिने प्रचलनले जल प्रदुषण बढ्दो समस्याको रूपमा रहेको छ ।





वन तथा जैविक विविधताको संरक्षणकालागि उपमहानगरपालिकालाई जिम्मेवार बनाउनु भौतिक विकास र वन संरक्षण कार्यका बीच उत्पन्न हुने द्वन्द्वको व्यवस्थापन गर्नु, स्थानीय जनतामा वन तथा जैविक विविधताको संरक्षणबारे ज्ञान अभिवृद्धि गरी सहकार्य गर्नु, छाडा चरिचरन, वन फडाँनी, अव्यवस्थित बस्ति, र आगलागी जस्ता क्रियाकलापहरू नियन्त्रण गर्नु यस क्षेत्रका मुख्य चुनौती हुन् ।

#### ७.१.३ सम्भावना तथा अवसर

व्यवहारिक तथा दिगो भूउपयोग नीति तथा यसको कार्यान्वयनबाट यस क्षेत्रको जैविक विविधताको संरक्षण गर्न सकिन्छ । यसबाट उर्वर कृषि भूमि र वन जंगलको निकै हद सम्म संरक्षण र उपयोग गर्न सकिन्छ । हरित पूर्वाधार विकासको अवधारणालाई आयोजना चक्रमा आत्मसाथ गर्न सकिन्छ । वनमा आधारित सहकारी संस्था मार्फत वन पैदावार सङ्कलन, प्रशोधन केन्द्र तथा बजारको व्यवस्थापन गर्न, र होमस्टे सञ्चालन गरी वन पैदावारबाट रोजगारी तथा आय आर्जनका अवसरहरू श्रृजना गर्न सकिने अवस्था छ । वन तथा काठजन्य लघु उद्योग तथा व्यवसायहरू स्थापना गरी आर्य आर्जन गर्न सकिन्छ । स्थानीय स्तरमा कृषि, वन तथा पशुपालन व्यवसायको विकासका प्रशस्त सम्भावनालाई परिचालन गरी प्राकृतिक वातावरण तथा वन्यजन्तुको संरक्षण गर्न समेत सकिन्छ ।

#### ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

वनको उचित व्यवस्थापन र जैविक विविधताको संरक्षणका माध्यमबाट उपमहानगरवासीको जीवनस्तरमा सुधार गर्ने।

**उद्देश्य**

१. स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन, वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्वर्द्धन गर्नु ।
२. वन क्षेत्रको वैज्ञानिक व्यवस्थापनबाट वन र जैविक विविधता सहित वन पैदावारको उचित उपयोग गर्नु ।

**रणनीति र कार्यनीति**

तालिका ७९: वन तथा जैविक विविधताका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्वर्द्धन गर्नु।** | |
| २.१: वनलाई उत्पादनमुखी वनाई वनजन्य उत्पादनको व्यावसायीकरण गर्ने । | १. काठजन्य वस्तुको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण र प्रविधि विकास गरी नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ ।<br>२. गैर काष्ठ वन पैदावारको प्रवल सम्भावना भएको खेती विस्तार तथा बजारीकरण गरिनेछ।<br>३. वन्यजन्तु पालन, प्रजनन तथा व्यवसायीकरणका लागि स्थानीय जनतालाई प्रेरित गरिनेछ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ४. वन जन्य व्यवसाय प्रति स्थानीय युवा युवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई वनविज्ञान विषयमा अध्ययन गर्न आर्थिक सहयोग गरिनेछ। |
| १.२: समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण गर्ने । | १. स्थानीय जनतालाई वनको महत्त्व र यसका फाइदाबारे जानकारी गराइनेछ ।<br>२. वनको सीमा निर्धारण गरी तार बार गरिनेछ ।<br>३. खाली भूभागमा वृक्षारोपण गरिनेछ ।<br>४. स्थानीय जनतालाई फलफूलका बिरुवाहरू वितरण गरिनेछ ।<br>५. तालिम, गोष्ठी, अध्ययन भ्रमण आदिका माध्यमबाट उपभोक्ता समितिका सदस्यहरूको क्षमता अभिवृद्धि गरिनेछ । |
| **उद्देश्य २: वन क्षेत्रको वैज्ञानिक व्यवस्थापनबाट वन र जैविक विविधता सहित वन पैदावारको उचित उपयोग गर्नु ।** | |
| २.१: जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने । | १. उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोट बिरुवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्निरेखा, झाडी सफाइ जस्ता क्रियाकलापहरूबाट जैविक सम्पदाको संरक्षण गरिनेछ ।<br>२. वन्य जन्तुहरूबाट हुन सक्ने सम्भावित क्षति न्यूनीकरण गर्न जङ्गल क्षेत्रमै उपयुक्त हुने घाँस, बिरुवा, फलफूलहरू रोपण गरी वन्यजन्तुको आहारा व्यवस्था मिलाइनेछ ।<br>३. व्यावसायिक मूल्य भएका जडीबुटी लगायतका बोट बिरुवाहरूको व्यापक वृक्षारोपण गरी जैविक विविधताको संरक्षण गर्दै दिगो उपयोगमा जोड दिइनेछ।<br>४. छाडा चरिचरन, वन फँडानी गरी बस्ति विकास, आगलागी जस्ता क्रियाकलापहरूलाई पूर्ण वनदेज लगाई दण्ड जरिबानाको व्यवस्था गरिनेछ । |
| २.२: बाह्य र आन्तरिक स्रोत साधनको परिचालन गर्ने । | १. योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न संघीय र प्रदेश सरकार समक्ष अनुरोध गरिनेछ ।<br>२. गैरसरकारी संस्थाहरूलाई वन तथा जैविक विविधताको संरक्षणका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ ।<br>३. उपमहानगरको वार्षिक बजेटको निश्चित प्रतिशत रकम वन तथा भूसंरक्षण क्षेत्रका कार्यक्रमका लागि छुट्याइनेछ ।<br>४. वनजन्य उद्योगको विकास र व्यवसायीकरणका लागि स्थानीय निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । |



### ७.१.५ कार्यक्रम तथा आयोजना

तालिका ८०: वन तथा जैविक विविधताका कार्यक्रम तथा आयोजना

| क्र. सं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | |
| १ | वन, वातावरण र हरियाली प्रवर्द्धन सचेतनामुलक कार्यक्रम | पटक | | ५ | ३०० | ४०० | ५०० | ६०० | ७०० | २५०० | नगरपालिका | |
| २ | स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कानुन निर्माण | पटक | | २ | १०० | १०० | ० | ० | ० | २०० | नगरपालिका | |
| ३ | बहुउद्देश्यीय वन नर्सरीको स्थापना र संचालन कार्यक्रम | वटा | | २ | ० | १५०० | ० | ० | १५०० | ३००० | नगरपालिका | |
| ४ | चोरी निकासी नियन्त्रण कार्यक्रम | एकमुष्ठ | | | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | नगरपालिका | |
| ५ | नदि किनारामा वृक्षारोपण कार्यक्रम सञ्चालन | सङ्ख्या | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | नगरपालिका | |
| ६ | सामुदायिक वनमा उत्पादनमुखी फलफूल तथा जडिबुटीको वृक्षारोपण | एकमुष्ठ | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | नगरपालिका | |
| ७ | वन्यजन्तुको आक्रमण तथा अतिक्रमण नियन्त्रण कार्यक्रम | एकमुष्ठ | | | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | प्रदेश/नपा | |
| ८ | सामुदायिक वनलाई आयमुलक प्रयोजनमा प्रवर्द्धन सम्बन्धि संभाव्यता अध्ययन | सङ्ख्या | | | १००० | | | | | १००० | नगरपालिका | |
| ९ | सामुदायिक वन जडीबुटी, नर्सरी उत्पादन, प्रवर्द्धन प्रशोधन | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | नगरपालिका | |
| १० | सामुदायिक वन व्यवस्थापन | एकमुष्ठ | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | नगरपालिका | |
| | वन र जैविक विविधता जम्मा | | | | ७८०० | ८४०० | ६९०० | ७००० | ८६०० | ३८७०० | | |

तालिका ८१: वन तथा जैविक विविधताका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित बजेट | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| **वन तथा जैविक विविधता** | | | ९१००० | | | | |
| बृहद कलैया हरियाली प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | | १०००० | १२ | ७ | २ | १ |
| खोराही नदीको दुवै तर्फ वृक्षारोपण | किमि | ५ | १००० | १२ | ७ | २ | १ |
| वृक्षारोपण कार्यक्रम | किमि | ३.५ | १००० | १२ | ७ | ३ | १ |
| कलैया ६ कृषि बजार चौक देखि हुलाकी बाटो सम्म वृक्षारोपण | किमि | २ | १००० | १२ | ७ | ३ | १ |
| यादव पेट्रोल पम्पदेखि सितलपुर स्कूल सम्म मेनरोडमा वृक्षारोपण | एकमुस्ट | | १००० | १२ | ७ | ३ | १ |
| निजी वन कृषक अनुदान (५ कट्टा भन्दा माथि) कार्यक्रम | हे. | ४० | ४०००० | १२ | ७ | ३ | १ |
| नदी तटीय क्षेत्रमा रहेका सामुदायिक वन क्षेत्रमा पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | | १५००० | १२ | ७ | ३ | १ |
| एक वडा एक उद्यान निर्माण | सङ्ख्या | १९ | १९००० | १२ | ७ | २ | १ |
| खुला स्थान पहिचान तथा नक्साङ्कन कार्यक्रम | सङ्ख्या | १ | ३००० | १२ | ७ | ३ | १ |

### ७.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ८२: वन तथा जैविक विविधताका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याईंको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| **वन तथा जैविक विविधता** | | | | | | | | | | | | |
| प्रभाव | नगरपालिका क्षेत्रका वनको उचित व्यवस्थापन, भूसंरक्षण र जैविक विविधताको संरक्षणका माध्यमबाट स्थानीय जनताको | रुख बिरुवाले ढाकेको वा हरियाली वा वन क्षेत्र | प्रतिशत | ६.४९ | ६.५ | ७ | ८ | ९ | १० | १० | वन कार्यालय, नगरपालिका प्रोफाइल, सम्बन्धित शाखा | वैज्ञानिक वन व्यवस्थापनको अवधारण अनुसार जैविक विविधता र वन पैदावारको उपयोग भएको हुने |
| | | सामुदायिक वनबाट प्राप्त हुने राजस्व | प्रतिशत | ० | संकलित कुल राजस्वको १० प्रतिशत | | | | | | | |





| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याईंको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | जीवनस्तरमा सुधार भएको हुनेछ । | | | | | | | | | | | |
| असर | वनलाई उत्पादनमुखी बनाई वनजन्य उत्पादनको व्यवसायीकरण भएको हुनेछ । | स्थानीय फर्निचर उद्योग | सङ्ख्या | ६ | १० | १५ | २० | २५ | ३० | ३० | | |
| | | आयमूलक कार्य सञ्चालित वन क्षेत्र (कबुलियती वन १) | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| प्रतिफल | समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण हुनेछ । | सामुदायिक वन सङ्ख्या | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | सामुदायिक वन उपभोक्ता समितिका सदस्यको क्षमता अभिवृद्धि तालिम | पटक | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | वार्षिक वृक्षारोपण (वार्षिक) | सङ्ख्या | २००० | १०००० | २०००० | ३०००० | ४०००० | ५०००० | ५०००० | | |
| | वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्वर्द्धन गरी चोरी-निकासी तथा अतिक्रमण नियन्त्रण भएको हुनेछ । | चोरी-निकासी नियन्त्रणकालागि नियमन इकाई गठन | सङ्ख्या | ० | ० | ० | ० | १ | १ | १ | | |
| | | पालिकास्तरीय वन इकाई स्थापना | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | १ | | |
| | | जैविक विविधता युक्त क्षेत्र | सङ्ख्या | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ | | |
| | | वन क्षेत्रको तारबार | कि.मि. | ० | १ | १ | १ | १ | १ | ५ | | |
| | | लोप हुनलागेका बालीनालीको पुनस्थापन (बाली नाली को सङ्ख्या) | सङ्ख्या | ० | २ | २ | ३ | ३ | ३ | ३ | | |



CamScanner

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

कलैया उपमहानगरपालिकामा वर्षैभरी जलस्रोत उपलब्ध गराउन सक्ने लागि मूख्यतया पसाहा खोला र गण्डक रहेका छन् । यस बाहेक टेडरहर, खैराही, र बगरी खोलाबाट पम्पबाट पनि सिँचाइको सुविधा उपलब्ध हुँदै आएको छ । उपमहानगरमा तीन दर्जन बढी पोखरी रहेको र पोखरी सौन्दर्यीकरण गर्ने कार्य भएको छ । आर्थिक गतिबिधिका रूपमा पर्या-पर्यटनको प्रवर्द्धन गरी स्थानीय समुदायलाई लाभान्वित बनाउने तथा भूसंरक्षण र जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जवाफदेही बनाउन सकिने सम्भावना रहेको छ ।

उपमहानगरमा छुट्टै जलाधार व्यवस्थापन योजना र कार्यक्रम बनाई जमिन र जलाधार क्षेत्रको वैज्ञानिक तथा दिगो संरक्षण सुनिश्चित गर्नुपर्ने देखिन्छ । पसाहा लगायत अन्य खोलामा तटबन्ध तथा बाढी नियन्त्रणका लागि विशेष गुरुयोजना आवश्यक देखिन्छ । स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जवाफदेही बनाउन सकिन्छ ।

### ७.२.२ समस्या तथा चुनौती

कटान, भू-क्षय, अनियन्त्रित चरिचरन, अनियन्त्रित ढुंगा/गिट्टी/वालुवा सङ्कलन तथा निकासी हुनु, विस्तारित सडक सञ्जाल, फोहरमैला उत्सर्जन, प्लाष्टिकजन्य फोहर निष्कासन र अव्यवस्थित भौतिक निर्माणका कारण वायु र पानीजन्य प्रदूषण, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु, नागरिक सचेतना कम हुनु यहाँका प्रमुख समस्या हुन् ।

अवैज्ञानिक तरिकाले प्राकृतिक स्रोतको दोहन, जथाभावी सडक निर्माण, वातावरणीय प्रभाव मूल्याङ्कन नगरी विकास निर्माणको काम हुनु जस्ता समस्या देखिएको छ भने परिणाम स्वरूप अनावृष्टि, अतिवृष्टि, पानीको मुहान सुकेर सुख्खाक्षेत्रको विस्तार भएको अवस्था छ । मानव वस्तिको विकास र बसाई सराईको चापका साथै अनुत्पादक पशुहरूको अत्याधिक चरीचराउ र उपयोगले प्राकृतिक नदी-खोलामा भूक्षय भई पुरिने क्रम जारी छ भने अर्को तर्फ, खोलाले धार परिवर्तन गर्नु पनि थप संरक्षण चुनौती बनेको छ ।

### ७.२.३ सम्भावना तथा अवसर

उपमहानगरपालिकामा माटोको बनावट, खेती योग्य जमिन, संरक्षित क्षेत्र, बस्ती योग्य क्षेत्र आदिको विस्तृत अध्ययन गरी भू उपयोग योजनाका आधारमा समग्र उपमहानगरको बस्ती विकास तथा उपमहानगरबासीहरूको आर्थिक स्तर वृद्धि गर्न र जलाधार क्षेत्रहरूको संरक्षण गरी नमुना उपमहानगर बनाउने ठूलो सम्भावना रहेको छ ।

उपमहानगरमा उपलब्ध जलाधार तथा सिमसार क्षेत्रको संरक्षण सहित स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जवाफदेही वनाउन सकिने सम्भावना रहेको छ ।





### ७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

उपमहानगर क्षेत्र भित्र भूसंरक्षण र जलाधार व्यवस्थापन गर्ने ।

**उद्देश्य**

१. वैज्ञानिक व्यवस्थापनबाट भूसंरक्षण र जलाधार व्यवस्थापनको उचित उपयोग गर्नु ।

**रणनीति र कार्यनीति**

तालिका ८३: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: वैज्ञानिक व्यवस्थापनबाट भूसंरक्षण र जलाधार व्यवस्थापनको उचित उपयोग गर्नु ।** | |
| १.१: भूमि संरक्षणका लागि वृक्षारोपण र मुहान संरक्षणको क्रियाकलाप मार्फत जलाधार व्यवस्थापन गर्ने । | १. भूमि तथा जलाधार क्षेत्र संरक्षण क्षेत्रसँग सम्बन्धित स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने गरिनेछ ।<br>२. सडक निर्माण कार्य गर्दा एवम् प्राकृतिक उत्खनन गर्दा वातावरण प्रभाव मूल्याङ्कन गरी वातावरण जोगाउने उचित उपाय अवलम्बन गरिनेछ. ।<br>३. नदी जन्य लगायत प्राकृतिक स्रोतमा आधारित कच्चा पदार्थको उत्खनन प्रशोधन तथा निकासी कार्यलाई मापदण्ड बनाई कार्यान्वयनमा सहजीकरण गरिनेछ ।<br>४. भएका वन सम्पदाको उपयोगको अवस्था अध्ययन गरी वन विकास तथा सिमसार क्षेत्रको गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>५. भू क्षय नियन्त्रणका लागि बायोईन्जिनियरिंग प्रविधिको उपयोग, सिमसार क्षेत्रको उचित संरक्षणका लागि वृक्षारोपण, पोखरी जस्ता अभियान सञ्चालन गरी जलाधार क्षेत्रहरूको संरक्षण गरिनेछ ।<br>६. उपमहानगरले भूमि संरक्षण तथा जलाधार व्यवस्थापनको ठोस तथा दीर्घकालीन नीति लिनेछ ।<br>७. अनावृष्टि, अतिवृष्टि, अल्पवृष्टी रोकन सूचना दिने संयन्त्र स्थापना गरिनेछ । |
| १.२: जैविक तथा स्थानीय प्रविधिलाई प्रवर्द्धन गरी भूसंरक्षण गर्ने । | १. नदी कटान हुने विभिन्न वडाहरूमा बाँस, निगालो खेती तथा बायोइञ्जिनियरिङ विधि प्रवर्द्धन गरी नदी कटान न्यूनीकरणमा दिगोपन सुनिश्चित गर्ने प्रयास गरिनेछ ।<br>२. वडा स्तरमा नर्सरी व्यवस्थापन गरी वृक्षारोपण कार्यक्रम विस्तार गरी खाली जमिन, भिरालो क्षेत्र तथा नदी किनारमा वृक्षारोपण गरिनेछ । |
| १.३: पहिरो जाने समस्याको दीर्घकालीन समाधानका लागि उपाय अवलम्बन गर्ने । | १. सडक नालीहरू व्यवस्थित बनाइनेछ ।<br>२. खोला तथा नदी किनारामा दीर्घकालीन तटबन्ध निर्माण गरिनेछ । |

### ७.२.५ कार्यक्रम तथा आयोजना

तालिका ८४: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | |
| | **भूसंरक्षण तथा जलाधार व्यवस्थापन** | | | | ३२००० | ४२००० | ४२००० | ३२००० | ४७००० | १९५००० | | |
| | जलस्तर संरक्षणका लागि Recharge Pond हरू निर्माण | सङ्ख्या | | १० | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | प्रदेश सरकार | |
| | ट्रेगहर नदीको पूर्व पश्चिम बाटो निर्माण तथा नदी सफाइ | कि.मि. | | ४ | १०००० | १०००० | १०००० | १०००० | | ४०००० | उपमहानगरपालिका | वडा नं ९ |
| | तटवन्धन | कि.मि. | | २ | | | | | १०००० | १०००० | उपमहानगरपालिका | वडा न १४ को पसाहा खोलामा |
| | न्यकाटोल बैराटपुर बदरगरी नदीमा तटवन्धन | कि.मि. | | २ | १०००० | | | | | १०००० | उपमहानगरपालिका | वडा नं २३ |
| | पसाहा खोलामा तटवन्धन | किमि | | ८ | | २०००० | २०००० | | | ४०००० | प्रदेश सरकार | वडा नं १५ २७ २२ |
| | वंग्री खोलामा तटवन्धन | कि.मि. | | २ | | | | १०००० | | १०००० | उपमहानगरपालिका | वडा नं १७ |
| | असमसान घाटमा तटवन्धन | कि.मि. | | १ | | | | | ५००० | ५००० | उपमहानगरपालिका | वडा नं ३ बगरी खोला |
| | पसाह खोलामा तटवन्धन | कि.मि. | | ४ | | | | | २०००० | २०००० | उपमहानगरपालिका | २ किमि वडा नं २७ , २ किमि वडा नं २१ |
| | प्राकृतिक ताल तलैया संरक्षण कार्यक्रम | एकमुष्ठ | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | उपमहानगरपालिका | |

तालिका ८५: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित बजेट | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| **भूसंरक्षण तथा जलाधार व्यवस्थापन** | | | १९५००० | | | | |
| जलस्तर संरक्षणका लागि Recharge Pond हरू निर्माण | सङ्ख्या | १० | ५०००० | १२ | ७ | २ | १ |
| ट्रेगहर नदीको पूर्व पश्चिम बाटो निर्माण तथा नदी सफाइ | कि.मि. | ४ | ४०००० | १२ | ७ | ३ | १ |





| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित बजेट | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| तटवन्धन | कि.मि. | २ | १०००० | १२ | ७ | ३ | १ |
| न्यकाटोल बैराटपुर बदरगरी नदीमा तटवन्धन | कि.मि. | २ | १०००० | १२ | ७ | ३ | १ |
| पसाहा खोलामा तटवन्धन | किमि | ८ | ४०००० | १२ | ७ | ३ | १ |
| वंग्री खोलामा तटवन्धन | कि.मि. | २ | १०००० | १२ | ७ | ३ | १ |
| असमसान घाटमा तटवन्धन | कि.मि. | १ | ५००० | १२ | ७ | ३ | १ |
| पसाह खोलामा तटवन्धन | कि.मि. | ४ | २०००० | १२ | ७ | ३ | १ |
| प्राकृतिक ताल तलैया संरक्षण कार्यक्रम | एकमुस्ट | | १०००० | १२ | ७ | ३ | १ |

### ७.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ८६: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्टयाईको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| **भूसंरक्षण तथा जलाधार व्यवस्थापन** | | | | | | | | | | | | |
| प्रभाव | नगरपालिका क्षेत्र भित्र भूसंरक्षण र जलाधार व्यवस्थापन भएको हुनेछ । | संरक्षित भूक्षय संवेदनशील क्षेत्र | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | नगरपालिका प्रोफाइल, सम्बन्धित शाखा प्रतिवेदन | भूसंरक्षण तथा जलाधार व्यवस्थापनका क्षेत्रमा थप कार्यक्रमहरू भएको हुने |
| असर | वातावरणमैत्री र जलवायु परिवर्तनसँग अनुकूलित हुने गरी स्वच्छ एवम् सफा वातावरण सहितका विकास कार्यक्रमहरू सञ्चालन हुनेछ । | भूसंरक्षण कार्य योजना तयार भई कार्यान्वयन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | | संरक्षित जलाधार क्षेत्र | सङ्ख्या | ३ | ५ | १० | १५ | २० | २५ | २५ | | |
| प्रतिफल | भूसंरक्षण गरी वातावरणीय सन्तुलन कायम हुनेछ । | बाढी तथा पहिरो नियन्त्रणकालागि तटवन्ध निर्माण | कि.मि. | ४.२७ | ६ | ८ | १० | १२ | १५ | १५ | | |
| | | संवेदनशील क्षेत्रको बाढी नियन्त्रण | कि.मि | २.८ | ३ | ५ | ७ | ९ | १२ | १२ | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| | प्राकृतिक स्रोत साधन लगायत स्थानीय सम्पदाहरूको संरक्षण हुनेछ | स्थानीय विपद् तथा भूसंरक्षण योजना | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | स्थानीय स्रोत साधनहरूमा बाढी तथा पहिरो पर्ने प्रभाव कम हुनेछ | बाढी तथा पहिरो जोखिम क्षेत्र पहिचान | सङ्ख्या | ० | ५ | १० | १५ | २० | २५ | २५ | | |
| | | बाढी तथा पहिरो जोखिम क्षेत्र नक्साङ्कन | सङ्ख्या | ० | ५ | १० | १५ | २० | २५ | २५ | | |



७.३ वातावरण तथा फोहोर मैला व्यवस्थापन

७.३.१ पृष्ठभूमि

कलैया उपमहानगरपालिकामा हरित पूर्वाधार विकासका ठूला आयोजनाहरू नभएता पनि वैकल्पिक ऊर्जा क्षेत्रमा नीतिगत रूपमा प्रर्वद्धन गर्ने, सौर्य ऊर्जालाई बढावा दिने, खाना पकाउने स्रोतको उपभोगमा दाउराको प्रयोग कम गर्दै जाने, दुर्गम वडाहरूमा बायो ग्याँस निर्माणमा अनुदान उपलब्ध गराउने लगायतका कार्यक्रमहरू भैरहेको अवस्था छ । उपमहानगरले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनकालागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन् । उपमहानगरमा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा समाजिक संरचनाहरूमा पर्नसक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ ।

अझैपनि ग्रामीण वडाहरूमा खाना पकाउनकालागि दाउराको प्रचलन यथावतै छ । यो सङ्ख्या उपमहानगरका ५७ प्रतिशत घरधुरी भन्दा बढी छ । त्यसै गरी वन पैदावारमा आधारित उद्योग धन्दाले पनि दिनानुदिन बढेकै छन् । विकास निर्माणका कार्यहरू वातावरण पक्षलाई कम महत्त्व दिने एउटा संस्कृतिनै बनेको छ । जलवायु परिवर्तनले मौसमी पात्रोमा परिवर्तन आएको छ । बालीनालीमा नयाँ किरा तथा रोगहरू उत्पन्न हुने गरेको छ । व्यवस्थित ल्याण्डफिल साइड निर्माण सम्पन्न नहुँदा फोहरमैला व्यवस्थापनमा कठिनाई उत्पन्न भएकोछ । पानीका स्रोत सुक्दै गएका छन् भने विभिन्न किसिमको रोग लाग्नु, कुपोषण, तनाव, विद्यार्थी बिरामी भई पठन पाठनमा समस्या र खेती फसलमा कमी आएको छ । वातावरणको प्रभावहरू क्रमसः स्वास्थ्य, शिक्षा र पोषणमा समेत देखिन थालेका छन् ।

७.३.२ समस्या तथा चुनौती

उपमहानगरका मुख्य बजार लगायतका क्षेत्रहरू बजार केन्द्रका रूपमा विकास भइरहेको हुँदा ती क्षेत्रमा प्लास्टिक र सिसा जन्य फोहर व्यवस्थापन सम्बन्धी समस्या क्रमशः देखा पर्न थालेको देखिन्छ । अधिकांश सडकको अवस्था कच्ची वा धुले रहेको हुँदा धूलो व्यवस्थापनमा समस्या, सरसफाइ सम्बन्धी चेतनाको कमी, वातावरण तथा स्वच्छता सम्बन्धी नीतिको अभाव, पानीको स्रोतको कमी एवं हरियाली क्षेत्र वृद्धि गर्ने कार्यक्रम नहुनु मुख्य चुनौतीको रूपमा रहेको छ । दाउरा उपयोग घटाउन नसकिएको तथा सोको कारण आगलागीका घटनाको जोखिममा वृद्धि, वातावरण प्रदूषण घटाउने कार्यहरू नभएको र बढ्दै गएको स्वास्थ्य समस्याहरूमा कमी ल्याउन नसकिएको, वैकल्पिक ऊर्जा वा बायो मास, सौर्य ऊर्जा, विधुतको उपयोगमा प्रोत्साहनको व्यवस्था नहुनु प्रमुख समस्या र चुनौतीको रूपमा रहेको छ ।

फोहर व्यवस्थापनका नाममा फोहरहरू खोला खोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रवृति देखिन्छ । यसरी फालिएको फोहर बर्सातका समयमा पानीले बगाएर सेती नदी लगायतका खोला खोल्सा तथा नदीका तल्लो भाग सम्म पुऱ्याएर प्रदूषणलाई विस्तारित गर्दछ ।

फोहर मैला व्यवस्थापनका लागि विसर्जन केन्द्र टको स्थायी व्यवस्थापन हुन सकिरहेको छैन । प्लाष्टिक जन्य फोहरको दिनानुदिन बढ्दै गएको र यसको नियन्त्रणको लागि वैकल्पिक व्यवस्था दिन नसक्नाले उपमहानगरको

सरसफाइमा समस्या देखिएको छ । स्रोतमा फोहरको उचित वर्गीकरण (कुहिने फोहर, नकुहिने फोहर, धातु सिसा जन्य फोहर र अस्पतालजन्य) गर्न नसक्नु र यसको कडाइका साथ कार्यान्वयनका लागि उपमहानगरपालिकामा जनप्रतिनिधि सहितको संरचना बन्न नसक्नु पनि फोहर मैला व्यवस्थापन प्रभावकारी हुन नसक्नुका कारणहरू हुन् । सार्वजनिक शौचालयहरूको अभाव रहेकोछ भने कतिपय घरधुरीमा खानेपानीको व्यवस्था छैन । पूर्ण सरसफाइमा अझै पनि कमी कमजोरी छन् । विद्यालयहरूमा सेनिटरी प्याडको बिर्सजन एवं किशोरीमैत्री शौचालय लगायतका समस्याहरू यथावत् छन् ।

### ७.३.३ सम्भावना तथा अवसर

वातावरण संरक्षण तथा फोहर मैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्ने, ध्वनि तथा वायु प्रदूषण नियन्त्रणका लागि स्थानीयहरूलाई अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरी सचेतना वृद्धि गर्ने, वातावरण सरसफाइ समूह/समिति परिचालन गरी वातावरण संरक्षण तथा स्वच्छताका कायम गर्ने, सामुदायिक संस्थाहरूसँग सहकार्य गरी फोहर न्यूनीकरण, प्रशोधन तथा प्रयोग जस्ता विधिहरू अवलम्बन गरी फोहर मैलाको व्यवस्थापन तथा स्रोतमै न्यूनीकरण गरी उपमहानगरलाई सुन्दर बनाउने स्थानीय समुदायसँगको सहकार्यमा सडक, विद्यालय, सार्वजनिक क्षेत्र एवं खुल्ला क्षेत्रहरूमा फलफूल तथा वृक्षारोपण गर्दै हरियाली पार्क क्षेत्रहरू निर्माण गर्ने सम्भावनाहरू रहेको छ ।

### ७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<u>लक्ष्य</u>

वातावरण संरक्षण गर्दै गुणस्तरीय र दिगो सरसफाइ सेवा विस्तार गर्ने ।

<u>उद्देश्य</u>

१. समुदायका पायक पर्ने स्थानहरूमा फोहर सङ्कलनको व्यवस्था मिलाउनु ।
२. सरसफाइ सुविधाको पहुँचको सुनिश्चितता गर्नु।

<u>रणनीति तथा कार्यनीतिहरू</u>

तालिका ८७: फोहोर मैला व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: समुदायका पायक पर्ने स्थानहरूमा फोहर सङ्कलनको व्यवस्था मिलाउनु ।** | |
| १.१: समुदायका घना बस्ती भएको ठाउँ, हाटबजार लाग्ने र सेवा प्रदायक कार्यालय भएका स्थानहरूमा फोहर मैला व्यवस्थापनको गुरु योजना बनाई फोहोर सङ्कलनको व्यवस्था गर्ने । | १. समुदायका फोहर मैलालाई जम्मा गर्ने, प्रशोधन गर्ने र डिस्पोज गर्ने पूर्वाधारहरू बनाइनेछ।<br>२. प्रत्येक घना बस्ती, बजार र बजार-उन्मुख ठाउँहरूमा डम्पिङ साइटको व्यवस्था गरी फोहर मैला व्यवस्थापन गरिनेछ ।<br>३. फोहर मैला व्यवस्थापनको गुरुयोजना बनाइनेछ।<br>४. वडाका बस्ती र फोहर मैलाको अनुमानित उत्सर्जनको हिसाबले त्यस्ता ठाउँहरूको अध्ययन गरी विवरण तयार पारिनेछ ।<br>५. निजी क्षेत्रसँगको सहकार्यमा बजार क्षेत्रको फोहर मैलाबाट बायोग्यास र प्राङ्गारिक मल उत्पादन गर्ने प्रक्रियालाई अगाडि बढाइनेछ । |





| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १.२: उपमहानगर क्षेत्रमा शौचालय तथा सरसफाइको सुनिश्चितता गर्ने । | १. सबै सामुदायिक भवन तथा सार्वजनिक स्थलहरूमा शौचालयको व्यवस्था गरिनेछ ।<br>२. घरहरूबाट निस्कने फोहोर पानीलाई प्रशोधन गरे पछि मात्र नदी खोला तथा खोल्सामा प्रवाह गर्न मापदण्ड बनाई लागू गरिनेछ।<br>३. सहरी तथा बजार क्षेत्रमा सरसफाइ सेवाको स्तरवृद्धि गरिनेछ ।<br>४. पूर्ण सरसफाइ कार्यक्रम अन्तर्गत अपाङ्ग मैत्री तथा महिला मैत्री शौचालयको निर्माण गरिनेछ। |
| **उद्देश्य २: सरसफाइ सुविधाको पहुँचको सुनिश्चितता गर्नु।** | |
| २.१: सरसफाइको पहुँच भएका प्रत्येक घर धुरीमा क्रमिक रूपमा गुणस्तरीय सरसफाइको पहुँच वृद्धि गर्ने। | १. सार्वजनिक स्थानहरूमा आवश्यकता अनुसार फोहर सङ्कलन गर्ने भाँडोको व्यवस्था गरिनेछ ।<br>२. बस्ती, टोल सरसफाइकोलागि उपभोक्ताहरू बाटै समिति गठन गरी सरसफाइ गरिनेछ।<br>३. फोहर मैला सङ्कलन र व्यवस्थापनकोलागि सामूहिक कोषको व्यवस्था गरी फोहर मैला व्यवस्थापन कार्यलाई दिगो बनाइनेछ । |
| २.२: सरसफाइ सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने । | १. लक्षित समुदायमा फोहरको उचित व्यवस्थापनको लागि जन चेतना सञ्चालन गरिनेछ। |

### ७.३.५ कार्यक्रम तथा आयोजना

तालिका ८८: वातावरण तथा फोहोर मैला व्यवस्थापनका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | |
| | वातावरण तथा फोहोरमैला व्यवस्थापन | | | | १५५०० | १२५०० | १२५०० | १२५०० | १२५०० | ६५५०० | | |
| | प्राङ्गरीक मल उत्पादनको सम्भाव्यता अध्ययन गरी उपमहानगर क्षेत्रको कुहीने फोहरको मल प्रवर्धन | एकमुष्ठ | | | ५००० | २००० | २००० | २००० | २००० | १३००० | उपमहानगरपालिका | |
| | फहरमैला व्यवस्थापन गर्न डस्टबिनको व्यवस्थापन | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | उपमहानगरपालिका | |
| | सडक सुन्दरताको लागि सौर्य उर्जा प्रवर्द्धन अभियान | एकमुष्ठ | | | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | उपमहानगरपालिका | |
| | प्लाष्टिक न्यूनिकरण तथा वैकल्पिक अभियान ( अध्ययनको आधारमा ) | एकमुष्ठ | | | २७०० | २७०० | २७०० | २७०० | २७०० | १३५०० | उपमहानगरपालिका | |
| | वडा तथा टोल स्तरमा Eco child club गठन गरी वातावरण संरक्षणका कार्यक्रम संचालन | संख्या | | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | उपमहानगरपालिका | |
| | सबै स्वास्थ्य संस्याहरूमा फोहोरमैला व्यवस्थापनको प्रबन्ध | संख्या | | ३० | १३०० | १३०० | १३०० | १३०० | १३०० | ६५०० | उपमहानगरपालिका | |

तालिका ८९: वातावरण तथा फोहोर मैला व्यवस्थापनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित बजेट | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| वातावरण तथा फोहोरमैला व्यवस्थापन | | | ६५५०० | | | | |
| प्राङ्गारिक मल उत्पादनको सम्भाव्यता अध्ययन गरी नगर क्षेत्रको कुहिने फोहरको मल प्रवर्धन | एकमुस्ट | | १३००० | १३ | ७ | २ | १ |
| फोहरमैला व्यवस्थापन गर्न डस्टविनको व्यवस्थापन | एकमुस्ट | | ५००० | १३ | ७ | २ | १ |
| सडक सुन्दरताको लागि सौर्य ऊर्जा प्रवर्द्धन अभियान | एकमुस्ट | | २५००० | १३ | ७ | ३ | १ |
| प्लास्टिक न्यूनीकरण तथा वैकल्पिक अभियान ( अध्ययनको आधारमा ) | एकमुस्ट | | १३५०० | १३ | ७ | ३ | १ |
| वडा तथा टोल स्तरमा Eco child club गठन गरी वातावरण संरक्षणका कार्यक्रम सञ्चालन | सङ्ख्या | १० | २५०० | १३ | ७ | २ | १ |
| सबै स्वास्थ्य संस्थाहरूमा फोहरमैला व्यवस्थापनको प्रबन्ध | सङ्ख्या | ३० | ६५०० | १३ | ७ | ३ | १ |





### ७.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ९०: वातावरण तथा फोहोर मैला व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्टयाईको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| वातावरण तथा फोहरमैला व्यवस्थापन | | | | | | | | | | | | |
| प्रभाव | आधारभूत सरसफाइमा सुधार गरी समुदाय प्रदूषणमुक्त हुनेछ । | वायु प्रदूषणको औसत मात्रा (पि पि एम २.५) | माइक्रोग्राम प्रति घन मिटर | - | | | | | | | नगरपालिका प्रोफाइल, सम्बन्धित शाखाको प्रतिवेदन | फोहोरमैला र वातावरण प्रति जनचेतना बृद्धि भएको हुने, फोहोरमैला व्यवस्थापनमा नगरपालिकाले थप लगानी गरेको हुने<br>वातावरण प्रति जनचेतना बृद्धि भएको हुने |
| | | पुर्ण सरसफाइयुक्त वडा | सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | ७ | २७ | | |
| असर | नगरपालिकामा भरपर्दो र गुणस्तरीय सरसफाइ सेवा विस्तार भएको हुनेछ । | धुवाँमुक्त घरधुरी | प्रतिशत | २९.६८ | ३० | ३५ | ४० | ४५ | ५० | ५० | | |
| | | फोहोरमैला विसर्जन केन्द्र | सङ्ख्या | २ | २ | २ | २ | २ | २ | २ | | |
| | दिगो सरसफाइ व्यवस्थापनको क्षेत्रमा सुधार हुनेछ | फोहोरमैला विसर्जन नीति | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| प्रतिफल | संक्रामक रोगको फैलाबटमा कमी आउनेछ | संक्रामक रोगबाट बिरामी हुने जनसङ्ख्या | प्रतिशत | ३१.४६ | ३० | २५ | २० | १५ | ५ | ५ | | |
| | | नगरटोल सरसफाइकोलागि उपभोक्ता समिति | सङ्ख्या | २ | २ | २ | २ | २ | २ | २ | | |
| | | डस्टबिन व्यवस्थापन भएका घरधुरी | प्रतिशत | ६.११ | १० | १५ | २० | २५ | ३० | ३० | | |
| | प्राविधिकहरूको आधारभूत तथा पुनर्ताजकी तालिम मार्फत | फोहोरमैला व्यवस्थापनकालागि दक्ष जनशक्ति | सङ्ख्या | १६ | १६ | २० | ३० | ४० | ५० | ५० | | |



CamScanner

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याईको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| | सरसफाइको क्षेत्रमा दक्ष जनशक्तिको व्यवस्था गर्न सकिनेछ | फोहरबाट जैविक मल उत्पादन गर्ने परिवार | प्रतिशत | ३.१४ | ४ | ६ | ८ | १० | १५ | १५ | | |
| | वातावरण तथा फोहरमैला व्यवस्थापन सम्बन्धी ज्ञान तथा चेतना अभिवृद्धि हुनेछ | स्थानीय वातावरणमैत्री नीति | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | | वातावरण तथा फोहरमैला सम्बन्धी सचेतना कार्यक्रम सङ्ख्या | सङ्ख्या | ३ | २७ | २७ | २७ | २७ | २७ | २७ | | |
| | | प्रदुषण मापन केन्द्र | सङ्ख्या | ० | १ | १ | २ | २ | २ | २ | | |



## ७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.४.१ पृष्ठभूमि

कलैया उपमहानगरपालिकाको खोला तटीय क्षेत्रमा कटान भएकाले कृषि तथा बस्ती क्षेत्र जोखिममा रहेका छन् । खोलानालाले बर्सेनी बाटो परिवर्तन गर्ने गरेका कारण किनारमा रहेका कृषि क्षेत्र बगरमा परिणत हुने गरेका छन् । यदाकदा वनजंगल वरपरका क्षेत्रमा आगलागीको जोखिम समेत रहेको छ भने वनजंगल वरपरका क्षेत्रमा वन्यजन्तुका कारण बालिनाली तथा धनजनमा क्षती हुने गरेको (दुम्सी, बदेल, बाँदर आदि) देखिन्छ । चटयाङ्गका कारण समेत यदाकदा धनजनको क्षति हुने गरेको छ ।

विपद् जोखिम तथा सम्भाव्य क्षेत्रहरूको नक्साङ्कन भई सो अनुसारको भू–उपयोग पद्धति अवलम्बन गर्ने नीति कार्यान्वयन भएको छैन । विपद्को त्रासले स्थानीयहरू घररबस्ती छाडी अन्यत्र बसाईँसराइ सर्ने सम्मको अवस्था सिर्जना भएकोछ । विपद्को जोखिमले जग्गा र जमिन बिक्री गर्ने वा भू–उपयोग परिवर्तन गर्ने प्रवृति रोक्न सकिएको छैन । पालिका स्तरमा वैज्ञानिक भू–उपयोग प्रणाली स्थापना तथा विपद् न्यूनीकरण गर्न नयाँ प्रविधिको प्रयोग भएका देखिएको छैन ।

कलैया उपमहानगरपालिकामा करिब १५०० घर विभिन्न प्रकोपको जोखिममा छन् । पालिकाका संवेदनशील क्षेत्रहरू विशेष गरी डुबान र नदी कटानका कारण जोखिममा छन् भने भूकम्प र डढेलो यहाँका थप चुनौतीहरू हुन् । कलैया उपमहानगरपालिका पालिकामा अधिकांस वर्षातको समयमा स्थानीय खोलामा बाढी आउने गर्छ । त्यस्तै बाढी, पहिरो र सर्पदंशको जोखिम विशेष गरी वर्षा याममा (असार, साउन, भदौ) हुने गर्दछ र आगो र महामारीको जस्ता जोखिमहरू खडेरीको (चैत, वैशाख) मौसममा हुने गर्दछ । सडक, शैक्षिक संस्था र पुलहरू प्रायः कलैया उपमहानगरपालिकामा विभिन्न प्रकोपबाट प्रभावित छन् । सडक पूर्वाधारमा सबै भन्दा क्षति हुने गरेको छ । यस उपमहानगरमा विपद् का कारण मात्र वार्षिक ८० लाख नोक्सान हुने अनुमान छ ।

### ७.४.२ समस्या तथा चुनौती

भूमिको व्यवस्थित तथा वैज्ञानिक रूपमा उपयोग हुन नसक्दा विकासका प्रयासहरू दिगो नहुने जोखिम रहेको छ । विपद् प्रतिकार्यका लागि सामुदायिक तथा संस्थागत क्षमता कम हुनु उपमहानगरको प्रमुख चुनौतीका रूपमा रहेको छ । प्रमुख वस्तिहरूमा सामुदायिक आश्रय स्थलहरू छैनन् । आपत्कालिन सेवाका लागि पर्याप्त एम्बुलेन्स सेवा तथा दमकलको व्यवस्था नहुनु, विपद् आइपर्दा आवश्यक पर्ने न्यूनतम औषधी एवम् उपकरणहरूको व्यवस्था नहुनु, पालिकामा शव वाहन सेवा नहुनु, विपद् पूर्व सूचना प्रणालीको अभाव जस्ता समस्या तथा चुनौतीहरू रहेका छन् ।

जलवायु परिवर्तन जन्य जोखिम उच्च भए पनि विपद् प्रतिरोधी कृषि बालीहरूको विस्तार हुन सकेको छैन । जलवायु परिवर्तनका असरहरूलाई न्यूनीकरण गर्न वा अनुकूलन गर्न ज्ञान, सीप र संयन्त्र विकासमा त्यति ध्यान पुग्न सकेको देखिँदैन । अव्यवस्थित भू-उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार निर्माणका कारणले वातावरणीय

सन्तुलनमा नकारात्मक असर परेको छ । उपमहानगर क्षेत्रमा जम्मा हुने प्लास्टिक जन्य फोहर मैला एवं स्वास्थ्य संस्थाबाट निस्किने फोहरहरूले समेत वातावरणमा प्रतिकूल असर पारेको छ ।

### ७.४.३ सम्भावना तथा अवसर

उपमहानगरले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन् । नागरिक स्तरमा केही हद सम्म ज्ञान तथा चेतना अभिवृद्धि भएको छ । उपमहानगरमा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाहरूमा पर्नसक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ ।

विपद् पूर्व तयारी कार्यकालागि मोबाइल एसएमएस मार्फत सूचना दिने तथा विपद् संकटान्मुख बस्ती स्थानान्तरणको तथ्याङ्क सङ्कलन गरी विपद् न्यूनीकरणमा गर्न सकिने सम्भावना छ ।

### ७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति. कार्यक्रम तथा आयोजना

**लक्ष्य**

विपदबाट हुने मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने ।

**उद्देश्य**

१. जोखिम न्यूनीकरणकालागि सम्भाव्य ठाउँहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास गर्नु।
२. मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपद्को जोखिमलाई न्यूनीकरण गरी उपमहानगरलाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।
३. जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु ।

### ४.५ रणनीति तथा कार्यनीतिहरू

तालिका ९१: विपद् व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: जोखिम न्यूनीकरणका लागि सम्भाव्य ठाउँहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास गर्नु ।** | |
| १.१: विपद् रोकथाम मार्फत विपद् न्यूनीकरण गर्दै विपद् उत्थानशील समाजको निर्माण गर्ने । | १. पूर्वानुमान तथा पूर्व चेतावनी प्रणालीको विकास तथा सञ्चालन गरिनेछ ।<br>२. विपद् सूचना केन्द्र, आपत्कालिन कार्य सञ्चालन केन्द्र, खोज तथा उद्धार, जोखिम लगायतका कार्यहरू गर्न अधिकार सम्पन्न विपद् व्यवस्थापन समिति स्थापना गरी एक द्वार प्रणालीबाट उक्त कार्यहरू सञ्चालन गरिनेछ ।<br>३. विपदबाट हुन सक्ने क्षति कम गर्न विकास निर्माणमा र स्थानीय स्तरको योजना तर्जुमामा जोखिम व्यवस्थापनलाई आन्तरिकीकरण गरिनेछ ।<br>४. विपद् जोखिम पूर्व तयारी र जोखिम न्यूनीकरणमा स्थानीय क्षमता अभिवृद्धि गरिनेछ । |
| १.२: सरोकारवालाहरूको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन कार्यहरूलाई प्रभावकारी रूपले सञ्चालन गर्ने । | १. विपद् सम्बन्धी जोखिम तथा प्रकोपबारे जानकारी एवम् तथ्याङ्क अद्यावधिक गर्न विपद् व्यवस्थापन एकाइहरू स्थापना गरिनेछ ।<br>२. उपमहानगरमा विपद् व्यवस्थापनसँग कार्य गर्ने सम्बन्धित निकायहरूलाई सूचना सङ्कलन, प्रशोधन, प्रक्षेपण जस्ता विषयहरूमा तालिमको व्यवस्था गरिनेछ । |





| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ३. उपमहानगरमा कार्यरत सरकारी, निजी, सहकारी, स्थानीय निकाय, गैरसरकारी क्षेत्र लगायत स्थानीय समुदाय तथा सरोकारवालाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएका पालिकाहरूमा अवलोकन भ्रमण गराइनेछ ।<br>४. विपद् जोखिम न्यूनीकरण तथा पूर्व तयारी गर्ने कार्यहरूमा सम्बन्धित विपद् व्यवस्थापन एकाइहरू बीच समन्वयात्मक सहभागिता कायम गरिनेछ । |
| १.३: विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने प्रभावकारी प्रचार/प्रसारका कार्यहरू सञ्चालन गर्ने । | १. विपद् व्यवस्थापन सम्बन्धी गोष्ठी, अन्तरक्रिया र विचार आदान प्रदानका कार्यहरू सञ्चालन गरिनेछ ।<br>२. उपमहानगरमा कार्यरत निकायहरूले आ आफ्नो वार्षिक कार्य योजनामा विपद् व्यवस्थापन सम्बन्धी प्रचार प्रसारका कार्यहरू समावेश गरी कार्यान्वयन गरिनेछ ।<br>३. विपद् व्यवस्थापनलाई विद्यालय तथा शैक्षिक संस्थाहरूमा विशेष रूपले अध्यापन गराउन विद्यालय तथा शैक्षिक संस्थाको पाठ्यक्रममा विपद् व्यवस्थापन विषयलाई समावेश गरिनेछ ।<br>४. विद्यालय तथा शैक्षिक संस्थाहरूमा विपद् व्यवस्थापन सम्बन्धी विषयहरूको कक्षा सञ्चालन गरिनेछ ।<br>५. विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएको जिल्लाहरूमा सम्बन्धित विषयका शिक्षक तथा कर्मचारीलाई अध्ययन भ्रमण गराइनेछ । |
| **उद्देश्य २: मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपद्को जोखिमलाई न्यूनीकरण गरी उपमहानगरलाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।** | |
| २.१: विपद् संवेदनशील क्षेत्रहरूको पहिचान, संरक्षण, रोकथाम, पुनः स्थापना र स्थानान्तरण गर्ने । | १. बाढी, चटयाङ, डुबान, खानी तथा उद्योग क्षेत्र आदिका आधारमा बढी विपद् संवेदनशील क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूबाट बस्ती अन्यत्र सारी व्यवस्थित एवम् सुविधा सम्पन्न बनाइनेछ ।<br>२. जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी सम्भाव्यता अध्ययनका आधारमा पुनः स्थापना तथा स्थानान्तरण गरिनेछ ।<br>३. भूकम्पको जोखिमलाई उच्च प्राथमिकतामा राखी नयाँ निर्माण हुने सम्पूर्ण भौतिक संरचनालाई भूकम्प प्रतिरोधी बनाइनेछ।<br>४. साथै निर्माण भइसकेका संरचनाहरूलाई सम्भव भएसम्म प्रवलीकरण गर्न जोड गरिनेछ । |
| **उद्देश्य ३: जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु ।** | |
| ३.१ वातावरण संरक्षण तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्य गर्ने । | १. कलैया बजार क्षेत्रमा वायु, ध्वनि प्रदूषणको स्तर चेक जाँच गरी मापदण्ड बनाइ चेतना अभिवृद्धि गर्दै प्रदूषण नियन्त्रण गर्न सरोकारवालासँग समन्वय गरिनेछगा।<br>२. कलैया उपमहानगरपालिकालाई वातावरण मैत्री उपमहानगरको रूपमा विकास गरिनेछ।<br>३. पूर्वाधारका योजनाहरूमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन गर्न उत्थानशील योजना कार्यान्वयन गरिनेछ । |

### ७.४.५ कार्यक्रम तथा आयोजना

तालिका ९२: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | |
| | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | | | | १२५५० | ९५५० | ६३०० | २४३०० | ३४३०० | ८७००० | | |
| | आपतकालिन उद्धार कार्य संचालन केन्द्र निर्माण | संख्या | | १ | | | | २०००० | ३०००० | ५०००० | प्रदेश सरकार | |
| | खोलानाला अतिक्रमण व्यवस्थापन कार्यक्रम | एकमुष्ठ | | | | २००० | २००० | | | ४००० | उपमहानगरपालिका | |
| | विपद जोखिम न्यूनीकरण कार्यका लागि सामग्री खरिद कार्यक्रम | एकमुष्ठ | | | २५०० | २५०० | | | | ५००० | उपमहानगरपालिका | |
| | विपद जोखिम न्यूनीकरण सम्वन्धि तालिम सञ्चालन | जना | | २०० | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | उपमहानगरपालिका | |
| | ड्रोन सर्वेक्षणद्वारा विपद जोखिम नक्सांकन कार्यक्रम | संख्या | | १ | ५००० | | | | | ५००० | उपमहानगरपालिका | |
| | विपद् पूर्व तयारी सम्वन्धि सुचना प्रशारण कार्यक्रम | पटक | | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | उपमहानगरपालिका | |
| | जलवायु परिवर्तन र विपदको प्रभाव न्यूनिकरण सम्वन्धी सचेतना कार्यक्रम | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | उपमहानगरपालिका | |
| | LAPA & NAPA Update | संख्या | | २ | ७५० | ७५० | | | | १५०० | उपमहानगरपालिका | |
| | एल.पि.ग्यासवाट हुने आगलागी नियन्त्रण सम्वन्धी तालिम सञ्चालन | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | उपमहानगरपालिका | |





तालिका ९३: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| कार्यक्रमहरू | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित बजेट | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | | | ८७००० | | | | |
| आपत्कालिन उद्धार कार्य सञ्चालन केन्द्र निर्माण | सङ्ख्या | १ | ५०००० | १३ | ७ | २ | १ |
| खोलानाला अतिक्रमण व्यवस्थापन कार्यक्रम | एकमुस्ट | | ४००० | १३ | ७ | ३ | १ |
| विपद जोखिम न्यूनीकरण कार्यका लागि सामग्री खरिद कार्यक्रम | एकमुस्ट | | ५००० | १३ | ७ | ३ | १ |
| विपद जोखिम न्यूनीकरण सम्वन्धी तालिम सञ्चालन | जना | २०० | १५००० | १३ | ७ | ३ | १ |
| ड्रोन सर्वेक्षणद्वारा विपद जोखिम नक्साङ्कन कार्यक्रम | सङ्ख्या | १ | ५००० | १३ | ७ | ३ | १ |
| विपद् पूर्व तयारी सम्वन्धी सूचना प्रसारण कार्यक्रम | पटक | ५ | १५०० | १३ | ७ | ३ | १ |
| जलवायु परिवर्तन र विपदको प्रभाव न्यूनीकरण सम्वन्धी सचेतना कार्यक्रम | पटक | ५ | २५०० | १३ | ७ | ३ | १ |
| LAPA & NAPA Update | सङ्ख्या | २ | १५०० | १३ | ७ | ३ | १ |
| एल.पि.ग्यासवाट हुने आगलागी नियन्त्रण सम्वन्धी तालिम सञ्चालन | पटक | ५ | २५०० | १३ | ७ | २ | १ |

### ७.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

तालिका ९४: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्टपाईको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | | | | | | | | | | | | |
| प्रभाव | विपदवाट हुने मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी आएको हुनेछ । | विपदवाट क्षति भएको रकम | रू. करोड | १० | ९ | ८ | ७ | ६ | ५ | ५ | नगरपालिकाको प्रोफाइल, सम्बन्धित शाखाको प्रतिवेदन | विपद् सम्बन्धमा नगरपालिका तथा समुदाय सम्वेदनशील भएको हुने |
| | | विपद्जन्य घटनावाट विगत ३ वर्षको औसत मानवीय क्षति सङ्ख्या | सङ्ख्या | १६ | १५ | १२ | १० | ५ | ० | ० | | |
| असर | विपद् जोखिमको पूर्वानुमान सूचना र उद्धारका लागि प्रभावकारी | प्रमुख नदी/खोलामा बाढी सूचना प्रणाली स्थापना | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | आपतकालीन कार्य सञ्चालन केन्द्र | सङ्ख्या | १ | १ | २ | ३ | ४ | ५ | ५ | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिका लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्टयाईको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | | |
| | सूचना प्रणालीको व्यवस्थापन भएको हुनेछ | विपद् व्यवस्थापनलागि खुल्ला क्षेत्र र स्थान | सङ्ख्या | १३ | १५ | २० | २५ | २७ | २७ | २७ | | |
| प्रतिफल | विपद् व्यवस्थापनसम्बन्धी कार्य योजना विकास हुनेछ | विपद् व्यवस्थापन योजना | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | | स्थानीय विपद जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन कार्ययोजना तर्जुमा | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | सूचना/तथ्याङ्क सङ्कलन सही र सरल रूपमा प्राप्त हुने संयन्त्र विकास हुनेछ | विपद् व्यवस्थापनमा क्रियाशील संघ-संस्थाहरू | सङ्ख्या | १ | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| | | विपद् व्यवस्थापन स्थानीय कोष | रू. लाखमा | ० | १० | २० | ३० | ४० | ५० | ५० | | |
| | सरोकारवाला र स्थानीय जनसमुदायहरूको क्षमता अभिवृद्धि हुनेछ | सामान्य खोज उद्धारमा तालिमप्राप्त जनशक्ति | सङ्ख्या | ० | ५ | १० | १५ | २० | २५ | २५ | | |
| | | तालिम प्राप्त स्वयम् सेवक | सङ्ख्या | ० | १० | २० | ३० | ४० | ५० | ५० | | |
| | | बस्तीकालागि अयोग्य स्थानमा बसोबास गरेका घरधुरी | संख्या | ९२१ | ९०० | ८०० | ६५० | ४०० | १०० | १०० | | |



# परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र

## ८.१ संस्थागत विकास तथा सुशासन

संघीय व्यवस्था अनुसार स्थानीय सरकार जनताको नजिकको सरकारको रूपमा स्थापित गरिएको छ । लामो समयदेखि जनप्रतिनिधि विहीन भए पश्चात् निर्वाचित स्थानीय सरकारसँग नागरिकले ठूलो अपेक्षा राखेका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेख गरिएका अधिकारको प्रयोग गर्दै स्थानीय सरकारले प्रदान गर्ने सेवाको प्रवाह र पूर्वाधार विकासका योजनाको जिम्मेवारीलाई विधि सम्मत प्रक्रियाबाट जन अपेक्षा अनुसार कुशल, पारदर्शी, र जवाफदेही ढङ्गले सम्पादन गर्न आवश्यक छ । बदलिँदो परिस्थितिमा स्थानीय सरकारलाई प्राप्त अधिकार क्षेत्र, र साधन स्रोतमा बढोत्तरीसँगै जन आकांक्षा पनि चुलिएको छ । यसरी चुलिएको जनआकांक्षालाई सम्बोधन गर्नको लागि सेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र प्रभावकारी उपायहरू अवलम्बन गर्न जरुरी छ । दिगो विकास लक्ष्यले संस्थागत विकास र सुशासनलाई समेत महत्त्व दिएको छ । दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य–१६ (शान्ति, न्याय र सुदृढ संस्थाहरू) र लक्ष्य–१७ (लक्ष्यहरूका निम्ति साझेदारी) यस क्षेत्रसँग जोडिएका लक्ष्यहरू हुन् । सुशासन तथा संस्थागत विकास योजना अन्तर्गत कानुन, नीति र सुशासन, सङ्गठन तथा क्षमता विकास, जवाफदेहिता, राजस्व तथा श्रोत व्यवस्थापनका क्षेत्र पर्छन् ।

### ८.१.१ पृष्ठभूमि

आवधिक योजना आफैंमा संस्थागत विकास तथा सुशासनको एक प्रमुख रणनीति भएको कारण संस्थागत विकास, क्षमता विकास र सुशासन र योजना कार्यान्वयन जस्ता पक्षहरूलाई यस भित्रको प्रमुख साधन तथा माध्यमको रूपमा लिइएको छ । जवाफदेही, पारदर्शी र परिणाममुखी शासकीय व्यवस्था र सार्वजनिक सेवाहरूमा सबै उपमहानगरवासीको पहुँचको सोच सहित उपमहानगरको सुशासन प्रवर्द्धन गर्नका लागि प्रमुख प्रशासकीय भवनमा र अन्य २७ वटै वडा कार्यालयहरूमा देखिने गरी नागरिक वडापत्र राखी त्यसलाई क्रमशः कार्यान्वयन भइरहेको छ । सार्वजनिक सुनवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण प्रणालीको उपयोग मार्फत सेवा प्रवाह र सुशासनको प्रत्याभूत गरिएको छ । गुनासो पेटिका, वेवसाइट, फेसबुक र हेल्लो सरकार जस्ता कार्यक्रमबाट जनसरोकारका विषयहरू सम्बोधन तथा सार्वजनिक गर्ने काम गरिएको छ ।

सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाउदै लगिएको छ । उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाको लागि योजना सफ्टयोयर सञ्चालनमा छ । सुशासनका लागि भएका प्रयासहरूमा नागरिक वडा पत्र, सूचना पाटी, गुनासो पेटिका, सि.सि. क्यामेरा जडान लगायत रहेका छन् । प्राविधिक र अप्राविधिक सबै कर्मचारीहरूलाई क्षमता विकास तालिम र अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिएको छ । सबै सूचनाहरू उपमहानगरको वेवसाईटमा प्रकाशन गरिन्छ । हालसम्म पालिकाद्वारा स्विकृत नीति तथा कानुनको सङ्ख्या ७९ पुगेको छ जसमा २७ वटा ऐन, ४ वटा नीति, ४५ वटा कार्यविधि तथा निर्देशिका र ३ वटा नियम तथा विनियम रहेका

छन् । उपमहानगरको सेवा प्रवाह तथा विकासलाई सशक्त रूपमा सञ्चालन तथा अनुगमन गर्न कलैया उपमहानगर पालिकामा जम्मा ७ वटा विभिन्न विषयगत समितिहरू रहेकाछन् ।

### ८.१.२ समस्या तथा चुनौती

ऐन, कानुन र कार्यविधि तर्जुमा पूर्ण रूपमा भई नसक्नु, व्यवस्थित र प्रविधियुक्त सेवा प्रदायक महाशाखा, शाखा, उपशाखाहरू नहुनु, घुम्ती सेवाहरू नियमित नहुनु, विधुतीय सेवा प्रवाहमा विविधता हुन नसक्नु र उपमहानगरवासीमा प्रविधि सम्बन्धी ज्ञानमा कमी आदि प्रमुख समस्या हुन् । त्यस्तै, आवश्यक सङ्ख्यामा दक्ष कर्मचारीको अभाव हुनु, जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास तालिम नहुनु, कर्मचारीहरूको सरुवा भइरहनु, आन्तरिक नियन्त्रण प्रणाली लगायत अन्य आवश्यक नीति नियम तर्जुमा भई नसक्नु, क्षतिपूर्ति सहितको नागरिक वडापत्र कार्यान्वयन नहुनु, कर्मचारीहरूको कार्य विवरण तयार भए पनि पूर्ण रूपमा कार्यान्वयन नहुनु, केही वडा कार्यालयहरूको सुविधा सम्पन्न आवश्यक पूर्वाधार निर्माण नहुनु, कर्मचारीहरूको नियमित कार्यसम्पादन मूल्यांकन अनुसार क्षमता अभिवृद्धि हुन नसक्नु, तथ्याङ्कीय आधार तयार नहुनु, योजनाका आधारमा वजेट नभई बजेटका आधारमा योजना बन्नु, र टुक्रे योजना उल्लेख्य हुनु आदि प्रमुख समस्या हुन् ।

परम्परागत शासनमुखी कार्य प्रवृत्तिलाई सेवामुखी तथा सेवाग्राही प्रति उत्तरदायी प्रशासनिक संरचनामा बदल्नु, क्षमतावान् र गुणस्तरीय कर्मचारीको पदपूर्ति गर्नु, शासकीय प्रणालीमा पारदर्शीता तथा जवाफदेहीता सुनिश्चित गर्नु, सार्वजनिक क्षेत्रमा सदाचार पद्धतिको विकास गर्नु, विकास निर्माणका कार्यहरू समयमै गुणस्तरीय ढङ्गले सम्पन्न गरी आम नागरिकको स्थानीय सरकार प्रति विश्वास आर्जन गर्नु उपमहानगरका चुनौती हुन् ।

### ८.१.२ संभावना तथा अवसर

सांगठनिक प्रणालीलाई प्रभावकारी बनाउन आफ्नै कानुन बनाउने अधिकार हुनु, कार्यसम्पादन मूल्याङ्कन नजिकबाट गर्न सक्नु, नेपाल सरकारको सेवा प्रवाह सम्बन्धी मापदण्ड हुनु, संघीय सरकारबाट स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि तयार भई कार्यान्वयनमा आउनु, सुशासन उपमहानगरको प्राथमिकतामा पर्नु, गैसस, नागरिक समाज र स्थानीय समूहको सहयोग प्राप्त हुने अवस्था हुनु, भ्रष्टाचार मुक्त उत्तरदायी र पारदर्शी कार्य संस्कृतिको विकासमा जनचासो र चेतना वढ्दै गएकोले राज्यबाट प्रदान गरिने सेवा र सुविधालाई थप सेवाग्राही मैत्री बनाउन सकिन्छ भने सङ्घीयता को मूल मर्म बमोजिमका कानुनी आधारहरू तयार हुँदै आएको हुँदा नगर कार्यपालिकाको नेतृत्वमा स्थानीय स्तरको विकासको सम्भावना बढेको छ ।

नगर विकासमा निर्वाचित जनप्रतिनिधिहरूको सक्रियता बढेको छ । जनप्रतिनिधि र कर्मचारीहरू बीच सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउनका लागि छलफल हुनु, सेवा प्रवाहमा आएका गुनासोहरूलाई जनप्रतिनिधिहरूले प्रत्यक्ष सुन्न र देख्न पाउनु, सेवा प्रवाहका लागि विभिन्न तहगत संरचना तयार हुनु आदि अवसर हुन् ।





### ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

उपमहानगर तथा स्थानीय सरोकारवालाको कार्य सम्पादन र सेवा प्रवाहको स्तर वृद्धि गर्नु

**उद्देश्य**

१. सुशासनकालागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।
२. सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु ।
३. सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।
४. वित्तीय सुशासन कायम गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका ९५: संस्थागत विकासका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: सुशासनका लागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।** | |
| १.१: शासन प्रणाली सञ्चालन सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यविधिको तर्जुमा गर्ने । | १. सेवा प्रवाह र सुशासन सम्बन्धी आवश्यक नीति तथा कार्यविधिको तर्जुमा गरिनेछ।<br>२. सार्वजनिक निकायका पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई स्पष्ट पारिनेछ ।<br>३. सार्वजनिक निकायका पदाधिकारीको आचारसंहिता पालनाको अनगमन प्रणाली सुदृढ गराइनेछ ।<br>४. सार्वजनिक पदाधिकारीको नियुक्ति, सरुवा, बढुवा, पदस्थापन, दण्ड र पुरस्कारलाई प्रणालीबद्ध बनाइनेछ ।<br>५. कार्यसम्पादनलाई वृत्ति विकाससँग घनिष्ठ रूपमा आवद्ध हुने गरी कानुनी व्यवस्था मिलाइनेछ ।<br>६. सार्वजनिक खर्च व्यवस्थापन प्रणाली सुव्यवस्थित गरिनेछ । |
| १.२: सार्वजनिक सेवाहरूलाई गुणस्तरीय र सर्वसधारणको पहुँचयोग्य बनाउन स्थानीय शासन पद्धति अनुरूपको प्रशासन संयन्त्रको व्यवस्था गर्ने । | १. सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय समावेशी एवम् सहज बनाउन विधुतीय शासन प्रणालीको अवलम्बन गरिनेछ ।<br>२. स्थानीय शासन प्रणाली अनुरूप प्रशासन संयन्त्रको पुनर्संरचना गरिनेछ। |
| **उद्देश्य २: सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।** | |
| २.१: उपमहानगरले प्रवाह गर्ने सेवामा अधिकारमुखी पहुँच स्थापना गर्ने । | १. सबै प्रकारका सेवामा सबैको र खास गरी समाजका सीमान्तीकृत र विपन्न समुदायको पहुँच सुनिश्चित गरिनेछ ।<br>२. सेवाग्राहीको माग सापेक्ष, सहभागितामूलक विकास प्रक्रियाको अवलम्बन गरिनेछ । |

| | |
|---|---|
| | ३. विद्युतीय शासन प्रणालीको व्यापक अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरल बनाइनेछ ।<br>४. जनताको गुनासो सिधै अध्यक्षसँग पुग्ने संयन्त्र स्थापित गरी शीघ्र जवाफदेहिता, कारवाही र जानकारीको सुनिश्चितता गरिनेछ ।<br>५. सूचना प्रविधिको प्रयोग र पहुँच बढाइनेछ । |
| २.२: उपमहानगरपालिकाको कार्यसम्पादनलाई उत्तरदायी, पारदर्शी र परिणाममुखी बनाउने । | १. गुनासो सुनुवाइ संयन्त्र र सूचना अधिकारीको भूमिकालाई प्रभावकारी तुल्याइनेछ।<br>२. नैतिकता, आचरण र इमान्दारितालाई कार्य संस्कृतिको रूपमा विकास गरी दण्ड र पुरस्कारलाई व्यवस्थित तुल्याइनेछ ।<br>३. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाइनेछ । भ्रष्टाचारजन्य क्रियाकलापमा निगरानी तथा कारवाहीलाई सशक्त बनाउन पालिका स्तरमा कार्यरत सामाजिक संघसस्थाको समन्वय र सहकार्य प्रभावकारी बनाइनेछ।<br>४. आन्तरिक नियन्त्रण प्रणालीका साथै वित्तीय जोखिम नियन्त्रण प्रणालीको अवलम्बन गरिनेछ ।<br>५. बेरूजुलाई सार्वजनिक गरिनुका साथै बेरूजुको प्रकृतिका आधारमा कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गरिनेछ ।<br>६. सेवा प्रवाहलाई जनमैत्री र सेवामूलक बनाउन नागरिक बडापत्र राखिनेछ।<br>७. सार्वजनिक उत्तरदायी संयन्त्रहरू (सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन, आदि)लाई प्रभावकारी र नियमित गराइनेछ ।<br>८. पालिकाको कार्यक्रमगत क्षेत्र र बजेट, कार्ययोजना, अद्यावधिक प्रगति र जनसरोकारका निर्णयहरू वेबसाइटमार्फत् नियमित रूपमा सार्वजनिक गरिनेछ ।<br>९. गैरसरकारी संस्था र नागरिक समाजसँग समन्वय र सहकार्यका माध्यमबाट सार्वजनिक उत्तरदायित्व अभिवृद्धिमूलक कार्यसम्पादन गरिनेछ ।<br>१०. कर्मचारीहरूको कार्यसम्पादनलाई विकास कार्यक्रमको नतिजा, सेवा प्रवाहको गुणस्तरीयता, सेवाग्राहीको सन्तुष्टि आदिसँग आवद्ध गरिनेछ । यसकालागि सेवाग्राहीहरूको सन्तुष्टि सर्वेक्षण, गुनासो समाधान, सार्वजनिक सुनुवाइ आदिको मापनलाई समेत आधार बनाइनेछ ।<br>११. सेवा प्रदायकप्रति नागरिकहरूको सन्तुष्टीको स्तर मापन र नियमित पृष्ठपोषण लिइनेछ । यसकार्यमा तेस्रो पक्ष मूल्याङ्कन प्रणाली समेतको अवलम्बन गरिनेछ। |
| २.३: सार्वजनिक निकायका काम कारवाही सम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउनु । | १. सेवा प्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्ति सहितको वडापत्र क्रमशः कार्यान्वयन गर्न गराउन सार्वजनिक निकायलाई उत्प्रेरित गरिनेछ।<br>२. जनगुनासोको व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सहयोग गरिनेछ।<br>३. अत्यावश्यक सार्वजनिक सेवाको पहुँचमा कठिनाइ भोगिरहेको जनतालाई सेवा पुऱ्याउन एकीकृत घुम्ती सेवालाई व्यापक र प्रभावकारी बनाइनेछ। |





| उद्देश्य ३: सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु । | |
|---|---|
| ३.१: जनशक्ति विकास गर्ने । | १. पालिकाकालागि आवश्यक पर्ने दक्ष जनशक्तिको विकास र उपयोगकालागि एकीकृत जनशक्ति विकास योजना तयार गरिनेछ।<br>२. वार्षिक बजेटको निश्चित प्रतिशत तालिम तथा क्षमता विकास र आवश्यक अनुसन्धानकालागि विनियोजन गरिनेछ ।<br>३. पालिकाका जनप्रतिनिधि र कर्मचारीको आवश्यकता र माग अनसार अभिमुखीकरण तालिम र क्षमता विकासकालागि आधुनिक प्रविधि युक्त तालिम प्रतिष्ठानको स्थापना गरिनेछ । |
| ३.२: अन्तर्सरकार समन्वयलाई प्रभावकारी बनाउने । | १. संघीय र प्रदेशसरकारसँग नियमित सम्पर्क र समन्वय स्थापित गरिनेछ ।<br>२. पालिकाको विगतका दस्तावेज, आयोजना दस्तावेज र प्रतिवेदनहरूलाई आफ्नो पोर्टल (वेब-साइट) मा राखिनेछ ।<br>३. पालिकाको कार्य सम्पादन र प्रतिवेदन प्रणालीमा प्रदेश स्तरमै एकरूपता आउने गरी प्रदेश सरकारको सहयोग र समन्वयमा सफ्टवेयरको व्यवस्थापन गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ ।<br>४. पालिकास्तरीय विकास समस्या समाधान समिति गठन तथा कार्यविधि निर्माण गरी समस्या समाधान तथा सहजीकरण संयन्त्रको रूपमा विकास गरिनेछ । |
| उद्देश्य ४: वित्तीय सुशासन कायम गर्नु । | |
| ४.१: सार्वजनिक आय–व्यय र खरीद प्रक्रियालाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने । | १. उपमहानगरपालिका तथा वडा कार्यालयहरूको वार्षिक खरीद योजना तयार गरिनेछ ।<br>२. संस्थागत पुनर्संरचना र सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण प्रवर्द्धन गरिनेछ ।<br>३. कानुन बमोजिम समयमै खर्च नगरी आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न र उपलब्ध स्रोत र साधनको उचित प्रयोग गर्न आर्थिक वर्षको अन्तिम तीन महिनामा वार्षिक कार्यक्रम संशोधन गर्ने र विनियोजन बजेट अत्याधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउन उपयुक्त नीति अवलम्बन गरिनेछ ।<br>४. विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ । |
| ४.३: आन्तरिक नियन्त्रण र लेखापरीक्षणलाई विश्वसनीय तथा प्रभावकारी बनाउने । | १. वित्तीय आँकडालाई वस्तुपरक बनाउन तथा अद्यावधिक गर्न सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण गरी विस्तार गरिनेछ।<br>२. बेरुजुलाई नियन्त्रण गर्न आन्तरिक लेखापरीक्षणलाई सूचना प्रविधिमा आधारित बनाइनुको साथै लेखा उत्तरदायी अधिकारीलाई स्वतन्त्र रूपमा कार्य गर्ने वातावरण बनाइनेछ । |



CamScanner

### ८.१.५ कार्यक्रम तथा आयोजना

तालिका ९६: संस्थागत विकासका कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यकमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | |
| | **सुशासन, ऐन नियम तथा जवाफदेहिता** | | | | ९२०० | ९००० | ९५०० | १०००० | १०५०० | ४८२०० | | |
| | विज्ञापन मापदण्डको तयारी र कार्यान्वयन | एकमुष्ठ | | | ७०० | | | | | ७०० | उपमहानगरपालिका | |
| | नगरका मुख्य क्षेत्रहरूमा सिसिटिभी जडान सार्वजनिक संस्थानहरू जस्तो स्वास्थ्य संस्था, रेडक्रस, ब्लड बैंक, विद्यालय आदीमा Geo Tagging Information System स्थापना र सञ्चालन | संख्या | | ५० | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | उपमहानगरपालिका | |
| | सेवा प्रवाहमा डिजिटल प्रविधिको प्रयोग | एकमुष्ठ | | | १५०० | २००० | २५०० | ३००० | ३५०० | १२५०० | उपमहानगरपालिका | |
| | सार्वजनिक सुनुवाई कार्यकम ( चौमासिक ) | पटक | | १५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | उपमहानगरपालिका | |
| | **संस्थागत संरचना तथा मानव संसाधन विकास** | | | | २५५०० | १६५०० | २३००० | २५५०० | २६२०० | ११६७०० | | |
| | नागरिक सहायता कक्ष स्थापना | संख्या | | १ | ५०० | | | | | ५०० | उपमहानगरपालिका | |
| | नगरपालिकाको प्रोफाईल अध्यावधिक - Municipal Digital Profile updates | पटक | | ३ | २५०० | | २५०० | | २५०० | ७५०० | उपमहानगरपालिका | |
| | वडा कार्यालयहरूमा ईन्टरनेट, र वडा स्तरीय विभिन्न भवनहरूको पूर्वाधार निर्माण | एकमुष्ठ | | | २००० | २००० | २००० | २००० | २०० | ८२०० | उपमहानगरपालिका | |





| उद्देश्य नं. | कार्यकमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित श्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | | |
| | अत्यावश्यक सवारी साधनहरू एम्बुलेन्स, अग्नि नियन्त्रक वाहन, शव वाहन लगायतलाई Centralized GPS Monitoring System मा विकासित गरि सञ्चालनमा ल्याउने | एकमुष्ठ | | | | | | ५००० | ५००० | १०००० | उपमहानगरपालिका | |
| | Network Connectivity को थप व्यवस्थापन कार्यक्रम | एकमुष्ठ | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | उपमहानगरपालिका | |
